# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नेपालको नयाँ राज्य संरचनाअनुसार प्रदेश नं. ४ गण्डकी प्रदेशअन्तर्गत पर्ने स्याङ्जा पहाडी जिल्ला हो । काठमाडौँदेखि २३४ कि.मि. को दुरीमा अवस्थित स्याङ्जामा पुतलीबजार, भिरकोट, वालिङ, गल्याङ र चापाकोट गरी ५ नगरपालिका र फेदीखोला, आँधिखोला, हरिनास, बिरुवा, कालिगण्डकी र अर्जुनचौपारी गरी ६ गाउँपालिका रहेका छन् । स्याङ्जाको पूर्वमा तनहुँ, पश्चिममा गुल्मी, उत्तरमा कास्की र पर्वत, दक्षिणमा पाल्पा जिल्ला रहेका छन् । स्याङ्जाको सेरोफेरोमा आँधिखोला, ससाना खोलाका छेउछाउमा टार, होचा अग्ला पहाडहरूका साथै खेतका फाँटहरू प्रशस्त रहेका छन् । स्याङ्जा सदरमुकामदेखि दक्षिणी क्षेत्रमा पर्ने वालिङ नगरपालिका, गल्याङ नगरपालिका र चापाकोट नगरपालिकालाई अध्ययन क्षेत्र बनाएर यिनै नगरपालिकामा प्रचलित लोककथाहरूको अध्ययन गरी यो शोध गरिएको छ । यस क्षेत्रलाई धर्म र संस्कृतिका आधारमा सम्पन्न मानिन्छ । पुरातात्त्विक सम्पदा र सांस्कृतिक सम्पदाको पुरानो इतिहास भएको यो क्षेत्र लोकसाहित्यको कथा विधामा धनी रहेको छ ।

दक्षिणी क्षेत्रमा नेवार, मगर, दमाईं, कामी, सार्की, ब्राह्मण, क्षेत्री मिश्रित भए पनि ब्राह्मण जातिको बाहुल्य रहेको स्थान हो । पेसागत रूपमा यहाँका मानिसहरू कृषि तथा पशुपालन, जस्ता कार्यमा संलग्न रहेका छन् । यस क्षेत्रका आदिवासी जनजातिहरू भारतीय र ब्रिटिस सेनामा भर्ना हुने पुरानो चलन अहिलेसम्म पनि प्रचलनमा रहेको छ । यहाँका मानिसहरूको जीवनशैली परम्परागत रहेको छ । आजभोलि कतै कतै आधुनिक र पश्चिमी जीवनशैलीको छाप पनि देखिन थालेको छ । यहाँका मानिसहरू धर्मकर्म, रीतिरिवाज, आफ्नो संस्कार र संस्कृतिमा विश्वास राख्छन् । त्यसैले यस क्षेत्रमा समय परिस्थिति अनुसार लोकसंस्कृतिको आआफ्नै तरिकाले प्रयोग हुँदै आएको छ । लोकसाहित्यका विविध विधामध्ये लोककथा महत्त्वपूर्ण विधा हो । मानव समाजको उत्पत्तिदेखि मानवले भोग्दै आएका मानव जीवनका भोगाइहरूको अभिव्यक्ति नै लोककथा हो । लोककथा ग्रामीण समुदायमा दिनभरिको कामको थकाइ मार्न, एकआपसमा भेटघाट हुँदा, मनोरञ्जन लिन, साँझको समयमा केटाकेटीहरूलाई फकाउन, सुताउन भन्ने, सुन्ने र सुनाउने गरिन्छ । लोककथाहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका छन् ।

लोकसाहित्य मानव सभ्यता जत्तिकै प्राचिन छ । भाषाको विकास भएसँगै मान्छेले जब आफ्नो भावना र रुचिसँगै समाजमा विचार व्यक्त गर्न थाल्यो, त्यति बेलादेखि नै लोकसाहित्यको उत्पत्ति भएको मानिएको छ । परम्परागत रूपमा समाजमा प्रचलित मौखिक भाषिक कला नै लोकसाहित्य हो । आधुनिक सभ्यताको विकास हुँदै गए पनि मानिसको मनमा लोकसाहित्य, लोकसंस्कृति र परम्परा जीवित रहिरहेको छ । लोककथा भन्ने चलन

परापूर्वकालदेखि नै चलिआएको पाइन्छ । लोकजीवनमा हस्तान्तरित हुँदै आएको लोककथामा लोकजीवनका सुखदुःख, आँसुहाँसो, पिरव्यथा, धर्म, संस्कृति, रीतिरिवाज, कला, जादु, टुनामुना, धामीझाँक्री, मायामोह, रिस, ईर्ष्या, हर्षविस्मात आदिको चित्रण गरिएको हुन्छ । लोककथा भाषाशैली, विषयवस्तु, बनावट स्थान र परिवेश अनुसार फरक फरक पाइन्छ ।

लोकजीवनको मर्मस्पर्शी अभिव्यक्तिका रूपमा सबैतिर लोकप्रिय भएका लोककथाहरू लोकजीवनको सजिवताले भरिपूर्ण रहेका छन् । लोककथाले हाम्रो सामूहिकता र परम्परालाई कायम राख्दै व्यक्तिका रिसरागलाई नियन्त्रण गरी भरपुर मनोरञ्जन प्रदान गर्छ । लोककथामा तत्कालीन समाजको जीवन्त चित्रण गरिएको हुन्छ । त्यसैले मानव सभ्यताको पहिचानको रूपमा रहेका लोककथालाई युगयुगान्तरसम्म जीवन्तता प्रदान गर्नका लागि यसको संरक्षण र सम्बर्द्धन गर्नु आवश्यक मानिएको छ ।

पूर्वीय एवम् पश्चिमी साहित्य सिद्धान्तको प्रयोग गरेर नेपाली कथा, उपन्यास, कविता, नाटकलगायतका विधामा शोधकार्य भएका छन् । यो शोध विशेषतः आख्यान विधामा मनोवैज्ञानिक सिद्धान्तलाई उपयोग गरिने हुँदा यसै सिद्धान्तका आधारमा लोककथामा प्रयुक्त पात्रहरूले गर्ने क्रियाकलाप, उनीहरूको चिन्तन, त्यसबाट घटित सामान्य र असामान्य घटनाहरू, पात्रको मनोजगतमा घटित हुने अन्तर्द्वन्द्व एवम् व्यावहारिक असरजस्ता पक्षहरूको विश्लेषण गरिएको छ । मनोविज्ञानको सिद्धान्तले बाह्य यथार्थभन्दा आन्तरिक यथार्थको अध्ययन गर्दछ । यस शोधमा लोककथामा प्रयोग भएका बिम्ब, प्रतीक, सङ्केत, पात्रका हाउभाउ, घटना व्यवहार शृङ्खला आदिको सहयोगद्वारा विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा सामाजिक पक्षभन्दा पात्रका मनोगत पक्ष उद्घाटित हुन पुग्छन् । सामाजिक संरचनाको सामाजिक मूल्य र मान्यताका आधारमा विश्लेषण गरिन्छ भने मानसिक जगतका संरचनालाई मनोविज्ञानको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । ऐतिहासिक, धार्मिक र सामाजिक दृष्टिले अध्ययनीय क्षेत्र आफ्नै विशेषतामा भरिपूर्ण स्थानका रूपमा चिनिएको छ भने हरेक क्षेत्रमा आआफ्नो मूल थलोको भाषा संस्कृतिका झलक पाइन्छ । त्यसैले यस क्षेत्रका लोककथामा पनि यसै ठाउँको प्रभाव पाइन्छ । अतः यस शोधकार्यमा क्षेत्रकार्यबाट सङ्कलन गरिएका लोककथालाई शोधको विषय बनाइएको छ ।

हरेक कृति विभिन्न पात्रका घटनाको योगबाट संरचित हुन्छ । यस्ता घटनाहरू एकअर्कामा सम्बन्धित र आत्मनिर्भर पनि हुन्छन् । लोककथाको सन्दर्भमा पनि विभिन्न घटनाको संरचनाबाट कथाको विषयवस्तु निर्माण हुन्छ । शोधको विश्लेषण गर्ने आधार विभिन्न भए तापनि यस शोधप्रबन्ध मनोविश्लेषणको अध्ययन पद्धतिबाट लोककथाको विश्लेषण गरिएको छ । मनोविश्लेषणको अध्ययन पद्धति भनेको पात्रका मूलप्रवृत्ति, कुण्ठा, असामान्य व्यवहार, मनोदशा, चेतन, अवचेतन, अचेतन, इदम्, अहम्, पराहम् आदि मनोवैज्ञानिक सिद्धान्तले स्थापित गरेका पक्षहरूलाई आधार बनाएर अध्ययन गर्ने पद्धति हो ।

स्याङ्जा जिल्लाको दक्षिणी क्षेत्रमा बसोबास गर्ने स्थानियबासीका पनि धार्मिक, सांस्कृतिक, सामाजिक, पारिवारिक तथा अन्य विषयबस्तुमा आधारित रहेका लोककथाहरू प्रशस्तै छन् । लोककथा, यस क्षेत्रको लोकसाहित्य अन्तर्गत पर्ने प्रसिद्ध विधा हो । लोककथा भनेको सामुदायिक अनुभव, साँस्कृतिक परम्परा र जनजाति वा समुदायको इतिहास, धार्मिक अनुष्ठान र जीवनशैलीसँग सम्बन्धित कथाहरू हुन् । स्थानअनुसार लोककथा र तिनका विषयवस्तुमा पनि भिन्नता रहेको पाइन्छ । दक्षिणी क्षेत्रमा प्रचालित लोककथाहरू अन्य क्षेत्रको भन्दा भिन्न र विशिष्ट प्रकारका रहेका छन् । थकाइ लागेर विश्राम गरेको बेलामा, केटाकेटीलाई भुलाउने बेलामा, आगो तापेर बसेको बेलामा, मेला पातमा काम गर्ने समयमा लोककथा सुन्ने र सुनाउने गरिन्छ । यस क्षेत्रका महिला तथा पुरुष दुवैले नै लोककथा सुन्ने र सुनाउने गर्दछन् । दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको मात्र खोजी गरी तिनको मनोविश्लेषणात्मक अध्ययन गर्ने मुख्य ध्येय राखेर यो शोधकार्य गरिएको छ ।

लोककथाको निर्माण मानिसहरूका दुःख, सुख, पाप, धर्म, आँसु, चिन्ता, डर, खुसी, रीस, राग, ईर्ष्या जस्ता विषयको संयोजनबाट भएको हुन्छ । अध्ययन गर्ने सन्दर्भमा त्यस क्षेत्रमा प्रचलित लोककथाको विश्लेषण गर्ने क्रममा मनोविश्लेषणको विभिन्न सिद्धान्त भए तापनि सिग्मण्ड फ्रायडको मनको सिद्धान्तलाई आधार मानेर उक्त ठाउँका लोककथाका पात्रको सकारात्मक प्रभावलाई जीवन मूलप्रवृत्ति र नकारात्मक प्रभावलाई मृत्यु मूलप्रवृत्ति, चेतन र अचेतन, इद र अहम्को सिद्धान्तलाई लिइएको छ । स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन गर्ने सन्दर्भमा त्यस क्षेत्रमा प्रचलित लोककथामा पात्रको जीवन मूलप्रवृत्ति, मृत्यु मूलप्रवृत्ति, चेतन, अचेतन, इद र अहम्लाई विश्लेषणको आधार मानिएको छ ।

## १.२ समस्याकथन

'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' शीर्षकमा गरिएको यस शोधकार्यमा सो क्षेत्रमा प्रचलित नेपाली भाषामा रहेका लोककथाहरूको मनोविश्लेषणात्मक अध्ययन मुख्य हो । स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाका पात्रको मनोगत अवस्था केकस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा यस शोधकार्यको मुख्य शोध समस्या हो । यस समस्यासँग सम्बन्धित शोधप्रश्नहरू निम्नलिखित रहेका छन् :

(१) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा केकस्तो मूलप्रवृत्ति पाइन्छ ?

(२) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनको अवस्था केकस्तो रहेको छ ?

(३) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्को प्रस्तुति केकसरी गरिएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' गर्नु यस शोधको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका मुख्यमुख्य उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(१) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्ति केलाउनु,

(२) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनको अवस्था निरूपण गर्नु,

(३) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्को प्रस्तुति विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकसाहित्यको मौखिक रूपमा प्रवाहित हुने विशेषता अन्य विधामा भन्दा लोककथामा बढी मात्रामा हुन्छ । त्यसैले संरक्षण र विस्तारका लागि धेरै पहिलेदेखि लेखनकार्य नभए पनि लोककथा संरक्षित र पुस्तौंपुस्तामा हस्तान्तरित हुँदै आएको हो । समयको गतिसँगै भएको चेतनाको विकासको फलस्वरूप लोकसाहित्यको पनि लिखित रूपमा अध्ययन-अनुसन्धानको आवश्यकता महसुस हुन गयो । यसका बारेमा बौद्धिकरूपबाट अध्ययन, विश्लेषण, चिन्तन गर्ने काम धेरै पछि मात्र भएको हो । नेपालमा पछिल्लो समयमा लोकसाहित्यको अध्ययनमा विभिन्न विद्वान्हरू लागेको भए तापनि स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा केन्द्रित रहेर हालसम्म कुनै पनि अध्ययन, अनुसन्धान तथा लेखनकार्य भएको छैन । लोकसाहित्यका विभिन्न विधाहरूको अध्ययन, अनुसन्धान, सङ्कलन, वर्गीकरण भने विभिन्न विद्वान्हरूद्वारा गरिएको पाइन्छ । कतिपय समालोचना, शोधपरक कृतिहरू कथाको सैद्धान्तिक पक्षको चर्चा गरिएका पाइन्छन् त कतिपय मनोविश्लेषणको सैद्धान्तिक पक्षको चर्चा गरिएका कृति पनि पाइन्छन् । यो शोधप्रबन्ध मनोविश्लेषण अध्ययन अनुसन्धानसँग मात्र सम्बन्धित रहेकाले यहाँ लोककथा र मनोविश्लेषणको सैद्धान्तिक पक्षमा यस अघि विभिन्न विद्वान्हरूले गरेका अध्ययन, प्रकाशित पुस्तक र शोधप्रबन्धलाई कालक्रमिक रूपमा सङ्क्षेपमा समिक्षा गरिएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) को *नेपाली लोकसाहित्यको विवेचना* नामक पुस्तकमा नेपाली लोकसाहित्यको विवेचना गर्दै नेपाली लोककथा, लोकगीत, लोकगाथा, लोकनाटकको परिचय, विशेषता, वर्गीकरण र विश्लेषण गरी सोदाहरण प्रस्तुत गरिएको छ । यस कृतिमा सबै विधाहरूको सैद्धान्तिक पक्ष समेटिएको हुनाले पनि महत्त्वपूर्ण कृति मानिएको छ । यसमा नेपाली लोककथाको पहिचान गरिनुको साथै लोककथालाई पाँच प्रकारमा विभाजन गरिएको छ । यो कृति स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययनमा केन्द्रित नरहे पनि प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक ढाँचा निर्माण गर्नका लागि उपयोगी रहेको छ ।

कृष्णप्रसाद भण्डारी (२०५६) को *फ्रायड र मनोविश्लेषण* नामक पुस्तकमा भूमिका, फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त, मूल प्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, दमनको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, अहम् प्रतिरक्षा रचना (मनोरचना) को सिद्धान्त, दैनिक जीवनका मनोविकृतिहरू, सपनाको सिद्धान्त, मनोलैङ्गीक उत्पत्तिको सिद्धान्त, मनोविश्लेषण एक मनोचिकित्सा पद्धतिलाई उल्लेख गरिएको छ । भण्डारीको यो अध्ययन स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययनमा केन्द्रित नरहे तापनि प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक ढाँचा निर्माण गरी सम्बन्धित क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

चूडामणि बन्धु (२०५८) को *नेपाली लोकसाहित्य* नामक पुस्तकमा नेपाली लोकसाहित्यका विभिन्न पक्षको चर्चा परिचर्चा गर्ने क्रममा लोककथाका अध्ययन पद्धतिहरू र केही लोककथाको नमुना समेत प्रस्तुत गरिएको छ । उनले यस कृतिमा लोककथाको वर्गीकरण गरी अभिप्रायको अध्ययन समेत गरेका छन् । उनको यस पुस्तकमा स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूलाई नसमेटिएको भए तापनि लोककथा अध्ययन परम्पराबारे जानकारी गराइएकोले प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक ढाँचा निर्माण गर्नमा आंशिक सहयोग पुऱ्याएको छ ।

मधुसूदन पाण्डेय (२०६१) को *फ्रायडको मनोविश्लेषण* नामक पुस्तकमा सिग्मन्ड फ्रायडको परिचय, स्वप्न, स्नायुरोगको सामान्य सिद्धान्तलाई उल्लेख गरिएको छ । उनले यस कृतिमा गल्तीको मनोविज्ञान, समस्या र विषयमाथि प्रारम्भिक विचार, प्रारम्भिक परिकल्पना र निर्वचनविधि, व्यक्त वस्तु र विचार, बच्चाहरूको स्वप्न सेन्सर, स्वप्नमा प्रतीकात्मकता, स्वप्नतन्त्र, स्वप्नमा अतिप्राचीन र शैशवीय विशेषता, इच्छापूर्ति, सन्दिग्ध पाटो र समीक्षात्मक विचार, स्नायुरोगको सामान्य सिद्धान्त शीर्षक अन्तर्गत उपशीर्षकहरू लक्षणहरूको अर्थ, उपघातप्रति आबद्धता अचेतन, प्रतिरोध र दमन, मानिसको यौनजीवन, विकास परिवर्तन र प्रतिगमनका अनेक चरण, लक्षणनिर्माणका मार्ग, साधारण स्नायुविकता, रागको सिद्धान्त, स्वरति, स्थानान्तरण, विश्लेषण चिकित्सा, मनोविश्लेषण र मनोचिकित्सालाई उल्लेख गरेका छन् । पाण्डेको यस कृति स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको मनोविश्लेषणात्मक अध्ययनमा केन्द्रित नरहे तापनि प्रस्तुत शोधकार्यको लागि सैद्धान्तिक ढाँचा निर्माण गर्नुका साथै विश्लेषण गर्न आंशिक सहयोग पुऱ्याएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६१) को *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* नामक कृतिमा मनोविज्ञानपरक समालोचनाको परिचय, मनोविज्ञानपरक समालोचनाको विकास, मनोविज्ञानपरक समालोचनाका शाखा र प्रकार, फ्रायडको मनोवैज्ञानिक सिद्धान्त एवम् स्थापना, फ्रायडको परिचय, फ्रायडका प्रमुख सिद्धान्त एवम् मान्यता, मूलप्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, आकारात्मक पक्ष, गत्यात्मक पक्ष, मानसिक नियतिवाद, मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, मनोरचनाको सिद्धान्त,

स्वप्न सिद्धान्त, मूल सिद्धान्त, एडलरको मनोवैज्ञानिक सिद्धान्त एवम् स्थापना, एडलरका प्रमुख सिद्धान्त एवम् मान्यता, युगको मनोवैज्ञानिक सिद्धान्त एवम् स्थापना, युगका प्रमुख सिद्धान्त एवम् मान्यता, वैयक्तिक र सामूहिक अचेतन, अन्तर्मुखी र बहिर्मुखी, मनको प्रकार्य, जाक लकँको मनोवैज्ञानिक सिद्धान्त र स्थापना, जाक लकका प्रमूख सिद्धान्त एवम् मान्यता, भाषा तथा अचेतनको सिद्धान्त, व्यक्तिपरकताको सिद्धान्त, पाठ सिद्धान्त गरी विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरेका छन् । उक्त कृति प्रस्तुत शोधकार्यको अध्ययन क्षेत्रसँग सम्बन्धित नरहे तापनि स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गर्न सैद्धान्तिक ढाँचा निर्माण गर्न एवम् प्रायोगिक कार्यका लागि उपयोगी रहेको छ ।

देवेन्द्र कुमार (सन् २००७) को *फ्रायड मनोविश्लेषण* नामक पुस्तकमा गल्तीको मनोविज्ञान, स्वप्न, स्नायुरोगको सामान्य सिद्धान्तलाई प्रस्तुत गरिएको छ । उनले यो पुस्तकभित्र गल्तीको मनोविज्ञान शीर्षकअन्तर्गत विषयप्रवेश, गल्तीको मनोविज्ञान नामको तीन उपशीर्षक, दोस्रो भागमा स्वप्न, शीर्षकअन्तर्गत यस विषयमा कठिनाइ र प्रारम्भिक विचारहरू, प्रारम्भिक अवधारणा र निर्वचन विधि, व्यक्त वस्तु र विचार, बच्चाहरूको सपना, सपना सेन्सर, सपनामा प्रतीकवाद, स्वप्नतन्त्र, स्वप्नको उदाहरण र विश्लेषण, स्वप्नमा अतिप्राचीन र शैशवीय विशेषताहरू, इच्छापूर्ति, शंकास्पद पक्ष र आलोचनात्मक विचार, तेस्रो भागमा स्नायुरोगको सामान्य सिद्धान्त शीर्षकअन्तर्गत मनोविश्लेषण र मनोचिकित्सा, लक्षणहरूको अर्थ, आघातसँग संलग्न बेहोस, प्रतिरोध र दमन, मानवको यौन जीवन, कामवासना र यौन सङ्गठनको विकास, विकास र प्रतिगमनका पक्षहरू, लक्षण निर्माणको बाटो, साधारण स्नायुविकृति, चिन्ता, रागका सिद्धान्त, स्वरति, स्थानान्तरण र विश्लेषण चिकित्सालाई उल्लेख गरेका छन् । उक्त कृति स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा केन्द्रित नरहे तापनि प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक र प्रायोगिक पक्षको अध्ययन अनुसन्धान र विश्लेषण गर्न उपयोगी रहेको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) को *लोकवार्ताविज्ञान र लोकसाहित्य* नामक पुस्तकमा लोककथाको उत्पत्ति सम्बन्धी दृष्टिकोण, लोककथाको सैद्धान्तिक परिचयका साथै नेपालमा प्रचलित केही लोककथाहरू उल्लेख गरिएको छ । यस पुस्तकमा लोककथाको परिचय, वर्गीकरणका आधार र प्रकार प्रस्तुत गर्नुका साथै नेपालमा प्रचलित विभिन्न लोककथाहरू सङ्कलन गरी प्रस्तुत गरिएको छ । उक्त कृति स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययनमा केन्द्रित नरहे तापनि प्रस्तुत शोधकार्यका लागि अध्ययन र विश्लेषण गर्न सहयोगी सामग्री बनेको छ ।

दुर्गाबहादुर घर्ती (२०६७) ले *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान* नामक पुस्तकमा मनोविश्लेषणात्मक सिद्धान्तको सङ्क्षिप्त परिचय, मनोविश्लेषणात्मक उपन्यासको स्वरूप र पात्रविधान, मनोविश्लेषणात्मक नेपाली उपन्यासको परम्परा, मनोविश्लेषणात्मक नेपाली उपन्यासमा प्रयुक्त पात्रविधान गरी चार परिच्छेदमा विभाजन गरी गोविन्दबहादुर मल्ल 'गोठाले' विजय मल्ल, शङ्कर कोइराला, भवानी भिक्षु, इन्द्रबहादुर राई, पारिजात,

विश्वेश्वरप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, दौलतविक्रम विष्ट, लीलबहादुर क्षेत्री, बानिरा गिरि, ध्रुवचन्द्र गौतम, वासु शशी, मदनमणी दीक्षित, सरुभक्त, नयनराज पाण्डे, विनोदप्रसाद धिताल, राजेश्वर देवकोटा, जगदीश शमशेर राणा, कृष्ण धरावासी, मोहनराज शर्माका उपन्यासहरूका पात्रको अध्ययन अनुसन्धान र विश्लेषण गरेका छन् । घर्तीको उक्त कृति स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा केन्द्रित नरहे तापनि सैद्धान्तिक एवम् प्रायोगिक दुवै दृष्टिकोणबाट प्रस्तुत शोधकार्यका लागि उपयोगी रहेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६८) को *लोकसाहित्य परिचय* नामक पुस्तक लोकवार्ता र लोकसाहित्यका सबै विधाहरूको सैद्धान्तिक पक्ष र तिनका प्रकारको वर्गिकरण र विश्लेषण गरेर लेखिएको कृति हो । यस पुस्तकभित्र लोकसाहित्यको परिचय, परिभाषा, स्वरूप, विशेषता, महत्त्व, प्रयोजन, सैद्धान्तिक स्वरूप, लोकसाहित्य र ज्ञानका अन्य शाखाहरू बिचको सम्बन्ध, अनुसन्धान पद्दति, प्रक्रिया, विधागत वर्गीकरण, लोकसाहित्य र सिर्जित साहित्यको अभिप्राय, सम्बन्ध, तुलना, नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराको बारेमा उल्लेख गर्नुका साथै लोकसाहित्यको अनुसन्धान गर्ने विभिन्न पद्धतिहरूको चर्चा गरिएको पाइन्छ । यो कृति स्याङ्जाको दक्षिणी क्षेत्रको लोककथामा केन्द्रित नरहे तापनि लोकसाहित्यसँग सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यको सैद्धान्तिक ढाँचा निर्माण गर्नका लागि उपयोगी रहेको छ ।

कुश्मिला भट्टराई आचार्य (२०७०) ले “पोषण पाण्डेका कथाको मनोवैज्ञानिक परिप्रेक्ष्य” शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा पाण्डेका कथालाई लिएर मनोविज्ञानको परिचय, मनोविज्ञानको चिन्तन परम्परा, फ्रायडको परिचय, मनोविश्लेषण सिद्धान्तमा मूल प्रवृत्तिको सिद्धान्त, जीवन मूलप्रवृत्ति, मृत्यु मूलप्रवृत्ति, मनको सिद्धान्त, चेतन मन, अवचेतन, अचेतन, इदम्, अहम्, उच्च अहम्, हीनता ग्रन्थी, मानसिक नियतिवादको सिद्धान्त, अन्तर्द्वन्द्वको सिद्धान्त, अहम् प्रतिरक्षा रचनाको सिद्धान्त, भूलको सिद्धान्त, सपनाको सिद्धान्त, मनोलैङ्गिक उत्पत्तिको सिद्धान्तअन्तर्गत मौखिक अवस्था, गुदा अवस्था, लैङ्गिक अवस्था, सुप्रावस्था, जननेन्द्रीय अवस्था पर्छन् । वैयक्तिक मनोविज्ञान, विश्लेषणात्मक मनोविज्ञानका आधारमा अध्ययन अनुसन्धान र विश्लेषण गरेकी छन् । उनको यो शोधप्रबन्धले स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथालाई समेटेको त छैन तर पनि यस शोधकार्यको अध्ययन र विश्लेषणका लागि आंशिक सहयोगी सामग्री बनेको छ ।

विमला श्रेष्ठ (२०७०) ले “विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा असामान्य मनोविज्ञान” शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा मल्लका नाटकलाई असामान्य मनोविज्ञानको परिभाषा, असामान्य व्यवहारका विशेषताहरू, परिस्थिति अनुकूल नहुनु, निर्धारित नियमसँग प्रतिकूल रहनु, औसत व्यक्तिभन्दा फरक रहनु, संवेगात्मक रूपमा अपरिपक्व रहनु, अवास्तविक व्यवहारको प्रतिरूप, सामाजिक रूपबाट अनुपयुक्त, अन्तदृष्टिको कमि, पश्चातापको अभाव, आफ्नै लागि हानिकारक, दोस्रो व्यक्तिका लागि अहितकर, सामान्य र असामान्यता छुट्याउने आधारहरू, असामान्यताका प्रकारहरू, मानसिक विचलन, मनोशारीरिक

विचलन, व्यक्तित्व विचलन, मनोगतिक सिद्धान्तहरू अन्तर्गत मनोविश्लेषणात्मक सिद्धान्त, मूलप्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, मनको गयात्मक पक्ष, मनको आकारात्मक पक्ष, विश्लेषणका आधारहरू कुण्ठा तथा द्वन्द्व, प्रतिक्रिया निर्माण, मनोलैगिक विकास, उद्दण्ड व्यवहार, परपीडक स्वभावका आधारमा विश्लेषण परिस्थिति अनुकूल नहुनु, निर्धारित नियमसँग प्रतिकूल हुनु जस्ता आधारलाई लिएर अध्ययन अनुसन्धान र विश्लेषण गरेकी छन् । उनको यो शोधप्रबन्ध स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा केन्द्रित नरहे तापनि प्रस्तुत शोधकार्यमा विश्लेषण गर्न आंशिक सहयोग पुगेको छ ।

कृष्णहरि बराल (२०७२) ले *मनोविश्लेषण र साहित्य* नामक पुस्तकमा मनोविश्लेषण सिद्धान्त, सिग्मन्ड फ्रायड, सिग्मन्ड फ्रायडको परिचय, सिम्मन्ड फ्रायडका प्रेरकहरू, सिग्मन्ड फ्रायडका सिद्धान्तहरू, अल्फ्रेड एडलर, अल्फ्रेड एडलरको परिचय, अल्फ्रेड एडलरका सिद्धान्तहरू, कार्ल गुस्ताव युङ, गुस्तापरिचय, गुस्ताव युङका सिद्धान्तहरू, ज्याक मारी एमिल लकाँ, कारेन हर्नी, अना फ्रायड, अन्य मनोविश्लेषकहरूको बारेमा सङ्क्षिप्त रूपमा उल्लेख गरेका छन् । यस पुस्तकभित्र मनोविश्लेषणको प्रयोग गरी विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूलाई विश्लेषण गरिएको छ । बरालको उक्त कृति स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा केन्द्रित नरहे तापनि प्रस्तुत शोधकार्यका लागि मनोविश्लेषणको सैद्धान्तिक पक्षमा स्पष्ट हुन र प्रायोगिक पक्षको विश्लेषण गर्न महत्त्वपूर्ण सामग्री बनेको छ ।

कपिलदेव लामिछाने (२०७७) को *लोकसाहित्य सिद्धान्त* नामक पुस्तकमा लोकवार्ता, लोकसाहित्य, लोकगीत, लोकगाथा, लोककविता, लोककाव्य, लोककथा, लोकनाटकको परिचय, परिभाषा स्वरूप वर्गीकरण र विशेषताहरूको बारेमा चर्चा गरेका छन् । यस पुस्तकमा उनले लोककथाको बारेमा विभिन्न तरिकाले विश्लेषण गरेका छन् । लोककथाको परिचय, लोककथाको नामाकरण, लोककथाको परिभाषा र स्रोत, लोककथाको प्राचीन परम्परा र यसका विशेषता, प्रयोजन, वर्गीकरण र संरचक तत्त्वहरूको उल्लेख गरिएको पाइन्छ । यस कृत्तिमा स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको बारेमा चर्चा परिचर्चा नभए पनि लोकअध्ययन, परम्परा र त्यसको संरचनाबारे जानकारी दिइएकाले प्रस्तुत अध्ययनका लागि उपयोगी रहेको छ ।

लोकसाहित्यको महत्त्वपूर्ण विधा मानिएको लोककथाले मानव मुटुको भावनात्मक प्रवाह बोकेको हुन्छ । सभ्यताको प्रारम्भदेखि नै प्रचलनमा रहेको लोककथाको खोजीनीति र सैद्धान्तिक निरूपण भने केहीपछि मात्र हुन थालेको हो । नेपाली लोककथाको सन्दर्भमा यसको अध्ययन विश्लेषण निकै पछिमात्र भएको देखिन्छ 'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' शीर्षकको शोधकार्यका क्रममा विद्वान्हरूले गरेका पूर्वकार्यले केही न केही सहयोग पुऱ्याएको छ ।

हालसम्म विभिन्न विद्वान्का अध्ययन अनुसन्धानलाई अध्ययन गर्दा स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथालाई समेटिएको पाईंदैन । त्यसैले प्रस्तुत शोधप्रबन्धमा स्याङ्जाको

दक्षिणी क्षेत्रमा प्रचलित लोककथालाई सङ्कलन गरी मनोविश्लेषणका विभिन्न मान्यताहरूका आधारमा लोककथाका पात्रहरूको अध्ययन अनुसन्धान र विश्लेषण गरी निष्कर्ष समेत निकालिएको छ । माथि उल्लिखित पूर्वकार्यहरूले यस शोधकार्यमा आवश्यक र महत्त्वपूर्ण सामग्रीको भूमिका खेलेका छन् । लेखक, विद्वान्, बुद्धिजीवीहरूले लोकसंस्कृति र लोकसाहित्यको बारेमा जानकारी दिने उद्देश्यले लेख, रचना, पुस्तक, शोधप्रबन्ध आदिमा जानकारी दिइएको भए तापनि स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको अध्ययन नगरिएको र अध्ययन गर्न आवश्यक भएकोले यही रिक्ततालाई पूरा गर्न दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरी तिनको विश्लेषण गर्नु उपयुक्त देखिएकाले यो शोधकार्य गरिएको हो ।

माथि गरिएका अध्ययनहरू लोककथाको सैद्धान्तिक परिचयसँग सम्बन्धित रहेका छन् । तर दक्षिणी क्षेत्रका लोककथाको विश्लेषणमा केन्द्रित रहेर विस्तृत अध्ययन गरिएका छैनन् जसबाट सो क्षेत्रमा प्रचलित लोककथाका विषयमा अहिलेसम्म कुनैपनि अध्ययन तथा अनुसन्धान कार्य नभएको कुरा स्पष्ट हुन्छ । यसर्थ उक्त रिक्ततालाई पूरा गर्नका लागि दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरी तिनको विश्लेषण गर्नु उपयुक्त देखिएकोले यो शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य तथा महत्त्व र उपयोगिता

लोककथा लोकजीवनको मौखिक परम्परामा सुरक्षित विधा हो । लोककथाहरू समाजमा परम्परादेखि मौखिक रूपमा पुस्तान्तरण हुँदै आएका छन् । भौगोलिक जटिलता र लोककथाको अध्ययन गर्ने अध्येताको कमीका कारण लोकगीतको खोजी कार्य र संरक्षण हुन सकेको छैन । दक्षिणी क्षेत्रमा लोककथाहरू प्रशस्त मात्रामा प्रचलनमा रहेका छन् तर तिनको संरक्षण नहुँदा विस्तारै लोप हुने अवस्थामा पुगेका छन् । यहाँका लोककथाका बारेमा सामान्य लेखहरू लेखिएको भए तापनि यिनको मनोविश्लेषणात्मक एवम् अन्य कुनै पक्षमा केन्द्रित रहेर गहन अध्ययन हुन सकेको छैन त्यसैले त्यो रिक्ततालाई पूरा गर्न गरिएको यो अध्ययन आफैमा औचित्यपूर्ण रहेको पुष्टि हुन्छ । यस शोधकायले सो क्षेत्रमा मौखिक रूपमा प्रचलनमा रहेका लोककथाको सङ्कलन तथा तिनीहरूको संरक्षण गर्नका लागि टेवा पुगेको छ । दक्षिणी क्षेत्रमा केन्द्रित रहेर लोककथाका विषयमा हालसम्म कुनै पनि अध्ययन नभएको हुनाले त्यस क्षेत्रका र अन्य जुनसुकै क्षेत्रका मानिसका लागि पनि यो शोधकार्य उपयोगी रहेको छ । आगामी दिनमा विभिन्न क्षेत्रका लोककथाको मनोविश्लेषणात्मक अध्ययन गर्न चाहने अध्यता, अनुसन्धाताका लागि पनि यो शोधकार्य उपयोगी रहेको छ । यसका अतिरिक्त लोककथाका बारेमा जान्न चाहने जिज्ञासु पाठक, शोधार्थी तथा ज्ञानार्थीहरू पनि लाभान्वित हुनसक्ने भएकाले प्रस्तुत शोधकार्यको उपयोगिता रहको छ ।

स्याङ्जाको दक्षिणी क्षेत्रमा विभिन्न प्रकारका लोककथाहरू प्रचलित रहेका छन् । ठाउँ र परिवेशअनुसार आआफ्नो चालचलन र संस्कृति फरकफरक हुने हुँदा यस क्षेत्रका लोककथामा पनि यसै ठाउँको बोलीचाली, भेषभुषा र रहनसहनको प्रभाव रहेको हुन्छ ।

प्रस्तुत अध्ययनले स्याङ्जाको दक्षिणी क्षेत्रको लोकसाहित्यको अध्ययन परम्परा र विकासमा सहयोग पुऱ्याउनुका साथै नेपाली लोकसाहित्यको खोज र अनुसन्धान कार्यमा महत्त्वपूर्ण सामग्रीको भूमिका खेल्न सक्ने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । यस अध्ययनबाट तत्कालीन समाजको रीतिस्थिति, सांस्कृतिक मूल्य र मान्यतालाई बुझ्न सजिलो हुनुका साथै नेपालका विभिन्न ठाउँमा प्रचलित लोककथाहरू केकस्ता छन् भन्ने जानकारी पाइन्छ । यस कार्यले अध्ययनीय क्षेत्रको सामाजिक, धार्मिक, राजनीतिक, रीतिरिवाज, मूल्य मान्यताका साथै लोकविश्वाससम्बन्धी अवधारणाको जानकारी पाउन र उक्त क्षेत्रमा प्रचलित नेपाली भाषाका लोककथाको संरक्षण एवं प्रचार हुनुका साथै समग्र नेपाली लोककथाका अध्येताहरूलाई पनि आंशिक सहयोग पुग्ने हुनाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गर्ने क्रममा पश्चिमी नेपालको स्याङ्जा जिल्लाको सदरमुकाम पुतलीबजारबाट दक्षिण दिशामा पर्ने वालिङ नगरपालिका, गल्याङ नगरपालिका, चापाकोट नगरपालिकालाई छनौट गरिएको छ । प्रस्तुत शोधकार्यमा सो क्षेत्रमा प्रचलनमा रहेका नेपाली भाषाका लोककथाहरूको मात्र सङ्कलनलाई अध्ययनको भोगौलिक सीमाङ्कन मानिएको छ भने यस क्षेत्रमा थुप्रै लोककथाहरू प्रचलनमा रहेता पनि यस अध्ययनमा चापाकोट, वालिङ र गल्याङ क्षेत्रमा प्रचलनमा रहेका नेपाली भाषामा लोककथाहरू मात्र सङ्कलन गर्नु भाषिक सीमाङ्कन मानिएको छ । तीन नगरपालिकाबाट सङ्कलन गरिएका अकबर र बीरवल, अभागी बहिनी, एकादशी व्रतको फल, गरिब बुढाबुढी, गुरु र चेलो, टुहुरी केटी, दशवचने, दाजु र बहिनी, धर्मको फल, बुजकी छोरी, बुढाबुढी, माया मोहबाट कष्ट, राजारानी, रानीको मनको भुटेसो, राक्षसकी छोरी र बाहुनकी छोरी, लाटो पलायो बाठो हरायो, सासु बुहारी, सन्तानको रहर, सात भाइ, साथी साथीमा सहयोग र ससुरा बुहारी गरी एक्काइसवटा कथा मध्ये दशवटा लोककथामा मनोविश्लेषणको पक्ष केलाउन सकिने भएकाले प्रतिनिधिमूलक कथाको छनौट गरेर विश्लेषण गरिएको छ । सङ्कलित लोककथामा सबल घटना भएका पात्रहरूको मनोगत स्थितिलाई केलाउने काम गरिएको छ । यस अध्ययनमा सङ्कलन गरिएका लोककथाहरूमा मूलप्रवृत्तिअन्तर्गत जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, पात्रहरू चेतन अवस्था र अचेतन अवस्थाका साथै इद र अहम्को पक्ष अन्य पक्ष भन्दा बढी भएकाले उक्त कथाहरूलाई मनोविश्लेषणका विभिन्न सिद्धान्त भए तापनि प्रस्तुत शोधकार्यमा सिग्मन्ड फ्रायडको मूलप्रवृत्तिको सिद्धान्तका साथै मनको सिद्धान्तमा आधारित आकारात्मक पक्ष र गत्यात्मक पक्षलाई मात्र आधार बनाएर विश्लेषण गर्नु सिद्धान्तगत सीमाङ्कन मानिएको छ ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि पर्दछ । प्रस्तुत शोधकार्य गर्न सामग्री सङ्कलनका लागि सर्वप्रथम क्षेत्र छनौट गरी प्राथमिक र द्वितीयक

सामग्रीहरू सङ्कलन गरिएको छ । यो शोध गुणात्मक पद्धतिमा आधारित रहेको हुनाले यसको सामग्री विश्लेषणका लागि मुख्य रूपमा मनोविश्लेषणात्मक पद्धति अवलम्बन गरिएको छ । यी विधिहरूको चर्चा क्रमशः गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

स्याङ्जा जिल्लाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन गर्न प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएको छ । यस सन्दर्भमा प्राथमिक स्रोतका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः क्षेत्रीय विधिको आधारमा गरिएको छ र द्वितीयक स्रोतका सामग्री सङ्कलन लागि पुस्तकालयीय कार्यबाट गरिएको छ । यस क्रममा मनोविश्लेषणको सैद्धान्तिक अवधारणासम्बन्धी तथ्यहरूको सङ्कलन गर्न पुस्तकालयीय कार्य गरिएको छ । पुस्तकालयीय कार्यबाट प्राप्त भएका विभिन्न लेखकहरूका पुस्तक तथा लेखबाट लोककथासँग सम्बन्धित सामग्री सङ्कलन गरिएको छ ।

प्राथमिक स्रोतअन्तर्गत दक्षिणी क्षेत्रका लोककथाको सङ्कलन क्षेत्रकार्यबाट गरिएको छ । यस क्रममा अनुसन्धेय क्षेत्रमा पुगी सहभागी अवलोकन विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । यसका लागि शोधार्थी स्वयम् पुगेर स्याङ्जाको दक्षिणी क्षेत्रका वालिङ नगरपालिका, गल्याङ नगरपालिका, चापाकोट नगरपालिका पुगी सहज वातावरण निर्माण गरेर लोककथाको सङ्कलन गरिएको छ । पश्चिमी क्षेत्रका सबै नगरपालिकाहरूबाट प्रतिनिधित्व हुने गरी लोककथा सङ्कलन गर्ने यस शोधको उद्देश्य भए तापनि स्रोत व्यक्तिको उपलब्धता र लोककथाका पर्याप्तताका आधारमा कुनै क्षेत्रबाट बढी र कुनै क्षेत्रबाट कम सामग्री सङ्कलन गरिएको छ । दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन गर्न विभिन्न जातजाति, लिङ्ग, समुदाय र उमेर समूहका स्रोत व्यक्तिलाई प्रतिनिधित्व गराउने ध्येय राखिएको भए पनि लोककथा जान्ने मानिसको अभावका कारण सबैको प्रतिनिधित्व हुन सकेको छैन । त्यसैले यस क्षेत्रमा बसोबास भएका र लोककथा जान्ने विभिन्न क्षेत्र र उमेर समूहका व्यक्तिहरूलाई चयन गरिएको छ । सम्बन्धित क्षेत्रमा गई लोककथा सङ्कलन गर्दा एक्काइसओटा लोककथाहरू सङ्कलन गरिएको छ । यस क्षेत्रमा प्रचलित लोककथाको सङ्कलनका लागि आवश्यक भिडियो क्यामेरा, भ्वाइस रेकर्डजस्ता सामग्रीहरूको प्रयोग गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीहरू नै प्राथमिक स्रोतबाट सङ्कलित मूल सामग्री रहेका छन् ।

लोककथाको विश्लेषण पद्धतिसँग सम्बन्धित विभिन्न लेखकहरूका पुस्तक तथा लेखजस्ता सैद्धान्तिक सामग्रीका साथै लोककथा र लोककथाको विश्लेषणसँग सम्बन्धित पूर्वकार्यहरू, पूर्व अध्येता आदिबाट सङ्कलित सामग्रीहरू द्वितीयक सामग्री हुन् । उक्त सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

स्याङ्जाको दक्षिणी क्षेत्रका लोककथाको अध्ययनका सन्दर्भमा प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि मनोविश्लेषणात्मक अध्ययन

पद्धतिको अवलम्बन गरिएको छ । लोकसाहित्यका अन्य विधामा जस्तै लोककथाको सैद्धान्तिक विषयको अध्ययन लोककथाका सामान्यीकृत सिद्धान्तमा आधारित भएको हुनाले यसका लागि निगमन विधिको प्रयोग गरिएको छ । यस शोधकार्यमा अध्ययनका लागि सङ्कलन गरिएका लोककथाहरूलाई मनोविश्लेषणात्मक आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । सो क्षेत्रमा प्रचलित लोककथालाई फ्रायडको मनोविश्लेषणको सिद्धान्तका आधारमा वर्णन र विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको हुनाले यहाँ शोधप्रबन्धको प्रस्तुतीकरणमा मुख्यतः वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

मनोविश्लेषणात्मक पद्धतिबाट जुनसुकै साहित्यिक वा लोकसाहित्यिक विधाका कृतिको वस्तुगत विश्लेषण गर्न सकिन्छ । यस पद्धतिको अनुसरण गरी लोककथाको अध्ययन गर्दा लोककथामा घटित घटना तथा तिनको आपसी सम्बन्धको विश्लेषण हुन्छ । अतः यस शोधकार्य गुणात्मक पद्धतिमा आधारित रहेको छ । सामग्रीको विश्लेषण व्याख्यात्मक एवम् वर्णनात्मक विधिमा गरिएको छ । सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा निर्माण गर्दा विभिन्न विद्वान्द्वारा लिखित मनोविश्लेषणका पुस्तकलाई आधार मानिएको छ स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथालाई विश्लेषण गर्न सिग्मण्ड फ्रायडको मूलप्रवृत्तिको सिद्धान्तअन्तर्गत जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, मनको सिद्धान्त भित्र रहेको मनको आकारात्मक र गत्यात्मक पक्षमा समेटिएको चेतन र अचेतनको अवस्थाका साथै इद र अहम्को मनोविश्लेषणात्मक सिद्धान्तलाई आधार बनाइएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित स्वरूप प्रदान गर्नका लागि पाँच परिच्छेदमा विभाजन गरी सम्पन्न गरिएको छ । शोधप्रबन्धको परिच्छेद विभाजनको रूपरेखा निम्नानुसार प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : स्याङ्जाको दक्षिणी क्षेत्रको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्ति

चौथो परिच्छेद : स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनको अवस्था

पाँचौँ परिच्छेद : स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्को प्रस्तुति

छैटौँ परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# स्याङ्जाको दक्षिणी क्षेत्रको सङ्क्षिप्त परिचय

## २.१ विषयप्रवेश

नेपालको स्याङ्जा जिल्लास्थित दक्षिणी क्षेत्र सांस्कृतिक विविधताले भरिपूर्ण क्षेत्र हो । यस क्षेत्रमा विविध जातजातिका मानिसहरूको बसोबास रहेको छ । यस क्षेत्रका मानिसहरूको आआफ्नै किसिमका चालचलन रीतिरिवाज संस्कृति र जीवनशैली रहेको छ । विशेषतः यस परिच्छेदमा स्याङ्जाको दक्षिणी क्षेत्रअन्तर्गत पर्ने चापाकोट, वालिङ र गल्याङ नगरपालिकाको सङ्क्षिप्त चिनारीका साथै लोककथाको परिचयलाई प्रस्तुत गरिएको छ ।

## २.२ चापाकोट नगरपालिकाको परिचय

प्रस्तुत शोधप्रबन्धका लागि छनौट गरिएको चापाकोट नगरपालिका ७५३ स्थानीय तहहरू मध्ये स्याङ्जा जिल्लामा पर्ने एक नगरपालिका हो । चापाकोट नगरपालिका साबिकका गा.वि.स. हरू कुवाकोट, चापाकोट, रत्नपुर, मल्याङकोट, सेखाम, साँखर र पकवादीको वार्ड नं ८ लाई मिलाएर बनाइएको नगरपालिका हो । नगरपालिकाको केन्द्र वडा नं. ९ मा रहेको सुन्तलीटारलाई बनाइएको छ । चारैतर्फबाट डाँडाले घेरिएको चापाकोटलाई स्याङ्जा जिल्लाको दक्षिण पूवी क्षेत्रमा पर्ने नेपालको एक नमूना उपत्यकाको रूपमा लिन सकिन्छ । यस नगरपालिकाको नाम चापाकोट कसरी रहन गयो भन्ने सन्दर्भमा स्थानीय बासिन्दा पिताम्बर पोखेरलका अनुसार परापूर्वकालमा उक्त ठाउँमा चाँपका रुखहरू प्रशस्त पाइन्थ्यो र चाँपका फेदमा पूजा गर्ने कोट थियो । चाँपका रुखहरू प्रशस्तै भएकाले नै चाँप चाँप भन्दै जाँदा त्यही चाँप अपभ्रंश भएर चाप र पूजा गर्ने स्थानका रूपमा रहेको कोट जोडिन गएर चापाकोट नाम रहन गएको हो । विश्वको एकमात्र शालिग्राम, पाइने कालीगण्डकी नदी चापाकोटको दक्षिण भएर बग्दछ । सांस्कृतिक र पर्यटनको प्रचुर सम्भावना बोकेको यो नगरपालिका विकासोन्मुख गतिमा रहेको छ ।

नगरपालिकाका ६३.४ प्रतिशत घरको बनोट ढुङ्गा ईंटामा माटाको जोडाइ रहेको गारो र ७३.८ प्रतिशत जस्तापाताका छाना रहेका छन् । यस नगरपालिकाका घरमा पकाउने इन्धनका रूपमा ७१.४ प्रतिशत काठ दाउराको प्रयोग हुन्छ । नगरपालिका भरीमा ८३.२ प्रतिशत घरमा धाराको पानी पुगेको छ भने अन्य पानीको श्रोतमा खोलाको पानी, कुवाको पानी र मुलको पानी खाने गरेको पाइन्छ । चापाकोट नगरपालिकामा रहेका ९९ प्रतिशत घरहरूमा शौचालयको सुविधा रहेको छ । नगरपालिकाका ९९.२ प्रतिशत घरमा बिजुली बत्ती पुगेको छ (राष्ट्रिय जनगणना, २०७८) । नगरपालिकाका सबै वडाहरूलाई सडकले छोएको भए तापनि अधिकांश बस्तीहरूमा सडकको सुविधा पुगिसकेको छैन । यस नगरपालिकामा अहिलेसम्म जम्मा ९ किलोमिटर सडक कालोपत्रे भएको छ । यहाँ टेलिफोन, इन्टरनेट, पत्रिका, रेडियो र टेलिभिजनको सुविधा भने उपलब्ध रहेको छ ।

चापाकोट क्षेत्रको अधिकांश भूभाग पहाडी क्षेत्रले ढाकिएको छ । पहाडी क्षेत्रको आर्थिक पक्ष भनेको मेलापात, खेतीकिसानी गरी जीविकोपार्जन गर्नु हो । यस क्षेत्रका प्राय मानिसहरू कृषि पेसामा नै आबद्ध रहेका छन् भने केही विदेशी रोजगारीमा संलग्न रहेका छन् । ब्राह्मण, क्षेत्री, नेवार, सुनार, ठकुरी, सार्की, कुमाल, मगर, दमाईं, कामी यहाँका प्रमुख बासिन्दाहरू हुन् । जुनसुकै जातजातिका मानिसहरू भए तापनि यस क्षेत्रमो प्रमुख धर्म भने हिन्दु नै हो । प्रायः यहाँका मानिसहरू दसैं, तिहार र तीज लगायतका चाडपर्वहरू धुमधामकासाथ मनाउने गर्दछन् । यस क्षेत्रमा थकानको क्रममा मनोरञ्जन प्राप्त गर्न, केटाकेटीहरूलाई खानाखुवाउन, रुँदा फकाउनको लागि लोककथा भन्ने प्रचलन रहेको छ ।

### २.२.१ चापाकोट नगरपालिकाको भौगोलिक अवस्थिति

चापाकोट नगरपालिका गण्डकी प्रदेशको स्याङ्जा जिल्लाको दक्षिणी भागमा अवस्थित छ । यस नगरपालिकाको कुल भौगोलिक क्षेत्रफल १२०.५८ वर्ग किलोमिटर रहेको छ । समुन्द्री सतहबाट करिब ४६५ मिटर उचाइमा रहेको चापाकोट क्षेत्रको तापक्रम ६ डिग्री र अधिकतम ३५ डिग्री सेल्सीयस रहेको छ । यसको अवस्थिति ८३ डिग्री ४९ मिनेट पूवी देशान्तर देखि ८३ डिग्री ८२ मिनेट पूवी देशान्तर र २७ डिग्री ५४ मिनेट उत्तरी अक्षांश देखि २७ डिग्री ९० मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ (www.chapakotmun.gov.np) । यो नगरपालिकाको अधिकांश क्षेत्र पहाडी भागमा पर्दछ । नगरपालिकाको ८ र ९ वडाको सबै भाग र १, १०, २, ६, ८ को केही भागमा समथर जमिन छ भने अन्यत्र पहाडी भिरालो जमिन रहेको छ । आँधिघाट, किसान, सुन्तलीटार, क्वामी, दामाचौर र दार्सिङ, काम्ती, साँखर र केलादी समथर क्षेत्रहरू हुन् भने पैदी, चौघेरा, पोखरी छाप, छाप भन्ज्याङ, बारीकुना, धुकोट, नेपानेडाँडा, पिपलडाँडा, दिसिम्कोट, धुर्लिचौर, मल्याङकोट, खानीखोला गंजर, घुर्पाल, सिमपीपल, छाप, पटसार भुर्सिङ, मानेचौर, सामाकोट खादी पहाडी क्षेत्र हुन् । यसरी त्यसैगरी रामडाँडा गड भन्ज्याङ, नगरपालिकाको उच्च, पहाडी क्षेत्रहरू हुन् । चापाकोट नगरपालिकाको सिमानामा पूर्वमा तनहुँ, पश्चिममा गल्याङ नगरपालिका, दक्षिणमा काली गण्डकीले चापाकोट नगरपालिका र पाल्पा जिल्लालाई छुट्याएको छ । यस नगरपालिकाको उत्तरमा बिरुवा र हरिनास नगरपालिकाहरू रहेका छन् । हाल चापाकोट नगरपालिकालाई १० वडाहरूमा विभाजन गरिएको छ ।

### २.२.२ चापाकोट नगरपालिकाको जनसङ्ख्याको स्थिति

चापाकोट नगरपालिकाको कुल जनसङ्ख्या २२,९६९ रहेको छ । कुल जनसङ्ख्या मध्ये यस नगरपालिकामा १०,४१६ (४५.३ प्रतिशत) पुरुष र १२,५५३ (५४.७० प्रतिशत) महिला रहेका छन् । ६,२५१ घरधुरीले भरिएको यस नगरपालिकाको औसत परिवार सङ्ख्या ३.६७ रहेको छ । यहाँका ९२.७ प्रतिशत मानिसहरूको घरको स्वामित्व आफ्नै छ (राष्ट्रिय जनगणना, २०७८) । जातिगत हिसाबले ब्राह्मण जातिको बाहुल्यता रहेको यस नगरपालिकाका अन्य जातिहरूमा क्षेत्री, दमाईं, कामी, माझी, मगर, ठकुरी, नेवार, गुरुङ आदि रहेका छन् ।

### २.२.३ चापाकोट नगरपालिकाको सामाजिक, सांस्कृतिक तथा धार्मिक स्थिति

चापाकोट नगरपालिकालाई सामाजिक, धार्मिक र साँस्कृतिक दृष्टिकोणबाट एक महत्त्वपूर्ण नगरपालिका मानिन्छ । मिश्रित जात जातिहरूको बसोबास रहेको यस नगरपालिका नेपालका अन्य क्षेत्रका तुलनामा धार्मिक तथा सांस्कृतिक हिसाबले धनी मानिन्छ । हिन्दु धर्मको बाहुल्यता रहेको यस नगरपालिकामा बौद्ध, क्रिश्चियन, मुस्लिम लगायत अन्य धार्मिक आस्था बोक्ने अन्य धर्मालम्बीहरू पनि बसोबास गर्दछन् । यस नगरपालिकालाई धार्मिक सहिष्णुता कायम रहेको समाज भनेर पनि चिन्न सकिन्छ ।

यस क्षेत्रमा बसोबास गर्ने हिन्दु धर्मालम्बीहरूको धर्मको केन्द्रस्थल निमागी सत्संग पीठ चापाकोट ६ केलादीमा अवस्थित छ । यस क्षेत्रमा रहेको खोरियाघाट मन्दिरलाई पनि महत्त्वपूर्ण तीर्थ मानिन्छ । चौधौं शताब्दीमा तत्कालीन पाल्पाली राजा मुकुन्द सेनले उत्तर भई बगेको कालीनदीमा स्नान गरे अनन्य पुण्य पाइन्छ भनेर स्नान गरी त्यही निर्माण गरेको मणी मुकुन्देश्वर महादेव एवम् उत्तरगङ्गा धाम पनि यो नगरपालिकाको गहना हो (आवधिक योजना, २०७८, पृ. ६) । कालीगण्डकीको बीचमा रहेको शिला, शिवालय मन्दिर, कुवाकोट चापाकोट बराजुस्थान, कालिकाकोट, पुर्कोट, शिवमन्दिर, राधाकृष्ण मन्दिर आदि यो क्षेत्रका महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन् । यस नगरपालिकामा रहेको सबैभन्दा ठूलो चमारेगुफा वडा नं. ७ स्थित खादीमा पर्छ । वडा नं. ९ मा हाँगे गुफा, वडा नं २ मा बासु गुफा, वडा नं. १० मा बेबारी गुफा रहेको छ । चापाकोट नगरपालिकामा हिन्दु धर्म मान्नेहरूका लागि मन्दिर तथा धार्मिक स्थलहरू मात्र नभएर इसाई धर्मावलम्बीहरूका लागि मल्याङ्कोट र रत्नपुरमा चर्चहरू पनि रहेका छन् ।

### २.२.४ चापाकोट नगरपालिकाको शैक्षिक र स्वास्थ्य स्थिति

चापाकोट नगरपालिकाको साक्षरता प्रतिशत ७९.९ रहेको छ । कूल साक्षरमध्ये ८७.९ प्रतिशत पुरुष र ७३.४ प्रतिशत महिला साक्षर रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूमा चापाकोट क्याम्पस र राधा दामोदर संस्कृत क्याम्पस स्नातक तह र प्लस टु को लागि भानु, जनज्योति, गंगालाल, जनहित, महेन्द्र, राममन्दिर र राधा दामोदरसहित सात माध्यमिक विद्यालयहरू रहेका छन् । यस नगरपालिकामा एउटा अस्पताल र पाँच वटा स्वास्थ्य चौकीहरू रहेका छन् भने दुई वटा आयुवेर्दिक औषधालय समेत रहेका छन् (आवधिक योजना, २०७८, पृ. ८) । यी औषधालयको स्तर उन्नति गर्न सकेमा पनि यस क्षेत्रमा जडीबुटी खेती गरी थप आयआर्जन तथा आयुवेर्दिक औषधी उत्पादन र प्रयोगमा ल्याउन सकिने अवस्था रहेको छ ।

### २.२.५ चापाकोट नगरपालिकाको आर्थिक स्थिति

यस नगरपालिका मुख्यतः कृषि पेशामा आधारित रहेको छ त्यसैले कृषि नै यहाँको अर्थोपार्जनको मुख्य आधार हो यस क्षेत्रको घरेलु तथा साना उद्योगका रूपमा ठेका, भाँडा,

डोको, डालो, नाङ्लो, दाम्ला, भकारी, चाल्ने आदि उत्पादन हुने गरेका छन् । नगरपालिकामा भएका यी उद्योगहरूले पनि प्रोत्साहन पाउन सकेका छैनन् । यहाँ रहेको बत्रा कुलो उटक कुलो, भर्ले कुलो, सेरा कुलो, करङ्गखोला, ज्याग्दीको पानी लाग्ने स्थानले हाम्रा पुर्खाको मिहिनेत र सिपलाई झल्काउँछ । प्रविधि सुरु नभएको समयमा बनाइएका यी संरचनाहरू क्षणिक नभई पुस्तौंपुस्तासम्म प्रयोगमा आइरहेका छन् । यस क्षेत्रमा सुन, कोइला, फलाम खानी तथा तामाखानी रहेको कुरा स्पष्ट भएको भए तापनि त्यसलाई प्रयोगमा ल्याउन सकिएको अवस्था छैन । आसपासका केही मानिसहरूले फलाम र तामा निकालेरै देखाउने गरेका छन् भने केही पुराना आरनहरूले त्यहीको फलाम प्रयोग गरेर औजार बनाएको बताउने गर्दछन् (आवधिक योजना, २०७८, पृ. ७) । यस क्षेत्रको उच्च पहाडी इलाकाबाट बग्ने ज्याग्दी, बुङ्दी जस्तो खोलाबाट सिंचाइ र विद्युत आयोजना सम्पन्न गर्न सक्ने सम्भावना पनि रहेको छ । यहाँ रहेको कुल जनसङ्ख्याको ७१.९ प्रतिशत जनसङ्ख्या आर्थिक रूपमा सक्रिय छन् भने अझै २९.१ प्रतिशत जनसङ्ख्या आश्रित छन् । कुल रोजगार जनसङ्ख्या मध्ये ७५.५ प्रतिशत कृषिमा आबद्ध रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यसका साथै यहाँका बासिन्दा वैदेशिक रोजगारी, व्यापार व्यवसायमा र सरकारी सेवामा संलग्न रहेको देखिन्छ ।

## २.३ वालिङ नगरपालिकाको परिचय

स्याङ्जाको दक्षिणी क्षेत्र अन्तर्गत पर्ने वालिङ आँधीखोलाको दायाँवायाँ फैलिएको सानो पहाडी उपत्यका हो । वालिङ नगरपालिकाको वर्तमान भूगोलमा भने सो उपत्यका लगायत अन्य पहाडी भू-भाग समेत समेटिएको छ । २०५४ सालमा स्थापना भएको यो नगरपालिका स्याङ्जा जिल्लाको करिब मध्य भाग भएर बग्ने आँधीखोलाले सिञ्चित भई पर्यटकीय नगरी पोखरा र ऐतिहासिक स्थल, लुम्बिनीलाई जोड्ने राष्ट्रियस्तरको सिद्धार्थ राजमार्गको परिधिमा अवस्थित छ । साबिक पेखुबाघखोर, वालिङ, धनुबासे गा. वि. स. मिलाई जम्मा ११ वडा कायम गरी स्थापना भएको यस नगरपालिका २०७३, फागुन २७ गतेदेखि छिमेकी गा.वि.स. जगत भञ्ज्याङ, मल्याङकोट, केवरेभन्ज्याङ, कालिकाकोट, सिर्सेकोट, थुमपोखरा, पेलाकोट तीनदोबाटे, स्वरेक, छाङछाङ्दी, माझकोट, एलादी गाोविासाका पूरै वा आंशिक वडाहरू समावेश भई १४ वटा वडाको बृहत् नगरपालिका घोषणा भएको हो । यस ठाउँको नाम वालिङ कसरी रहन गयो भन्ने सन्दर्भमा स्थानीय दिलिप खाँणका भनाइमा राजा श्रीभक्त खाँण यस क्षेत्रको पहिलो पराधिन रजौटाको रहेका थिए । उनले गहौँकोट भन्दा तल फाँटमा वहाली गाउँने चलन चलाए । वहाली गीत गाउँदै असारमा खेत रोप्ने, चाडपर्वको अवसर पारेर नाच्ने, बाजा बजाउने गरेर वहाली गाउने प्रचलनको सुरुआत गरे । यसरी वहाली गाउने क्रममा गाउँदा गाउँदै र वहाली गाउँन जाने भन्दा भन्दै वहाली शब्द अप्रभंग भएर वालिम भयो भई कालान्तरमा वालिम भन्दा भन्दै वालिमको म को ठाउँमाो ङ भएर वालिङ उच्चारण गर्न थालेसँगै वालिङ नाम रहन गएको हो । स्याङ्जाको दक्षिणी क्षेत्रमा रहेको वालिङलाई स्मार्ट

सिटीको नामले पनि चिन्न सकिन्छ । सांस्कृतिक र पर्यटनको सम्भावना बोकेको यस क्षेत्र विकासको गतिमा अघि बढिरहेको छ ।

नगरपालिकाका ४७.५ प्रतिशत घरको बनोट ढुङ्गा ईंटामा माटाको जोडाइ रहेको गारो र ५० प्रतिशत जस्तापाताका छाना रहेका छन् । बाँकीमध्ये अधिकांश ढलान गरेका पक्की घर छन् । यस नगरपालिकाका घरमा पकाउने इन्धनका रूपमा ग्याँस मुख्य श्रोत हो भने ४६ प्रतिशत काठ दाउराको प्रयोग हुन्छ । नगरपालिका भरीमा ८८. प्रतिशत घरमा धाराको पानी पुगेको छ भने अन्य पानीको श्रोतमा खोलाको पानी, कुवाको पानी र मुलको पानी खाने गरेको पाइन्छ । नगरपालिकामा रहेका ९९.३ प्रतिशत घरहरूमा शौचालयको सुविधा रहेको छ । नगरपालिकाका ९९.१ प्रतिशत घरमा बिजुली बत्ती पुगेको छ (राष्ट्रिय जनगणना, २०७८) । यस नगरपालिकाका अधिकांश वडालाई सडकले समेटेर एक चौथाई भन्दा बढी घर कालोपत्रे सडकमा जोडिएको भए तापनि अझै पनि २० प्रतिशत भन्दा बढी घरमा सडक नपुगेको अवस्था रहेको छ । यहाँ टेलिफोन, इन्टरनेट, पत्रिका, रेडियो र टेलिभिजनको सुविधा भने उपलब्ध रहेको छ ।

वालिङ क्षेत्रको अधिकांश भूभाग पहाडी क्षेत्रले ढाकिएको छ । पहाडी क्षेत्रको आर्थिक पक्ष भनेको कृषिमा आधारित रहेर जीविकोपार्जन गर्नु हो । यस क्षेत्रका केही मानिसहरू विदेशी रोजगारी, व्यवसाय र जागिरमा आबद्ध रहेका छन् । ब्राह्मण, क्षेत्री, नेवार, सुनार, ठकुरी, सार्की, कुमाल, मगर, दमाईं, कामी यहाँका प्रमुख बासिन्दाहरू हुन् । यस क्षेत्रमा जुनसुकै जातजातिका मानिसहरूको बसोबास रहेको भए पनि मुख्य धर्म हिन्दु हो । यहाँका मानिसहरू दसैं, तिहार, तीज, जनैपूर्णिमा माघेसङ्क्रान्ति लगायतका चाडपर्वहरू मनाउने गर्दछन् । यस क्षेत्रमा थकानको क्रममा मनोरञ्जन प्राप्त गर्न, केटाकेटीहरूलाई खाना खुवाउन, रुँदा फकाउनको लागि लोककथा भन्ने प्रचलन रहेको छ ।

### २.३.१ वालिङ नगरपालिकाको भौगोलिक अवस्थिति

वालिङ नगरपालिका स्याङ्जा जिल्लामा अवस्थित छ । समुन्द्री सतहबाट ७३१ मिटरदेखि १५९६ मिटर उचाइसम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल १२८.४१ वर्ग कि.मि. रहेको छ (www.walingmun.gov.np) । वालिङको भू-वनावटलाई अवलोकन गर्दा बजारक्षेत्रका केही भाग बाहेक अधिकांश भाग पहाडी भागमा पर्दछ । यस नगरपालिकाका अन्य क्षेत्रमा भन्दा सिद्धार्थ राजमार्गमा पर्ने क्षेत्रमा व्यवसायिक गतिविधि र जनघनत्व बढी छ । त्यसैगरी कृषि उत्पादनमा वडा नं ११, १४ र १३ बढी सम्भाव्यता भएका क्षेत्र हुन् ।

### २.३.२ वालिङ नगरपालिकाको जनसङ्ख्याको स्थिति

वालिङ नगरपालिकाको कुल जनसङ्ख्या ५०,४८८ रहेको छ । कुल जनसङ्ख्या मध्ये यस नगरपालिकामा २३,४८२ (४६.५ प्रतिशत) पुरुष र २७,००० (५३.५ प्रतिशत) महिला रहेका छन् । १३,४२४ घरधुरीले भरिएको यस नगरपालिकाको औसत परिवार सङ्ख्या ३.७६

रहेको छ । यहाँका ८०.८ प्रतिशत मानिसहरूको घरको स्वामित्व आफ्नै छ (राष्ट्रिय जनगणना, २०७८) । यहाँ बसोबास गर्ने जात जातिहरूमा ब्राह्मण, क्षेत्री, दमाईं, कामी, माझी, मगर, ठकुरी, नेवार, गुरुङ आदि रहेका छन् ।

### २.३.३ वालिङ नगरपालिकाको सामाजिक, सांस्कृतिक तथा धार्मिक स्थिति

सामाजिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणबाट महत्त्वपूर्ण रहेको वालिङ नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको सङ्ख्या धेरै रहेको छ । वालिङ साँस्कृतिक एवम् धार्मिक दृष्टिले बहुभाषिक, बहुधार्मिक, बहुजातिय नगर हो । यस नगरपालिकामा ऐतिहासिक दरबारहरूको साथै प्रसिद्ध गह्रौसुर मन्दिर छाङछाङ्दी, अंकलादेवी धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । यहाँका मानिसहरू दसैं, तिहार र तीज लगायतका चाडपर्वहरू मनाउने गर्दछन् । हिन्दु धर्मको बाहुल्यता रहेको यस नगरपालिकामा बौद्ध, क्रिश्चियन, मुस्लिम लगायत अन्य धार्मिक आस्था बोक्ने अन्य धर्मावलम्बीहरू पनि बसोबास गर्दछन् । यस नगरपालिकामा हिन्दु धर्म मान्नेहरूका लागि मन्दिर तथा धार्मिक स्थलहरू मात्र नभएर इसाई धर्मावलम्बीहरूका लागि चर्चहरू पनि रहेका छन् ।

### २.३.४ वालिङ नगरपालिकाको शैक्षिक तथा स्वास्थ्य स्थिति

वालिङ नगरपालिकाको साक्षरता प्रतिशत ८३.४ रहेको छ । कूल साक्षरमध्ये ९०.८ प्रतिशत पुरुष र ७७.१ प्रतिशत महिला साक्षर रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यस नगरपालिकामा ७३ ओटा सामुदायिक विद्यालय र १५ ओटा संस्थागत विद्यालय गरी जम्मा ८८ ओटा विद्यालय रहेका छन् । ७३ सामुदायिक विद्यालय मध्ये १६ माध्यमिक र ५७ आधारभूत विद्यालय रहेका छन् । प्राविधिक शिक्षा खहरेमा रणविर जनहित माध्यमिक विद्यालयमा इलेक्ट्रिक, पूर्णामृतमा कृषि अर्न्तगत बाली विज्ञान, आँधीखोला बहुप्राविधिकमा कम्प्युटर र सिभिल इञ्जिनियरिङ सञ्चालन भइरहेको छ (नगर बृहत् योजना, २०७७, पृ. ६) । यस नगरपालिकाभित्र १५ शैयाको गह्रौं प्राथमिक अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ केन्द्र, प्रसुती केन्द्रहरू, घुम्ती शिविरहरू तथा विभिन्न क्लिनिकहरूद्वारा सेवा प्रवाह भएको छ ।

### २.३.५ वालिङ नगरपालिकाको आर्थिक स्थिति

वालिङ नगरपालिकाको कुल जनसङ्ख्याको ६४.४ प्रतिशत जनसङ्ख्या आर्थिक रूपमा सक्रिय छन् भने ३५.६ प्रतिशत जनसङ्ख्या आश्रित छन् । कुल रोजगार जनसङ्ख्या मध्ये ५९.६ प्रतिशत कृषिमा आवद्ध रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) भने अन्य वैदेशिक रोजगारी, व्यापार व्यवसायमा र सरकारी सेवामा संलग्न रहेको देखिन्छ । वालिङ नगरपालिकाको आर्थिक स्थिति एवम् अर्थतन्त्र मुख्यतः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन पशुपालन, खुद्रा बजार, थोक, होटल, रेस्टुरेन्ट, पर्यटन सेवामा आधारित रहेको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय र केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक स्रोतहरू हुन् । वैदेशिक रोजगार पनि यस क्षेत्रको आर्थिक आधार हो । यो नगरपालिकाको

सबैजसो वडाहरूमा सडक विस्तार हुँदै गरेको छ भने अन्य पूर्वाधारहरू पनि विकासको गतिमा रहेका छन् । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्र जैविक विविधता एवम सांस्कृतिक विविधताले सम्पन्न रहेको छ । हावापानी र माटो कृषिको लागि उपयुक्त भएकोले यस क्षेत्रका अधिकांश घरपरिवार कृषि पेसामा संलग्न रहेका छन् । कृषि मिल, मौरीपालन, सुन्तला खेती, आलु खेती, अदुवा खेती, कुखुरापालन, पशुपालन यस क्षेत्रको व्यवसाय बनेको छ । यहाँ ढुङ्गा, चुनढुङ्गा, गिट्टी बालुवाको खानी रहेको छ । यस नगरपालिकाले कृषि तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र पूर्वधार विकासलाई आर्थिक विकासका रूपमा समेटेको छ ।

## २.४ गल्याङ नगरपालिकाको परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लामा रहेका ११ वटा स्थानीय तह मध्येको गल्याङ नगरपालिका पनि एक हो । यस नगरपालिका स्याङ्जा जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा फैलिनुका साथै पूर्वमा चापाकोट नगरपालिका र वालिङ नगरपालिका, पश्चिममा गुल्मी जिल्ला, उत्तरतर्फ पर्वत जिल्ला र दक्षिणतर्फ पाल्पा जिल्ला पर्दछन् । साविकको मालुङ्गा गा.वि.स. लाई हालको १ नं. देखि ९ नं. वडामा, जगत्रदेवी गा.वि.स.लाई १ नं. देखि ९ नं. वडामा, साविकको पकवादी गा.वि.स.लाई हालको १ नं. देखि ७ नं. र ९ नं. वडामा, साविकको तुलसीभञ्ज्याङ गा.वि.स. लाई हालको १ नं. देखि ९ नं. वडामा, साविकको निबुवाखर्क गा.वि.स.लाई हालको १ नं. देखि ९ नं. वडामा, साविकको तीनदोवाटे गा.वि.स.लाई हालको १ नं. र ६ नं. देखि ९ नं. वडामा, साविकको पिंढी खोला गा.वि.स.लाई हालको १ नं. देखि ६ नं. वडामा, साविकको पेलाकोट गा.वि.स.लाई हालको १ नं. देखि ४ नं. र ७ नं. देखि ९ नं. वडामा समायोजन गरिएको (आवधिक विकास योजना, २०७८, पृ. ९) छ । स्याङ्जा जिल्लाको साविक गा.वि.स.हरू मालुङ्गा, पकवादी, तुलसी भञ्ज्याङ, निबुवाखर्क, तीनदोबाटे, पिँढीखोला र पेलाकोट गा.वि.स.लाई समायोजन गरी वि.सं. २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम गर्दा गल्याङ नगरपालिका घोषणा गरिएको हो ।

नगरपालिकाका ६७.४ प्रतिशत घरको बनोट ढुङ्गा ईंटामा माटाको जोडाइ रहेको गारो र ७०.१ प्रतिशत जस्तापाताका छाना रहेका छन् । यस नगरपालिकाका घरमा पकाउने इन्धनका रूपमा ७३.९ प्रतिशत काठ दाउराको प्रयोग हुन्छ । नगरपालिका भरीमा ९५.४ प्रतिशत घरमा धाराको पानी पुगेको छ भने अन्य पानीको श्रोतमा खोलाको पानी, कुवाको पानी र मुलको पानी खाने गरेको पाइन्छ । नगरपालिकामा रहेका ९८.४ प्रतिशत घरहरूमा शौचालयको सुविधा रहेको छ । नगरपालिकाका ९९.५ प्रतिशत घरमा बिजुली बत्ती पुगेको छ (राष्ट्रिय जनगणना, २०७८) । यो नगरपालिकाको सबैजसो वडाहरूमा सडक विस्तार हुँदै गरेको छ भने अन्य पूर्वाधारहरू पनि विकासको गतिमा रहेका छन् । यहाँ टेलिफोन, इन्टरनेट, पत्रिका, रेडियो र टेलिभिजनको सुविधा भने उपलब्ध रहेको छ ।

अग्लो डाँडो र आँधीखोलाको वरीपरी रहेको यस क्षेत्रको धेरै जसो भाग पहाडले ढाकिएको छ भने केही भागमा बजार व्यवस्थापनले तीव्रता लिँदै छ । यस क्षेत्रका अधिकांश मानिसहरू कृषि पेसामा संलग्न छन् भने केही वैदेशिक रोजगारी, व्यापार, व्यवसाय र सरकारी जागिरमा आबद्ध रहेका छन् । मगर, ब्राम्हण, क्षेत्री, दमाइँ, कामी, सार्की, नेवार, गिरी, माझी, कुमाल यहाँका प्रमुख बासिन्दाहरू हुन् । यस क्षेत्रमा जुनसुकै जातजातिका मानिसहरूको बसोबास रहेको भए पनि मुख्य धर्म हिन्दु हो । यहाँका मानिसहरू दसैँ, तिहार, तीज, जनैपूर्णिमा माघेसङ्क्रान्ति लगायतका चाडपर्वहरू मनाउने गर्दछन् । यस क्षेत्रमा थकानको क्रममा मनोरञ्जन प्राप्त गर्न, केटाकेटीहरूलाई खानाखुवाउन, रुँदा फकाउनको लागि लोककथा भन्ने प्रचलन रहेको छ ।

### २.४.१ गल्याङ नगरपालिकाको भौगोलिक अवस्थिति

स्याङ्जा जिल्लामा अवस्थित गल्याङ नगरपालिकाको कुल क्षेत्रफल १२२.७१ वर्ग कि.मी. रहेको छ । समुन्द्री सतहबाट ३३५ मिटरदेखि १८०८ मिटर उचाइमा रहेको यस नगरपालिका ८३ डिग्री ३५.२ मिनेट देखि ८३ डिग्री ४६.४६ मिनेट पूर्व देशान्तरसम्म र २७ डिग्री ५३.५५ मिनेट देखि २८ डिग्री १.६ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको (www. galyangmun.gov.np) छ । गल्याङ नगरपालिकामा ११ वडाहरू रहेका छन् । गल्याङ नगरपालिकालाई अवलोकन गर्दा बजारक्षेत्रका केही भाग बाहेक अधिकांश भाग पहाडी भागमा पर्दछ । यस नगरपालिकाको अन्य क्षेत्रमा भन्दा सिद्धार्थ राजमार्गमा पर्ने क्षेत्रमा व्यवसायिक गतिविधि र जनघनत्व बढी रहेको छ । भौगोलिक आधारमा यस नगरपालिकामा रहेका सबैजसो वडाहरू साना या ठुला नदीनाला र खोलाहरूले ओगटेको पाइन्छ । कुल क्षेत्रको सबै भन्दा धेरै भाग वनजङ्गलले समेटिएको हुनाले पनि यहाँको हावापानी सफा र स्वच्छ रहेको छ । यी नदी तथा खोलाहरूको पानी पशुपंछीहरूले पिउन र किसानहरूले सिंचाईको लागि उपभोग गर्न पाएका छन् । गल्याङ नगरपालिकाको दक्षिणतर्फ युगौँदेखि हिमालय पर्वतबाट उत्पत्ति भएका खोलाहरूलाई समेटेर निर्माण भएको काली गण्डकी रहेको छ । काली गण्डकीको फाँटको रूपमा रहेको यस क्षेत्रको माटो मुख्यतः पाँगो र मिश्रित मलिलो रहेको छ । खोलानालाको प्रत्यक्ष प्रभाव पर्ने क्षेत्रमा रहेको माटोमा बालुवाको मात्रा बढी छ भने भित्री भागमा पाइने चिम्टाइलो माटोमा प्राङ्गारिक पदार्थको मात्रा पाइन्छ । समथर भागमा रहेको यो नगरपालिकाको माटो उर्वर र खेती योग्य रहेको छ ।

### २.५.२ गल्याङ नगरपालिकाको जनसङ्ख्याको स्थिति

वालिङ नगरपालिकाको कुल जनसङ्ख्या ३१,०३४ रहेको छ । कुल जनसङ्ख्या मध्ये यस नगरपालिकामा १४,१५४ (४५.६ प्रतिशत) पुरुष र १६,८८० (५४.४ प्रतिशत) महिला रहेका छन् । ७,९३३ घरधुरीले भरिएको यस नगरपालिकाको औसत परिवार सङ्ख्या ३.९१ रहेको छ । यहाँका ८९.९ प्रतिशत मानिसहरूको घरको स्वामित्व आफ्नै छ (राष्ट्रिय जनगणना, २०७८) । यहाँ बसोबास गर्ने जात जातिहरूमा ब्राह्मण, क्षेत्री, दमाइँ, कामी, माझी, मगर, ठकुरी, नेवार, गुरुङ आदि रहेका छन् ।

### २.५.३ गल्याङ नगरपालिकाको सामाजिक, सांस्कृतिक तथा धार्मिक स्थिति

प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्र जैविक विविधता एवम् सांस्कृतिक विविधताले सम्पन्न रहेको छ । सामाजिक धार्मिक तथा साँस्कृतिक महत्त्वका दृष्टिकोणले गल्याङ नगरपालिकामा हिन्दु धर्म मान्नेको सङ्ख्या धेरै रहेको छ । यस क्षेत्रका प्रमुख जातजातिहरूमा मगर, ब्राम्हण, क्षेत्री, दमाई, कामी, सार्की, नेवार, गिरी, माझी, कुमाल आदि रहेका छन् । यहाँका जातजातिहरू आआफ्नै किसिमको भाषा जस्तैः नेपाली, नेवार, मगर, गुरूङ्ग, राई, दराई, बोटे, कुमाल लगायतका अन्य भाषा बोल्नुका साथै आफ्नै किसिमको धर्म तथा संस्कृति मान्दछन् । यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् भने केही बौद्ध, किँरात, इस्लाम, इसाई धर्म मान्नेहरू पनि छन् । जातिगत र साँस्कृतिक विविधता रहेको यस नगरपालिकाका बासिन्दाहरूको आआपफ्नै किसिमको सामाजिक संस्कार रहेको छ । हिन्दु धर्मको मान्नेको सङ्ख्या धेरै भएको हुँदा यस क्षेत्रको प्रमुख संस्कार कुल पुजा, गोठ पुजा, वर्तबन्ध, विवाहा, काजकृया, वार्षिक काम, न्वारन, तिथी श्राद्ध, सोहस्राद्ध औँसी, पूर्णिमा, सक्रान्ती, मसान्तार, सत्यनाराण्यणको पुजा, एकाह, सप्ताह, रूद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्रग्रहण, आदि रहेका छन् । यहाँ मनाइने प्रमुख चाडपर्व तथा मेलाहरूमा विजयादशमी, दिपावली, नौरथा, घटस्थापना, सोह्र श्राद्ध, रामनवमी, माघेसङ्क्रान्ती, साउने संक्रान्ती, तीज, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, हरिबोधनी एकादशी, बुद्धपूर्णिमा, ल्होसार, तमु ल्होसार आदि यहाँका हुन् । यस नगरपालिकाभित्र श्रीराम गुफा, रामनदी धाम, राधाकृष्ण मन्दिर, शिव मन्दिर लगायत विभिन्न मठ मन्दिरहरू तथा गुफाहरू रहेका छन् । महा लिङ्गेश्वर, सिद्धि विनायक, पशुपतिनाथ शिव मन्दिर, नवदुर्गा मन्दिर, शिव मन्दिर, नवदुर्गा मन्दिर, महा लिङ्गेश्वर, चण्डी देवी मन्दिर, पशुपतिनाथ शिव मन्दिर, चण्डी देवी मन्दिर, राधाकृष्ण मन्दिर, रानीबार, गजत्रा देवी मन्दिर, नवदुर्गा मन्दिर, शिव मन्दिर गल्याङ बजार, शिवालय मन्दिर, कालीका मन्दिर, चिलाउने थुम्का, राधाकृष्ण मन्दिर, दुर्गा कालीका मन्दिर, दुर्गा मन्दिर, तल्लो गल्याङ, शिव मन्दिर, कालिका मन्दिर, आदि यस नगरपालिकाका मुख्य धार्मिक स्थलहरू हुन् (आवधिक विकास योजना, २०७८) । यस नगरपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको भए तापनि एकअर्का बिचमा सम्मानपूर्ण र सद्भावपूर्ण व्यवहार रहेको पाइन्छ ।

### २.५.४ गल्याङ नगरपालिकाको शैक्षिक स्थिति

गल्याङ नगरपालिकामा हाल ६४ सामुदयिक तथा ६ निजी गरी ७० वटा विद्यालय सञ्चालनमा रहेका छन् । ४६ वटा आधारभुत तह, ८ वटा माद्यमिक विद्यालय, २ वटा क्याम्पस रहेका छन् । कतिपय सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरण गरिसकिएको छ भने ग्रामीण भेगका केही क्षेत्रहरूमा समुदायको पहलमा विद्यालय स्थापना गरी सम्पुर्ण खर्च स्थानीयवासीहरूले नै जुटाई विद्यालय सञ्चालन गरेको अवस्था पनि छ । यस नगरपालिकामा सामुदायिक र संस्थागत विद्यालय अन्तर्गत आधारभूत विद्यालय कक्षा १-५

सम्मका २५ बटा सामुदायिक र ३ वटा संस्थागत गरी जम्मा २८ वटा विद्यालयहरू छन् । त्यस्तै आधारभूत विद्यालय कक्षा ६-८ सम्मका १२ वटा सामुदायिक र १ वटा संस्थागत गरी जम्मा १३ वटा विद्यालयहरू छन् । त्यस्तै माध्यमिक तह कक्षा १-१० सम्मका ६ वटा सामुदायिक विद्यालयहरू छन् । गल्याङ नगरपालिकाको साक्षरता प्रतिशत ८३.४ रहेको छ । कूल साक्षरमध्ये ९०.६ प्रतिशत पुरुष र ७७.५ प्रतिशत महिला साक्षर रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । यसर्थ गल्याङ नगरपालिकाको साक्षरता दर निकै राम्रो मानिएको छ ।

### २.५.५ गल्याङ नगरपालिकाको आर्थिक स्थिति

गल्याङ नगरपालिकाको कुल जनसङ्ख्याको ७३.६ प्रतिशत जनसङ्ख्या आर्थिक रूपमा सक्रिय छन् भने २६.४ प्रतिशत जनसङ्ख्या आश्रित छन् । कुल रोजगार जनसङ्ख्या मध्ये ७२ प्रतिशत कृषिमा आवद्ध रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) भने अन्य वैदेशिक रोजगारी, व्यापार व्यवसायमा र सरकारी सेवामा संलग्न रहेको देखिन्छ । गल्याङ नगरपालिकाको आर्थिक स्थिति एवम् अर्थतन्त्र मुख्यतः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन पशुपालन, खुद्रा बजार, थोक, होटल, रेस्टुरेन्ट, पर्यटन सेवामा आधारित रहेको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय र केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक स्रोतहरू हुन् । वैदेशिक रोजगार पनि यस क्षेत्रको आर्थिक आधार हो । हावापानी र माटो कृषिको लागि उपयुक्त भएकोले यस क्षेत्रका अधिकांश घरपरिवार कृषि पेसामा संलग्न रहेका छन् । कृषि मिल, मौरीपालन, सुन्तला खेती, आलुखेती, अदुवा खेती, कुखुरापालन, पशुपालन यस क्षेत्रको व्यवसाय बनेको छ । यस नगरपालिकाले कृषि तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र पूर्वधार विकासलाई आर्थिक विकासका रूपमा समेटेको छ ।

## २.५ लोककथाको परिचय

लोककथा कुनै समाज तथा गाउँमा परापूर्वकाल देखि नै एकअर्कामा हस्तान्तरित हुँदै आएको लोकसाहित्यको अत्यन्त महत्त्वपूर्ण विधा हो । लोककथा अङ्ग्रेजी folktale को नेपाली रूपान्तर हो । यसलाई लोकसाहित्यको सबै भन्दा लोकप्रिय विधा मानिन्छ । लोककथा भन्न र सुन्न बालक देखि वृद्धसम्म सबैले एकनास रुचाउने हुँदा यसको लोकप्रियता प्रमाणित हुन्छ । संसारका सबै भाषा, जातजाति र क्षेत्रमा लोककथाको अस्तित्व पाइन्छ । लोककथा भन्ने र सुन्ने प्रचलन नभएको ठाँउ र जाति विरलै हुन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. ३७१) । लोक शब्दको निर्माण लोकृदर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर भएको हो । लोकृदर्शने धातुको शब्दार्थ हेर्नु, देख्नु हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला, देख्नेवाला भन्ने हुन्छ । यस परिप्रेक्ष्यबाट लोकशब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन् । आउँछ (लुइटेल, २०६८, पृ. १) । लोकसाहित्यका विभिन्न विधाहरू मध्ये लोककथा सबै उमेर समूहका मानिसले मनपराउने विधा हो । लोककथा भन्नका लागि कुनै महत्त्वपूर्ण अवसर कुर्नु पर्दैन । काम गर्दा गर्दै, चौतारीमा बस्दा, मकै नङ्ग्याउँदा, मकै छोडाउँदा, केटाकेटी

सुताउँदा, केटाकेटी भुलाउँदा, आगो ताप्दै गर्दा र मनोरञ्जनका लागि लोककथा भन्ने र सुन्ने गरिन्छ । एउटाले भन्ने र अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । 'लोककथा' शब्दको प्रचलन लोकसाहित्यका धारणाको विकास पछि भएको हो (बन्धु, २०५८, पृ. २८४) । लोककथा भन्दाखेरी एकादेशमा भनेर सुरु गर्दछन् भने अन्त्य गर्दा सुन्नेलाई सुनको माला र भन्नेलाई फूलको माला यो कथा बैकुन्ठमा जाला मैले भन्ने बेलामा तुरुन्त आउँला भन्ने चलन रहेको छ । यस्ता कथाहरू सुन्दै गर्दा सुन्ने व्यक्तिलाई साँच्चै यस्तो पनि भएको थियो होला र भन्ने कौतुहलता पनि जाग्छ भने कतिपय घटनाले आफ्नै कथा व्यथा पोखेको महसुस पनि हुन्छ । लोककथा भन्ने र सुन्ने भएको हुँदा यसमा भन्ने वक्ता र सुन्ने श्रोताको उपस्थिति अनिवार्य हुन्छ । समष्टिगत रूपले हेर्दा यिनको उद्देश्य मूलतः लोकरुचि र मनोरञ्जनद्वारा मानव जगतलाई शिक्षा, उपदेश, आत्मबल आदि प्रदान गर्नु र साहस, धैर्य, तर्क, विद्धता आदिप्रति आस्था र प्रेरणा जगाउनु बुझिन्छ । लोककथाहरूमा मानव मन खिच्ने जादुगरी छ । यहाँका कल्पित पात्रहरू सजिव र सशक्त बन्दै एकातिर हाम्रो सुकुमार हृदयलाई मोहनी लगाउन पुग्दछन् भने अर्को तिर हामीलाई नायकको सच्चरित्रता र मानवीय गुणप्रति प्रेरणा जगाउन पनि थाल्दछन् (थापा र सुवेदी, २०४१, पृ. ३१८-१९) । लोककथामा धार्मिक, इतिहास, संस्कृति, परम्परा, राजामहाराजा, देवदेवी, पशुपंक्षी र जनावर आदिलाई विषयवस्तु बनाइएको हुन्छ । त्यसैले पनि लोककथाको विषयको सीमा तोक्न गाह्रो छ । लोककथामा मानवीय, मानवेतर, लौकिक, अलौकिक, जड, चेतन, प्राकृतिक, अप्राकृतिक आदि पात्रहरूको उपस्थिति रहेको पाइन्छ । लोककथामा लोकजीवनका वास्तबिक पीडाहरू सुखदुःख, आँशुहाँसो देखि स्वैरकाल्पनिक अद्भूत घटना क्रमलाई समेटिएको पाइन्छ ।

## २.६ निष्कर्ष

दक्षिणी क्षेत्रअर्न्तगत पर्ने चापाकोट, वालिङ र गल्याङ नगरपालिकामा सामाजिक, सांस्कृतिक धार्मिक, पारिवारिक, अन्तर्द्वन्दका विषयवस्तु समेटिएको लोककथा भन्ने गर्दछन् । यस्ता लोककथामा जनमानसका सुखदुःख, हर्षविस्मात, दयामाया, प्रेमघृणा, इर्ष्याग्रह जस्ता विषयलाई अभिव्यक्त हुन्छन् । समाजको आदिकालदेखि नै चलिआएको श्रुति परम्परामा आधारित कथा नै लोककथा हो । लोककथाको भिन्दै खालको मौलिकपन रहेको हुन्छ जसले स्थान वा क्षेत्रका भेषभूषा, रहनसहन र बोलीचालीको लबजलाई समेत प्रस्तुत गरेका हुन्छन् । अपठितद्वारा संरचित भएको आलिखित रूपमा श्रव्य विधाबाट पुस्तान्तरित हुँदै आएको भएता पनि लोककथाको आफ्नै विशेषता रहेको हुन्छ । आफ्नो समुदायको सांस्कृतिक पारम्परिक क्षेत्रीयपनले गर्दा लोककथाका आफ्नै विशेषताहरू हुन्छन् । यहाँ चापाकोट, वालिङ र गल्याङ नगरपालिकाको स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, आर्थिक, प्रकृतिक सम्पदाले सम्पन्न यस क्षेत्र सामाजिक, सांस्कृतिक, धार्मिक, भौगोलिक एवं पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ । यस क्षेत्रमा पूर्वाधारहरूको विकास उल्लेख्य रूपमा नभए तापनि हुने क्रममा रहेको छ । अध्ययन गरिएको क्षेत्र चापाकोट, वालिङ र गल्याङ नगरपालिकामा शैक्षिक विकासको गतिसँगै अन्य विकास पनि हुने क्रममा रहेको छ ।

# तेस्रो परिच्छेद

# स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्ति

## ३.१ विषयप्रवेश

स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन गर्ने ध्येयका साथ सम्पन्न गरिएको यस शोधकार्यमा मनोविज्ञानको परिचय दिँदै सो क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्तिको पहिचान गर्ने काम गरिएको छ । यहाँ मूलप्रवृत्तिका दुई पक्ष जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको सैद्धान्तिक चिनारी दिनुका साथै लोककथामा भएका पात्रमा मूलप्रवृत्ति केलाउने काम गरिएको छ । यस परिच्छेदमा स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमध्ये राजारानी कथा, टुहुरी केटी, सन्तानको रहर, लाटो पलायो बाठो हरायो, दाजु र वहिनी, रानीको मनको भुटेसो, एकादशी व्रतको फल, बुझकी छोरी, माया मोहबाट कष्ट, दशवचनेको कथा गरी जम्मा दसवटा कथाको प्रतिनिधिमूलक विश्लेषण गर्ने कार्य गरिएको छ ।

## ३.२ मूलप्रवृत्तिको सैद्धान्तिक परिचय

मनोविज्ञान शब्द अङ्ग्रेजी Psychology को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी Psycho (मनको/मनसम्बन्धी) र logy (शास्त्र/विज्ञान) बाट psychology शब्द बनेको हो । नेपालीमा मनोविज्ञान शब्दको प्रयोग यही psychology को पर्यायका रूपमा गरिन्छ । मनको वैज्ञानिक अध्ययन गर्न शास्त्र psychology अन्तर्गत विकसित विशिष्ट रूपलाई अङ्ग्रेजीमा psychoanalysis र नेपालीमा मनोविश्लेषण भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. १६१) । 'मनोविश्लेषण' शब्द अङ्ग्रेजी 'साइको अन्यालिसिस्' (psycho–analysis) को नेपाली रूपान्तर हो । यसको प्रयोग तीन अर्थमा गरिएको पाइन्छ र ती हुन्: (१) मान्छेको मनको स्वरूप जस्तै व्यक्तित्व विकास र मनोरोग विज्ञान (psycho–pathology) का रूपमा, (२) सिग्मन्ड फ्रायडद्वारा प्रवर्तित मनोरोगीहरूको उपचार विधिको प्रविधिका रूपमा र (३) अनुसन्धानको एउटा तरिकाका रूपमा । 'मनोविश्लेषण' शब्दको पहिलो प्रयोग उन्नाइसौँ शताब्दीको अन्त्यतिर अर्थात् सन् १८९६ मा भियनाका यहुदी चिकित्सक सिग्मन्ड फ्रायडले गरेका हुन् र फ्रायडकै परिश्रमबाट यसले सिद्धान्तको रूप पनि ग्रहण गऱ्यो । मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मन्ड फ्रायडको जन्म मोराभियाको सानो सहर फ्रिबर्गमा सन् १८५६ मे महिनाको ६ तारिखका दिन भएको थियो । फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषण सिद्धान्तले बाह्य सत्य भन्दा मानसिक सत्यको विभिन्न पक्षलाई उदघाटन गर्छ । मनोविज्ञान सम्बन्धी चिन्तन प्राचिन समयदेखि हुँदै आए तापनि मनको वस्तुगत र वैज्ञानिक रूपमा विश्लेषण गर्ने काम भने सिग्मण्ड फ्रायडद्वारा भएको हो ।

यहुदी मूलका फ्रायड मूलतः मनोचिकित्सक हुन् । यिनको बाल्यकाल भियनामा बितेको र यही भियनामा नै उनले शिक्षा प्राप्त गरेका हुन् । चिकित्सा शास्त्रमा एम.डी.

सम्मको शिक्षा प्राप्त गरेका फ्रायडले आफ्नो जीवन चिकित्सा क्षेत्रमा नै समर्पित गरेको देखिन्छ । यिनको अध्ययनको क्षेत्र स्नायु रोग हो र यिनले पेरिसमा आफ्ना गुरु सार्कोसँग स्नायुसम्बन्धी विशेष अध्ययन गरेका हुन् (शर्मा र लुइटेल, २०६१, पृ. १६८) । सार्कोको सामिप्यमा फ्रायडले हिस्टेरियासम्बन्धी विशेष दक्षता हासिल गरेको देखिन्छ । सम्मोहन र उन्मादको अन्तर्सम्बन्धका बारेमा सार्कोबाट नै फ्रायडले प्रेरणा लिएका हुन् (भण्डारी, २०५६, पृ. ५) । पेरिसमा आफ्नो अध्ययन सकेर भियाना फर्केका फ्रायडले अग्रज ब्रुअरसँग चिकित्सासम्बन्धी कार्य गर्ने अवसर पनि पाए । सम्मोहन विधिबाट हिस्टेरिया रोगको उपचार गर्ने ब्रुअरको तरिकाले नै फ्रायडलाई मानसिक रोगीको उपचार गर्ने क्रममा मनोविश्लेषण सम्बन्धी अनेक अन्वेषण गर्ने अवसर प्रदान गऱ्यो । यसरी मानसिक रोगीहरूको उपचार गर्दागर्दै फ्रायडले मनोविश्लेषणको सिद्धान्तको प्रतिपादन गरे (बराल, २०७२, पृ. १) । मनोविश्लेषणात्मक सिद्धान्तले ज्ञानका विविध क्षेत्रहरूका साथै आधुनिक साहित्यमा पनि प्रभाव पारेको छ । फ्रायडले व्यक्तित्वको प्रणाली र स्वरूप मानव व्यवहारमा अचेतनको प्रेरणा, मूलप्रवृत्ति, व्यक्तित्वको निर्माण, व्यक्तिका यौनवृत्ति, दमन र त्यसका परिणतिहरू जस्ता विषयमाथि वैज्ञानिक आधारमा प्रकाश पारेका छन् (घर्ती, २०६७, पृ. १) । मनोविश्लेषण मानिसका मन तथा व्यवहारसँग जोडिएको एक स्थापित मान्यता हो । मनोविश्लेषण शब्दको प्रयोग विभिन्न अर्थमा गरिएको पाइए तापनि प्रमुख अर्थहरू निम्नलिखित रहेका छन् :

(१) मानवीय व्यवहार तथा व्यक्तित्वको निर्धाण गर्ने मनलाई विशेष महत्त्व दिने मनोवैज्ञानिक सम्प्रदाय,

(२) मानिसका अचेतन मानसिक क्रियाकलापको अनुसन्धान गर्ने मनोवैज्ञानिक प्रविधि,

(३) मानसिक विकृतिको व्याख्या र उपचार गर्ने मनोचिकित्सा पद्धति,

मनोविश्लेषणले मानिसका मन तथा व्यक्तित्वको सैद्धान्तिक अध्ययन गर्ने हुँदा यसलाई मनोविश्लेषणात्मक सिद्धान्त भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. १६१) । साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्य र मानव मनका बीच घनिष्ठ सम्बन्ध रहेको छ । साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै न कुनै मनोविज्ञानमा आधारित भएर गरिएको हुन्छ । फ्रायडले मनोविश्लेषणात्मक विचारधाराबाट मानसिक रोग शारीरिक कारणले नभएर मनोवैज्ञानिक कारणले हुन्छ भन्ने कुरा पत्ता लगाए । फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त मूल रूपमा मान्छेको मनको अचेतनको शक्तिबाट सम्बोधित हुन्छ (बराल, २०७२, पृ. १) । उनको मनोविश्लेषणात्मक सिद्धान्तले चिकित्सा क्षेत्रमा मात्र नभएर मानवीय जीवन र व्यवहारका हर पक्षमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । उनका अनुसार मानव जीवनलाई सञ्चालन गर्ने महत्त्वपूर्ण तत्त्व कामवृत्तिलाई लिन सकिन्छ । फ्रायडले यौन तथा आक्रामकता जस्ता दुई प्रचालकलाई स्विकारेका छन् । यी दुई प्रेरणाबाट हामीले हरेक काम गर्छौं भन्ने उनको भनाइ छ । यौनलाई एरोस पनि भनिन्छ र यो जीवन

शक्ति हो । यसले हामीलाई बाँच्न र वंश चलाउन प्रेरित गर्छ (बराल, २०७२, पृ. १८) । फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त मानव मनसँग सम्बन्धित छ । मानव मनका विभिन्न तहलाई निरूपण गर्दै तिनका संवेगात्मक प्रतिक्रियाका बीचको सम्बन्ध ग्रन्थि पत्ता लगाएर त्यसको अनुक्रमिक विश्लेषण र व्यक्ति भित्रको मानसिक जटिलता समाधान गर्न त्यसलाई फुकाउने प्रयत्न मनोविश्लेषणात्मक सिद्धान्तको मूल पक्ष रहेको देखिन्छ । यस सिद्धान्तको मूलपक्ष रहेको देखिन्छ । यस सिद्धान्तले मानवीय प्रकृतिको आन्तरिक तहसम्म पुग्ने अन्तर्दृष्टि प्रदान गरेको छ (घर्ती, २०६७, पृ. ११) । फ्रायडले मनोविश्लेषणात्मक सिद्धान्तलाई विभिन्न व्याख्यान र पुस्तकहरूका माध्यमबाट पुष्टि गर्ने प्रयास गरेका छन् । उनको मनोविश्लेषणात्मक सिद्धान्तको अवधारणालाई प्रस्ट पारिएका कृतिहरू निम्नलिखित रहेका छन् :

*Psychic mechanism of Historical Phenomenon (1893), Qmudies in Hysteria (1895), The Interpretation of Dreams (1900), Psychology of Everyday Life (1904), Three Contribution to the Theory of Sex (1905), History of Analytic Movement (1914), The Unconscious (1915), Introduction to Psychoanalysis (1918), Beyond the Pleasure Principle (1920), The Ego and The Id (1923), The problem of Anxiety (1923), Clloected Papers (1924-25), Introductory Lectures on Psychoanalysis (1944), The General Introduction to Psychoanalysis (1944), The Future of an illlusion, Totem and Taboo etc.* सिग्मण्ड फ्रायडका यी महत्त्वपूर्ण कृतिबाहेक अन्य केही कृतिहरू पनि प्रकाशित छन् ।

फ्रायडले प्रतिपादन गरेको प्रमुख मनोविश्लेषणात्मक मान्यताहरूमा प्रारम्भिक मनोवैज्ञानिक सिद्धान्तमा अचेतन, मानसिक नियतिवाद, अहम् र कामशक्ति अवरोध र दमन, शैशवकालीन कामुकता र मातृरति ग्रन्थि जस्ता सिद्धान्त प्रतिपादित छन् भने उत्तरवर्ती मनोवैज्ञानिक सिद्धान्तमा आत्ममोह, इड, अहम् पराहम् मूलप्रवृत्तिहरू जस्ता सिद्धान्तहरू प्रतिपादित छन् (शर्मा र लुइटेल, २०६१, पृ. १७०) । सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषणको सिद्धान्तलाई तल क्रमशः प्रस्ट पारिएको छ :

## ३.३ मूलप्रवृत्तिको सिद्धान्त

फ्रायडले मूलप्रवृत्तिलाई मनोविश्लेषणको मुख्य आधारका रूपमा लिएका छन् । उनको मूलप्रवृत्तिसम्बन्धी अवधारणा तत्कालीन प्राणीशास्त्रबाट प्रेरित देखिन्छ । मूलप्रवृत्तिको सिद्धान्तका प्रवर्तक प्रसिद्ध मनोवैज्ञानिक विलियम्स म्याक्डुगल हुन् (घर्ती, २०६७, पृ. १२) । म्याक्डुगलका अनुसार मूलप्रवृत्ति परम्परागत वा जन्मजात मनोशारीरिक प्रवृत्ति हो, जसले प्राणीलाई कुनै विशेष वस्तु हेर्न, त्यसप्रति ध्यान दिन, त्यसलाई हेरेर एक विशेष प्रकारको संवेगात्मक उत्तेजनाको अनुभव गर्न र त्यससँग सम्बन्धित एक विशेष ढङ्गले कार्य गर्न वा यस्तो गर्ने प्रबल इच्छाको अनुभव गर्नका लागि बाध्य गर्दछ (भण्डारी, २०५६, पृ. १८) । फ्रायडले मूलप्रवृत्तिलाई 'ट्राइब' नाम दिएका छन् । अङ्ग्रेजीमा यसको अर्थ 'मूलप्रवृत्ति र

प्रचालकका बीचको' वा 'मध्यवर्ती किसिमको' हुन्छ । मान्छे जेजस्तो कार्य गर्दछ त्यसलाई मूलप्रवृत्तिले निर्धारित गरेको हुन्छ । हाम्रा सम्पूर्ण व्यवहारको कारक मूलप्रवृत्तिको प्रेरक शक्ति नै हो (घर्ती, २०६७, पृ. १२) । मानिसका हरव्यवहार मूलप्रवृत्तिबाट नै सञ्चालित हुन्छन् । मूलप्रवृत्तिको जन्म मानिसको मनभित्र हुन्छ र मनमा जन्म भएसँगै ती व्यवहार शरीरका अङ्गहरूमा समाहित हुन्छन् । यिनीहरू शरीरमा प्रेरणाका रूपमा उत्पन्न भएर शक्तिका रूपमा काम गर्छन् । मूलप्रवृत्तिको ज्ञानात्मक, संवेगात्मक र क्रियात्मक तीन विशेषता हुन्छन् । मूलप्रवृत्ति जन्मजात एवं सहज प्रवृत्ति हो (भण्डारी, २०५६, पृ. १८) । मान्छेले आफ्नो अधिकांश कार्यलाई समाजद्वारा प्रभावित भएर गरेको देखिए तापनि केही कार्य यस्ता पनि छन् जसलाई मान्छेले आफ्नो जन्मजात वा प्राकृतिक प्रेरणाहरूको कारणले गर्दछ । भय लागेपछि भाग्नु, भोक लागेपछि भोजनको खोजी, पशुले पौडनु, चराले गुँड बनाउनु आदि जन्मजात प्रवृत्तिहरू हुन्, जसले मान्छे र पशुलाई कार्य गर्नका लागि प्रेरित गर्दछ र यिनै प्रवृत्तिलाई मूलप्रवृत्ति भनिन्छ । फ्रायडले यसलाई मनोविश्लेषणको आधारशीला बनाई आफ्ना सिद्धान्तको प्रतिपादन गरेका छन् (शर्मा र लुइटेल, २०६३, पृ. १७१) । मूलप्रवृत्तिले नै मानिसको जीवन सञ्चालन गरिरहेको हुन्छ । यो मानिसको व्यक्तित्वको प्रमुख स्रोत हो । यसको उत्पत्ति मनमा हुन्छ र शरीरसँग संयोजन हुनपुग्छ । मानिस भित्र उत्पन्न हुने आवेग अनुसार नै मूलप्रवृत्तिको जन्म हुन्छ । उनले निम्नलिखित दुईवटा मूलप्रवृत्तिहरूको निर्धारण गरेका छन् :

### ३.३.१ जीवन मूलप्रवृत्ति

फ्रायडले 'एरोस' शब्दलाई ग्रीक पौराणिक कथा साहित्यबाट लिएका हुन् । कथाका अनुसार 'एरोस' प्रेमको देवताको नाम हो । त्यसैले 'एरोस' शब्द जीवन, प्रेम, प्रजनन, अनुराग, आकर्षण, मैत्री, आसक्ति, प्रीति एवं रचनात्मक कार्य आदिको प्रतीक हो । वास्तवमा जीवन मूलप्रवृत्तिबाट प्रभावित भएर नै व्यक्ति जीवनको सङ्घर्ष तर्फ उन्मुख हुन्छ । यसैले गर्दा नै व्यक्तिले पारिवारिक एवं सामाजिक अनि सांस्कृतिक आदर्श एवं मूल्यहरूको पालन गर्दछ (भण्डारी, २०५६, पृ. १५) फ्रायडले जीवन मूलप्रवृत्तिलाई आत्मरक्षा वा अहम् मूलप्रवृत्ति र यौन मूलप्रवृत्ति गरी दुई समूहमा वर्गीकरण गरेका छन् । अहम् मूलप्रवृत्तिले व्यक्तिलाई पोषण र आत्मरक्षा तर्फ तथा यौन मूलप्रवृत्तिले आनन्द र अनुराग पक्षतर्फ प्रेरित गर्दछ (घर्ती, २०६७, पृ. १३) । फ्रायडले जीवन मूलप्रवृत्ति अन्तर्गत कामशक्तिको वर्णन मानसिक र शारीरिक दुवै पक्षको प्रतिनिधित्व गर्ने मनोशारीरिक शक्तिका रूपमा गरेका छन् । यस शक्तिले नै व्यक्तिलाई आफ्नो जीवन लक्ष्यतर्फ गतिशील हुने प्रेरणा दिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. १७१) । फ्रायडले यौनलाई शक्ति मानेका छन् । जनशक्तिले मानिसका महत्त्वपूर्ण कार्यहरू गर्न सहयोग पुऱ्याउँछ । जीवन मूलप्रवृत्तिले नै मानिसलाई सुखको र खुशीको चाहना जागृत गराउँछ भने दुःखको भावनालाई शरीरबाट त्याग्न प्रेरित गरेको हुन्छ त्यसैले जीवन मूलप्रवृत्तिबाट नै मानिसका हरेक क्रियाकलाप परिचालन हुन्छन् ।

जीवन मूलप्रवृत्तिले व्यक्तिलाई अर्को व्यक्तिसँग घुलमिल हुन, आमाबाबुको सन्तानप्रतिको बात्सल्य, दाजुभाइ, दिदीबहिनीबीचको स्नेह, साथीसाथी बीचको प्रेम, प्रेमी प्रेमिका बीचको पवित्र माया, पतिपत्नीको वैवाहिक सम्बन्ध एवं प्रेमका साथै समाजमा रहेका व्यक्तिहरू बीच सामाजिक सम्बन्ध कायम राख्न सहयोग गर्छ । यसकै कारणले गर्दा व्यक्तिले आफ्नो जीवनलाई सुखमय बनाउँछ । त्यसैले फ्रायडले व्यक्तिको सबै प्रकारको रचनात्मक क्रियाहरूको आधार जीवन मूलप्रवृत्ति नै हो भनेका छन् । फ्रायडका अनुसार शिशुको जीवनको प्रारम्भमा जीवन मूलप्रवृत्ति धेरै सक्रिय रहन्छ । यसैले ऊ प्रेम, सुख, आनन्द र मेलमिलापको जीवनका तर्फ अग्रसर रहन्छ । व्यक्तिमा जबसम्म यो जीवन मूलप्रवृत्ति सक्रिय रहन्छ तबसम्म व्यक्तिको जीवन स्वस्थ, सुखमय र सङ्घर्षरत रहन्छ । यदि कुनै कारणवश जीवन मूलप्रवृत्तिको शक्ति कम हुँदै जान्छ । जीवन मूलप्रवृत्तिका अपेक्षा निर्बल हुँदै जान्छ तब व्यक्ति विस्तारै विस्तारै मृत्युको नजिक हुँदै जान्छ र ऊ आत्मा मृत्युको सिकार हुन पुग्दछ (भण्डारी, २०५६, पृ. २६) । जीवन मूलप्रवृत्ति सुखको चाहाना र दुःखको त्यागको भावनाबाट जागृत हुने प्रवृत्ति हो ।

फ्रायडका अनुसार जीवन मूलप्रवृत्तिबाटै कामवृत्तिको निर्माण हुन्छ । अन्य प्रवृत्तिहरू यही जीवनमुखी प्रवृत्तिकै साधनका रूपमा उपस्थित भएर आउँछन् (भण्डारी, २०५६, पृ. ३३) । मानिसलाई रचनात्मक कार्य गर्न प्रेरित गर्ने मुख्य प्रवृत्ति यही जीवनमुखी प्रवृत्ति हो भने जीवनलाई सुरक्षित राख्नका लागि भोक, प्यास आदि आवश्यकता पूरा गर्न प्रेरित गर्नेदेखि लिएर मित्रता कायम राख्न, साहित्य सिर्जना गर्न, ठूलाठूला अनुसन्धान गर्न राष्ट्रका लागि जीवन बलिदान गर्न पनि यसै प्रवृत्तिले प्रेरित गर्छ । जीवनलाई सुरक्षित राख्ने कार्यदेखि लिएर मान्छेले गर्ने सबै सिर्जनात्मक कार्यहरूको प्रेरकका रूपमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ (बराल, २०७२, पृ. ३३) । त्यसैले जीवनमुखी प्रवृत्ति नै जीवनको आधारभूत शक्ति हो । अहम् मूलप्रवृत्ति र यौन मूलप्रवृत्ति दुवैलाई जीवनमुखी प्रवृत्तिले निर्देशित गरेको हुन्छ ।

### ३.३.२ मृत्यु मूलप्रवृत्ति

फ्रायडले सुरुमा जीवन मूलप्रवृत्तिलाई मात्र स्विकार गरे पनि पछि आफ्नो सिद्धान्तलाई संशोधन गरी मृत्यु मूलप्रवृत्तिलाई पनि समावेश गरेका हुन् । उनका अनुसार मृत्यु मूलप्रवृत्तिको लक्ष्य हानि पुऱ्याउने, विनाश गर्ने, मार्ने हुन्छ र यो घृणा, आक्रमणशीलता, हत्या र आत्महत्यामा प्रकट हुन्छ (घर्ती, २०६७, पृ. १४) । मान्छेले विनाश, ध्वंस, हत्या, हिंसा, हानि आदि उद्देश्यले गर्ने घृणा, क्रोध, युद्ध, झगडा, हमला, हत्या, आत्महत्या आदि कार्यलाई मृत्यु मूलप्रवृत्ति भनिन्छ । मानिसका जीवनको प्रारम्भमा जीवन मूलप्रवृत्ति सक्रिय हुन थाल्छ भन्ने फ्रायडको दृष्टिकोण रहेको छ (शर्मा र लुइटेल, २०६३, पृ. १७१) । मानिसमा जीवन मूलप्रवृत्तिसँगै मृत्यु मूलप्रवृत्ति पनि रहेको हुन्छ । बालक जन्मदा उसमा जीवन मूलप्रवृत्ति हुन्छ । उसको उमेरसँगै जीवन उत्साहका चाहना जागृत

हुँदै जान्छन् भने अलिकति कतै चोटको महसुस, ईर्ष्याको, महसुस दिक्दारीको महसुस गर्न थाल्यो भने उसमा मृत्यु मूलप्रवृत्तिले स्थान लिन थालेको प्रस्ट हुन्छ । मृत्यु मूलप्रवृत्तिले त्यो शक्तिको प्रदर्शन गर्दछ जसले जीवनलाई समाप्त गर्न चाहन्छ । मृत्यु मूलप्रवृत्ति एउटा त्यस्तो शक्ति हो जसले जीवनलाई नष्ट गर्दछ र जैव पदार्थलाई पुनः अजीव पदार्थको अवस्थामा पुऱ्याउन चाहन्छ । मनोवैज्ञानिक दृष्टिकोणका अनुसार मृत्यु मूलप्रवृत्तिले व्यक्तिलाई शत्रुतापूर्ण आक्रामक व्यवहार, आक्रामक कामुक व्यवहार तथा आफू र आफ्नो प्रजातिलाई विनाश तर्फ लग्दछ । मृत्यु मूलप्रवृत्ति आलोचना, व्यङ्ग्य र वादविवाद जस्ता विनाशकारी बौद्धिक क्रियाहरूका रूपमा पनि देखा पर्न सक्दछ (भण्डारी, २०५६, पृ. २७) । व्यक्तिमा मृत्यु मूलप्रवृत्ति हावी भयो भने घरपरिवार वा समाजमा साथी भाइबीच कलह गर्न, अरूप्रति बदला लिन, मायाको साटो घृणा गर्न, जीवन अन्तिम गरिदिने नियतले हत्या वा आत्म हत्या गर्नका लागि पनि अग्रसर हुन्छ । मृत्यून्मुखी प्रवृत्तिले बदला लिने, शत्रुताका दृष्टिले हेर्ने तथा हत्या गर्ने जस्ता कार्यतर्फ मानिसलाई अग्रसर गराउँछ । मानिसलाई आक्रमणशील वा झगडालु बनाउँदै ध्वंसात्मक प्रवृत्तिप्रति उन्मुख गराउन मृत्युन्मुखी प्रवृत्तिकै भूमिका छ (बराल, २०७२, पृ. ३४) । कुनै पनि व्यक्ति जीवन मूलप्रवृत्तिबाट तनावग्रस्त भएर मृत्यु मूलप्रवृत्तितर्फ् आकर्षण भएमा उसले आफ्नो क्रियाकलापलाई परिवर्तन गरेर झगडालु रिसाह प्रवृत्ति देखाउन थाल्छ । उसको शरीरमा मृत्यु मूलप्रवृत्तिको जन्म भएसँगै आक्रामण र ध्वंसात्मक बन्न पनि पछि पर्दैन । जीवन मूलप्रवृत्तिले एकत्व स्थापित गर्छ वा जोड्ने काम गर्छ भने मृत्यु मूलप्रवृत्ति बिनाससँग सम्बन्धित हुन्छ यसले जीवित वस्तुलाई अजीव अवस्थामा पुऱ्याउने काम गर्दछ । जीवन मूलप्रवृत्तिले बाँच्नका लागि ऊर्जा दिने सुख र आनन्दप्रति प्रोत्साहन गर्छ भने मृत्यु मूलप्रवृत्तिले मानिसलाई शिथिल बनाउँछ, जस्तै : बाँच्न मन नलाग्ने, बाँच्नुको अर्थ नदेख्ने, जीवन निरर्थक मान्ने खालको भावना पैदा गराउँछ । जीवन मूलप्रवृत्तिको शक्ति बलियो भयो भने आत्मरक्षा, रचना र प्रेमतर्फ व्यक्ति अग्रसर हुन्छ र मृत्यु मूलप्रवृत्ति शक्तिशाली बन्यो भने त्यसको परिणामस्वरूप परपीडन वा स्वपीडनको जन्म हुन्छ । मृत्यु मूलप्रवृत्तिको शक्ति बाह्य संसारतर्फ निर्देशित भयो भने व्यक्ति घृणा गर्ने, विनाश गर्ने, पीडा दिने तथा मार्ने खालको हुन्छ, त्यो शक्ति आफूतर्फ नै निर्देशित भयो भने व्यक्तिले आत्महत्या गर्छ (घर्ती, २०६७, पृ. १४) । मानिसहरूको जीवनको पूर्वाद्धमा जीवन मूलप्रवृत्तिको प्रबलता रहन्छ भने उत्तरार्द्धमा मृत्यु मूलप्रवृत्ति प्रबल रहन्छ ।

मृत्यु मूलप्रवृत्ति वा निराशा बच्चामा सक्रिय भयो भने बच्चाले आफ्ना वा अरूका सामानहरू तोडफोड गर्ने गर्छन् । कुनै पनि व्यक्तिको सम्पूर्ण व्यवहार जीवन मृत्यु मूलप्रवृत्तिद्वारा सञ्चालित हुन्छ । जीवन मूलप्रवृत्तिको प्रभावमा परेर व्यक्तिले अनुकूल व्यवहार गर्दछ भने मृत्यु मूलप्रवृत्तिको प्रभावमा परेर प्रतिकूल व्यवहार गर्दछ । जीवन मूलप्रवृत्तिले हामीमा निर्माणको भावना र प्रेम उत्पन्न गराउँछ भने मृत्यु मूलप्रवृत्तिले हामीमा विनाशको भावना र घृणा उत्पन्न गराउँछ (भण्डारी, २०५६, पृ. २८) । कुनै पनि व्यक्तिमा जीवन मूलप्रवृत्तिको भावनासँगै मृत्यु मूलप्रवृत्तिको भावना पनि हुन्छ । कुनै पनि

स्त्रीप्रति पुरुषको तीव्र अनुराग एवं प्रेममा केही सीमासम्म शङ्का, घृणा र आक्रामकता पनि देखिन्छ । प्रेमको प्रक्रियामा केही मात्रामा पीडा पनि पुऱ्याइन्छ । जीवनमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका शक्तिहरूमा पारस्परिक सङ्घर्ष चलिरहन्छ । जबसम्म जीवन मूलप्रवृत्तिको शक्ति धेरै रहन्छ तबसम्म त्यसले मृत्यु मूलप्रवृत्तिलाई दबाएर राख्दछ । जब व्यक्तिको जीवनकालमा प्रियजन एवं आफन्तहरूको मृत्यु अथाह आर्थिक हानि, लगातार विफलता, कुण्ठा अनि तीव्र चिन्ता एवं अन्तर्द्वन्द्वको कारणले व्यक्ति हताश एवं निराश हुन जान्छ तब उसको जीवन सुखरहित, आकर्षणरहित र नीरस बन्न पुग्छ, जसले गर्दा ऊ निरुत्साहित एवं निर्जीव भएको अनुभव गर्न थाल्दछ । अनि उसको यस्तो निर्बल मानसिक स्थितिमा मृत्यु मूलप्रवृत्ति विस्तारै विस्तारै प्रकट हुँदै जान्छ ।

## ३.४ स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्तिको विश्लेषण

स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरू जीवनमूल प्रवृत्ति तथा मृत्यु मूलप्रवृत्तिका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । यस क्षेत्रमा सङ्कलन गरिएका लोककथामा मानिसका जीवनमा आइपर्ने सुखदुःख, आँशुहाँसो र पीरव्यथालाई समेटिएको पाइन्छ । लोककथामा घटित घटनाहरू मानव जीवनमा घट्ने घटनासँग निकट छन् । लोककथाहरू पढ्दा र सुन्दा आफ्नै मनभित्रका पीडाहरू सुनाएको महसुस हुन्छ । 'राजारानी' लोककथाका प्रमुख पात्रका रूपमा रहेका राजाकै केन्द्रीयतामा समग्र कथा बुनिएको हुँदा राजालाई मुख्य पात्रका रूपमा चित्रण गरिएको छ । लोककथामा राजाले विवाह गरेको धेरै समय बित्दा पनि रानीबाट सन्तान नजन्मेपछि राजाले अर्को विवाह गर्ने निधो गर्छन् । राजाले सन्तान सुख र यौन चाहनाले दोस्रो विवाह गर्नु, दोस्रो रानीबाट पनि सन्तान नजन्मनु, फेरि राजा तेस्रो पटक चौथो पटक विवाह गर्दा पनि कुनै रानीबाट जायजन्म नहुँनु र समय बित्दै जाँदा राजालाई मैले के गरे भने मलाई सन्तान सुख प्राप्त हुन्छ भन्ने चिन्ताले सताउनु राजामा जीवन मूलप्रवृत्तिको भावना जागृत हुनु हो । लोककथामा राजालाई सन्तान प्राप्त गर्ने भावनाको प्रबलताको कारणले जीवनको आशावादी पक्षतर्फ हिँड्न निर्णय गरेको कुरा राजा सन्तान प्राप्त गर्न र मुख हेर्नका लागि आफू जे गर्न परे पनि तयार रहेको मनसाय प्रकट बाट प्रस्ट हुन्छ । त्यसैले ज्योतिषकोमा चिना हेराउन जान्छन् र ज्योतिषले भने जस्तै सोझी र लुसी केटी खोजेर विवाह गर्दछन् । विवाह गरेको केही समय पछि लुसी रानी गर्भवती भएको चालपाउनु र अरू रानीले गरेको ईर्ष्या बुझेर लुसी रानीप्रति माया देखाउनु राजामा जीवन मूलप्रवृत्तिको लक्षणले प्रभाव पारेको मान्न सकिन्छ । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> चौथो विवाह गर्दा पनि सन्तान नभएर हेराउन जानुभएछ । हेराउन जाँदा खेरी ज्योतिषीले हेर्नुस् राजा हजुरले लुसी, दुःख पाउनीकी छोरी, केही नजान्ने, बोली मात्र फुटेकी लेहा लेहिता गर्नुस र हजुरलाई सन्तान रहन्छ । राजाले हाल ! सकेको गरेइ छ के रे तिमीहरूले पनि अन्यथा नगरओ भनेर भन्नु भएछ" ('राजारानी' परिशिष्ट क) ।

माथिको लोककथामा रहेका पात्र राजामा जीवन मूलप्रवृत्ति पाइन्छ । राजाले सन्तान नहुँदा भोलि मलाई समाजले के भन्ला भन्ने डरले पहिलो, दोस्रो गर्दै सन्तानको आशमा चौथो विवाह गर्नु, चौथो विवाहबाट पनि सन्तान सुख प्राप्त नभएपछि ज्योतिषकोमा हेराउन जानु जीवन मूलप्रवृत्तिको स्वभाव हो । राजाले सन्तान सुखले जीवनलाई सरलता र सहजताको बाटोमा लैजान चाहन्छन् । त्यसैगरी ज्योतिषले भने जस्तै लुसी, दुःख पाएकी, केही नजानेकी, बोली मात्र फुटेकी, स्वभावले अत्यन्त सोझी केटी खोजेर विवाह गर्न सहमत हुनु पनि जीवन मूलप्रवृत्तिकै प्रबलता हो । राजा सन्तान प्राप्त गरेर जीवनलाई सुख र आनन्दका साथ बिताउने रहर गर्छन् । जीवनको मोड सुखमा परिणत गर्न खोज्नुलाई जीवनप्रति आशावादी बन्नु भनिन्छ । राजा आशावादी बनेको कुरा सन्तान हुन्छ कि हुँदैन भनेर ज्योतिषीकोमा हेराउन गएको प्रसङ्गलाई प्रस्तुत लोककथांशले प्रस्ट पारेको छ । विवाह गरेर ल्याएको केही दिनमा लुसी रानी गर्भवती भएको चाल पाएपछि राजाले अरू रानीहरूलाई यो सोझी छ यसलाई हेला नगर है, सकेको गरेकै छ तिमीहरूले अन्यथा नगर भन्नु नै राजा भित्रको जीवन मूलप्रवृत्तिका लक्षणहरूको प्रभावले गर्दा व्यक्त भएको भाव हो ।

फ्रायडका अनुसार जीवन मूलप्रवृत्तिका स्वभावहरू आशावादी विचार भएका हुन्छन् । यस प्रवृत्तिमा मानिसमा माया र आकर्षण हुन्छ, त्यसैले राजामा पनि जीवनको भोगप्रति पूर्ण विश्वास छ । राजामा सन्तान खेलाउने रहर भएकोले पनि लुसी रानीलाई अरू सौताहरूले सोझी भनेर हेप्छन् नराम्रो व्यवहार गर्छन् भनेर सचेत गराएका छन् । लोक लोककथामा जेठी, माइली, साइली, काइँली रानीहरूलाई भने लुसी र सोझी भए पनि यसले सन्तान पाएर राजाको माया पाउनी भई भनेर मनमा ईर्ष्याद्वेष पालेर बसेका हुनाले सबै रानीहरूमा मृत्यु मूलप्रवृत्ति रहेको सङ्केत देखिएको छ । मृत्युमुखी स्वभावको मानिसमा निराशावादी विचार रहन्छ । निराशावादी प्रवृत्तिकै कारणले नै रानीहरूले लुसी रानीलाई दुःख दिएको बुझिन्छ । आफूहरूको सन्तान नभएपछि आफ्नो जीवन आशावादी भन्दा पनि निराश र खल्लो हुने डरले उनीहरूले त्यस्तो व्यवहार देखाएका हुन् । विवाह गरेर ल्याएदेखि कहिल्यै नबोलेका राजा रानी गर्भवती भएको थाहा पाएपछि मात्र तिमीले आफ्नो ख्याल गर्नु तिम्रा सौताहरूलाई तिमीले सन्तान पाउने भयौ भनेर रिस र डाहा मात्र छ म सिकार खेल्न जङ्गल जान्छु यदि तिमीलाई व्यथा लाग्यो भने मैले मनिखाबामा राखेको घण्ट बजाउनू म तुरुन्त आउँछु भनेर रानीप्रति मायाको भाव देखाउनु जीवन मूलप्रवृत्तिको प्रभाव हो । यसरी एक्कासि राजाको मनमा रानीप्रति माया जाग्नुमा सन्तान प्राप्तिको खुशीले उनको जीवनको आशावादी क्षणलाई सङ्केत गरेको मान्न सकिन्छ भने अरू रानीहरूले दश महिना लागेकी गर्भवतीलाई पनि काम लगाउने र आफूहरू उसले गरेको काम हेरेर भित्रबाहिर रमाउँदै हिँडेको व्यवहारले मृत्यु मूलप्रवृत्तिको सङ्केत गर्छ । लोक लोककथामा सौताहरूले हेला गरेको र राजाले मायाको भाव दर्शाएको सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> दुःख पाउनीकी छोरी भनेर घोडाको लादी सोराए सौताहरू ठम र भ्रम भएर यता र उता गर्ने अब सौताहरूलाई त यसले पाउनी भई भनेर रीस डाहा मात्रै छ । तिमीलाई महिना लाग्यो म सिकार खेल्न जान्छु । मैले मनिखाबामा घण्ट राख्याछु, तिम्लाई व्यथा लाग्यो भने यो घण्ट बजाइदिए मैले बन्दुक ताक्दा पनि घण्टको आवाज सुने भने पनि म फर्केर आउँछु ('राजारानी' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजाको जीवनमा आशाको दियो बाल्न तयार रहेकी रानीप्रति मायाको भावले या वासनात्मक उथलपुथलले मन तरङ्गित भएर जस्तोसुकै अवस्थामा भए पनि म आउँछु भन्नुमा राजाको मनमा जीवन मूलप्रवृत्तिको सङ्केत पाइन्छ । लोककथामा जीवन मूलप्रवृत्तिका कारण मनमा खुशी लिएर भोलि समाजमा सन्तानको बारेमा कुनै नराम्रो कुरा सुन्न नपर्ने र जीवन सुरक्षित राख्नको लागि आउने सन्तान सुखमा रमाउन पाउने खुशीले गद्गद् भएका राजा रानीलाई व्यथा लागेमा म तुरुन्त आउछु भन्नु नै जीवन मूलप्रवृत्तिको प्रभाव मान्न सकिन्छ । राजालाई अन्य रानीबाट आफ्नो चाहना पूरा नभएको र लुसी रानीबाट आफ्ना इच्छा पूरा हुनुका साथै जीवन पनि सार्थक बन्ने बुझेपछि प्रेमको भाव दर्शाएको कुरा माथि प्रस्ट पारिएको छ । राजा सिकार खेल्न जङ्गल गएपछि लुसी रानीले आफूलाई व्यथा नलागिकनै राजाको मनमा आफूप्रतिको माया छ कि छैन भनेर परीक्षण गर्नका लागि मनिखाबामा रहेको घण्ट बजाउँदा राजा हतारिँदै घरमा आउँनु, रानीले घरभित्र कसेर बढारेको देखेर खिन्न हुनु, मनमा भएको हर्षोल्लाष एकाएक रिसमा परिणत हुनु र निरसता छाउनु मृत्यु मूलप्रवृत्तिका सङ्केत हुन् । राजा जङ्गलबाट हातमा परेको सिकार छाडेर हतार गर्दै आएको देखेर रानी खुशी हुनु जीवन मूलप्रवृत्तिको प्रभाव मान्न सकिन्छ । जङ्गलबाट हतार गर्दै आउँदा रानीले कसेर लगाएको देखेपछि राजाको जीवन मूलप्रवृत्ति डग्मगाउँदै जान्छ र मूलप्रवृत्तिको प्रभावका कारण रानीसँग आक्रामक बन्छन् । आफ्नो सन्तान हेर्न र खेलाउन आतुर रहेका राजा व्यथा नलागिकनै रानीले मनिखाबामा राखेको घण्ट बजाउँदा आशाबाट निराशा तर्फ उन्मुख हुन्छन् । फ्रायडका अनुसार मनको आशा निराशामा परिणत हुनु नै जीवन मूलप्रवृत्तिले पारेको प्रभाव हो । लोक लोककथामा रहेको यस सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजा गएपछि लुसीले यो बाहुनको मप्रति कत्तिको माया रैछ विचार गर्न परो भनेर घण्ट बजाइछन् । राजा जङ्गलमा पुग्नु मात्र भएको थियो घण्टको आवाज आयो । राजाले ओहो ! लुसीलाई त व्यथा पो लाग्यो कि ? के हो भनेर घर आउनुभएछ । राजा जाँदाखेरी त घरभित्र बढारेकी अरे ! वहाँ राजाले मृग मार्न भनेर बन्दुक ताकेको बेलामा फ्यात्त छोडेर आउनुभएछ र खोइ त के भयो तिमीलाई ? कसेर लाएर बसेइछौ अब तिमीलाई जति नै व्यथा लागे पनि म आउने छैन । मलाई यस्तो धोका दिएपछि मैले सिकार लिएर आउँथे भनेर राजा जानुभएछ ('राजारानी' परिशिष्ट क) ।

लोककथाले रानी पात्रमा जीवन मूलप्रवृत्ति र राजामा मृत्यु मूलप्रवृत्ति रहेको सन्दर्भलाई प्रस्तुत गरेको छ । आफूप्रति राजाको माया छ कि छैन भनेर व्यथा नलाग्दै घण्ट बजाउनुले रानीको मनमा जीवन जिउने आशा रहेको बुझिन्छ भने राजाको मनभित्र जागृत खुशीहरू एकाएक खिन्नतामा परिणत हुनु, जङ्गलमा सिकार गर्न जानुअघिको उमङ्ग फर्केपछि विक्षिप्त बन्नुले राजामा मृत्यु मूलप्रवृत्तिको प्रभाव रहेको छ भन्ने कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा लुसी रानीले जुम्ल्याहा छोरा र छोरी पाएको देखेपछि अरू चार रानीहरूको मनोजगतमा ईर्ष्याको भावना जागृत हुनु नै मृत्यु मूलप्रवृत्तिको जन्म हुनु हो । जसका कारण रानीहरूको मनमा अन्तर्द्वन्द्वको स्थिति सिर्जना हुन्छ र उनीहरूको जीवन मूलप्रवृत्ति मृत्यु मूलप्रवृत्तिमा परिणत हुन्छ । रानीहरूको मनमा लुसीका छोराछोरी भएपछि ऊ राजाकी पियारी बन्छे, हामी हेला हुन्छौँ भन्ने बोध भएपछि छोराछोरी पाएपछि तिमीले हेर्न हुँदैन भन्नु, पछ्यौराले मुख ढाकिदिनु र पाएका छोराछोरीलाई भूसको बोरामा लगेर पुर्नु जस्ता अस्वाभाविक व्यवहारले लोक लोककथामा सौतेनी डाहलाई पनि प्रस्तुत गरिएको छ । लोककथामा रहेका अन्य रानीहरूमा पनि सन्तानको व्यग्र रहर हुनु या मातृत्वको अभावमा तड्पिनु पर्ने अवस्था आएको हुँदा उनीहरूले सुसङ्गत भन्दा असङ्गत र विध्वंसात्मक व्यवहार गर्न पुग्नु मृत्यु मूलप्रवृत्तिको प्रभाव मान्न सकिन्छ उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> सौताहरू आएछन् र हेरिरहेछन् हेर्दा खेरी जुम्ल्याहा छोरा र छोरी पाइछन् सौताहरूले बच्चा पासी हेर्न हुन्न मुख ढाक्न पर्छ भनेर झ्याप्प पछ्यौराले मुख ढाकिदिएछन् । दुइटी सौताहरू सुत्केरीलाई समाएर बसेछन् दुइटीले बच्चा लगेर भुसमा पुरिदिएछन् र मसला पिस्ने लोहोरो सिलौटो ल्याएर रगत लगाइदिएर अगाडि राखिदिएछन् र समाए झैँ गरेर बसेछन् ('राजारानी' परिशिष्ट क) ।

लोककथांशमा सन्तान नहुनुले रानीहरू चिन्तित भएको र सौताले छोराछोरी पाएपछि आफूहरूलाई राजाले हेला गर्ने डरले उनीहरूको मनमा भएको जीवन मूलप्रवृत्ति डग्मगाएर जानु र मृत्यु मूलप्रवृत्तिको प्रभावका कारण हिंसात्मक कार्य गर्न पुगेको अवस्थालाई माथिको सन्र्दभले प्रस्ट पारेको छ । मृत्यु मूलप्रवृत्तिका प्रभावले रानीसँग रिसाएर जङ्गलमा सिकार खेल्न गएका राजा सिकार कै ध्यानमा मग्न भए पनि मृग मार्नासाथ एकाएक रानीलाई सम्झेर हतारिदै घर जानुले राजामा जीवन मूलप्रवृत्तिको प्रभाव पाउन सकिन्छ । लोककथामा जङ्गलबाट रानीको यादले घर गएका राजाको मन घरको वातावरणले दुःखी हुनुले उनको मनोरचनामा समस्या सिर्जना हुन्छ र उनीभित्रको जीवन मूलप्रवृति डगमगाउन थाल्छ । हर्षित मन लिएर घरमा आउँदा अरू रानीहरूले हजुरकी दुलहीले त लोहोरो र सिलौटो पाएकी छन् भनेर रगत लागेका ढुङ्गा देखाउँदा राजा अकस्मात विचलित बन्न पुग्नु, मलाई छोराछोरी नलेखेको त होला नि भन्नु, रानीहरूलाई नुहाएर आएर चोखो गरेर खाना पकाएर मलाई दिनु भनेर सिकाउनु जस्ता व्यवहारमा राजा तटस्थ

देखिएका छन् यस परिस्थितिमा राजाको मनभित्र अन्तर्द्वन्द्वको स्थिति पाउन सकिन्छ । उता रानीहरू भुसमा पुरेका छोराछोरी लिएर पँधेरा जानु र एउटा बाटोमूनि एउटा बाटोमाथि गरेर पुरेर आउनुले पनि उनीहरूको मनले सौतेनी ईर्ष्यालाई स्वीकार गरेको छ । रानीहरूले सरल स्वभावलाई परिवर्तन गरी आक्रामक र विध्वंसात्मक काम गर्नु, केही नभएका राम्रा छोराछोरीलाई भुसको बोरामा पुरेर हत्या गर्नु, लगेर बाटो मुनि र बाटो माथि गरेर पुर्नु मृत्यु मूलप्रवृत्तिको लक्षण मान्न सकिन्छ । रानीहरूले छोराछोरी पुरेको ठाउँमा केही समयपछि फूलका बोट उम्रनु, ती फूलका बोटमा छोराछोरीको आत्मा रहनु, एकबर्ष पछि राजाले मैले पाप गरेको भएर छोराछोरी नभएका हुन् भन्ने ठान्नु, पाप कटाउन बर पिपलको पचिष्ठा (पूजा) गर्छु भनेर तिनै पँधेरा मुनि र माथि फुलेका केवलका फूल टिपेर ल्याउनु भन्नुमा राजाको मनमा जीवनमूल प्रवृत्तिको प्रभाव पाइन्छ । लोककथामा रानीहरूको कुराले राजाको मनमा आघात पुगेपनि उनी जीवनप्रति आशावादी बनेर छोराछोरी प्राप्त गर्नका लागि पचिष्ठा (पूजा) गर्छु भनेर भनेको प्रसङ्लाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> ...राजा आउनुभएछ र हेर्दा हेर्नुस् अरूका दुलहीले त मान्छे पाउँछन् के रे हजुरकी दुलहीले त लोहोरो र सिलौठो पाइछन् ल हेर्नुस् आएर के कानै भन्नु भाथियो के रे एक आना पनि भएन भनेर सौताहरूले भनेछन् ...मैले बरपिपललाई पचिष्ठा (पूजा) गर्छु मलाई छोराछोरी भएनन् के पाप गरेछु मैले यस्ता लोहोरो र सिलौटो पाएँ भन्दै राजाले रानीहरूलाई फूल टिप्न जाओ पँधेरा मास्तिर बाटा मुनि बाटा माथि केवलको फूल छ त्यो केवलको फूल टिपेर लिएर आओ भनेर पठाए ('राजारानी' परिशिष्ट क) ।

लोककथामा रहेका पात्र रानीहरूका कुराले चिन्तित भएका राजाको मनमा मृत्यु मूलप्रवृत्तिको प्रभाव रहेपनि फेरि छोराछोरीको लागि बर पिपलको पचिष्ठा (पूजा) गर्छु भनेर धर्मप्रति लगाव राख्नुले राजामा जीवन मूलप्रवृत्तिको प्रभाव रहेको कुरा प्रस्ट हुन्छ । प्रस्तुत लोककथामा चार वटा विवाह गर्दा पनि छोराछोरी नभएपछि गाउँ समाजमा छोराछोरी नभएर शिर झुकाउन नपरोस्, भनेर सन्तानको आशले ज्योतिषकोमा चिना देखाउन जानु, ज्योतिषले भने अनुसारको केटी खोजेर विवाह गर्नु, सन्तान प्राप्त गर्ने उद्देश्यले पूजा गर्ने योजना बनाउनु, जस्ता कथाका प्रसङ्गहरू पुरुष पात्र राजाको जीवनमा आएका जीवन मूलप्रवृत्तिका प्रभाव हुन् । त्यसैगरी लोककथामा कहिले राजा रानीसँग रिसाउनु, कहिले आफैले हरेस खाएर मलाई छोराछोरी नलेखेको भन्नुले राजामा मृत्यु मूलप्रवृत्तिको प्रभाव पाइन्छ । लोककथाका पात्र रानीहरूमा आफूहरूको सन्तान नजन्मेको र सौताले पाउने भइ भनेर ईर्ष्याको भावना पालेर नसक्ने अवस्थामा पनि घोडाको फोहोर सफा गर्न लाउनु, व्यथा लाग्दा हेर्न हुँदैन भनेर आँखा छोपिदिनु, जन्मेका बच्चा भुसमा पुरेर तिमीले लोहोरो र सिलौटो पायौँ भनेर भन्नु जस्ता नकारात्मक व्यवहारहरू मृत्यु मूलप्रवृत्तिको प्रभावका कारण गरिएका कार्य हुन् । अन्ततः राजारानीको

लोककथामा रहेका पात्रहरू कहिले जीवन मूलप्रवृत्तिको प्रभावले सञ्चालित छन् भने कहिले मृत्यु मूलप्रवृत्तिको प्रभावले ग्रसित भएका छन् ।

'टुहुरी केटी' लोककथामा पात्रका रूपमा टुहुरी केटी, उसको बुवा, सौतेनी आमा, भाइ, बहिनी र मानवेतर पात्र बुढो बाख्रो रहेका छन् । टुहुरी यस कथाकी प्रमुख बालपात्र हो । लोककथामा टुहुरी कथावृत्तको केन्द्रकका रूपमा रहेकी छ । लोककथामा टुहुरीकै मनोवृत्तिको अभिव्यञ्जनामा कथा प्रवाहले गति लिएको छ । टुहुरीको मनोइच्छाले कहिले जीवन मूलप्रवृत्तिको सङ्केत गर्छ त कहिले मृत्यु मूलप्रवृत्तिलाई हावी बनाउँछ । लोककथामा रहेकी प्रमुख पात्र टुहुरी सानै हुँदा आमा बितेकाले अत्यन्त कारुणिक भावकी देखिन्छे । ऊ मायाको भोकी छ । उसलाई आमाको काख, आमाको हातको मिठो खाना, मिठो बोलीको खाँचो छ । टुहुरीको मनोजगतमा सौतेनी आमाले भाइ बहिनीलाई जस्तै मलाई पनि माया गरेर मिठो खानेकुरा दिनुहुन्छ कि भन्ने आशा रहेको हुँदा उसमा जीवन मूलप्रवृत्ति रहेको बुझ्न सकिन्छ । कथाको बाल पात्र भाइ र सौतेनी आमाले टुहुरीलाई गर्ने व्यवहार र दिएको खानेकुराका आधारमा टुहुरीको मनमा छाएको निराशाले जीवन मूलप्रवृत्ति मृत्यु मूलप्रवृत्तिमा परिणत हुन्छ । उसलाई सौतेनी आमाले भाइ बहिनी र आफूलाई गरेको व्यवहार अनि दिएको खानेकुराले निराशावादी अनुभूतिको महसुस गराएको हुनाले उसमा मृत्यु मूलप्रवृत्तिको सङ्केत पाइन्छ । सौतेनी आमालाई भने आफ्ना छोराछोरी र टुहुरीप्रति गरेको व्यवहारले अलिकति पनि मन छुँदैन किनभने उसमा जीवन मूलप्रवृत्तिको प्रभाव रहेको हुन्छ । जीवन मूल प्रवृत्तिले प्रभाव पारेको समयमा मान्छेले अरूको मनोभावनाको कदर गर्दैन त्यसैले उसले आफ्ना छोराछोरी र टुहुरी बिच भेदभाव गर्छे । लोककथामा आमा नभएकी टुहुरीलाई सौतेनी आमाले गर्ने व्यवहारलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> टुहुरीको आफ्नो आमा पनि रहिनछन् । भाइ बहिनी कोही पनि रैनछ । सौतेनी आमाले हेला गरेर टुहुरीलाई भुसको रोटी र नुनको ढिको खान दिदिरैछ । टुहुरीलाई उसका बाबालेले भने माया गर्दा रैछन् । सौतेनी आमाकी छोरीले पनि माया गर्दी रैछ । भाइले भने देख्नै सहँदो रैनछ ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथामा आफ्नो आमा नभएकोले निस्क्रिय बनेर सौतेनी आमाले गरेको व्यवहार सहेर बस्नुपर्ने बाध्यताले टुहुरीको जीवनमा मृत्यु मूलप्रवृत्तिको प्रभाव बढी मात्रामा पाइए तापनि आफ्ना बुवाले गर्ने मायाले उसमा कताकता जीवन मूलप्रवृत्तिको भूमिका खेलेको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । आफ्ना बुवाले श्रीमती, छोराछोरीलाई सोधेपछि टुहुरीलाई पनि म बुटवल जान लागेको तिमीलाई के ल्याइदिम भन्दा एक्कासी उसको मानसपटल बालापनको चञ्चलताले फुरुङ्ग बनेको हुन्छ । तर पनि उसले आफ्ना बुवालाई बालापनले माग्ने खेलौना र मिठो खानेकुराको माग नगरी आफूलाई साथी हुन्छ भन्ने आशाले बुढी बाखी ल्याउन भन्नुले उसको मन भित्र जीवन मूलप्रवृत्तिले भूमिका खेलेको देखिन्छ किनभने टुहुरीको मनले आफूसँग खेल्ने साथी चाहेको छ त्यसैले उसले

खेलौना, लगाउने लुगा र खानी कुरा नमागी सजीव प्राणीको माग गरेकी छ । उसका बुवा बुटवलबाट आउँदा आमालाई सारी, ब्लाउज, भाइबहिनीलाई जुत्ता चप्पल र आफ्नो लागि बुढी बाखो ल्याइदिए । बुवाले ल्याइदिएका सामान पाएर आमा, भाइ, बहिनी सबै खुशी हुनुमा जीवन मूलप्रवृत्तिले काम गरेकाले ती सामानहरू उनीहरूको लागि जीवनमा खुशी भर्नका लागि चाहिने रङ्गहरू हुन आएका छन् भने बाल्यावस्थाकी टुहुरीमा भने शैशवकालीन चन्चलता नभएर एषणा र कुण्ठाले विक्षिप्त बनेर एकोहोरिने र टोलाउने हुँदा उसको जीवनमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पाइन्छ । न खेल्ने न बोल्ने साथी सधैं एक्लै दिन बिताएकी टुहुरीलाई बुवाले बुढी बाखो ल्याइदिएपछि भने आफ्नो एक्लो र निराश जीवनमा खुशी फर्किएको महसुस गर्नुले उसको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव परेको कुरालाई तल प्रस्तुत गरिएको छ :

> बाखाले भनेछ “ए टुहुरी किन रोइछौ केही पिर नमान तिमीलाई साथी म भएँ अब तिमीले पिर नगर मलाई साथी तिमी भयौ ... अब घर जाऊ ए ! टुहुरी किन रोइछौ केही पिर नमान घर गएर चारै कुना लिप चारै कुना दियो बाल अनि मेरो सिङ ट्वाङ ट्वाङ पार अनि तिमीलाई जे खान मन छ भन खानेकुरा त्यही आउँछ तिमीले पिर नमान भनेछ (‘टुहुरी केटी’ परिशिष्ट क) ।

माथिको लोककथांशमा रहेकी टुहुरीको बाल्यकालमै हराएको हाँसो, खुशी, चन्चलता बुढी बाखो पाएपछि फर्किएको र उसको मन वासनात्मक उथलपुथलले तरङ्गित हुन थालेको कुरालाई सङ्केत गरिएको छ । अब टुहुरीलाई घरमा सौतेनी आमाले जे जसरी जे जस्तो खान दिए पनि ऊ विक्षिप्त र भयभित हुन्न किनभने बुढी बाखाको साथ र मायाले उसको मनमा जीवनका रमाइला पलहरूले डेरा जमाउन थालेका छन् । पहिलाका दिनमा झोक्राउने, टोलाउने, नबोल्ने एक्लै अँध्यारोमा बस्ने टुहुरी अब आफ्ना दुःख बुढी बाखासँग साट्न थालेकी छ । भुसको रोटी नुनको ढिकोसँग खाने उसलाई अब बाखाले मन लागेको खानेकुरा खान दिन थालेको छ । टुहुरीका मनमा खेल्ने अनेक प्रकारका कुराहरूले उसको मनोजगतमा अन्तर्द्वन्द्वको स्थिति सिर्जना त हुन्छ तर पनि उसको मृत्यु मूलप्रवृत्ति जीवन मूलप्रवृत्तिमा परिणत भएको कुरालाई माथिको सन्दर्भले प्रस्ट पारेको छ । बुढी बाखाले मन लागेको खानेकुरा खान दिने हुनाले समय बित्दै जाँदा टुहुरी पहिला भन्दा हृष्टपुष्ट देखिन्छे त्यसैले टुहुरीको शरीरमा जवानीको झल्को देख्न पाइन्छ । पहिलाकी दुब्ली र निन्याउरी टुहुरी हँसिली र हृष्टपुष्ट देखेपछि सौतेनी आमाको मनमा ईर्ष्याको आगो बल्न थाल्छ । आमाको माया नपाएकी माया लाग्दी दुःखी टुहुरी बाखो पाएपछि भने जीवनप्रति आशावादी बनेकाले उसको लागि बुढी बाखो जीवन बाँच्ने अकल्पनीय प्रेरक तत्त्व बनेको हुन्छ ।

समय बित्दै जाँदा टुहुरीको खुशीमा सौतेनी आमाको आँखा पर्नु, ऊ बुढी बाखोसँग खेल्दा, बोल्दा चित्त नबुझ्नु, टुहुरीलाई सुखी र खुशी देख्दा सौतेनी आमाको मन बेचैन हनु, उसको खुशी खोस्नको लागि श्रीमानलाई बुढी बाखो काटेर मासु खाम भन्नु, श्रीमानले

उनको कुरा नमान्नु, बिरामी भएको नाटक गर्नु, लागो लागेको पो हो की भनेर पण्डितकोमा हेराउन जानु, पण्डितलाई सबै कुरा बताएर हाम्रो घरमा भएको बाख्रो जसरी पनि काट्न पर्यो भन्नु, कसरी हुन्छ टुहुरीको खुशी खोसेर उसले दुःख पाएकोमा आनन्द मान्नु जस्ता अभिव्यक्तिले उसमा नेपाली समाजमा रहेको सौतेनी ईर्ष्याको भाव झल्किएको प्रस्ट हुन्छ । आफ्नो खुशी खोस्नको लागि सौतेनी आमाले खेलेका जुक्ति थाहा पाएपछि टुहुरी दुःखी बनेर रुनु उसको जीवन मूलप्रवृत्तिमा परेको प्रभाव हो । आमा विहीन टुहुरी बाख्रोसँग आफ्ना दुःख सुख साटेर भर्खर खुशी हुन सिक्दै थिइ । धेरै समय टोलाएर र रोएर बस्ने उसको जीवनको यात्रामा आशा लाग्दो गोरेटो बन्ने बेलामा अकस्मात बुढी बाख्रो काट्ने कुरा सुन्नु, निकै दुःखी बनेर रुनु, ऊ रोएको सुनेर बुढी बाख्राले नरुनु भन्नु, बाख्राले भनेको मान्नुमा टुहुरीको मनमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको बिचमा अन्तर्द्वन्द्वको स्थिति आएको भए तापनि जीवन मूलप्रवृत्तिको प्रभावले गर्दा ऊ बाख्राले भनेको कुरामा मन्जुर हुन्छे जुन कुरालाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बुढी बाखी काट्नी भने पछि टुहुरी बिपत्तै रोइछ ए टुहुरी किन रोइछौं ? तिम्ले मेरो हाड पनि नखाऊ, मासु पनि नखाऊ, केही पनि नखाऊ अनि मेरो हाड मासु यताउता कसैले नदेख्ने गरी केहीले नछुने चोखो ठाउँमा लगेर गाडिदेऊ भनेर बुढो बाख्राले भनेछ र टुहुरीले पनि बाख्राको कुरामा हुन्छ भनिछ ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथामा रहेकी अवोध टुहुरीको भर्खर फक्रन सुरु गरेको खुशी देखेर सौतेनी आमाले गरेको ईर्ष्या र उसको दुःख सुखको सारथी बनेको बुढी बाख्राले उसलाई जीवनदेखि हार नखान र आफूले भनेको काम गर्न आग्रह गरेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । निराश जीवनको महसुस हुँदाहुँदै पनि अरूको आग्रहले फेरी आशावादी बन्नुलाई जीवन मूलप्रवृत्तिको प्रभाव मानिन्छ उक्त कुरा माथिको सन्दर्भले प्रमाणित गरेको छ । बुढी बाख्रो काट्ने भनेपछि परिवारका सबै सदस्य खुसी हुनु र टुहुरी मात्र दुःख मानेर रूनु उसको सिङ्गो मनमा परेको मृत्यु मूलप्रवृत्तिको प्रभाव हो । बुढी बाख्रो आफैले आफूलाई काट्ने कुरा सुन्नु, टुहुरीलाई पिर नगर मैले भनेको काम गर भनेर सम्झाउनु, बुढी बाख्रोको कुरा सुनेर टुहुरीले पनि हुन्छ भन्नुले टुहुरीमा भएको मृत्यु मूलप्रवृत्ति फेरि जीवन मूलप्रवृत्तिमा प्रवेश गरेका सङ्केत हुन् । कुनै पनि व्यक्तिको जीवनमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्ति देखिनु स्वाभाविक मानिन्छ । लोककथामा पनि टुहुरीले माटो मुनि गाडेको हड्डीबाट सुनको मौलो निस्कनु, राजाले थाहा पाउनु, अरू कसैले मौलो निकाल्न नसक्नु, टुहुरीलाई राजाले सुनको मौलो निकाल्न बोलाउनु, सुरुमा जान्न भनेकी टुहुरी अन्त्यमा जानु, अरूले निकाल्न नसकेको मौलो टुहुरीले कान्छी औंलाले निकाल्नु, राजाले टुहुरीसँग बिहे गर्छु भन्नु, टुहुरीपनि राजासँग बिहे गर्न मान्नु, बिहे गरेर दरवारमा जानु, छोरो पाएर सुखी र खुशी जीवन बिताउनु, एकदिन सौतेनी आमाकी छोरी बहिनी दरवारमा दिदी भेट्न जानु,

धेरै समयपछि भेटेकी बहिनीलाई जुम्रा हेर्न पठाउनु, जुम्रा हेर्दाहेर्दै बहिनीको मन परिवर्तन भएर एक्कासि पानीको पोखरीमा दिदीलाई धकेल्नु, जस्ता कथाभित्रका घटनाहरू जीवनमूल प्रवृत्तिको प्रभावका कारण घटेका घटनाहरू हुन् । लोककथामा भएका उक्त घटनाहरूलाई तलको प्रस्तुत गरिएको छ :

> टुहुरी गएर तिनले कान्छी अम्लाले छुँदा खेरी नै त्यो मौलो ढलेछ । त्यो मौलो ढलेपछि टुहुरी जस्तो लक्षिनको कोही रहिनछ मैले यिनलाई बिहे गर्छु भनेर राजाले भनेछन् । त्यसपछि टुहुरीलाई राजाले बिहे गरेर दरवारमा लगेछन् । बिहे गरेको एक बर्षपछि टुहुरीले छोरो पाइछन् अरे । ...जम्रा हेर्दाहेर्दै त्यो बहिनीलाई दिदीप्रति रिस डाह लागेछ । यसलाई यो रहमा घुचटे भने त म राजदरबारमा रानी भएर बस्न पाउँछु भन्ने सोचेर टुहुरीलाई रहमा घुचेटी ('टुहुरी केटी' परिशिष्ट क) ।

प्रस्तुत लोककथांशमा घटेका घटनामा टुहुरीले मात्र मौलो निकाल्न सक्नु, राजाले बिहे गर्छु भन्नु, टुहुरी पनि मान्नु, राजाले टुहुरीलाई बिहे गरेर दरवारमा लैजानु, छोरो पाउनु, सुखको जीवन बिताउन पाएकोमा टुहुरी खुशी हुनु, सौतेनी आमाकी छोरी भेट्नु आउनु, बहिनीसँग दुःख सुखका कुरा गर्नु जस्ता कार्यले टुहुरीमा जीवन मूलप्रवृत्तिको प्रभाव पाउन सकिन्छ । त्यसैगरी धेरै समयपछि भेट्न आएकी बहिनीको मनभित्र दरवारमा रानी भएर बसेकी दिदीले सुखसयलमा जिन्दगी बिताएको देखेर रिस र डाह जन्मनु, दरवारमा रानी भएर बस्न पाउछु भन्ने आशाले जुम्रा हेर्दाहेर्दै दिदीलाई पानीको पोखरीमा धकेलेर सुसङ्गत व्यवहारलाई असङ्गतमा बदलेर दिदीको हत्या गर्नु पनि जीवन मूलप्रवृत्तिको प्रभावका कारण घटेको घटनालाई माथि प्रस्ट पारिएको छ । यस लोककथामा रहेका पात्रका जीवनमा घटेका घटनाहरू कुनै जीवन मूलप्रवृत्तिका कारण घटेका छन् भने कुनै घटना मृत्यु मूलप्रवृत्तिको प्रभावले घटेका छन् ।

'सन्तानको रहर' लोककथामा मुख्य पात्रका रूपमा रहेकी बुढी सुरुमा द्वन्द्व भावनाको प्रबलताको कारणले जीवन आशावादी पक्षतर्फ अग्रसर भएकी पात्र भए पनि उसको जीवन मूलतः मृत्यु मूलप्रवृत्तितर्फ पनि धकेलिएको छ । सन्तानको व्यग्र चाहनाले ग्रसित बुढीको जीवन बुढाले छोरो आज ल्याइदेलान् कि भोलि ल्याइदेलान भन्ने अन्तर्द्वन्द्वले निराश बनेको छ । सन्तान बिनाको जीवन बाँच्नु परेकोमा उसलाई आत्मग्लानी भएको छ । आज नभए भोलि सन्तान होलानी भनेर मनसँग सम्झौता गरे पनि उसको मन बेचैन छ । मानसपटलमा नै सन्तानको छाप परेकोले गर्दा बुढीले बुढालाई दिनका दिन आज त मलाई छोरो ल्याइदिनुहुन्छ कि भनेको रित्तै आउनुभयो भनेकी हुन्छे । यसरी सन्तानको अत्यधिक रहर र आशा हुनु नै जीवन मूलप्रवृत्तिको प्रभावले गर्दा जन्मेको चाहना हो । छोरो पाउने रहरले बुढीका मनमा अन्तरङ्ग कुराहरू खेल्ने गर्थे । सन्तानको रहर धेरै भए पनि आफूबाट सन्तान नजन्मेपछि बुढीले बुढो कामबाट घर फर्किदा मलाई छोरो ल्याइदिनुभयो भनेर

सोध्नु, बुढाले काठको ठेउकोलाई छोरो भनेर दिँदा च्याप्प समातेर लिनु, काठलाई नुहाइदिनु, तेल लगाइदिनु, झलुङ्गो लगाएर सुताउनु जस्ता व्यवहारले ऊ होसबाट बेहोसतर्फ उन्मुख भएकोले उसमा जीवन मूलप्रवृत्ति भन्दापनि मृत्यु मूलप्रवृत्तिको प्रभाव पाइन्छ । लोककथामा रहेको उक्त सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> बुढीले काठको ठेउकोलाई च्याप्प समाएर नुहाइदिने तेल लगाइदिने गरेर झलुङ्गो लाएर झलुङ्गामा हालेर हल्लाउन थालिछ । ए भात खान ले त मलाई भनेर बुढाले भन्दो रैछ । बुढीले पर्खनुस् बाबु निदाको छैन भन्दै हल्लाउँदै गर्दिरैछ । अनि बुढीले बुढालाई हजुरले हल्लाउनु त मैले भात पस्केर आउँछु भनिछ । त्यसपछि बुढो गएर हल्लाउन थालेछ बुढी भात पस्केर आएर हल्लाइछ । त्यसपछि बाबु निदायो भनेर आफू पनि गएर भात खाइछ । एकछिन् पछि बाबु भोकायो भन्ने काठको ठेउकोलाई दुध खुवाउने भात खुवाउने गर्दिरैछ ('सन्तानको रहर' परिशिष्ट क) ।

लोककथाकी बुढी पात्रमा मृत्यु मूलप्रवृत्ति हावी हुनाले काठको ठेउकोलाई आफ्नो छोरो ठान्नु, काखमा लिएर माया गर्नु, नरोऊ बाबु भनेर फकाउनु, तेल लगाइदिनु, नुहाइदिनु, झलुङ्गोमा सुताउनु, बुढोले भात खान ले त भन्दा पख्नुस् बाबु निदाएको छैन भन्नु, आउनु हजुरले हल्लाउनु त भनेर बुढालाई हल्लाउन पठाएर मात्र आफू भात पस्कन जानु, आएर फेरि हल्लाउनु निदायो भनेर आफू पनि भात खान जानु, बाबु भोकायो भनेर काठलाई भात खुवाउनु, दुध खुवाउनु जस्ता व्यवहार निर्जीव वस्तुलाई सजीव मानेर निराशाको भावना हटाएर नयाँ कुराको बोध गरेर काठलाई छोरा मानेर मान्छेलाई गर्ने व्यवहार गर्नुले उसको व्यवहार सुसङ्गत भन्दापनि बढी मात्रामा असङ्गत देखिएका घटनालाई माथिको लोककथांशमा प्रस्ट पारिएको छ ।

समय बित्ने क्रममा बुढीका अनेक क्रियाकलापले उसको मनोजगतमा धेरै कुरा खेलेको र कल्पनामा डुबेको बुझ्न सकिन्छ । उसले मनमनै सुन्दर जीवनको परिकल्पना गरेर आफूसँग भएको काठको टुक्रा साच्चै मान्छे भइदिए भगवानसँग कति खुशी हुन्छु भन्नु, कहिले काठको टुक्रालाई यो छोरा त होनी मेरो बुढाले ल्याइदिएको भनेर मान्छेलाई गर्ने व्यवहार गर्नुले उसको मनोजगतमा भएको अन्तर्द्वन्द्वले मृत्यु मूलप्रवृत्तिलाई जितेर जीवन मूलप्रवृत्तिमा परिणत गरिदिएको हुन्छ । बुढीले काठलाई साँच्चैको छोरो मानेर गरेको माया ममताले उसको जीवन आशाको बाटोतर्फ हिँडेको देखिन्छ । बुढीको मनमा जागेको जीवन मूलप्रवृत्तिको तीव्र चाहनाले जीवनका आशाका किरणहरू जाग्ने क्रममा काठको ठेउको साँच्चीकै बच्चा भएर चार हात खुट्टा चलाएर खेलेको देखेर बुढीको मात्र होइन बुढाको मन पनि हर्षले विभोर हुनु उसमा पनि जीवन मूलप्रवृत्तिको प्रभाव पर्नु हो । बुढाबुढी दुईजनाको नै सन्तानको रहर पूरा भएपछि भने बुढीको क्रियाकलाप सकारात्मक देखिएको छ । लोककथामा उही पात्रमा कहिले जीवन मूलप्रवृत्तिको प्रभाव पाइन्छ भने कहिले मृत्यु

मूलप्रवृत्तिको प्रभाव पाइन्छ । मान्छेको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव परेको समयमा जीवन खुशीका साथ बिताउने रहर जागेको हुन्छ । त्यसैले बुढाबुढीले छोरो ठुलो भएपछि पढ्नको लागि स्कुलमा नाम लेखाइदिनु, स्कुलमै आमा खाजा लिएर जानु जीवन मूलप्रवृत्तिको प्रभावले गराएको काम हो भने छोरामा राक्षसनीको आँखा पर्नु, आफ्नो बोली जस्तै बोलेर राक्षसनीले छोरालाई स्कुलमा भात खुवाउनु छोरो घरमा नआउनुले बुढाबुढीको मन आत्तिनु, राक्षनीले केटोलाई भात खान लागेको बेलामा च्याप पारेर बोरामा राखेर बोकेर हिड्नु मृत्यु मूलप्रवृत्तिका प्रभावले घटाएका घटना हुन् । लोककथामा घटेका यी घटनाहरूलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> समय बित्दै जाँदा एकदिन काठको ठेउको त बालख नै भएछ र चार ओटा हातखुट्टा फत्रफत्र गर्न थालेछ । ...केटो ठुलो भयो पढ्ने बेला भयो आमाले पढ्नको लागि स्कुलमा नाम लेखिदिइन् । छोरो पढ्न जान्थ्यो दिउँसो सधै खाजा लिएर आमा जान्थिन् । एकदिन राक्षसनीको आँखा केटामा पर्छ र उसले स्कुलमा खाजा लिएर जानी र मैले पनि आमाले जस्तै गरेर बोलाउनुपर्छ भनेर ए राजन आइज भात खान भनेर भनिछ । त्यो दिन केटोलाई आज आमा कति रूखो बोलेको होला मिठो बोल्नु हुन्थियो भन्ने लागे पनि गएछ र भात खाएछ । राक्षसनीले केटोले भात खान लागेको बेलामा च्याप्प थैलामा हालिछ र बोकेर हिँडिछ ('सन्तानको रहर' परिशिष्ट क) ।

लोककथामा रहेका पात्रहरूमा मूल प्रवृत्तिको प्रभाव परेको समयमा सकारात्मक र नकारात्मक काममा संलग्न भएको जस्तैः काठको टुक्रा मान्छेको बच्चा हुनु, बुढाबुढी खुशी हुनु, राक्षनीले आमाको जस्तो बोली निकालेर बोरामा बोकेर हिँड्दा केटालाई पछि आफ्नो आमा नभएको थाहा हुनु, राक्षसनी पिसाब गर्न गएको बेलामा आफू बोराबाट निस्केर बोरामा काँडा राखिदिनु र थैलो बाँधिदिनु, आफूलाई राक्षसनीले घरमा लगेर राखेपछि मार्न खोजेको थाहा पाएर अनेक बहाना बनाएर भाग्नु जस्ता घटना जीवन मूलप्रवृत्तिका प्रभाव हुन् । राक्षसनीले आफूलाई मन परेका केटाकेटीलाई कसरी हुन्छ जुक्ति लगाएर समातेर घर लिएर जान्थी । उसले मान्छेलाई समात्नु र राक्षसनीका घरमा बसेकी केटीले हरेक दिन राक्षसनीले ल्याएका बोराका मान्छेलाई कुटेर मार्नु उनीहरूको विध्वंसात्मक कार्य हो यस्तो विध्वंसात्मक कार्य गर्नुले उनीहरूमा मृत्यु मूलप्रवृत्तिको प्रभाव परेको मान्न सकिन्छ । सधैं जसो राक्षसनीले ल्याएका मान्छेलाई बोराबाट झिकेर ढिकीमा कुट्ने केटीले त्यो दिन केटालाई देखेपछि कत्ति राम्रो भन्नु र यस्तै राम्रो कसरी भइन्छ भनेर सोध्नुमा उसलाई जीवनप्रतिको आशा जागेको प्रस्ट हुन्छ । जीवन रमाइलो राम्रो र सुन्दर बनाउन खोज्नु र ढिँकीमा कुटेपछि राम्री भइन्छ भनेको कुरामा विश्वास गरेर ढिँकीमा कुटिन तयार हुनुले केटीमा जीवन मूलप्रवृत्तिको सङ्केत पाइएको कुरालाई तल प्रस्तुत गरिएको छ :

> केटीले मलाई पनि कुट्देउ न भाइ भनिछ । केटोले चिम्म गरेर ढिँकीमा सत्नु दिदी भनेर सिकाएछ केटी सुतिछ । ... अब यसलाई कसरी मार्ने मार्न त पर्यो भनेर रूखमा चढ्न खोजी केही गरी सकिन राक्षसनी कामी कहाँ गइछ र ए ! कामी दाइ कामी दाइ मलाई एउटा बन्चरो बनाइदिनु भनिछ । राक्षसनी बन्चरो लिएर आएर रूख ढाल्न थालिछ ('सन्तानको रहर' परिशिष्ट क) ।

माथिको लोककथांशमा रहेको पात्र केटालाई देखेपछि केटीलाई पनि केटोजस्तै राम्री हुन मन लागेर ढिँकीमा कुटिन तयार हुनुले उसको मनमा सुन्दर भएर जीवन जिउने आशा पलाएको सङ्केत पाइन्छ । कुनै पनि सुन्दर कुराको कल्पना गर्नु र जीवनप्रति आशावादी बन्नु नै जीवन मूलप्रवृत्तिको प्रभाव हो भने राम्री भइन्छ भनेर झुटो आश्वासन दिलाएर मार्ने योजना बनाउनुले केटो पात्रमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पाइन्छ । त्यसैगरी राक्षसनीले पनि सबै कुरा थाहा पाएपछि केटालाई मार्न रूखमा चढ्न खोज्नु, बन्चरो बनाउन जानु, बन्चरो ल्याएर रूख ढाल्नुले राक्षसनीको जीवन मूलप्रवृत्ति भन्दा पनि मृत्यु मूलप्रवृत्तितर्फ उन्मुख भएको सर्न्दभलाई माथि प्रस्ट पारिएको छ । निष्कर्षतः प्रस्तुत लोककथामा रहेका पात्रहरूका मनमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्तिको प्रभावका कारण घटेका घटनाहरूलाई वर्णन गरिएको छ । कथाको अन्त्यमा केटाले कागलाई बोलाएर उड्न सिकाइदिनु भनेर भन्नु, कागले सुनेर केटालाई पखेटामा समाउन भन्नु, उडाएर केटाको घरतर्फ लैजादा उसको मनमा मरिन्छ कि बाँचिन्छ भन्ने अन्तर्द्वन्द्व जन्मेको भए तापनि अन्त्यमा कागको सहायता माग्नु र बाँच्न सफल हुनु छोरालाई देखेर बाबुआमा खुशी हुनुले कथाका पात्रमा बाँच्ने प्रेरणा जागेको अनुभूति गर्न सकिन्छ । त्यसैले यस कथाका बुढाबुढी र केटोमा समयसँगैका मनोजगतका उतारचढावमा मृत्यु मूलप्रवृत्तिको प्रभाव परेको भए तापनि अन्त्यमा जीवन मूलप्रवृत्तिले विजय प्राप्त गरेको छ ।

'लाटो पलायो बाठो हरायो' लोककथामा लाटो पलायो शब्दले नै लाटोको जीवन जीवन मूलप्रवृत्तितर्फ उन्मुख रहेको सङ्केत गरेको छ । कथाका तीन दाजुभाइ मध्ये दुई भाइ बाठा थिए भने कान्छो भाइ सोझो स्वभावका थिए । बाठा दाजुहरूले भाइलाई सोझो भनेर हेप्नु, यसले केही गर्न सक्दैन यससँग बसेर कुनै फाइदा छैन, काम हामीले गर्नु पर्ने यो बसेर खाने भनेर मनमा ईर्ष्या राखेर भाइप्रति व्यग्रता प्रकट गर्नु, शङ्का उब्जाउनु जस्ता कार्यले मृत्यु मूलप्रवृत्तिको सङ्केत गर्छन् । फ्रायडका अनुसार मृत्युमुखी स्वभाव हावी हुँदा व्यक्तिमा निराशावादी विचार रहन्छ । बाठा दाजुहरूमा आफूहरूले काम गरेर पाल्नु पर्ने, उसले केही नगर्ने भन्ने भाव मनमा पैदा हुनुले उनीहरू भाइप्रति स्वार्थी बनेर भाइलाई अंशवण्डा गरिदिन्छन् । अंशमा पनि भाइलाई काम नलाग्ने सामान दिनु, बुढी आमा र पखेरो पारिदिन्छन् । उनीहरूका मनमा यसले केही गर्न सक्दैन लाटो छ भनेर सोच्नु पनि उनीहरूको ईर्ष्या र जीवन मूलप्रवृत्तिको प्रभाव मान्न सकिन्छ । लोककथामा रहेको उक्त सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

तीन जना दाजुभाई रैछन् दुईजना अलि टाठाबाठा रैछन् कान्छो चाँहि अलि सिधा रैछ । दाजुभाई नमिल्ने रैछन् टाठा बाठा दाजुहरूले कान्छोलाई यो कान्छो काम पनि नगर्ने बसेर खान्छ बरु हामी यसलाई पाल्न भन्दा त छुट्टिम भनेछन् । जेठो र माइलो बाठा भए केरे सद्दे सद्दे आफूहरूले लिएछन् र कान्छालाई भने फालिएको काम नलाग्ने पखेरो दिएछन् ('लाटो पलायो बाठो हरायो' परिशिष्ट क) ।

लोककथामा रहेको सोझो भाइले आफूलाई दाजुहरूले केही गर्न सक्दैन भनेर हीनताको भावले हेरेर बुढी आमा र काम नलाग्ने पखेरो दिएर छुट्टै राखिदिए पनि उसको मनोजगत्मा असर नपर्नु उसको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव पर्नु हो । उसमा दाजुहरूले गरेको व्यवहारले जीवनप्रतिको आशामा कत्तिपनि कमि आएको छैन आइपरेका अप्ठयारा परिस्थितिलाई सामना गरी दाजुहरूका अगाडि मैले कमाएर देखाउँछु केही गर्छु भन्ने आशा बोकेर घरबाट निस्कनुमा उसको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव पारेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा रहेको भाइपात्रले मैले केही गरेर देखाउनु छ भनेर घरबाट निस्कनु, हिँड्दा हिड्दै रात परेपछि बाटोमा भएको रूखमा चढेर बस्नु, रूखमा बस्दा तल बाटोमा भूतहरूले पैसाको बोरा बोकेर हिँडेको देख्नु र त्यो पैसा आफ्नो हातमा पार्ने जुक्ति खेलेर आफू बसेको रूख बेस्सरी हल्लाउनु, रूख हल्लाएको आवाज सुनेर भूत पैसाको बोरा छोडेर भाग्नु, लाटो रूखबाट तल झरेर पैसाको बोरा बोकेर घरतिर लाग्नु, कति पैसा रैछ भनेर नाप्नको लागि भाउजुकोमा पाथी लिन जानु, पैसा नापेर पिँधमा अड्केको पैसा नहेरी पाथी बुझाउनु जस्ता घटनाले आशावादी जीवनको प्रतिनिधित्व गरेको हुँदा यी सबै जीवन मूलप्रवृत्तिका विशेषता मान्न सकिन्छ । ऊ सोझो भएकोले दाजुहरूले अंश दिए तर पनि उसको मनमा कत्ति पनि हलचल नआउनु जीवनप्रतिको चिन्ता नहुनु नै जीवन मूलप्रवृत्तिको सङ्केत हो । बाठा दाजुहरूले सोझो भाइले के गरेर पैसा कमायो भनेर मनमा अनेक तरङ्गका कुरा खेलाउनु, रिस गर्नुले उनीहरूको जीवन सफलता भन्दा असफलताप्रति निर्देश भएको बुझ्न सकिन्छ । भाइले पैसा कमाएको र सुनका पैसा पाथीले नापेको थाहा पाएपछि हामी भन्दा भाइ ठूलो हुनेभयो भन्ने ईर्ष्याले भाइको घरमा आगो लगाइदिनु, भाइले जुक्ति निकालेर त्यही घर जलेको खरानी पनि बेचेर पैसा ल्याएको देखेर आफ्नो घर पनि जलाउनु खरानी बेच्न हिँड्नु, खरानी बेच्न नसक्नु, बोरामा राखेर भिरबाट खसाल्न खोज्नु तर नसक्नु भाइलाई मार्ने अनेक थरी जुक्ति रचेर पनि मार्न नसक्नुले उनीहरूमा जीवन मूलप्रवृत्ति भन्दा पनि मृत्यु मूलप्रवृतिले बढी प्रभाव पारेको छ ।

दुई दाजुहरूले भाइ त केही काम नगर्ने केही नजानेको सोझो थियो कसरी धनि भयो पाथीले नै नाप्ने गरी सुनको पैसा कहाँबाट कमायो, यो त हामी भन्दा धेरै ठूलो मान्छे भयो अब यसलाई केही गर्न पर्यो भन्ने नकारात्मक भावना मनमा ल्याएर उसको पिछा गर्नुले उनीहरूमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पाउन सकिन्छ । लोककथामा कुनै पात्रले राम्रो

गरेको अवस्थामा दोस्रो व्यक्तिले ईर्ष्या गरेर नराम्रो सोच्छ भने उसमा मृत्यु मूलप्रवृत्तिको प्रभाव रहेको प्रस्ट हुन्छ । कथाभित्र रहेका दाजुहरूले सोझो भाईको प्रगतिमा रिस गरेर घर जलाइदिन पर्यो भनेर एकदिन भाइ नभएको बेलामा गएर घरमा आगो लगाइदिन्छन् । भाइ घर आउँदा घर जलेर खरानी भएको हुन्छ आफ्नो घरमा आगो लगाइदिँदा पनि विचलित नहुनु जीवन सुखसँग बाँच्ने जुक्ति आफूसँग जत्ति पनि छ भनेर निराशातर्फ उन्मुख नहुनु, आफ्नो घर आगो लागेर खरानी भएको आँखाले देख्दा पनि त्यही घर जलेको खरानी बेच्ने जुक्ति निकाल्नु, बोरामा खरानी बोकेर हिँड्नु, डुङ्गा चलाउने माझीलाई छुन छुँदैन यो बहुमूल्य चीज हो तिमीले पानी पार्यौ भने मेरो बहुमूल्य सामान खरानी हुन्छ भन्नु, डुङ्गा चलाउँदा पानी पर्नु, पानी परेको देखेपछि रुनु र माझीले नरोऊ मैले के दिन पर्छ दिन्छु भनेर दिनु, दाजुहरूले बोरामा बाँधेर भीरबाट खसालेर मार्न खोज्दा बुद्धि लगाएर बाँच्ने प्रयत्न गर्नुले उसमा मृत्यु मूलप्रवृत्ति भन्दा पनि जीवन मूलप्रवृत्तिको प्रभाव पारेको बुझिन्छ । लोककथामा रहेको यस सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> डुङ्गा चलाउने मान्छेलाई यो बोरामा एउटा थोपो पानी नी पर्न हुँदैन नि भने छ, माझीले हुन्छ म पानी नपारी तार्छु भनेर डुङ्गा चलाउँदा खेरी कसो गर्दा पानी परेछ । त्यसपछि लौ मेरो त बरबादै भयो म लुटिएँ खत्तम भएँ यहाँ कतिकति पैसो पर्ने सामान थियो तिमीलाई पानी नपार भनेको पानी पारेउ अब खत्तम भयो सबै खरानी भयो भाइ भन्दै रुन थालेछ ('लाटो पलायो बाठो हरायो' परिशिष्ट क) ।

माथिको लोककथांशमा दाजुहरूले सोझो पात्र भाइलाई दुःख दिने मनोवृत्ति देखाउँछन् तर भाइ पात्रले आफूभित्र रहेको जीवन मूलप्रवृत्तिलाई सही ढङ्गबाट परिचालित गर्छ र आइपरेका अप्ठ्यारालाई साहस बनाएर काम गरेको हुँदा उसका हरेक क्रियाकलापले जीवन मूलप्रवृत्ति देखाएको कुरालाई प्रस्ट पारिएको छ । निष्कर्षतः प्रस्तुत लोककथामा रहेका पात्रहरूका मनमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्तिको प्रभावका कारण घटेका घटनाहरूलाई वर्णन गरिएको छ । कथाको अन्त्यमा सोझो भाइलाई दाजुहरूले जति दुःख दिन चाहे पनि उसभित्रको जीवन मूलप्रवृत्तिले आइपरेका समस्यालाई सहजै पार गर्ने जुक्ति निकाल्नुमा पनि जीवन मूलप्रवृत्तिले भूमिका खेलेको पाइन्छ । आफ्ना दाजुहरूले जति दुःख दिए पनि सधैं खुशी हुनुले सोझो पात्रमा बाँच्ने प्रेरणा जागेको अनुभूति गर्न सकिन्छ । त्यसैले यस कथाका पात्रहरूमा समयसँगै मृत्यु मूलप्रवृत्तिको प्रभाव परेको भए तापनि अन्त्यमा जीवन मूलप्रवृत्तिले विजय प्राप्त गरेको छ ।

'दाजु र बहिनी' लोककथामा रहेकी बहिनी बाबुआमा नभएकी टुहुरी भए पनि दाजुले आफूलाई गरेको माया देखेर जीवन आशावादी पक्षतर्फ हिँडाउन निर्णय गरेकी पात्र भए पनि उसको जीवन मूलतः मृत्यु मूलप्रवृत्तितर्फ धकेलिएको छ । सानैमा टुहुरी भएकी बहिनी दाजुको मायाले जीवनमा रसरङ्गहरू भर्दै गएकी हुन्छे । विवाह गर्ने बेला भएपछि

हिन्दुपरम्परा अनुसार दाजुले विवाह गरिदिएर पराइको घरमा गएपछि झन उसका द्वन्द्वका भावनाको प्रबलताले आफ्नो जीवन सुखी र खुशी हुने पक्का ठान्छे । विवाह भएर गएपनि ऊ आफ्नो माइतीमा आएर धेरै समय बस्छे । बहिनी जति बसे पनि दाजुको मनमा कहिल्यै नराम्रो लागेको थिएन् । बिस्तारै बिस्तारै भाउजुलाई मन नपर्नु, भाउजुले दाजुसँग बहिनी माइतमा राख्यो भनेर झगडा गर्नु, भाउजुको कुरा सुनेपछि दाजुले पनि तिमी घर जानुपर्छ हिन्दु परम्परा अनुसार विवाह गरेकी छोरी माइतीमा बस्नु हुँदैन भनेर सम्झाउदा, दाजुको कुराले बहिनीको जीवन मूलप्रवृत्तिमा प्रभाव पर्छ जसले गर्दा जीवनप्रतिको उत्साह र उमङ्ग हराएर जान्छ उसले भनेको जस्तो हुँदैन र मनमा अनगिन्ती कुरा खेल्छन् परिणाम स्वरूप द्वन्द्वात्मक स्थिति सिर्जना हुन्छ । विवाह भए पनि दाजुसँगै बसेकी उसलाई यहाँ बस्नु हुँदैन घरमा जानु पर्छ भन्ने कुराले मनमा आघात पुग्छ र दुखी बन्छे तर दाजुले जानुपर्छ भनेपछि जान राजी हुन्छे लोककथामा भएका यस्ता घटनाले खुशी र सुखी जीवनमा एकाएक निराशपन छाउनु उसको जीवन मूलप्रवृत्ति मृत्यु मूलप्रवृत्तिमा परिणत भएको सङ्केत मानिन्छ । लोककथामा रहेको यस सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> उनीहरूका बा आमा थिएनन् । दाजुले आफ्नो चलन अनुसार बैनीको बिहा गरिदिएका थिए । दाजु र बहिनी दुवैको बिहा भएको थियो । बैनी आफ्नो घर भन्दा माइत धेरै बस्थिन । उनी माइतमा बसेको भाउजुले सहनथिनन् बैनी माइत आएबाट घरमा दाजु र भाजुको खटपट परेको थियो । उनले जतिबेला पनि आफ्नो बुढालाई बैनीलाई उनकै घर छोडेर आऊ भनेर झगडा गर्थी । एकदिन दाजुले बैनीलाई अब तिमी सधैं माइत बसेर हुँदैन आफ्नै घर जानुपर्छ भनेर सम्झाउँछ । दाजुले सम्झाएपछि बैनी पनि जान राजि हुन्छे ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथांशमा रहेकी बहिनी पात्र विवाह भए तापनि माइत बसेकी थिइन् । घरपरिवार को सम्बन्ध पनि राम्रो थियो सबै मिलेर बसेका थिए । भाउजुको मनोवृत्तिमा ईर्ष्याले प्रवेश पाउनासाथ घरको शान्त वातावरणमा बिथोलिन जान्छ । उनको मनमा जीवन मूलप्रवृत्तिको भूमिका हुँदासम्म कुनै रिसको भावना जागृत भएको थिएन । त्यसैले आफ्नी नन्द घरमा नगएर माइतमा बस्दा कुनै नराम्रो थिएन जब उनमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पर्छ उनले नन्दको कारण आफूहरू मिल्न नसकेको, विवाह गरेपछि माइतमा बस्न नहुने, आफ्नै घरमा लगेर छोडेर आउनु पर्ने दवाव आफ्ना श्रीमानलाई दिन थाल्छे । उनको कुरा सुनेपछि सामान्य अवस्थामा रहेको उसको श्रीमानको मनोजगत्मा मृत्यु मूलप्रवृत्तिको प्रभाव पर्छ जसका कारण उसले पनि आफ्नी बहिनीलाई घर जान बाध्य गराउँछ । आफूलाई माया गर्ने दाजुले भनेपछि बहिनी पनि घर जाने निर्णय लिन्छे दाजुका कुरा सहजताका साथ स्वीकार गर्नु बहिनीको मनमा जीवन मूल प्रवृत्तिको सङ्केत देखिएको छ यस कुरालाई माथि प्रस्ट पारिएको छ । विवाह भए पनि बुवा आमा नभएर दाजु भाउजुको माया पाएर माइतमा

बस्दा निकै खुशी हुनुमा उसको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव देखिन्छ भने नन्द माइत बसेको भाउजुलाई मन नपर्नुमा भाउजुको मनमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पाइन्छ । बहिनी आउनु भन्दा अगाडि राम्रो सम्बन्ध भएको घरमा बहिनी माइत आएबाट दाजुभाउजुको खटपट परेको थियो । भाउजुले जतिबेला पनि आफ्नो बुढासँग बहिनीलाई उनकै घर छोडेर आऊ भनेर झगडा गर्थी । आफ्नी श्रीमतीको कुरा सुनेपछि एकदिन दाजुले बैनीलाई अब तिमी सधै माइत बसेर हुँदैन आफ्नो घर जानुपर्छ भनेर सम्झाउँछ । दाजुले सम्झाए पछि बैनी पनि जान राजी हुन्छे । बुवाआमा नभए पनि दाजुको मायाले उसको मन विचलित नहुनु, जीवन सरल, सहज र रमाइलो रहेको भावना लिनु जस्ता स्वभाव जीवन मूलप्रवृत्तिका स्वभावहरू हुन् भने एकाएक तिमी विवाह गरेको घरमा जानुपर्छ यो घरमा बस्नु हुँदैन भन्ने दाजुको आदेशले उसको मनमा गर्न मन नलागेको कुरा गर्न, जान मन नलागेको ठाउँमा जानुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएपछि उसको मानसिक प्रतिक्रियाले मृत्युबोधमूलक सङ्केत गर्न पुग्छ र मन नलागे पनि मानसिक अन्तर्द्वन्द्वको लडाइँ भएको हुन्छ र हुन्न भन्ने लडाइँमा हुन्नले हार्छ । अर्को दिन बहिनी दाजुसँग घरमा जान भनेर हिँड्छे बाटोमा हिँड्दा हिँड्दै गंगाको तिर आउँछ । गंगाको बिचमा ठूलो चम्फाको फूल हुन्छ । दाजुले त्यो फूल टिपेर ल्याउ भन्छ बहिनी फूल टिप्न जान्छे । गंगामा पम्फाको फूल टिप्न पसेकी बहिनी जति पर जान खोज्छे त्यो फूल त्यति पर पुग्छ उसलाई डर लाग्छ । उसले टिप्नभनेर जाँदा जाँदा गङ्गाको पानी घाँटीसम्म आउँछ र दाजुलाई उसले मैले टिप्न सक्दिन दाइ पानी घाँटीसम्म भयो भन्नुले उसको मनोजगतमा मृत्यु मूलप्रवृत्तिको सङ्केत पाइन्छ । लोककथामा रहेको यस भावलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> दाजु र बहिनी हिँड्दा हिँड्दै गंगाजीको तीरमा पुगे । गंगाजीको मिना (बिच) मा पम्फाको फूल देख्यो । फूल देखेपछि बहिनीलाई जाऊ बैनी त्यो फूल टिपेर लिएर आऊ भनेर भन्यो । दाजुले भनेपछि बैनी फूल टिप्न गंगाजीमा पसिन् । गंगाजीमा पसेपछि पर पर जाँदा डराइन् । उनी जति पर जान्छिन् गंगाजी उति माथि आउँछिन् । डरले बैनीले दाजुलाई जति पर जान्छु उनी माथि आउँछिन् कसरी टिपम पम्फाको फूल भनेर भन्छिन् ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथामा रहेकी बहिनी पात्रमा गङ्गाजीमा पस्दा मर्छुकी भन्ने डर हुनु, पर पर जान डराउनु, फूल त गङ्गाको बिचमा छ पानी मेरो घाँटीसम्म आइपुग्यो भनेर आफ्नो दाजुलाई सुनाउनुमा मैले फूल टिप्न नपरे हुन्थ्यो भन्ने भाव झल्किएको छ । उसको जीवनप्रतिको मायाले गर्दा नै मनमा डर पैदा भएको स्थिति सिर्जना भएको हो अन्ततः बहिनीको मनोजगतमा जीवन मूलप्रवृत्तिले भूमिका खेलेको बुझ्न सकिन्छ । त्यसैले उसलाई मर्छुकी भनेर चिन्ता हुनु, डर मानेर रुनु जीवनप्रति आशावादी हुनु हो । जीवनप्रति आशावादी हुने भनेको जीवन मूलप्रवृत्तिको प्रभाव हो । लोककथामा भएका दाजु पात्रले पनि आफ्नी श्रीमतीको कुरा सुनेर जान मन नभएकी बहिनीलाई घर जान बाध्य बनाउनु, बाटोमा जाँदा

बहिनीको ज्यान जान्छ भन्ने जान्दा जान्दै गङ्गाको बिचमा भएको फूल जवरजस्ती टिप्न पठाउनु, बहिनीले मलाइ पर जान्न डर लाग्यो भन्दाभन्दै अरूका बहिनीले त कस्ताकस्ता फूल ल्याउँछन् तिमीले त्यति पनि ल्याउन सक्दिनौ भनेर बहिनीको अन्तर्मनमा चोट पुग्ने गरी भन्नु र फूल टिप्न जबर्जस्ती गरेको सन्दभलाई माथि प्रस्ट पारिएको छ । बहिनी डराएर जान्न भन्दा पनि दाजुको मनमा बहिनीलाई मृत्युवरण गराई आफूले सुखको जीवन बाँच्ने आशाले बहिनीलाई गङ्गाको बिचमा जान बाध्य बनाएको भावहरूलाई तल प्रस्तुत गरिएको छ :

> दाजुले भनेपछि बैनी फूल टिप्न गंगाजीमा पसिन । गंगाजीमा पसेपछि परपर जाँदा डराइन् । उनी जति पर जान्छिन् गंगाजी उति माथि आउँछिन् । डरले बहिनीले दाजुलाई "जति पर जान्छु उति माथि आउँछिन् कसरी टिपम पम्फाको फूल भनेर भन्छिन् । दाजुले बाहिरबाट अरूका बहिनीले कस्ता कस्ता ल्याउँछन् हाम्री बहिनीले त्यही फूल पनि ल्याउन्नन् भन्छ ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथांशमा जीवन मूल प्रवृत्ति हावी हुँदाहुँदै पनि दाजुको आदेश पालना गरेर पानीले घाँटी छोयो तर फूल टिप्न सकिन भन्दै गङ्गाको पर पर जाँदा लाउने खाने उमेरमा जीवनको अन्त्य हुन्छ कि भनेर डर मानेकी बहिनीलाई जबर्जस्ती मर्न बाध्य बनाउने दाजुमा जीवन मूलप्रवृत्तिभन्दा पनि मृत्यु मूलप्रवृत्ति हावी भएको सङ्केतलाई प्रस्ट पारिएको छ । दाजुमा मृत्यु मूलप्रवृत्तिको प्रभाव बहिनी मरेपछि दाजुको मानसपटलमा अलिकति पनि प्रभाव पर्दैन । उसले गङ्गाको बिचमा डुबेकी बहिनीको लास झिक्छ र तीर नजिकै गाड्छ । आफ्नो एउटै कोखकी बहिनीलाई मर्न बाध्य बनाउने दाजुको मनोजगतमा निरशता नहुनु, आफ्नी श्रीमतीसँग झगडा हुनुको मूल कारक बहिनीलाई मान्नु, बहिनीको मृत्युपछि आफूहरू बिच झगडा नहुने सोच्नु र जीवन राम्रोसँग चल्छ भन्ने भावनाको बोध हुनु बहिनीको लास निकालेर तीरमा पुर्दा पनि अलिकति पनि विचलित नहुनु जस्ता क्रियाकलापले दाजु पात्रमा मृत्यु मूलप्रवृत्तिको विशेषता पाइन्छ । बहिनी पात्रमा भने मृत्यु भइसकेपछि पनि लास गाडेको ठाउँमा उम्रिएको बाँसमा आत्मा बस्नु, जोगीले त्यही बाँस काटेर बनाएको मूरलीबाट आफ्ना मनमा कुण्ठित भावना व्यक्त हुनु, घर परिवारका ससुरा, सासु, स्वामी, अमाजु, जेठानी, नन्द, देवर सबैको चिन्ता हुनु मेरो यादमा तड्पिनु भएका स्वामीले के गर्दै हुनुहुन्छ भन्नुले पनि उसको मनमा श्रीमानप्रतिको मायाले कुण्ठित भएका भावना मरेपछि पनि आत्मा भएर मूरलीको आवाज बनेर घर परिवारका सदस्यको चिन्ता लिनु, आफूमा जीवन रसरङ्गका साथ बिताउने रहर हुँदाहुँदै पनि मर्न बाध्य बनाएर मर्नु परेको अवस्था अवगत गराउनुले उसको जीवनमा जीवन मूलप्रवृत्ति हावी रहेको सङ्केत पाइन्छ ।

'रानीको मनको भुटेसो' कथाकी नारी पात्र रानीको मनमा चिन्ताले घर बनाएको छ । जङ्गलमा जाँदा गौथलाले ल्याएकी अर्को गौथलीले गुँडमा रहेका दुईवटा बच्चालाई तलतिर फालेको घटनाले रानीको मनोजगतमा अन्तर्द्वन्द्वको स्थिति सिर्जना गर्छ । जसका कारण रानीको जीवन मूलप्रवृत्ति डग्मगाउँदै जान्छ र उनी मानसिक कुण्ठा र ऐषणाले ग्रसित हुँदै

जान्छिन् । गौथलीले फालेको बच्चा गुँडबाट तल भूइँमा छटपटिएको अवस्थामा रानीले भेट्नु केही गरी आफ्नो मत्यु भइहालेमा राजाले अर्को विवाह गर्छन् र मेरो छोराको पनि यिनै बच्चाको जस्तो हाल हुन्छ भन्ने चिन्ताले रानीमा निरसता छाउनु रसरङ्गमा चासो नदिनु शरीर आलस्य भएको ठान्नु राजाले अर्को विवाह गरेपछि अर्की रानीले यी मेरा साना कलिला छोरालाई कत्ति दुःख देली भन्ने कुरा मनमा खेलाएर एकोहोरो बन्नु र निरासिनु जस्ता रानीका व्यवहारले रानी साँच्चै विरामी पर्नु, विरामी भएर सुत्दा राजाले के भयो भनेर सोध्दा पनि र आफ्ना छोराप्रतिको चिन्ताले अन्तरमनमा उथलपुथल भएको मनोगत भावनाले विश्राम पाएको महसुस भए पनि गौथलीले ती साना अबोध बचेरालाई गुँडबाट फालेजस्तो अर्को रानीले मेरा छोराको बिजोग बनाउँछे मातृवात्सल्य प्रेमबाट मेरा छोरा टाढिन्छन् भन्ने भुटेसोले उनको जीवनका अन्तरङ्ग चाहनाको पनि मनमा कुण्ठित हुनु जीवन ऊर्जाशील र सिर्जनशील हुनुको साटो, मनका अन्तर्द्वन्द्वले निराशातिर धकेलिनु र अचानक मृत्यु हुनुले रानीको सुरुको जीवनका दिनहरू जीवनप्रति आशावादी भए तापनि मनका कुण्ठा र एषणाले विस्तारै मृत्यु मूलप्रवृत्ति हावी भएर रानीको मृत्यु भएको भावलाई तल प्रस्तुत गरिएको छ :

> रानी पनि राजासँगै जङ्गलमा पात टिप्न गइछन् । पात टिप्न जाँदाखेरि एउटा गौथलाकी दुलही गौथली मरिछ र गौथलाले अर्को गौथली ल्याएछ । त्यो गुँडमा भाका दुईटा बच्चालाई त्यो गौथलीले तलतिर फालिछ । गौथलीले फालेको बच्चा ती रानीले भेटिछन् । गौथलीले फालेको बच्चा भेटेपछि रानीले ओखो ? म पनि मरे भने मेरा छोरालाई यस्तै होला भनेर चिन्ता गरेर त्यही टाउको दुखेर सन्चो नभएर पात टिप्न नसकेर घर गइछन् । त्यसपछि रानी बिरामी भइछन् ज्वरो आएछ । राजा आएछन् के भो ? तिमीलाई भन्दा मलाई यस्तो यस्तो भयो भनेर रानीले सुनाइन् । अनि राजाले त्यस्तो पनि हुनसक्छ मैले त तिमी मरेनी अर्को बिहा गर्दिन कहाँ त्यस्तो हुन्छ भनेर भनेछन् । रानी भनी त्यही पिर लिँदा लिँदा रोग लागेर केही समयपछि बितिन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

माथिको लोककथांशमा रानी पात्रमा जीवित रहेको जीवन मूलप्रवृत्ति गौथलीले गुँडबाट बच्चा खसालेको घटना देखेपछि मनमा अनेक तरहका कुरा खेल्न थाल्छन् र आफ्नो मनको चिन्ता राजालाई सुनाएर केही गरी मेरो मृत्यु भइहालेमा हजुरले पनि अर्को विवाह गर्नु भयो भने मेरा यी साना छोराहरूले दुःख पाउँछन् भन्नु, रानीलाई जङ्गलमा गौथलीले बच्चा फालेको घटनाले मनमा ठूलो असर पार्नु, राजासँग पनि विवाह गर्नुहुन्छ कि हुँदैन भनेर बुझ्नु, राजाले रानीलाई विवाह गर्दिन भनेको सुनेपछि बाँच्ने साहस जुटाउदा जुटाउदै पनि मनमा जीवन मूलप्रवृत्तिको प्रभावका कारण जीवन मूलप्रवृत्तिको हार भएर मृत्यु मूल प्रवृत्तिको जित हुनुले उनले मृत्युवरण गर्न पुगेको कुरा प्रस्ट पारिएको छ । लोककथामा

घटित घटनामा रानी बिते पनि राजाको जीवन मूलप्रवृत्तिमा कुनै प्रभाव नपर्नु, पिर चिन्ता नहुनु, तेह्र दिनमा नै अर्को विवाह गर्नु, विवाह गरी ल्याएकी रानीले आफ्नो छोराहरूलाई गरेको अभद्र व्यवहार देख्दादेख्दै पनि मौन रहनु, उनको मन कत्ति पनि विचलित नहुनु, रानीले गरेको व्यवहारले ती साना छोरा घर छोडेर हिँड्दा पनि छोराप्रति माया नदेखाउनु, उनीहरूको कत्ति पनि पिर चिन्ता नलिनुले राजामा जीवन मूलप्रवृत्तिले काम गरेको बुझिन्छ । राजाको मनमा पहिलाकी रानीको याद नहुनु र आफ्ना कामशक्तिका इच्छा पूरा गर्ने रहरले तेह्र दिनमा नै अर्को श्रीमती विवाह गर्नुले उनको जीवनमा उमङ्गले नै रङ्ग भरेको कुरा तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजाले तेह्र दिन पुगेपछि बिहा गरेछन् । रानी मरेपछि तिनको दुईटा छोराहरूलाई त सौतेनी आमाले त्यस्तै गराएर खान नदिने पिट्ने गर्दिरैछ । ती सानासाना केटा बस्न नसकेर घर छोडेर हिँडेछन् तिनीहरू हिँड्दाहिँड्दै हिँड्दाहिँड्दै एउटा अर्को राजाकहाँ गएर बास बसे छन् । साँझ खाना खाएछन् र सुते छन् । बिहान उठेर खाना खाएछन् । हिँड्न लाएछन् त्यहाँ राजाले सबै कुरा सोधेछन् । तिमीहरू को हो ? किन हिँड्यौ ? के भयो ? कसो भयो ? भनेर राजाले भन्दाखेरि तिनीहरूले सबै कुरा राजालाई बताएछन् । राजालाई दया लाएछ र एउटा बेलको दाना दिएछन्...अलि पर पुगेपछि दाजु भाइले सल्लाह गरेछन् र बेल फोरेछन् बेल फोर्दाखेरि त राजकुमारी उत्पत्ति भइछन् । त्यही बेलभित्रबाट पानी पानी भनेर राजकुमारी मरिछन् । दाजुभाइले लउ यस्तो के भयो बर्बाद भयो भनेर फेरि राजा कहाँ गएछन् । ...बेल लिएर गएर पानी भएको ठाउँमा एउटा पँधेरोमा पुगेर फोरेछन् । फोर्ने बित्तिकै राजकुमारीको उत्पत्ति भएछ पानी खुवाएछन् राजकुमारी बाँचिछन् । त्यो पँधेरोम बडेमानको रूख रैछ अनि उनीहरूले बिहा नगरी त तिम्लाई लिएर जान भएन हामि घर जान्छम् तिमी यो रूखमा बस भनेर रूखमा बस्न पठाएर राजकुमारहरू घर गएछन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

लोककथामा घटेका घटनाहरूमध्ये आमाको मृत्यु भएपछि ती सानासाना राजकुमारहरूलाई सौतेनी आमाले हेला गर्नु, खान नदिनु, पिट्ने जस्ता अभद्र व्यवहार सहन नसकेर घर छोडेर हिँड्नु, हिँड्दाहिँड्दै अर्को देशको राजाको दरबारमा पुगेर बास माग्नु, राजालाई सबै कुरा बताउनु, भोलिपल्ट त्यहाँ बाट हिड्नु, हिड्ने बेलामा दिएको बेल पानी भित्रै फुटाउनु, बेल भित्रकी राजकुमारीले पानी माग्दा पानी दिनु, राजकुमारीको उत्पत्ति भएपछि तिमी यो रूखमा बस भनेर राजकुमारीलाई बस्ने ठाउँ देखाउनु केही समयपछि राजकुमारीलाई विवाह गर्न आउने जस्ता विशेषताले जीवन मूलप्रवृत्तिलाई सङ्केत गरेको कुरा माथि प्रस्ट पारिएको छ । राजकुमारहरू बेल लिएर एउटा पँधेरोमा पुगेर फुटाएछन् । फोर्ने बित्तिकै राजकुमारी उत्पत्ति भइछन् र राजाले भने जस्तै गरी राजकुमारहरूले पानी

खुवाएछन् पानी खाएपछि राजकुमारी बाँचिछन्, राजकुमारहरूले राजाले भने अनुसार बेल फुटाउनु, पानी खुवाउने काम गर्नुमा उनीहरूमा जीवन मूल प्रवृत्तिको प्रभाव पाइन्छ । जीवन मूलप्रवृत्ति प्रबल भएको अवस्थामा मानवको मनले मानवलाई बचाउन र सहयोग गर्न अनुमति प्रदान गर्छ । त्यसैले राजकुमारहरूले बेल फोरेर उत्पत्ति भएकी राजकुमारीलाई बचाउने प्रयत्न गर्छन् । बेल फोरेको पँधेराको माथि ठुलो रूख रैछ । उनीहरूले राजकुमारीलाई रूखमा बस्न आग्रह गर्नु र राजकुमारीले पनि भनेको मान्नुमा दुवैमा जीवन मूल प्रवृत्तिको प्रभाव देख्न सकिन्छ । राजकुमारी राजकुमारले भनेको मान्नु, ठूलो रूखमा चढेर बस्नु, रूखमा चढेर बस्दा कुवामा पानी लिन आएकी काली एउटा आँखो नभएकी सर्किनीले रूखबाट तल झर्न भन्दा मान्नु, सर्किनीले लुगा माग्दा दिनु, कुवामा धकेलिदिँदा पनि चुपचाप सहनु, पछि रानी चरी भएर जन्म लिनु, राजकुमारसँग भेट हुनु, राजकुमारलाई सबै कुरा सुनाउनु र आफूलाई गोली हान्न पठाउनुले राजकुमारीलाई बाँच्ने र जीवनको दिनहरू सुखद तरिकाले बिताउने रहर जागेकाले त्यो रानी चरीरूपी राजकुमारीले राजकुमारलाई गोली हानेर मारिदिए फेरि राजकुमारी भएर जन्मन पाउने र राजकुमारसँगै विवाह हुने पक्का छ भन्ने निश्चयका साथ मर्न तयार हुनाले उनको मनमा बितेका दिनप्रति पश्चाताप भन्दा पनि आउने दिनको रङ्गिन सपनाहरूको बहाव चलेकोले उनको राजकुमारप्रतिको आग्रहले उनलाई जीवन मूलप्रवृत्तितर्फ सङ्केत गरेको छ भने राजकुमार पनि पशुवाक्य बुझ्ने र राजकुमारीलाई प्राप्त गर्नको लागि जे जस्तो काम गर्न पनि तयार हुँदा राजकुमारमा पनि जीवन मूलप्रवृत्तिको बेजोड प्रभाव पाइन्छ जुन कुरालाई तल प्रस्तुत गरिएको छ :

> राजकुमारले बिहा गरेर लिएर गएछन् । बिहा गरेर लैजादा बाटोमा त्यो रानी चरी डोलाको नजिक गएर राजाकी रानी कुवा भरी चमाराकी कमारी डोला भरि भन्दै फुरूक फुरूक गर्दै चरो हिडिरहेछ । ... त्यो रानी चरि मलाई हानेर मार्नुस् भनेर बोलेछ । राजकुमारले पशुवाक्य बुझ्थे अरे त्यो चरालाई गोली हानेर मारेछन् । त्यसपछि राजकुमारी उत्पत्ति भइछन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

लोककथामा प्रस्तुत घटनाहरूमध्ये राजकुमारले राजकुमारी भनेर सर्किनीलाई बिहे गरेर लैजादा राजकुमारी रानी चरीको जन्म लिएर डोलाको पछिपछि हिँड्दै आफूलाई गोली हान्न आग्रह गर्नुले राजकुमारीमा जीवन मूलप्रवृत्तिको प्रभाव पाउन सकिन्छ । चराको जन्म भएर पनि फेरि मान्छे हुने र राजकुमारलाई प्राप्त गर्न चाहने राजकुमारी राजकुमारसँग जीवन बिताउन आतुर बनेकी छन् । नयाँ जीवनको परिकल्पना गर्नु र कसैलाई चाहनु भनेकै जीवनप्रत्ति आशाबादी बन्नु हो जुन कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । कथाकी अर्की सर्किनी पात्र पानी लिन जाँदा रूखमाथि बसेकी राजकुमारीको छाया आफ्नो ठान्नु, आफू असाध्यै राम्री ठान्नु, राम्री भएर यस्तो पानी बोक्ने काम कहाँ गर्छु भनेर गाग्रो फुटाउनु, घरकाले सिलाइदिएको छालाको थैलो पनि ढुङ्गाले थिच्नु, राजकुमारीलाई रूखमा हाँसेको

देखेपछि मनभित्र जलन भएर छिटो झर भनेर झराल्नु र राजकुमारीका सबै लुगा लगाउनु, राजकुमारीलाई कुवामा धकेलेर मार्नु, पछि राजकुमारहरू आएर किन काली भयौ, तिम्रो आँखो खोइ ? जस्ता प्रश्न सोध्दा झुटो बोल्नु र राजकुमारसँग विवाह गर्न राजी हुनु जस्ता व्यवहारले सर्किनीका मनमा कामशक्तिका भावनाहरूले भित्रभित्रै उसलाई वेचैन बनाएको बुझ्न सकिन्छ । उसले राजकुमारीको छाया तल कुवामा देख्दा आफू त्यती राम्री मान्छेले काम गर्न नहुने भनेर असङ्गत व्यवहार देखाउनु, भने जीवन मूलप्रवृत्तिमा परेको प्रभाव हो राम्री बन्न मन लाग्नु नै कामशक्तिको भावना जागृत हुनु हो काम शक्ति उत्पन्न हुनु जीवन मूलप्रवृत्तिको प्रभाव हो । राम्री हुन मन लागेर झुटो बोल्नु, राजकुमारप्रति आसक्ति हुनु सर्किनीको मनले सुख प्राप्ति र उमङ्गको कल्पना गर्नु हो । सुख र उमङ्गको कल्पना गर्नु नै जीवन मूलप्रवृत्तिको विशेषता हो । लोककथामा रहेको यस भावलाई तल प्रस्तुत गरिएको छ :

> ...मेरो छाया यत्ति राम्रो म यत्ति राम्री रहिछु भनेर म पानी बोक्दिन भनिछ र घैँटो थिचथाच गरेर फोरेर घर गइछ । रूखमा चढेर राजकुमारीलाई खोरत्त तल झारेर राजकुमारीले लगाएको कपडा आफूले लाएर त्यो रूखमा बसिछ... केही समयपछि राजकुमार राजकुमारीलाई बिहा गर्न आएछन् र रूखबाट झर्न पठाएछन् । त्यो सर्किनी झरिछ अनि राजकुमारले तिमी त गोरी थियौ यस्ती काली कसरी भयौ भन्दा त्यो सर्किनीले ऊ त्यो डाँडामा डडेउलो लागेको थियो त्यही धुवाँले भाकी हुम भनिछ । आँखा के भयो त आँखा त थियो नी तिम्रो त अहिले एउटा आँखो छैन भन्दा कौवाले लइदियो भनिछ । राजकुमारले बिहा गरेर लएछन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

लोककथांशमा प्रस्तुत भएका घटनाहरू केलाउँदा सर्किनी पात्रका मनमा पनि राम्री हुन मन लाग्नु, राम्री मान्छेले काम गर्नु हुँदैन भन्नु र मनभित्रका इच्छा पूरा गर्न राजकुमारीलाई तल झारेर उसले लगाएका कपडा लगाउनु, झुटो बोलेर पनि राजकुमारलाई प्राप्त गर्न सङ्घर्ष गर्नुले सर्किनी पात्रमा पनि जीवन मूलप्रवृत्तिका विशेषता पाउन सकिन्छ । निष्कर्षतः प्रस्तुत लोककथामा रहेका पात्रहरूका मनमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्तिको प्रभावका कारण घटेका घटनाहरूलाई वर्णन गरिएको छ । अन्त्यमा सर्किनी पात्रको राजकुमार प्राप्त गर्न गरेको झुटो कुरा धेरै समय नटिक्नुले उसमा निरास भावना पैदा हुन्छ जसले गर्दा उसभित्र रहेको जीवन मूलप्रवृत्ति डगमगाएर जान्छ । त्यसैले यस कथाका पात्रहरूमा समयसँगै जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको प्रभाव परेको छ ।

'एकादशी व्रतको फल' लोककथामा रहेका पुरुष पात्र बुढा कथाको सुरुदेखि नै जीवन मूलप्रवृत्तितर्फ उन्मुख रहेका पात्र हुन् । उनले आफ्नी श्रीमतीलाई आफू वनमा गाई चर्न लगाइदिएर खाना खान आउँछु भनेर बुढीलाई खाना पकाएर बस्न भन्नुले बुढा जीवनदेखि निराश भएका छैनन् उनी उत्साहित छन् त्यसैले उनको जीवनमा मूलप्रवृत्तिले प्रभाव पारेको छ । कुनै पनि व्यक्तिमा कहिले जीवन खुशी र उमङ्गले भरिएको हुन्छ भने

कहिले निरश र दिक्क लाग्दो हुन्छ । लोककथामा भएका पात्रहरूद्वारा गरिएका काम पनि कहिले जीवन मूलप्रवृत्तिको निर्देशनअनुसार गरिएको छ भने कहिले मृत्यु मूलप्रवृत्तिको प्रभावले गरिएको छ । बुढा घरबाट गाई लिएर वनमा जाँदै गर्दा उत्साहित थिए तर बाटोमा गाईको बाच्छोलाई बाघले खाइदिएपछि निराश बन्नु स्वाभाविक हो । बाच्छो बाघले खाएपछि डराई डराई वनमा गाई लैजानु र चराउनुले मनभित्र एकैचोटी जागेको डरले उनमा निराशा भाव उत्पन्न भएको देखिन्छ । जसोतसो गाईहरू वनमा पुऱ्याएर आउँदा ढिलो भएको, भोकले आत्तिएको र घरमा आउँदा बुढीले भान्सा कुराउनी भनेर रिसाएको बेलामा उनमा अन्तर्द्वन्द्वको स्थिति सिर्जना हुन्छ । उता वनमा जाँदा गाईको बाच्छो बाघले खाइदिनुले चिन्तित भएका बुढा घरमा आउँदा एक्कासी बुढी रिसाएर यति बेला सम्म भान्सा कुराउनी भनेर के भनेकी थिइन् अकस्मात बुढाको मृत्यु मूलप्रवृत्ति हावी हुनाले बुढीसँग अस्वाभाविक रूपमा आक्रामक हुन्छन् र बुढीलाई मदानीले टाउकोमा हान्नुले उनको जीवन मूलप्रवृत्ति डग्मगाएर मृत्यु मूलप्रवृत्तिको जन्म भएको सङ्केत मान्न सकिन्छ । उक्त कुरालाई तलको लोककथांशले प्रस्तुत गरेको छ :

> पन्ध्र बीस ओटा गाई रैछन् लिएर गएछन् जाँदाजाँदै जाँदाजाँदै लिएर जाँदा माझमा हिँडेको बाच्छालाई बाघले हिँड्दाहिँड्दै खाइदियो केरे, ... डराई डराई वनमा ती गाई चराएछन् । बुढीले कतिखेर आउनुहुन्छ भन्दै बस्दै भन्दै बस्दै बुढा आएनन् । ठिक्क चार बजेतिर गाई लिएर बुढा आएछन् अरे । उनी भान्सैमा छन्, बुढा आर गाई बाँधेर क्यारेर गोडा धोएर भित्र पसेछन् । ...कुरेर बसेकी दुलहीले भात खान लाग्दा त य । यसबेलासम्म मलाई यस्तरी भान्छा कुराउनी भनेर रिसाइन केरे ... बुढाले मास्तिर कता मदानी रैछ स्वात्त झिकेर प्वाक्कै हानेछन् ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

लोककथामा सामान्य अवस्थामा मानिसको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव रहेको हुन्छ । प्रायः मान्छेले जीवनयापन गर्ने क्रममा गरिने व्यवहारहरू जीवन मूलप्रवृत्तिकै उपज हुन् । कहिलेकाहीँ मान्छेलाई अकस्मात कुनै कुरा सुन्दा जन्मने आक्रोश र क्रोधी भावनाको स्रोत भने मृत्यु मूलप्रवृत्ति हो यसले सामान्य अवस्थामा भएको मान्छेलाई पनि निराश र दिक्दारीलो बनाइदिन्छ र समय सान्दर्भिक भन्दा पनि असान्दर्भिक काम गर्न प्रेरित गरेको सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । सामान्य रूपमा नै खाना खान गएका बुढा बुढीको कुरा सुन्दै गर्दा अकस्मात रिसाउछनु, मदानीले बुढीको टाउकोमा हान्नु, अरू कुराको कुनै प्रवाह नगरी सरासर भात खानु, टाउकोमा हानेपछि के भयो भनेर कत्ति पनि चिन्ता नहुनु, फेरि गाउँघरमा घुमफिर गर्नु, गाउँमा राजाले सुनको लिङ्गे पिङ राख्नु, त्यो सुन लिङ्गे पिङ चलाउँदा नचल्नु, नचलेपछि सभा हुनु, सभामा जम्मा भएका सबैले पिङ चलाउन खोजदा पनि चलाउन नसक्नु, बुढाले सबै कुराको जानकारी लिनु, राजाले एकादशीको व्रत बसेको कोही छ भनेर भन्नु र बुढाको मनमा अकस्मात बुढीको सम्झना आउनु र सभामा घरमा भएका सबै कुरा

बताउनु, बुढाको कुरा सुनेपछि राजाले बुढीलाई लिन पठाउनु जस्ता व्यवहारले उसको मनोजगतमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्तिले भूमिका खेलेको स्पष्ट हुन्छ जुन भनाईलाई तलको लोककथांशले प्रस्तुत गरेको छ :

> राजाले गराएको त्यो सुन लिङ्गे पिङ चल्दै चलेनछ, अनि चलाउँछन् चल्दैन, फेरि चलाउँछन् चल्दैन । त्यसपछि सभा भएछ अरे । त्यो सभामा कति भरिए कति त्यो पिङ चल्दैन । कति मान्छे भरियाछन् त्यो पिङ चल्दैन केही गरी पिङ चलेन । ... सभामा राजाले एकादशीको व्रत गर्ने मान्छे को होला ? एकादशीको व्रत गर्नेले चलाए चल्थ्यो किन भनेर भनेछन् अरे । सभामा राजाले त्यो भन्दा खेरि ओहो ! राम्ररी नुहाएर उपासेकी त होइन मेरी बुढीले मैले हिर्काए । यसबेला नआउने भनेर मलाई गाली गरी मैले ठटाइदिए । त्यो रुँदै रुँदै बस्दै गर्दागर्दै त्यत्तिकै नखाइकनै सुतेकी हो । पिङ चल्छ कि नै मैले जान्या छैन भनेर बुढाले सोझै बताएछ अरे ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

माथिको लोककथांशमा रहेकी बुढी बुढाको निर्देशन अनुसार चल्नुका साथै हिन्दु परम्परामा आबद्ध नारी पात्र हो । त्यसैले बुढी बुढाले खाना खाए पछि मात्र खाने परम्परा धानेर बस्नु, मदानीले टाउकोमा हानेपछि पनि बुढाप्रति कुनै प्रतिवाद नगरी टाउको समाएर रातभरि रुँदै बस्नु, बुढाले पनि आफूबाट भएको गल्ती पनि सहज रूपमा भन्नुमा उनीहरूको मनमा मूलप्रवृत्तिले प्रभाव पारेको बुझिन्छ । मान्छेलाई कुनै पनि काम गर्नका लागि प्रेरणा दिने शक्ति नै मूल प्रवृत्ति हो । बुढाले पनि एकादशीको व्रत बसेको मान्छे राजाले खोजेको थाहा पाएर उपस्थित भएर सहज रूपमा आफ्नो कुरा भन्छ जुन कुरालाई प्रस्तुत लोककथांशले प्रस्ट पारेको छ । सभाका सबै मान्छेले बुढाको कुरा सुनेपछि राजाले बुढीलाई लिन पठाउनु, लिन गएका मान्छेहरूलाई बुढीले म यस्ती नराम्री कसरी जाम भनेर जान नमान्नु, लिन आएका मान्छेलाई नै फेरि बुढीले मलाई राम्रा राम्रा गहना र कपडा चाहिन्छ राजालाई भनेर लिएर आऊ भनेर खबर पुऱ्याउनु, राजाले सबै कुरा सुनेपछि गहना, कपडा सहित बरियात लिएर बुढीलाई लिन पठाउनु, गहना कपडा पहिरिए पछि बुढीले हिँडेर जान्न भन्नु जस्ता व्यवहारले बुढीले आफ्नो मनभित्र रहेको गहना र कपडामा सजिएर बोकिएर जान चाहनुले आफ्नो सपना पूरा गर्ने भावनाले क्रमैसँगै मनमा दमित अन्तर ग्रसित भावना प्रकट गर्नु र अन्त्यमा बेहुली जस्तै सजिएर बरियातसँग बोकिएर जानु जस्ता व्यवहारलमा बुढीको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव पाउन सकिन्छ जुन कुरालाई तलको लोककथांशले प्रस्तुत गरेको छ :

> ...ल जान पर्यो लिएर आउना पर्यो भनेर राजाले पठाए । लिन पठाउँदा खेरि म यस्ती नराम्री ठुटै बुटै म कसरी जाम म सक्दिन जान्न भनिछन् अरे । लिन आएका मान्छेले आउन मान्नु भएन यसोयसो भन्नुभयो भनेछन् । राजाले अर्को पाली झपक्क गहना बरियात लिएर पठाएछन् अरे सप्पै गहना पहिराइदिए,

> कपडा लगाइदिए, अनि त हिडेर जान्न भनिछन् । फेरि खबर राजाकहाँ पुग्यो बुढीले म यसै राजाथिम हिँडेर कहाँ जान्छु र जान्न भनिछन् । खबर सुन्नासाथ राजाले मन्छे पठाएछन् के गरून् पिङ बिग्रिया छ चलाउन त् पर्यो । त्यही नि चल्छ कि भन्न पर्यो केरे । बाजा बरियात बोकेर लगेछन् अनि बल्ल बुढी गैछ अरे ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

प्रस्तुत लोककथांशमा रहेकी बुढी पात्रले राम्रो लगाएर दुलही जस्तै सजिएर डोलीमा चढ्ने मन भित्रको रहर पूरा गर्न सङ्घर्ष गरेको घटनाबाट उनलाई जीवन मूलप्रवृत्तिद्वारा प्रभावित पात्र मान्न सकिन्छ । जीवन मूलप्रवृत्तिले व्यक्तिलाई आशातर्फ उत्प्रेरित गर्दै जीवन सुखसँग जिउन प्रेरणा दिन्छ यहाँ बुढीको राम्रो लाउने, मिठो खाने, राम्रा लुगा र गहना लगाउने वर्षौंदेखि मनभित्र दमित भएका इच्छा र चाहना पुरा गर्नको लागि मनबाट जुक्ति निकालेर लिन आएका मान्छेलाई फर्काएर आफूले भनेको जस्तै भएपछि मात्र पिङ चलाएको प्रसङ्गले प्रस्ट पारेको छ । निष्कर्षतः लोककथामा प्रस्तुत भएका घटनाहरू बुढाले बुढीको कुरा सुन्दा आक्रामक भएर मदानीले बुढीको टाउकोमा हान्नु र बुढी रातभर रोएर सुत्नुमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पाइन्छ किनभने व्यक्तिलाई हिंसा तथा विनाशतर्फ डोर्याउन प्ररित गर्ने शक्ति मृत्यु मूल प्रवृत्ति हो फ्रायडले जीवन मूलप्रवृत्तिसँगै मृत्यु मूलप्रवृत्ति पनि रहने कुरा बताएका छन् त्यसैले बुढा र बुढी दुवै पात्रका मनमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्तिको प्रभाव नपरेको होइन तर पनि यस लोककथामा घटेका घटनाक्रमलाई अध्ययन गर्दा उनीहरूमा उत्पन्न मृत्यु मूलप्रवृत्तिको आवेगलाई जीवन मूलप्रवृत्तिको प्रभावले निस्तेज गरिदिनासाथ उनिहरूभित्र रहेको मृत्यु मूलप्रवृत्ति डगमगाएर जान्छ र पुनः जीवन मूलप्रवृत्तिको विजय भएका घटनाहरूलाई लोककथामा वर्णन गरिएको छ । त्यसैले बुढा र बुढी दुवैको मनको रहर कथाको अन्त्यमा पूरा भएको प्रसङ्गले यस कथा मृत्यु मूलप्रवृत्तिभन्दा पनि जीवन मूलप्रवृत्तितर्फ उन्मुख देखिन्छ ।

'बुजकी छोरी' लोककथामा रहेका पुरुष पात्र राजाका सन्तान नभएपछि उनी चिन्तित हुन थाल्छन् । छोराछोरी जन्मेनन् भनेर उनी व्रत बस्ने, पुराण लगाउने, गर्छन् । मान्छेले आफ्ना मनका इच्छा वा चाहना पूरा हुन्छ कि भनेर कुनै उपाय अपनाउछ र आशावादी बन्छ भने त्यो नै जीवन मूलप्रवृत्ति हो तर भाग्यलाई दोष दिएर निराशातर्फउन्मुख हुनु भने मृत्यु मूलप्रवृत्ति हो । छोराछोरी नभएर जीवन मूलप्रवृत्ति डग्मगाएर निराशिएको अवस्थामा उनि मृत्यु मूलप्रवृत्तिको नजिक पुगेको हुनाले नै "लोककथामा के गरम" भनेर भनेका छन् । राजाको मनमा आएको निराश भाव नै मृत्यु मूल प्रवृत्तिको सङ्केत हो भने पुराण र व्रत गर्ने कुरा जीवन मूलप्रवृत्तिको प्रभावले जन्मिएका आधारहरू हुन् । त्यसैले राजाको मनमा रहेको छोराछोरी पाउनका लागि मैले के गरम ? भन्ने दोधार अवस्था भने अन्तर्द्वन्द्वको स्थिति हो । राजाको मनमा जन्मेको अन्तर्द्वन्द्वले व्रत गर्छु, पुराण गर्छु भन्ने निष्कर्षमा पुर्‍याउँछ । उनले ठूलो पुराण र व्रत गर्छन् । पुराण र व्रत गर्नु जीवन मूलप्रवृत्तिको प्रभावद्वारा गरिएका काम हुन् । सन्तान नभएर

अन्तरमनमा पिर चिन्ताले डेरा जमाएर बसेका राजामा जीवनप्रति निराशाको भावना जाग्नु मृत्यु मूलप्रवृत्तिको सङ्केत थियो भने व्रत र पुराण गरेपछि कन्या जन्म हुन्छ भन्ने कुरामा विश्वास गरेर व्रत र पुराण गर्नु जीवन मूलप्रवृत्तिको प्रभाव थियो । लोककथामा रहेको उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> राजाले छोराछोरी नपार मैले छोराछोरी पाइन् मैले के गरम ? भन्दा खेरी व्रत गर्नु, पुराण गर्नु तपाइँलाई छोराछोरी जन्मन्छन् भनेर ज्योतिषीले भनेछन् । राजाले ठूलो व्रत र पुराण गरेछन् त्यसपछि ती राजाकी कन्या जन्मिछन् । कन्या जन्मिदा बुढाबुढी असाध्यै खुशी भए । कन्या दिन गनेर बढिन् समरथ भइन् ('बुजकी छोरी' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजामा जीवन मूल प्रवृत्तिको प्रभाव परेका कारण धर्मप्रति विश्वास राख्नाले व्रत र पुराण गर्छन् । धेरै समय हुँदा पनि छोराछोरी नहुनाले राजामा निराशाको भाव पैदा हुन्छ र के गर्ने होला भन्ने हुन्छ । आफूमा भएको निराशपनलाई निकालेर जीवनका आउने दिनहरू उल्लासपूर्ण बनाउने आशाले कुनै काम गरिन्छ भने त्यो काम गर्ने प्रेरणा जीवन मूल प्रवृत्तिले प्रदान गरेको कुरालाई प्रस्ट पारिएको छ । कथाका पात्र राजामा जीवन मूल प्रवृत्तिको प्रभाव परेका कारणले आउने दिनमा आफूले छोराछोरीको मुख हेर्न पाउने र तिनै छोराछोरी बुढेसकालको साहारा बन्नेछन् भन्ने भएर नै ज्योतिषले भने अनुसार व्रत र पुराण गर्छन् । आशावादी बनेका राजालाई व्रत र पुराण गरेपछि कन्याको जन्म हुन्छ । आफ्नो मनमा रहेको जीवन मूलप्रवृत्तिको प्रभावको निर्देशन अनुसार राजा काममा सरिक भएकाले उनले चाहेको खुशी प्राप्त गर्न सफल भएका छन् । कन्याको जन्मपछि बुढाबुढी असाध्यै खुशी हुनु पनि जीवन मूलप्रवृत्तिको प्रभाव हो जुन कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजाको सतकर्म पछि जन्मिएकी कन्या दिनानुदिनै बढ्दै गएर जवान हुन्छिन् । बुढा बुढीले छोरीको बढालुपन देखेर अब विवाह गरिदिन पर्यो भन्नु, बुढेसकालमा साहारा बन्छे भन्नुभन्दा पनि छोरकिो जात दिनुपर्छ भन्ने भावना जागृत हुनु, केटा खोज्न हिँड्नु, मेरी छोरी दिने बेला भएको छ विवाह गर्नुहुन्छ भन्नु, छोरीलाई विवाह गर्ने केटा नभेटिदा, निराश भएर घर फर्किएपछि बुढीले सोध्दा छोरी दिने ठाउँ पाइन मेरी छोरी कसैले लानी भएनन् भनेर निराशाजनक अभिव्यक्ति दिनाले राजामा जीवन मूलप्रवृत्ति भन्दा पनि मृत्यु मूलप्रवृत्तिको प्रभाव धेरै पाइन्छ । उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> बुढीले पनि बुढा अब त् छोरी दिने बेला भयो छोरी दिने हो कि घरै राख्ने हो ? भनिछन् । बुढीले त्यसो भनेपछि राजाले हो बुढेसकालमा हामीलाई पाल्ने भन्दा पनि छोरी दिने जात हो मैले दिन्छु भनेछन् । अर्को दिन मैले अब छोरी दिन्छु म केटा खोज्न जान्छु भनेर राजा हिँड्नुभयो । राजा हिँड्दा खेरि जाँदाजाँदा मेरी छोरी दिने बेला भाछ बिहा गर्नु हुन्छ ? भन्दै सोध्दै हिँड्नुभएछ । राजाले सोध्दा मैले गर्दिन भनेछन् । घर आउँदा बुढीले कतै केटा पाउनुभयो त ? भनेर सोधिन ।

> राजाले मैले कहीँ कतै केटा देखिन छोरी दिने ठाउँ पाइन । मेरी छोरी कसैले लाने भएनन् भने छोरी दिन नपाएर राजा दिक्क बने ('बुजकी छोरी' परिशिष्ट क) ।

लोककथांशमा रहेका बुढा र बुढीको सल्लाहअनुसार बुढा छोरीको विवाह गरिदिनको लागि केटा खोज्न हिड्नु जीवन मूलप्रवृत्तिले गराएको काम हो भने केटा नभेटिनुले दिक्क मान्दै निराश भावना व्यक्त गर्नु मृत्यु मूलप्रवृत्ति को प्रभाव हो । कुनै पनि काम उत्साहजनक रूपमा गर्न तयार हुनुको पछाडि जीवन मूलप्रवृत्तिको भूमिका रहन्छ । घरबाट आशा बोकेर निस्केका बुढामा रहेको जीवन मूलप्रवृत्ति बिस्तारै बिस्तारै डग्मगाउँदै जान्छ र अन्त्यमा मृत्यु मूलप्रवृत्तिको विजय हुन्छ परिणाम स्वरूप बुढा विरक्तिएर घर फर्कन्छन् भन्ने कुरालाई माथि प्रस्ट पारिएको छ । आफ्नो बुवामा निराशपन देखेकी र आमाको कुरा सुनेकी छोरी निराशतर्फ भन्दा पनि आशातर्फउन्मुख भएर बुवा हजुरले चिन्ता लिनु पर्दैन मैले विवाह गर्दिन मलाई एउटा गुफा बनाइदिनु म ध्यान गरेर बस्छु भन्ने वाणीले छोरी पात्रमा जीवन मूलप्रवृत्तिको प्रभाव देखिएसँगै राजामा पनि अकस्मात हर्ष छाएको छ । छोरीको कुरा सुनेर खुशी भएका बुढाको मनमा भने जीवन मूल प्रवृत्ति र मृत्यु मूलप्रवृत्ति बिच अन्तर्द्वन्द्वको स्थिति सिर्जना हुन्छ । छोरीले विवाह गर्दिन भन्दा छोरा नभए पनि छोरी बुढेसकालको साहारा बन्ने भई भनेर खुशी भएको केही क्षणमा नै छोरीले गुफा बनाईदिनुस् ध्यान गरेर बस्छु भन्नुले बुढाको अधिको क्षणिक खुशी निराशा र व्याकुलतामा परिणत हुन्छ । छोरीमा भने आफ्ना बुवाले आफूले भने जस्तै गरेर गुफा बनाइदिएपछि उनीभित्र जीवन जीउने आशा पलाएको छ त्यसैले उनी खुशी छिन् । गुफामा आफूलाई सहयोगीको व्यवस्था गर्नु, फुलबारी बनाउनु, ध्यान गरेरै समय बिताउनु, राजकुमारले मन पराउनु, राजकुमार स्वर्गका देवता हुनु, राकुमारिलाई विमानमा चढाएर स्वर्ग लैजानु, बुवा आमा देखेर छोरी विमानबाट तल झर्नु, सबैजना भएर स्वर्गमा जानु, छोरो पाउनु, सबै जना खुशी साथ जीवन बिताउनु जस्ता लोककथामा वर्णन गरिएका क्रियाकलाप अनुसार कथाका पात्रमा मृत्यु मूलप्रवृत्ति भन्दा पनि जीवन मूलप्रवृत्तिको प्रभाव धेरै देखिन्छ । लोककथामा रहेका उक्त सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> ... मैले अब बिहा गर्दिन हजुरले यस्तरी खोज्दा केटा पाउनु भएन । मलाई एउटा गुफा बनाइदिनुस् म गुफामा गएर ध्यान गरेर बस्छु ... गुफा गराइदिएर फेरि टनननन्न फूलबारी गराएछन् । ... त्यसपछि एउटा धाइमा खोजेर राखिदिए अनि छोरी गुफामा बसिन् । ... उनी माथि देवताको ध्यान गरेर बसेइछन् । ... राजाले हे भगवान् यिनलाई कसरी लाने होला मैले यिनलाई बिहा गरेर लान्छु भनेर भनेछन् । ... राजाले बिहा गर्न जान्छु अब तिनलाई लिएर आउँछु जसरी पनि भनेछन् र गएछन् । माथिबाट आएका स्वर्गका देवता रैछन् केरे माथिबाट बिमान लिएर स्वाट्ट विमानमा चढाएर स्वर्ग लए । ... विमान आएपछि राजासँगै छोरी झरिन र आफ्ना आमा बुवालाई लिएर गइन् र सबैजना भएर स्वर्गमा गए ।

केही समयपछि छोरीले छोरो पाइन ज्वाई नाती छोरी बुढा, बुढी सबै भएर सुखसित स्वर्गमा बस्थे अरे ('बुजकी छोरी' परिशिष्ट क) ।

प्रस्तुत लोककथामा रहेका पात्र बुवा र आमामा आफ्नो जीवनलाई सुरक्षित राख्नको लागि सन्तानको भोक प्यास लाग्नु, सन्तान प्राप्त गर्ने आशाले व्रत बस्नु, पुराण गर्नु जस्ता व्यवहारले उनीहरूमा जीवन मूलप्रवृत्तिको प्रभाव हावी रहँदारहँदै पनि कहिले जीवनका बाँच्ने आशा मरेर मनभरि आफ्ना इच्छा र चाहनाका भावना कुण्ठित हुन पुग्छन् त कहिले सन्तानको रहरले के उपाय गरे सन्तान सुख होला भनेर ज्योतिषीकोमा सोध्न जानुमा मनभित्र रहेको मृत्यु मूलप्रवृत्तिसँगै कताकता मनको छेउछाउमा जीवन मूलप्रवृत्तिले समेत प्रभाव पार्नु हो । कथाका पात्र बुवा, आमा, छोरीमा कहिले जीवन मूलप्रवृत्तिले भूमिका खेलेको छ त कहिले मृत्यु मूलप्रवृत्तिको सङ्केत पनि देख्न सकिन्छ । लोककथामा देखिएका दुबै प्रभावलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । निष्कर्षतः लोककथामा उपस्थित पात्रहरूका क्रियाकलापद्वारा घटित घटनाहरूको अध्ययन गर्दा अधिकांश प्रभाव जीवन मूल प्रवृत्तिको पाइएको छ भने न्युन प्रभाव मृत्यु मूलप्रवृत्तिको पाइएको छ । पात्रका मनमा कहिले जीवन मूलप्रवृत्ति त कहिले मृत्यु मूलप्रवृत्तिको प्रभाव नपरेको होइन तरपनि यस लोककथामा घटेका घटनाक्रम अनुसार उनीहरूमा उत्पन्न मृत्यु मूलप्रवृत्तिको आवेगलाई जीवन मूलप्रवृत्तिको प्रभावले निस्तेज गरिदिनासाथ उनिहरूभित्र रहेको मृत्यु मूलप्रवृत्ति डगमगाएर जान्छ र जीवन मूलप्रवृत्तिको विजय भएको प्रसङ्गहरूलाई लोककथामा वर्णन गरिएको छ । लोककथामा रहेका प्रमुख पात्र बुढा र बुढी दुवैको मनको रहर कथाको अन्त्यमा पूरा भएको प्रसङ्गले यस कथा मृत्यु मूलप्रवृत्तिभन्दा पनि जीवन मूलप्रवृत्तितर्फ उन्मुख देखिएको छ ।

'माया मोहबाट कष्ट' कथाका प्रमुख पुरुष पात्र राजकुमार असल, आज्ञाकारी, असाध्यै मिलनसार स्वभावका छन् । कथाको शीर्षकबाट नै सुरुमा कथाको गति सुखद रूपमा अघि बढे जस्तै राजकुमारको जीवन पनि आशान्मुख पक्षतर्फ हिँडाउन निर्णय गरिएको पात्र भए पनि कथाको अन्त्यतिर जीवन मूलतः मृत्यु मूलप्रवृत्तितर्फ धकेलिएको छ । उनीभित्रको उत्साहित भावनाले जीवन सुखी हुने आशा गरेको भए तापनि राजकुमारीको कायरपन र उनले गरेको व्यवहारले राकुमारलाई आत्मग्लानि भएको छ । कुनै पनि मान्छेमा उत्पन्न भएको खुशीमा अरूले गरेको व्यवहारबाट निराशा भाव उत्पन्न हुन्छ भने उसमा मृत्यु मूलप्रवृत्तिको प्रभाव पर्छ । सानो उमेरमा राजकुमार अत्यन्त ज्ञानी, आज्ञाकारी, सिपालु जे कुरामा पनि पोख्त र मिलनसार थिए भने आफ्ना बुवा वा साथीभाइले भनेको कुरापनि उनले सहजै मान्थे लोककथामा रहेको उक्त प्रसङ्ग तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

राजाको एउटा अत्यन्त सज्जन छोरा थिए । छोरा बुवाले जे भन्यो त्यही मान्छे । बुवासँग असाध्य रमाउँथे पनि अनि बुवाले जे कुरा अराउनु हुन्थियो बाबुले त्यही गर्थे पनि । राजाको छोरा राजकुमार बुवाले भनेपछि जे पनि मान्ने थिए । सबै

साथी सङ्गीहरूसँग खेल्न जानी, हाँसो ठट्टा गर्ने, जङ्गलमा सिकार खेलनको निमित्त जङ्गलमा जाँदै थिए ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

माथिको लोककथांशले लोककथामा रहेका पात्र राजकुमार आज्ञाकारी, इमानदार र असल स्वभावको हुनुले उनी भित्र जीवन मूलप्रवृत्तिको प्रभाव रहेको स्पष्ट हुन्छ । जीवन मूलप्रवृत्तिले भूमिका खेलेको अवस्थामा मानिस आदर्श बन्ने प्रयत्न गरेको हुन्छ । राजकुमारमा मृत्यु मूलप्रवृत्ति भन्दा पनि जीवन मूलप्रवृत्ति सतहमा देखा परेको छ । जसले मृत्यु मूलप्रवृत्तिलाई दबाएर माथि आउन दिएको छैन । त्यसैले उनको मनमा रिस राग भन्दा पनि माया र सद्भाव बढी रहेको कुरालाई प्रस्ट पारेको छ । राजकुमारले घरपरिवार साथीभाई जसले भने पनि सहज रूपमा स्वीकार गर्नु नै जीवन मूलप्रवृत्तितर्फ उन्मुख रहेको मानिन्छ । जीवन मूल प्रवृत्तिकै प्रभावका कारण उनी आफ्ना साथीहरूसँग जङ्गलमा सिकार खेल्न जानु, सैन्य साथीहरूलाई पनि लैजानु, सैनिकहरू जङ्गलमा हिँड्दा थाक्नु, राजकुमार भने नथाक्नु, मृगको सिकार गर्ने रहरले एक्लै भन्दै जङ्गलमा हिँड्नु, हिँड्दा हिँड्दै बगैचामा पुग्नु, बगैचा निकै मनमोहक लाग्नु, यति राम्रो बगैचा कसले बनायो भन्ने कुरा अन्तरमनमा खेल्नु, बुझ्न चाहानले बगैचाको ढोका खोल्नु जस्ता कार्यले राजकुमारको जीवनमा जीवन मूलप्रवृत्तिले भूमिका खेलेको कुरालाई तल प्रस्तुत गरिएको छ :

> राजकुमार सिकार खेल्नको निमित्त जङ्गलमा जाँदै थिए । केही सैन्य गणहरू पनि साथीहरू पनि थिए । साथीहरूलाई साथमा लिएर सिकार खेल्न जब जङ्गलमा गइरहेका थिए । जङ्गलमा जाँदा सैनिकहरू धेरै थाकेछन् अनि राजकुमारसँग भनेछन् । राजकुमार ! हामीलाई त थकाई लाग्यो ...। राजकुमारले हुन्छ भनेर आफ्नो हिसाबले धनुको काँचो काँधसम्मन खैँचेर मृग पाए भनी मैले मार्नु पर्‍यो बाटोमा कहीँ भेट्टिएला की भन्दै हेर्दै हेर्दै राजकुमार हिँडे । जब राजकुमार बाटोमा जाँदै थिए । जाँदा त यति राम्रो बगैचामा पुगेछन् । त्यो बगैचामा धेरै किसिमका फूलहरू थिए ...। चराचुरुङ्गीहरू चिरबिर गरिरहेका थिए । जब राजकुमारद्वारमा पुगेछन् बगैचा देखेर अचम्म परेछन् । ओहो ! यो मेरो राज्यको भित्र यति राम्रो बगैचा, यति राम्रो उद्यान कल्ले बनाएको होला एकपटक हेर्न पर्यो भनेर राजकुमारले ढोका खोलेछन् ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजकुमार सैन्य गण र साथीहरूसँग सिकार खेल्न जाँदै गर्दा उनको मनभित्रका चाहना पनि बढ्दै जान्छन् । उत्साह र उमङ्गले भरिपूर्ण उनको मनमा अझै पर जान पाए हुन्थ्यो के रहेछ ? कस्तो रहेछ भन्ने कौतुहलता जाग्छ जसका कारण राजकुमारमा न थकाई लाग्छ न भोक नै सँगै जङ्गलमा सिकार खेल्न गएका साथीहरू थाकेर यतै आराम गर्छौं भन्दा पनि राजकुमार न थाकेका छन् न कुनै जङ्गली जनावरसँग डर मानेका छन् चराचुरुङ्गीका चिरबिर आवाजले झन् एक्लै जङ्गलमा निर्धक्क भएर

हिँडेका छन् र जस्तो परिस्थिति आए पनि हार मान्ने छैन भन्ने अठोटका साथ अघि बढ्ने प्रण गरेका छन् । बाटो हिड्दै जाँदा एउटा बगैचामा पुग्नु, बगैचाले राजकुमारको मन लोभ्याउनु, यति सुन्दर बगैचाको निर्माण कसले गऱ्यो होला भनेर मनभित्रको कौतुहलता मेट्न बगैचाको ढोका खोल्नुले राजकुमारको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव परेका कारण मनभित्रका भावना झन प्रबल बनेर आएकाले सुन्दर बगैचाको निर्माण कसले गऱ्यो होला भनेर जान्नका लागि आफै बगैचाको ढोका खोल्न पुग्छन् । कथासँगै राजकुमारमा मृत्यु मूलप्रवृत्ति भन्दा पनि जीवन मूलप्रवृत्ति सतहमा भएको कारण न कुनै डर न कुनै चिन्ता निडर भएर अगाडि बढेको प्रसङ्ग माथि प्रस्ट पारिएको छ । राजकुमारमा जीवन मूलप्रवृत्तिको प्रभाव परेका कारण मनका चाहनाले गद्गद् भएपछि निर्धक्क ढोका खोल्नु, ढोका खोलेपछि असाध्यै राम्री सुन्दरी देख्नु, सुन्दरी देखेपछि राजकुमारले प्रश्न गर्नु, बगैचा कसको हो भनेर सोध्नु, राजकुमारीको रूपमा मोहित हुनु, राजकुमारीसँग भलाकुसारी गर्नु, भलाकुसारी गर्ने क्रममा मनमा कामशक्तिको जन्म हुनु, इदमका चाहनाले मनोजगतमा हलचल मच्चाउनु, अन्तर्द्वन्द्वकै अवस्थामा राजकुमारलाई मनमनै राजकुमारी मन पर्नु, विवाह गर्न पाए हुन्थ्यो भन्ने लाग्नु जस्ता घटनाक्रमले राजकुमार जीवन मूलप्रवृत्तिको पथमा अग्रस्थानमा छन् भन्ने प्रसङ्गलाई तलको लोककथांशामा प्रस्तुत गरिएको छ :

> हैन यो फूलबारीको रखवार कल्ले गरेको होला हेर्न पो पर्यो भनेर भित्र गएछन् । भित्र हेर्दै हेर्दै जाँदा त असाध्यै राम्री सुन्दरी रैछन् अरे । सुन्दरीलाई देखेपछि राजकुमारले प्रश्न गरे ए ! सुन्दरी यो बगैचा कसको हो ? ... त्यसपछि राजकुमार र राजकुमारीले कुरा गर्न लागे । राजकुमारले पनि भित्रभित्र राजकुमारीलाई मन पराए । राजकुमारलाई पनि यत्रो राम्रो बगैचाको मालिक यिनैसँग विवाह गर्न पाउ हुन्थियो भन्ने लागेछ ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

लोककथामा बगैँचाभित्र पसेपछि मनमोहक बनेका राजकुमार झन् सुन्दरी देखेपछि कामुक बन्छन् । सुन्दरतामा रमाउनु र सुन्दरी देखेर काम भावनाको जन्म हुनु, आकर्षण बढ्नु, अर्काको रूपप्रति आसक्ति हुनु पनि जीवन मूलप्रवृत्तिको प्रभाव हो । फ्रायडका अनुसार जो कोहीमा पनि कामवासनाले राज गर्नु या मनमा अन्तरङ्ग कुरा खेल्नु भनेको जीवन मूलप्रवृत्तिको विशेषता हो । एकअर्का बिच मनमा लागेका कुरा साटासाट गर्नु उसैसँग विवाह गर्न पाए हुने भन्ने मनोभावनाको जन्म हुनु पनि जीवन मूलप्रवृत्ति अन्तर्गत पर्दछ जुन प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजकुमारीको रूप र यौवनमा डुबेका राजकुमारले राजकुमारीलाई विहे गरेर सुखी जीवन बिताउने परिकल्पना गर्दै थिए एकाएक आफ्ना बुवा आउनुभयो भन्दै राजकुमारीले राजकुमारलाई शौचालयमा धकेलिदिनुले उनको जीवन मूलप्रवृत्ति डग्ममगाएर मृत्यु मूलप्रवृत्तिको प्रवेश हुनपुग्छ । जुन प्रसङ्ग तल प्रस्तुत गरिएको छ :

> राजकुमार र राजकुमारीको कुरा हुँदै गर्दा राजकुमारीका पिता राजा द्वारबाट पसेछन् । गेटबाट राजा आउनसाथ राजकुमारी आत्तिइन् । ल राजकुमार बर्बाद

भयो मेरो बाले मार्नुहुन्छ भनेर डराइन् । त्यही नजिकै शौचालय थियो । राजकुमारीले राजकुमारलाई शौचालयमा धकेलिदिइन् । ... तेस्रो दिन राजकुमारीले पिताजी ! आज म बगैचा कुर्न जान्छु भनेर गइन् ... । ... चुक्कुल खोल्दा त राजकुमार त अत्यन्त लहसियका पहेँलै भाका खानपिन छैन त्यो दुर्गन्धित ठाउँमा उनको अवस्था निकै नाजुक भएको रैछ ... एकपटक राम्रोको पछि लाग्दा म तीन दिन शौचालयमा थुनिन पऱ्यो भने अझ राम्रा राम्रा फलको पछाडि लागे भने वर्षौं जेलमा जान्छु होला भनेछन् । हो यसरी मायाको पछि लाग्यो भने रूपको पछि लाग्यो भने दुःख पाइन्छ भनेर राजकुमार त्यहाँबाट भागेछन् ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजकुमारको मनमा उत्साहित भावनाहरूमा जीवन मूलप्रवृत्तिमा परेको प्रभावका कारण एक्कासी असर पर्नु, राजकुमार अकस्मात शौचालयमा धकेलिनु, राजकुमारी तीन दिनसम्म चुकुल खोल्न नजानु, राजकुमारलाई थुनेको बिर्सनु, राजकुमारलाई राजकुमारी आएर चुकुल खोलिदिनी आस हराउनु, शौचालयमा व्याकुल भएर छटपटिनु, आफूलाई ठूलो दशा लागेको महसुस गर्नु, खान नपाएर पहेँलो हुनु, भोकले रुनु, चुकुल खुल्ने आस मरेर लहसिनु, शौचालयको दुर्गन्धले अवस्था नाजुक हुनु, बाहिर निस्केपछि राजकुमारीका कुराको वास्ता नगर्नु, इदमका चाहनाले मायामा फस्न नहुने रहेछ भन्ने मनमा लाग्नु, राजकुमारीले मानेको पश्चातापको ख्याल नगर्नु र आफ्नो माया मोह त्यागेर ज्यान जोगाउन त्यहाँबाट भाग्नु जस्ता कार्यले राजकुमारमा जीवित जीवन मूलप्रवृत्ति हराएर जानुका साथै मृत्यु मूलप्रवृत्ति हावी हुँदै उनको जीवन मूलप्रवृत्तिलाई दबाएर मृत्यु मूलप्रवृत्तिले माथि आउनबाट रोक लगाएको कुरा प्रस्ट पारिएको छ । निष्कर्षतः लोककथामा उपस्थित पात्र राजकुमारका क्रियाकलापद्वारा घटेका घटनाहरूलाई केलाउदा उनको जीवनमा जीवन मूल प्रवृत्तिको प्रभाव र मृत्यु मूलप्रवृत्तिको प्रभाव बराबर परेको देखियो । कथाको सुरुदेखि मध्य भागसम्म राजकुमार जीवन मूलप्रवृत्तिले प्रभावित थिए भने मध्य भागदेखि कथाको अन्त्यसम्म आइपुग्दा राजकुमारको जीवन मूलप्रवृत्ति हराएर मृत्यु मूलप्रवृत्तिले निर्देशित गरेको कुरा राजकुमारमा आएको डर, त्रास, एकोहोरो पन, वेवास्ता जस्ता राजकुमारले देखाएका क्रियाकलाप अनुसार राजकुमारमा उत्पन्न जीवन मूलप्रवृत्तिको आवेगलाई मृत्यु मूलप्रवृत्तिको प्रभावले निस्तेज गरिदिनासाथ उनिभित्रको जीवन मूलप्रवृत्ति डगमगाएर जान्छ र कथाको अन्त्यतिर आइपुग्दा राजकुमारलाई मृत्यु मूलप्रवृत्तिले हस्तक्षेप गर्दागर्दै दुःखतर्फ डोर्याएको स्पष्ट हुन्छ ।

'दशवचने' लोककथामा प्रमुख भूमिकामा रहेका पुरुष पात्र बाबु सङ्घर्षशील पात्रको रूपमा देखा परेका छन् । कथाको सुरुमा नै उसको श्रीमतीको मृत्यु भएको र सानी छोरीलाई पालेर बसेको प्रसङ्गले कथाको सुरुवात बाबुछोरीबाट भएको छ । जवान अवस्थामा नै आफ्नी श्रीमतीको मृत्यु हुँदापनि छोरीसँग दुःख सुख साटेर खुशीसाथ जिन्दगी

बिताउनु, छोरीलाई असाध्यै माया गर्नु, छोरीले जे भने पनि मान्नु, छोरीलाई कहिल्यै काम नलगाउनु, आफ्नो भन्दा पनि छोरीको चिन्ता गर्नुले बाबु पात्रमा जीवन मूलप्रवृत्तिको प्रभाव हावी रहेको बुझ्न सकिन्छ । फ्रायडका अनुसार एउटै पात्रले कहिले जीवन मूलप्रवृत्तिको भूमिका निर्वाह गरेको हुन्छ भने कहिले मृत्यु मूलप्रवृत्तिको प्रभावमा बाँचेको हुन्छ । उसको मनमा विगतका कुराले गाँठो परेको भए तापनि सामाजिकता र नैतिकताको बोधले परिवेष्ठित गरेको छ । त्यसैले ऊ आफ्नी श्रीमतीको मृत्यु भए तापनि आफ्नो जीवनप्रति निराशावादी नहुने, सानी छोरीलाई नै आफ्नो जीवनको साहारा मानेर छोरीका हरेक इच्छा आकांक्षा पूरा गरिदिनाले आफूलाई खुशी प्राप्त भएको ठान्ने, आफ्नो जीवनप्रति कत्ति पनि विचलित नहुनाले पनि उसमा जीवन मूलप्रवृत्तिको प्रभाव पाइन्छ । उक्त कुरालाई तल प्रस्तुत गरिएको छ :

> ... छोरी सानै हुँदा आमा बितेकीले बाबुले नै छोरीलाई धेरै माया गरेर हुर्काएको थियो । त्यसैले छोरी सारै पुल्पुलिएकी र मातेकी थिई । घरको काम छोरीले गर्न सक्ने हुँदा पनि बाबुले अराउँथेनन् । बाबुले जे भन्यो त्यही गराएर पालेको भएर छोरी मातेर बोल्दा पनि झर्किनी र रिसाउनी गर्थी ('दशवचने' परिशिष्ट क) ।

माथिको लोककथांशमा बाबुले सानैदेखि टुहुरी छोरी भनेर धेरै माया गरेर पुल्पुल्याएर पालेको हुँदा छोरी अलि मात्तिएकी थिई । उसले आफ्नी छोरीको बोल्ने ढङ्ग नभएको ठान्नु, बोल्दा पनि रिसाउनु, झर्किनु, कसैसँग डर नमान्नु जस्ता छोरीको बानीबाट भने कहिलेकाहीं निराशाको भावना पनि व्यक्त गर्थे । यहाँ उसमा छाएको निराशालाई जित्न जीवन मूलप्रवृत्तिले प्रयास गरेको हुनाले छोरीको व्यवहारले बाबु विचलित बनेको छैन जुन प्रसङ्ग माथि प्रस्ट छ । बाबुको मनमा बिस्तारै जीवन मूलप्रवृत्तिले प्रभाव जमाउन खोजेको छ तर सफल हुन सकेको छैन, जसले गर्दा कुण्ठा कुण्ठामै सीमित हुन गई चिन्ता नै हावी भएको छ । त्यसैले उसको मनमा छोरीलाई कस्तो संस्कारमा हुर्केकी, केही नजानेकी, एकपाली बोलाउँदा नबोल्ने बोलीहाले पनि दश वचन फर्काउने, विवाहको कुरा गर्दा बाबुलाई दस वचन लगाउने, छोरीको भनेको नमान्ने बानी व्यहोरा देखेर बाबु चिन्तित बनेका थिए । इष्टमित्रले छोरीको विवाह कहिले गर्ने भनेर कुरा गर्दा झन उनको मन अन्तर्द्वन्द्वले ग्रसित बनेको थियो । उसमा रहेको जीवन मूलप्रवृत्तिले प्रमुख भूमिका खेल्दाखेल्दै पनि मृत्यु मूलप्रवृत्तिले हस्तक्षेप गर्दै पिर चिन्तातर्फ धकेल्छ । लोककथामा उपस्थित बाबुमा परेको पिर र चिन्ताले उसको जीवन मूलप्रवृत्तिलाई मृत्यु मूलप्रवृत्तिले जित्दै जान्छ र फलस्वरूप मृत्यु मूलप्रवृत्तिले प्रभुत्व जमाउछ । लोककथामा रहेको उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> एकपाली बोलाएर कहिल्यै नबोल्ने दशपाली बोलाउनु पर्ने बोल्दा पनि दश वचन फर्काउने कसैसँग नडराउने थिई । दिन बित्दै जाँदा छोरीको बिहा गर्ने बेला भयो । बाबु छोरीको बानी व्यवहारले चिन्तित भएर मैले संस्कार दिन सकिन कि ? छोरीलाई नभनेको मान्छे न बोलाएर बोल्छे, कि बोल्दै बोल्दिन बोली भने दस वचन

> फर्काउँछे भनेर पिर मान्थ्यो अरे । इष्टमित्रले छोरीको बिहा गर्ने होइन भन्दै केटा देखाउँछन् । छोरीको न बोली राम्रो, न बानी राम्रो, बाबुलाई सारै पिर परेको थियो । बिहाको कुरा गर्दा छोरीले दशवटा वचन लाउथी केरे ('दशवचने' परिशिष्ट क) ।

लोककथांशमा समय बित्दै जाने क्रममा छोरी पनि ठुली हुँदै थिई । बाबुका मनमा भने मानसिक द्वन्द्वको अवस्था देखा पर्छ । मानसिक कुण्ठाले उसलाई नैराश्यतिर डोऱ्याए पनि उसलाई त समाजमा जिउनु छ । त्यसैले मृत्यु मूलप्रवृत्तिलाई जीवन मूलप्रवृत्तिले जित्न सङ्घर्षरत छ । त्यसैले उसले आफ्नो मनको गाँठो फुकाउन चाहेको छ । उसले छोरीलाई बानी व्यहोरा सुधार्नु पर्छ अब त ठुली पनि भयौ भनेर सम्झाउन चाहान्छ । मन भित्रका कुण्ठा खोलेर स्वतन्त्र हुन चाहनु पनि जीवन जिउन चाहने अभिलाशा हो । तरपनि छोरीको बानी व्यहोराले अत्यन्त ग्रसित बाबुका मनमा अनगिन्ति कुराहरूको द्वन्द्व चलेको हुन्छ । आफूले माया गरेर हुर्काएकी छोरीलाई मैले सस्कार दिन जानिन कि भन्ने मानसिक कुण्ठा र एषणाले उसको मन चिन्तित भएको हुँदा माथिको लोककथांशले बाबुमा परेको मुत्यु मूलप्रवृत्तिले प्रभावले प्रस्ट पारेको छ । आमा नभएकी छोरीलाई माया गरेर राखेको उसले छोरीको बानी राम्रो हुन के गर्ने भनेर चिन्तित हुनु पनि स्वाभाविक हो । यस्तै कुराले उसको मनमा चिन्ताले डेरा जमाउन सुरु गरेको थियो । एकदिन अचानक बटुवाले बास माग्नु, को हुनुहुन्छ ? कहाँ जाने ? कहाँबाट आएको ? भनेर धेरै प्रश्न गर्नु, बटुवाको कुरा सुनेपछि बास दिम कि नदिम भनेर मनमनै सोच्नु, बटुवा भलादमी लाग्नु, यतिको मान्छेलाई बास दिन हुन्छ भनेर मनले मनलाई भनेपछि बास दिनु, खाना खाएपछि बटुवासँग दुःख सुखका कुरा गर्नुले उसभित्र भएको जीवन जिउने चाहाले जित्छ र उसलाई मानसिक कुण्ठा फुकाउन र स्वच्छ रूपमा जिउन प्रेरित गर्छ । बटुवाले पनि आफू विदेशबाट आएको भने जस्तो केटी पाए विवाह गर्ने भन्ने विचार सुनाउँछ, बटुवाको कुरा सुनेपछि आफ्नी छोरीको बानी व्यहोरा सबै बताए पनि यस्ती छोरी हजुरलाई दिएर दुःख दिन्न जे जति दुःख भोग्नु छ मैले नै भोग्छु भन्दा भन्दै पनि बटुवाको मलाई दिनुस म विवाह गर्छु भन्ने वाणीले उसमा रहेको मृत्यु मूलप्रवृत्तिको प्रभाव एकाएक जीवन मूलप्रवृत्तिमा परिणत हुनुको साथै मनको तापलाई खोलेको प्रसङ्ग तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> एकदिन बाटो हिँड्ने बटुवाले ती बाबु छोरीको घरमा आएर आजको रात बास पाइन्छ कि ? भनेर हिँड्नुभाको हो ? कहाँबाट आउनुभाको हो ? भनेर सोधे छन् । त्यो बटुवाले परदेशबाट आको मेरो घर यो डाँडापारी हो भने छ ? बाबुले बटुवाको कुरा सुनेपछि मनमनै सोचे छन् । मान्छे त भलाद्मी नै छ यत्तिको मान्छेलाई बास दिन हुन्छ भन्ने लागेर हुन्छ बस्नुस् भनेछन् । राती खानपिन गरेर बटुवासँग बाबुले दुःखसुखका कुरा गरेछन् । बटुवाले परदेशबाट आए अब भने जस्तो पाए बिहा गर्न भनेको भनेछ अरे । बाबुले पनि आफ्नी छोरीको कुरा गरेछन् भनेको केही मान्दिन बोल्दा पनि झर्किन्छे काम अरायो भने दस वचन फर्काउछे मैले आमा नभएकी

> टुहुरी भनेर माया गरेर हुर्काए अहिले यस्ती भई भनेछन् । बटुवाले फेरी हेर्दा राम्री मानेको थियो केरे अनि मैले हजुरकी छोरीसिट बिहा गर्छु हजुरले मलाई तीन चिज दिन पर्छ भनेछ । ...बटुवाको कुरा सुनेपछि बटुवा राम्रै मान्छे रैछन् भन्ने लाग्छ र हुन्छ हजुरले बिहा गर्छु भन्नु हुन्छ भनि के भनम त मेरी छोरीको बानी थाहा पाउनुभयो केरे भनेर हुन्छ भनेछन् ('दशवचने' परिशिष्ट क) ।

प्रस्तुत लोककथामा बटुवासँग सबै कुराको सोधपुछ गरेपछि यत्तिको मान्छेलाई बास दिन मिल्छ भन्ने निर्णय गरेर बास दिनु, खाना खाएपछि दुवै जनाले दुःख सुखका कुरा गर्नु एकअर्काका कुरामा दुबै सहमत भएर बटुवालाई छोरीसहित तीन चिज दिने सर्त मान्न तयार हुनुमा बुढामा रहेको मुत्यु मूलप्रवृत्तिको प्रभावलाई जीवन मूलप्रवृत्तिले जित्न सफल भएको कुरालाई प्रस्ट पारिएको छ । निष्कर्षतः लोककथामा उपस्थित बाबु पात्रमा आफ्नी छोरीका बानी व्यहोरा र क्रियाकलापले घटेका घटनाहरूको मनन् गर्दा उसको जीवन मृत्यु मूलप्रवृत्तिमा केन्दित हुनु भन्दा जीवन मूलप्रवृत्तितर्फ उन्मुख देखियो । कथाको सुरुमा जीवन मूलप्रवृत्तिले प्रभावित बाबु छोरीको बानी व्यहोराले मनमा चिन्ता उत्पन्न हुनाले मध्य भागमा आइपुग्दा भने मृत्यु मूलप्रवृत्तिमा प्रवेश गरेका थिए । बटुवाको आगमनसँगै उनी कुण्ठा खोलेर स्वतन्त्र हुन चाहनु उनको लागि मुत्यु मूलप्रवृत्तिको आवेगलाई निस्तेज गरिदिने हतियार बनेकाले उनीभित्रको मुत्यु मूलप्रवृत्ति लाई जीवन मूलप्रवृत्तिले हस्तक्षेप गर्दागर्दै जीवन मूलप्रवृत्तिको विजय हुन्छ र बुढाको मनमा रहेको चिन्ता हराएर जान्छ । बटुवासँग विवाह गरेर पठाएकी छोरी धेरै समयपछि माइतीमा फर्केर आउँदा आउनासाथ बाबुलाई हात जोडेर नमस्कार गर्नु, काम गर्न घरभित्र पस्नु, खाना बनाउनु, आफ्ना बाबु र श्रीमानलाई खाना दिनु जस्ता काम गरेर सस्कारी बनेकोले कथाको अन्त्यमा पनि बाबु जीवन मूलप्रवृत्तितर्फ उन्मुख रहेको स्पष्ट हुन्छ ।

## ३.५ निष्कर्ष

दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा सामाजिक, पारिवारिक, धार्मिक, परम्परित, ऐतिहासिक विषयवस्तु समाहित भएको पाइन्छ । यी लोककथामा समाविष्ट विभिन्न विषयवस्तुका माध्यमबाट हर्ष र खुसी, विरहका भावना, मातृत्व प्राप्तिका चाहना, पितृत्व प्राप्त गर्ने रहर, चिन्ता, आफ्ना मनका चिन्तित र हर्षित अभिव्यक्ति, ईर्ष्या, डाह जस्ता चेतना मुखरित भएको पाइन्छ । यहाँ प्रचलित सामाजिक विषयमा आधारित लोककथामा छोराछोरी भएनन् भने समाजले के भन्ला, समाजको अगाडि कसरी मुख देखाउने होला, समाजको अगाडि संस्कार सिकाउनु पर्ने भन्ने चिन्ता, सन्तान जन्माउनकै लागि बहुविवाह जस्ता विषयवस्तु सामाजिक लोककथामा आएको छ । पारिवारिक विषयमा सौतेनी आमाले आफ्ना र सौताका छोराछोरीलाई गर्ने भेदभाव, श्रीमानले सौता लाई गरेको मायाको ईर्ष्या, दिदीले राजदरबारमा सुख काटेको देख्दा लागेको डाह, आफ्नो मृत्यु भएमा आफ्नो छोराछोरीको बिचल्ली हुने चिन्ता जस्ता घटना पारिवारिक विषयवस्तु समेटिएका

लोककथामा आएका छन् । धर्ममा विश्वास गरेर व्रत बस्ने, पुराण गर्ने, वरपिपलको पचिष्ठा (पूजा) गर्ने जस्ता काम गरेमा आफूले चिताएको पुग्ने धार्मिक विश्वासका सङ्केत पनि लोककथामा रहेको पाइन्छ । छोरी जन्मेपछि हाम्रो साहारा ठानेर राख्नु हुँदैन विवाह गरेर पठाउनुपर्छ भन्ने परम्परा धान्नलाई गरिएका सङ्केतको प्रस्तुति पनि लोककथामा पाइन्छ । त्यसै गरी पहिलेका समयमा छोराछोरीको जन्म नभएर एक, दुई, तीन गर्दै पाँचवटा बिहे गर्ने इतिहासको परम्परा पनि लोककथामा विषयवस्तु बनेर आएको छ । मानिसमा रहने जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिसँगै उसको मानसिकतामा उत्पन्न सकारात्मक र नकारात्मक अनुभूति र व्यवहारलाई कथाले प्रस्तुत गरेका छन् । मानिसका मनमा कहिले आनन्द प्राप्ति हुन्छ भने कहिले मनमा रहेका पीडा, भय, त्रासले गर्दा मृत्युबोध गराउने अवस्था आएका कथा पनि यस परिच्छेदमा देखिएको छ । पात्रका मनोदशामा जन्मने दुई प्रवृत्तिलाई दक्षिणी क्षेत्रका कथाले प्रस्तुत गरेका छन् ।

# चौथो परिच्छेद

# स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनको अवस्था

## ४.१ विषयपरिचय

स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको मनोविश्लेषणात्मक अध्ययन गर्ने क्रममा यस परिच्छेदमा लोककथामा भएका पात्रहरूको मन कस्तो छ चेतन छ कि अचेतनको अवस्थाबाट परिचालित भएको छ भन्ने कुरालाई पहिल्याउने काम गरिएको छ । यहाँ प्रथमतः चेतन मन, अचेतन मन र अवचेतनको सैद्धान्तिक चिनारी गरिसकेपछि दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा प्रयुक्त पात्रका चेतन र अचेतन मनको पहिचान गर्ने काम गरिएको छ । दक्षिणी क्षेत्रमा प्रचलित विभिन्न कथाहरूमध्ये यस परिच्छेदमा प्रतिनिधिमूलक कथाको छनौट गरी विश्लेषण गर्ने काम गरिएको छ ।

## ४.२ मनको आकारात्मक पक्ष चेतन, अवचेतन र अचेतन

मनको सिद्धान्तलाई व्यक्तित्वको सिद्धान्त पनि भनिन्छ । फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त व्यक्तिको अध्ययन, अन्वेषण र विश्लेषण गर्ने विज्ञानका रूपमा प्रसिद्ध छ । फ्रायडले मनलाई अन्तरात्मा वा 'स्व' को अर्थमा लिई व्यक्तित्वको मूल मानेका छन् । उनका अनुसार प्रत्येक व्यक्तित्वको मूल उसको अन्तरात्मा हो, जसबाट व्यक्तित्वको विकास सङ्गठित रूपमा हुन्छ तथा वातावरणका विभिन्न परिस्थितिहरूमा अनुकूल समायोजन गर्ने क्षमताको विकास हुन्छ (घर्ती, २०६७, पृ. १५) । मनोविश्लेषणवादी सिद्धान्तमा मनको संरचनाको स्वरूप अत्यधिक सारगर्भित, विस्तृत एवं अगाध देखिन्छ । यो सिद्धान्तअन्तर्गत व्यक्तित्वको उत्पत्तिलाई उसको व्यापक आधारमा द्वन्द्वात्मक, आकारात्मक तथा गत्यात्मक रूपले प्रस्तुत गरिएको छ । जसले गर्दा सैद्धान्तिक आधारमा मनोविश्लेषणवादी सिद्धान्तमा व्यक्तित्वको संरचनाकाप्रति केबल तार्किक र वैज्ञानिक आकर्षण मात्र नभई व्यावहारिक स्तरमा पनि यो सिद्धान्त अनि बोधगम्य तथा लोकप्रिय देखिन्छ (भण्डारी, २०५६, पृ. ३२) । मनोविश्लेषणात्मक अध्ययनमा मनको सिद्धान्त एक महत्त्वपूर्ण चिन्तन हो । फ्रायडले सम्पूर्ण शरीरको प्रक्रियालाई नै मन भनेका छन् । यो प्रक्रिया मानव शरीरको चिन्तन, कल्पना, स्मरण, सिकाइ आदिका रूपमा प्रकट हुन्छ । उनले मनलाई व्यक्तिको मूलका रूपमा स्वीकारेका छन् (शर्मा र लुइटेल, २०६३, पृ. १७२) । फ्रायडका अनुसार मनको आकारात्मक पक्षले चाहिँ उपर्युक्त सङ्घर्ष वा द्वन्द्व घटित हुने स्थललाई बुझाउँछ । उनले उनले गत्यात्मक पक्षका इड, अहम् र पराहम्का बीच हुने सङ्घर्षको कार्यथलो आकारात्मक पक्षका चेतन, अवचेतन र अचेतनलाई मानेका छन् (शर्मा र लुइटेल, २०६३, पृ. १७२) । फ्रायडले मनका आकारात्मक पक्षको विभाजन निम्नलिखित तीन खण्ड वा तहमा गरेका छन् ।

चेतन मनको त्यो खण्ड हो जो तात्कालिक ज्ञानसँग सम्बन्धित हुन्छ । चेतनको सम्बन्ध वर्तमानसँग हुन्छ । यो मनको त्यो स्तर हो जहाँबाट हामी अतीतका अनुभव, नाम, तिथि, परिस्थिति, घटना आदि स्मरणमा ल्याउँछौँ (घर्ती, २०६७, पृ. १९) । फ्रायडले चेतनलाई मनको सबैभन्दा सानो खण्ड मानेका छन् । यो मनको दस भागको एक भाग बराबर हुन्छ । चेतनको सम्बन्ध अहम्सँग हुने हुँदा अहम्का शक्तिहरू यसैमा अवस्थित हुन्छन् । चेतनले प्राप्त गरेको दैनन्दिन अनुभव अवचेतन र अचेतनमा स्मृतिका रूपमा सुरक्षित रहन्छन् । चेतन अतीत (अवचेतन, अचेतन) लाई स्मृति (वर्तमान, चेतन) मा ल्याउने तह हो (शर्मा र लुइटेल, २०६३, पृ. १७२) । मानिसको मनको चेतन तह त्यो खण्ड हो जुन तत्कालीन ज्ञानसँग सम्बन्धित हुन्छ । यो चेतन मन बुझिने र स्पष्ट हुन्छ । यो सामाजिक संस्कारबाट प्रेरित र निर्देशित हुन्छ । यो जाग्रत मानसिक स्थिति हो । हिमशैलको थोरै भाग पानीबाट बाहिर रहे झैँ जीवनमा चेतन मनको भूमिका पनि अत्यन्त थोरै हुन्छ । फ्रायडले चेतन मनले मनका १/१० हिस्सा मात्र समेट्ने विचार व्यक्त गरेका छन् । चेतन मनको भाग सानो भएजस्तै चेतन मनको अवधि पनि अत्यन्त छोटो हुन्छ । चेतन मन केही समयलाई देखिन्छ अनि लुकेर रहन्छ तर चाहिएको बेला सजिलै पत्ता लगाउन सकिन्छ । चेतन मनका क्रियाहरू र त्यसका विषयवस्तुहरूको जानकारी हामीलाई रहन्छ । हामी जान्दछौँ कि हाम्रो चेतन (ज्ञात) मनले कहिले के गर्दछ ? के चाहन्छ ? र उसको कल्पना एवं विचारतरङ्ग कस्तो छ ? विषयवस्तु कस्तो छ ? भनेर हामीले बोध गर्न सक्छौँ (भण्डारी, २०५६, पृ. ३२) । यो पानीमाथि तैरिरहने हिमशैलको माथिल्लो भाग झैँ मनको माथिल्लो भाग हो जसको सम्पर्क बाह्य वातावरणसँग हुन्छ र जसप्रति हामी तात्कालिक रूपमा जागरुक हुन्छौँ ।

फ्रायडले यसको सम्बन्ध तत्कालीन ज्ञानसँग हुने बताएका छन् । मनको यो स्तरले नै वर्तमानमा देखेका सारा ज्ञानलाई ग्रहण गर्छ र आवश्यकता पर्दा अचेतन मनमा लगेर थुपारिदिन्छ । यसले पहिलो राखेका त्यस्ता कुराहरूलाई पक्रन प्रयास पनि गर्छ । चेतन मन समाजसापेक्ष हुने र आदर्शको खोजीमा लाग्ने हुँदा अचेतनमा भएका अप्रिय, अमर्यादित र अनैतिक मानिने भावहरूलाई यसले बाहिर निस्कन रोक लगाइरहेको हुन्छ । चेतन मन हाम्रो वर्तमानसँग आबद्ध रहन्छ यसले मानिसलाई समाजको नीति नियम मान्नुपर्छ भन्ने हुँदा यो मन बाह्य जगत्को वास्तविकतासँग सम्बन्धित रहेको हुन्छ ।

अवचेतन (पूर्वचेतन्अग्रचेतन) लाई चेतन र अचेतनको मध्यवर्ती भाग मानिएको छ । यसलाई स्मृति र इच्छाको भण्डारका रूपमा लिइन्छ । यस भण्डारमा रहेका स्मृति र इच्छाहरूलाई व्यक्तिले तत्काल चेतनमा फर्काएर पुनः स्मरण गर्न सक्छ (शर्मा र लुइटेल, २०६३, पृ. १७२) । अवचेतन मन फ्रायडको आकारात्मक पक्षको दोस्रो खण्ड हो । यस मनमा केही समय अगाडि घटेका घटनाहरू रहेका हुन्छन् जुन घटना केही परिश्रम गऱ्यो भने स्मण गर्न सकिन्छ । यो मनको त्यो भाग हो जसमा त्यस्ता इच्छा एवं विचारहरू रहन्छन् जसको तात्कालिक प्रत्यावाहन गर्न सकिन्छ अर्थात् यसमा चेतन झैँ तात्कालिक

ज्ञान व्यक्तिलाई नभए पनि साधारण अन्तर्निरीक्षणद्वारा त्यो कुराको पुनः स्मरण हुन जान्छ । कुनै पनि कुराको स्मरण गर्न तुरुन्तै सकिएन र केही समयपछि दिमागमा आयो भने त्यो अवचेतन मनमा रहेको मान्नुपर्छ । अवचेतन मनमा थन्किएका कुराहरूलाई चेतन मनमा ल्याउनको लागि थोरै परिश्रम गर्नुपर्छ ।

यो मनको सबैभन्दा ठूलो भाग हो । यस भागमा सबै बिर्सिएका स्मृति वा इच्छाहरू सञ्चित हुन्छन् । यस भागमा रहेका इच्छा वा स्मृतिलाई व्यक्तिले स्वेच्छाले पुनः स्मरण गर्न सक्दैन, ती कि त स्वयं प्रकट हुन्छन् कि सम्मोहन आदिको प्रयोगबाट व्यक्त हुन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. १७२) । चेतन अवस्थामा नरहेकोलाई अचेतन भनिन्छ । अचेतन शब्दको अर्थ निद्रावस्था, कुनै वस्तुप्रतिको अज्ञानता, निर्दोषता वा सम्मूर्च्छाको अवस्था हो भने मनोविज्ञानमा यसको अर्थ व्यक्तिको असावधानीको अवस्था मानिएको छ ।

अचेतन शब्दको प्रयोग फ्रायडभन्दा अगाडि नै भए पनि यसको वैज्ञानिक व्याख्या गर्ने काम फ्रायडले नै गरेका हुन् । फ्रायडले यस शब्दलाई सर्वव्यापक बनाएका हुन् । उनले अचेतन मनलाई मानिसले स्वेच्छापूर्वक प्रत्याह्वान गर्न नसक्ने विचार र मानसिक क्रियाहरू रहने ठाउँ भनेका छन् । फ्रायडका अनुसार अचेतनको प्रभाव व्यक्तिको व्यवहारमा परेको हुन्छ । अचेतन मनका घटकहरू निष्क्रिय र व्यर्थ नभई तीव्र रूपमा सक्रिय हुन्छन् र मानिसको व्यक्तित्वमा प्रभाव पारिरहन्छन् । हिमशैलको पानीभित्रको भाग नदेखिने र भित्र रहे झैँ अचेतन मन पनि भित्री तहमा अवस्थित हुन्छ र यसलाई हामी चाहना गरेर बाहिर निकाल्न सक्तैनौँ भन्ने फ्रायडको राय छ । भित्र वा गहिराइमा अवस्थित हुने हुँदा अचेतनभित्र मूलतः चेतनामा नआउने कुराहरू पर्छन् । यो अनैतिक अन्तःप्रेरणा, भय, स्वार्थ, दमित विचार, मूर्ख व्यवहार, स्मृति, अनुभव, शिक्षा, यौनेच्छा, मनोद्वन्द्व आदिको शक्तिशाली पुञ्ज हो । हामीले अहिले सम्झन नसक्ने गरी बिर्स्यौं भनेका कुराहरू र बच्चा बेलादेखिका विभिन्न कुराहरू पनि अचेतनको भण्डारमा जम्मा हुन पुग्छन् भन्ने विचार पनि फ्रायडले प्रस्तुत गरका छन् (बराल, २०७२, पृ. १३) । फ्रायडका अनुसार मानिसले सन्तुष्टिका लागि अग्रसर सामान्य प्रेरणालाई सामाजिक चाप वा वास्तविकताका नियमले स्थगित गरेमा वा भित्रतिर दबाएमा अचेतनको जन्म हुन्छ । अचेतन अनन्त, अव्यवस्थित, शैशविक र आदिम प्रकारको हुन्छ । यस मनलाई समाजको यथार्थ, नियम वा अधिकारसँग कुनै सरोकार हुँदैन । अचेतनको अन्तर्विषय दुईवटा स्रोतबाट बनेको हुन्छ । पहिलोमा कहिल्यै चेतनमा आउन नपाएका तर चेतनमा आउन नित्य सङ्घर्षरत त्यस्ता इच्छाहरू पर्दछन् । त्यस्ता इच्छा व्यक्तिमा वंशानुगत रूपमा आएका हुन्छन् । अर्को चाहिँ पहिला चेतनमा भएका र पछि अचेतनमा दमित हुन पुगेका चाहनाहरू पर्दछन् । त्यस प्रकारका इच्छाहरू घृणित, कष्टकर र लज्जाजनक हुने भएकाले मनका भित्री तहमा दमित चेतनमा आउन निरन्तर सङ्घर्षरत रहेका हुन्छन् । स्वाभाविक रूपमा यिनीहरू चेतनामा प्रवेश नपाएपछि बोलाइका गल्ती स्वैरकल्पना, स्वप्न, अन्तर्द्वन्द्व र मानसिक लक्षणद्वारा प्रकटित हुन्छन् ।

अचेतन मनभित्र अनैतिक अन्तः प्रेरणाहरू भयहरू, स्वार्थी आवश्यकताहरू, लज्जाजनक अनुभूतिहरू, अतार्किक चाहनाहरू, अस्वीकार्य कामुक इच्छाहरू र हिंसात्मक अभिप्रेरकहरू रहन्छन् । अचेतन मनमा रहेका इच्छाहरूले मानिसको व्यवहारलाई महत्त्वपूर्ण ढङ्गले प्रभावित पारेको हुन्छ । मानिसका मनभित्र असीमित चाहनाहरू अचेतनमा दमित भएर रहेका हुन्छन् ती चाहनालाई बाहिर ल्याउनको लागि परिश्रम गर्नुपर्छ ।

## ४.३ स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनको विश्लेषण

'राजारानी' लोककथामा प्रयुक्त पात्रहरूको व्यवहार, चाहना, विचार तथा धारणाबीच खासै सङ्गति मिलेको देखिँदैन । कथाका प्रमुख पात्र राजाले विवाह गरेर ल्याएपछि कान्छी रानीलाई आफूले सोचे अनुसारको व्यवहार आफैले गर्दैनन् । राजाको चेतन मनले मैले यस्तो गर्छु भने पनि उनको अचेतन मनको सक्रियताले गर्दा अरू रानीहरूका कुरा सुन्छन् र अचेतनमा अनेक शङ्का उपशङ्काले बास गरेको हुँदा उनी अव्यवहारिक हुन थाल्छन् । कथाका पात्र राजाले सन्तानको आशले गर्दा पाँचवटासम्म विवाह गर्नुले राजाको अचेतनमा रहेको यौन अतृप्तिलाई बुझाएको छ भने ज्योतिषले दिएको "दुःख पाउनीकी छोरी विवाह गर्दा सन्तान हुन्छ" भन्ने अभिव्यक्तिलाई आत्मसात् गर्नुमा भने चेतन मनको सक्रियता पाइन्छ । उनको अचेतन मनभित्रका कुण्ठित यौन भावनाहरूले गर्दा नै पटकपटक विवाह गर्न अभिप्रेरित गरेको हो । राजा सन्तानप्रति आसक्ति भएर एकपछि अर्को विवाह गरेको प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> पहिलो बिहा गर्दा सन्तान भएन । दोस्रो बिहा गर्दा सन्तान भएन । तेस्रो बिहा गर्दा नि सन्तान भएनन् । चौथो बिहा गर्नुभएछ । चौथो बिहा गर्दा पनि सन्तान नभएर हेराउन जानुभएछ । हेराउन जाँदाखेरी ज्योतिषले "हेर्नुस राजा हजुरले लुसी, दुःख पाउनीकी छोरी केही नजान्ने, बोली मात्र फुटेकी लेहा लेहिता गर्नुस र हजुरलाई सन्तान रहन्छ" भन्नुभएछ । राजाले "हुन्छ" भनेर घर आउनुभएछ र आफैसुखी गएर दुःख पाउनीकी छोरी लुसी लेहा गरेर आउनुभएछ ('राजारानी' परिशिष्ट क) ।

लोककथांशका यी भनाइमा राजाको सन्तान प्राप्तिको लक्ष्य एकातिर छ भने अर्कोतिर अचेतन मनभित्र जागृत कामशक्तिलाई सन्तुष्ट पार्ने उद्देश्य रहेको बुझिन्छ । उनको चेतनाभित्र बुढेसकालको साहारा गाउँ समाजको अगाडि सन्तानको नामबाट चिनिने अभिलाषा जागेको हुन्छ भने अचेतन मनभित्र रहेका यौनकुण्ठित भावना सक्रिय हुनाले नै पटकपटक विवाह गर्दछन् । कान्छी रानीलाई विवाह गरेर ल्याएपछि राजाले केही दिन मात्र माया गर्नु र पछि अरू रानीका कुरा सुनेर वास्ता नगर्नु अचेतन मनको प्रेरणा हो यस प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । आफ्नो जिम्मेवारी र कर्तव्यको प्रवाह गर्न छाडेका राजाले जब अन्य रानीहरूले आफ्नो सामिप्यतामा दुरी बढ्छ की भन्ने भावनाले गरेको ईर्ष्याको भावलाई चेतन मनले स्वीकार गरेको व्यवहारले राजाको चेतनलाई निर्देशित

गरेको छ । सन्तान भोकले विक्षिप्त बनेका राजाको मनमा रानी गर्भवती भएको भएको थाहा पाएपछि जागेको माया र ख्याल चेतनका सन्देश हुन् जसका प्रभावले राजाले रानीलाई तिमीलाई व्यथा लाग्यो भने घण्ट बजाउनु म तुरुन्त आउनेछु भन्ने अभिव्यक्ति व्यक्त गर्छन् । लोककथामा रहेको उक्त प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> दश महिना लाग्दा राजाले भन्नु भएछ अब सौताहरूलाई त यसले सन्तान पाउनी भई भनेर रीस डाहा मात्रै छ । तिमीलाई महिना लाग्यो म शिखार खेल्न जान्छु । मैले मनिखावामा घण्टा राख्या छु, तिम्लाई व्यथा लायो भने यो घण्ट बजाइदिए मैले सिकार ताक्दा पनि घण्टको आवाज सुने भने म फर्केर आउँछु भनेर राजा जानुभएछ ('राजारानी' परिशिष्ट क) ।

लोककथामा राजाको चेतन मन सक्रिय भएकोले गर्भवती अवस्थामा श्रीमतीको ख्याल राख्नुपर्छ भन्ने कुरा बुझेको देखिन्छ । त्यसैले उनको सन्तानप्रतिको मोहले आफ्नो हातमा आएको सिकार पनि छाडेर आउने वाचा गर्छन् र मनभरि हर्षोल्लासका भावना लिएर जङ्गलतर्फ लाग्छन् । जङ्गलमा जानु, सिकार खोज्नु, घण्टको आवाज सुन्नासाथ आउछु भन्नु र जानु जस्ता कार्य चेतन मनबाट निर्देशित कार्य हुन् । उक्त प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । जङ्गलमा पुगेको केहीबेरमा आएको आवाज सुन्नासाथ राजा हतारिँदै घर जानुले राजाको जीवनप्रति जन्मेको मोहलाई बुझाएको छ भने घर पुगेपछि "खोइ त तिमीलाई के भयो" भन्ने आक्रोशको अभिव्यक्तिले उनको चेतनलाई अचेतनले किचेको वा दबाएको अवस्थालाई बुझाएको छ । राजाको अचेतन मनको प्रबलता बढी व्यग्रता साथ प्रस्तुत हुनाले रानीसँग झर्कन पुग्छन् । यहाँ झर्केर बोल्नु, चेतन मन निष्क्रिय भएर अचेतन मनको सक्रियता हो भन्ने बुझिन्छ । लोककथामा रहेको यस प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> राजा जङ्गलमा पुग्नु मात्र भएको थियो घण्टको आवाज आयो । राजाले ओ हो ! लुसीलाई त व्यथा पो लाग्यो कि ? के हो भने घर आउनुभएछ । राजा जाँदाखेरि त घरभित्र बढारेकी अरे । वहाँ राजाले मृग मार्न भनेर बन्दुक ताकेको बेलामा प्यात्त छोडेर आउनु भएछ र "खोइ त के भयो तिमीलाई ? कसेर लाएर बसेइछौ" भन्दा खेरि लुसीले हजुरको माया कत्तिको रैछ म माथि कत्तिको माया गर्नुभाछ मैले कसेको माया पाइछैन भनेर हजुरको विचार गरेको हो भनेर भनिछन् । त्यस्तो बोल्न नजानेकीले पनि त्यति भनिछन् । अनि राजाले अब तिमीलाई जति नै व्यथा लागे पनि म आउने छैन । मलाई यस्तो धोका दिएपछि मैले सिकार लिएर आउँथे भनेर राजा जानुभएछ ('राजारानी' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजाको चेतन मनमा रहेका अन्तरङ्ग भावनाहरूलाई रानीको व्यवहारले बिथोलिदिँदा मानसिक रूपमा असामान्य बन्नाले उनको अचेतन आक्रोशित बन्छ र अब व्यथा लागे पनि म आउने छैन भन्ने अभिव्यक्ति प्रकट हुन्छ । यस्ता

सानातिना घरायसी व्यवहारले पनि व्यक्तिको मानसपटलमा असर पारेको हुन्छ जसको प्रभाव चेतन मनमा पर्न जान्छ । कुनैपनि व्यक्तिको भित्री मनमा कसैले धोका दिएको महसुस हुनु नै उसको अचेतन प्रकट हुनु हो । लोककथामा राजाको भित्री मनमा रानीले धोका दिएको महसुस गरेर "अब तिमीलाई जति नै व्यथा लागेपनि आउने छैन" भनेर हिँडेको अचेतनको आक्रोशलाई प्रस्ट पारेको छ । समय बित्दै जान्छ रानीलाई साँच्चिकै व्यथा लाग्छ, कैयौँ दुःख कष्ट सहेर उनले छोरा र छोरीलाई जन्म दिएर आमाको दर्जा खोज्ने सङ्घर्ष गर्दैगर्दा सौताहरूको मिलेमतोबाट उनको मातृत्वमा आँच पुऱ्याउने काम हुँदा समेत राजाले चुपचाप आफ्नो भाग्यलाई धिक्कार्नु उनी अचेतनबाट सञ्चालित भएको प्रमाण मान्न सकिन्छ । राजालाई अरू रानीले बच्चाको साटो मसला पिस्ने लोहोरो र सिलौटोमा रगत लगाइदिएर "यी हजुरकी दुलहीले त ढुङ्गो र सिलौटोलाई जन्म दिएकी छन्" भनेर देखाउँदा पनि उनले कुनै प्रतिवाद नगरी आफ्नै भाग्यमा खोट लगाउनुले राजाको चेतनलाई यहाँ अचेतनले किचेको प्रस्ट हुन्छ । राजाको मनमा मान्छेले पनि कहाँ ढुङ्गो र सिलौटोलाई जन्म दिन्छन् यो रानीहरूको चाल हुन सक्छ भनेर नसोची सरासर विश्वास गरेर रानीलाई अभद्र व्यवहार गर्नुले उनको मनमा अचेतनको मनको प्रभाव परेको मान्न सकिन्छ । लोककथामा रहेको उक्त प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> ...रानीलाई व्यथा लाएछ । उचालिने र पछारिने दुनियाँ गरिछन् । सौताहरू आएछन् र हेरिरहेछन् । हेर्दा खेरी जुम्ल्याहा छोरा र छोरी पाइछन् । सौताहरूले बच्चा पासी हेर्न हुन्न मुख ढाक्न पर्छ भनेर भ्याप्प पछ्यौराले मुख ढाकिदिएछन् । दुइटी सैताहरू सुत्केरीलाई समाएर बसेछन् र दुइटीले बच्चा लगेर भुसमा पुरिदिएछन् । त्यसपछि मसला पिस्ने लोहोरो र सिलौटो ल्याएर रगत लगाइदिएर अगाडि राखिदिएछन् र समाए झैँ गरेर बसेछन् । बस्दै गर्दा राजा आउनुभएछ र हेर्दा हेर्नुस् अरूका दुलहीले त मान्छे पाउँछन् के रे हजुरकी दुलहीले त लोहोरो र सिलौटो पाइछन् ... । राजाले ओहो ! मलाई यस्तो भएर नी छोराछोरी नलेखेको भनेर राजा चखुवार बसेछन् ।... राजा चखुवार बस्ने उनलाई घोडाको लादी सोर्न पठाउनी, बारजीत पनि नगरी हेला गर्नसम्म गरेछन् ('राजारानी' परिशिष्ट क) ।

प्रस्तुत लोककथामा राजाले आफ्नो अन्तरमनमा ग्रसित भावनालाई चेतन मनको पक्षबाट ख्याल नगरी रानीले ढुङ्गालाई नै जन्म दिएको र आफ्नो भाग्यमै छोराछोरी नलेखेको भनेर स्वीकार गर्नु उनको अचेतन मनको असर हो । त्यसैगरी आफूहरूको सन्तान नभएको र सौताले सन्तान जन्माएकोमा रानीहरूले सौतेनी ईर्ष्याको भावनाले अनैतिक कार्य पो गरे कि भनेर नसोचिकनै कान्छी रानीप्रति नकारात्मक भएर प्रस्तुत भएको सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा राजाको व्यवहार कहिले चेतन मनबाट परिचालित हुन्छ त कहिले अचेतनबाट परिचालित हुन्छ । अचेतनको प्रभाव परेका कारण नै

राजाले कान्छी रानीको सरल बानी व्यहोराप्रति पनि शङ्काको भावना राखेका छन् । कुनै पनि कुरालाई स्पष्ट निर्णय गर्न नसक्ने द्वन्द्वग्रस्त मनस्थितिको निर्माण अचेतनमा रहेका अनेक कुण्ठाका कारणले हुने गर्छ । मान्छे चेतन मन हावी भएको अवस्थामा सकारात्मक कार्यप्रत्ति उन्मुख हुन्छ भने अचेतनले प्रतिनिधित्व गरेको अवस्थामा नकारात्मक व्यवहार वा कार्यमा सरिक हुन पुग्छ । राजाको मनमा कुण्ठित सन्तान प्राप्तिको चाहना अझ बढेका कारण उनले वर पिपलको पचिष्ठा (पूजा) गरेर आफूले जानेर पाप नगरेको भए पनि पाप कटाउनकै लागि धर्म गर्ने प्रतिज्ञा गरेर रानीहरूलाई फूल टिप्न पठाउनुले उनको चेतन मनको सक्रिय भूमिकालाई सङ्केत गरेको छ लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> एक बर्ष बितेपछि राजाले “मैले वर पिपललाई पचिष्ठा (पूजा) गर्छु मलाई छोराछोरी भएनन् के पाप गरेछु मैले यस्ता लोहोरो र सिलौटो पाएँ भने । राजाले रानीहरूलाई फूल टिप्न जाओ पँधेरा मास्तिर बाटामुनि बाटामाथि केवलको फूल छ त्यो फूल केवलको फूल टिपेर लिएर आओ भनेर पठाए (‘राजारानी’ परिशिष्ट क) ।

राजाको मन सन्तानको पर्खाइमा व्यथित छ त्यसैले पनि उनको मनमा अनेक कुरा सिर्जना भएका छन् । उनीभित्र जन्मिएका अतृप्त इच्छाहरू अचेतनमनबाट निर्देशित भएको मानिन्छ । उनको मनभित्रको इच्छामा र सामाजिक प्रतिष्ठामा आघात नपुऱ्याउने मनसाय भएकोले धार्मिक चिन्तनतर्फ प्रेरित छन् उक्त कुरालाई माथिको लोककथांशले प्रस्तुत गरेको छ । निष्कर्षतः यस लोककथामा रहेका पात्रहरू कहिले चेतन मनले संचालित भएर प्रतिष्ठित कार्यमा संलग्न भएका छन् भने कहिले अचेतन मनद्वारा निर्देशित कार्यमा संलग्न भएको प्रसङ्गलाई माथि प्रस्ट पारिएको छ ।

‘टुहुरी केटी’ लोककथामा रहेकी टुहुरीको चेतन मनले आमाको मायाममता खोजेको छ । ऊ यस कथाकी प्रमुख बालपात्र हो । उसकै सेरोफेरोमा घुमेर कथाले पूर्णता प्राप्त गरेको छ । लोककथामा उसको मानसिक अवस्थालाई स्पष्ट पार्नका लागि त्यसै अनुकूलका सहायक पात्रहरूको पनि प्रयोग गरिएको छ । टुहुरी केटीका अचेतन मनका इच्छाहरू र ऊ भित्र रहेका कुण्ठित भावनाहरूका कारण उत्पन्न अन्तर्द्वन्द्व नै कथाको मुख्य विषयवस्तु हुन आएको छ । टुहुरी केटी सानै हुँदा उसको आमाको निधन हुन्छ जसका कारण उसले आमाबाट पाउने मातृवात्सल्य प्रेम पाउन सकेकी छैन । त्यसैले पनि उसको अचेतन मनभित्र आमाको मातृत्व खड्केको पाउन सकिन्छ । टुहुरी सौतेनी आमाका व्यवहारबाट निकै दयनीय बनेको देखिन्छ । उसको चेतनमा मेरो आमा छैनन् भन्ने ज्ञान भए तापनि अचेतन मनभित्रका इच्छा र चाहनाले सौतेनी आमाबाट आफ्नै आमाको जस्तो माया ममताको आशा गरेकी हुन्छे । सौतेनी आमाले आफू र भाइ बहिनीलाई गरेको फरक व्यवहारलाई उसको चेतन मनले बुझेको भएर नै ऊ दुःखी बनेकी छ । आफ्ना छोराछोरीलाई र टुहुरीलाई दिने खाने कुरामा पनि भेदभाव गर्ने सौतेनी

आमाले टुहरीलाई भुसको रोटी र नुनको ढिको दिनु उनको मनमा अचेतन मनको प्रभाव रहेको बुझ्न सकिन्छ । टुहुरीका बुवा घरायसी सामान लिन बुटवल बजार जाने बेलामा निर्धक्क मनले टुहुरीलाई तिमीलाई के चाहिन्छ भनेर सोध्नु भने चेतन मनको प्रभाव हो भने टुहुरीले आफ्ना बुवालाई भाइबहिनीले जस्तो खानेकुरा ल्याउन नभनी बुढी बाख्रो ल्याउन आग्रह गर्नु चेतन मन दबाएर अचेतनलाई अस्तित्वमा ल्याउने प्रयास हो । टुहुरीले आफ्नो चेतन मनभित्र रहेका अनगिन्ती इच्छा र चाहनालाई छताछुल्ल हुन दिएकी छैन मनभित्रै गाँठो पारेर राखेकी छ । लोककथामा टुहुरीले चेतन मनभित्र रहेका बाल्यकालका अथाह रहरलाई बेवास्ता गरेरै भए पनि अचेतनको सक्रियतामा बुवालाई बुढी बाख्रो ल्याउन आग्रह गरेको प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> बाउ बुटवल जान लाग्दा सबैलाई के ल्याइदिम ? भनेर सोधेछन् । बाउले सोध्दा खेरि मलाई जुत्ता चप्पल भनेछन् भाइ बहिनीले, श्रीमतीले मलाई साडी, ब्लाउज ल्याइदिनुस भनिछन् । कुनोमा रुँदै बस्दै गरेकी, नुनको ढिको र भुसको रोटी खाएर बस्न परेको उसलाई सौतेनी आमाले हेला गरेको भएर सौतेनी बाले उतैपट्टी मात्र माया गर्ने भए । एकछिन् पछि बाउले टुहुरी तिमीलाई के ल्याइदिम भनेर भनेछन् । टुहुरीले मलाई अरू केही चाहिँदैन बुढी बाख्रो भा हुन्छ भनेर भनिछन् ('टुहुरी केटी' परिशिष्ट क) ।

माथिको लोककथांशमा आमाको माया ममता कस्तो हुन्छ कहिल्यै अनुभव गर्न नपाएकी मायाविहीन टुहुरीले घरमा आफ्नो साहारा बनिदिने, मन बुझिदिने कोही नभएपछि खाने र लाउने चिज नमागेर आफ्ना बुवालाई बुढी बाखो ल्याउन पठाउनु नै उसको अचेतन मन प्रकट हुनु हो । लोककथामा टुहुरी सौतेनी आमाको व्यवहार र अस्वाभाविक वचनले स्वाभाविक र सुसङ्गत देखिन्न । उसको चेतन र अचेतन मनभित्र द्वन्द्व चलेको देखिन्छ त्यसैले उसको अनुहारमा अरू भाइबहिनीको जस्तो बाल्यकालको चञ्चलपन, हाँसो र खुसी केही पनि देखिँदैन । चेतन मनभित्रका इच्छा चाहनालाई अचेतन मनमा दमित गरेर बस्न बाध्य बनेकी टुहुरी बाल्यकालमै मायाको अभावले सिकिस्त बनेको हुँदा उसको अचेतनले खुसी हुने आधार खोजेर बुढी बाख्रो मागेको प्रसङ्गलाई प्रस्ट पारेको छ । टुहुरीले चेतनको चाहना अचेतन मनबाट मागिएको मानवेतर प्राणीद्वारा पूरा गर्न चाहेकी छ त्यसैले उसले आफूलाई खान मन लागेको कुरा उसैसँग माग्छे उसैसँग हाँस्दै खेल्छे, मनभित्रका दमित कुण्ठा पोखेर उसैसँग रून्छे भने बुढी बाख्राले भनेको काम गर्न पनि तयार हुन्छे । यसरी टुहुरीले मान्छेले नभएर बुढी बाख्राले भनेको मान्नुले उसको मन चेतन भन्दा पनि अचेतनतर्फ केन्द्रित रहेको प्रस्ट हुन्छ । लोककथामा अचेतन मनको प्रभावले घटेका घटनाका सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> टुहुरीले बाख्रासित आफूलाई सौतेनी आमाले गर्ने व्यवहार बताउँदै बेस्सरी रोइछन् । रोएपछि बाख्राले भनेछ 'अब घर जाउ ए ! टुहुरी किन रोइछौ केही

> पिर नमान घर गएर चारै कुना लिप चारै कुना दियो बाल अनि मेरो सिङ ट्वाङ् ट्वाङ पार अनि तिमीलाई जे खान मन छ भन खानेकुरा त्यहीँ आउँछ तिमीले पिर नमान' भनेर भनेछ टुहुरीले बाखाले भने अनुसार चार कुना लिपिछन्, बत्ति बालिछन्, सिङ ट्वाङट्वाङ पारिछन् । उनलाई जे खान पनि खीर, खाजा, रोटा, फुरौला उनले चाहेजति सबै खान पाइछन् खान पाएपछि टुहुरी मोटाइन् ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथांशमा टुहुरी केटी सौतेनी आमाले गरेको अमानवीय व्यवहार मानवेतर पात्र बुढी बाखोसँग बताउदै रुनु नै उसको अचेतन मन जागृत हुनु हो । उसको चेतन मनमा रहेका अनगिन्ती पीडाहरूलाई बुढी बाखोले कम गर्दै गएको हुन्छ । ऊ आफ्ना भाइ बहिनीसँग भन्दा पनि बुढी बाखासँग खुशी हुनु, खेल्नु, खान मन लागेको कुरा माग्नु, आमाले गरेका व्यवहार बताउनु, बाखाले भने जस्तै गरेर काम गर्नु, मन लागेका कुरा खान पाउनु, शरीर हृष्टपुष्ट हुँदै गएकोले उसको चेतन मनले सन्तुष्टि प्राप्त गर्नुको साथै स्वभाव र व्यवहारमा परिवर्तन आएको कुरालाई प्रस्ट पारिएको छ । सौतेनी आमाको गाली र उपेक्षाले खिन्न बनेकी टुहुरी बाखो साथी पाएपछि निकै खुशी बनेकी थिई । टुहुरीको चेतन मनका रहरहरू बाखोले पूरा गरिदिँदै आएको थाहा पाएपछि सौतेनी आमाले बाखो काट्ने बहाना बनाएको थाहा पाएर ऊ बेस्सरी रुनु, खाना नखानु, एक्लै बसेर टोलाउनु, बुढी बाखाले भनेका कुरामा सहमत जनाउनु उसका चेतन मनका प्रभाव हुन् । लोककथामा रहेका यी प्रभावित कार्यलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बुढी बाखो काट्ने भनेपछि टुहुरी बिपत्तै रोइछ । ए टुहुरी किन रोइछौ ? तिम्ले मेरो हाड पनि नखाऊ, मासु पनि नखाऊ, केही नखाऊ । अनि मेरो हाड मासु यताउता कसैले नदेख्ने गरी केहीले नुछ्ने चोखो ठाउँमा लगेर गाड्देउ भनेर बाखाले भनेछ त्यसपछि बाखा काटेछन् मासुभात खाएछन् र सबै खुसी भएछन् टुहुरी भनि रुँदै बस्दै गरिछन् । त्यसपछि सबै हाडखोर बट्याइछन् र पुजा गर्ने चोखो ठाउँमा लगेर गाडिछन् । बुढी बाखाको हाडखोर चोखो ठाउँमा गाडेपछि त्यो ठाउँमा सुनको मौलो निस्क्यो ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथामा रहेकी टुहुरी बाखो काट्ने कुराले विक्षिप्त बनेर रून्छे । ऊ रोएको देखेर बाखोले नरुन र आफूले भनेको काम गर्न भनेर सम्झाएको कुरालाई टुहुरीले चेतन मनबाट हुन्छ भनेर प्रतिक्रिया दिएकी छ । टुहुरीले बुढी बाखोलाई हुन्छ भनेको र काटेपछि कसैले नदेख्ने गरी हाड र मासु पुरेको ठाउँमा सुनको मौलो निस्केको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा टुहुरीले कसैले नदेख्ने गरी हाड मासु गाडेको ठाउँमा सुनको मौलो निस्केको हल्ला राज्यभरि फैलिदै जाँदा राजाकोमा पनि पुग्नु, राजा सुनको मौलो भएको ठाउँमा जानु, निकाल्न खोज्नु, नसक्नु, सुनको मौलो निकाल्न टुहुरीले मात्र सक्छिन् भनेको सुनेपछि टुहुरीलाई लिन पठाउनु जस्ता घटना लोककथामा रहेका छन् ।

राजाले सुनको मौलो निकाल्न नसकेको र आफूलाई लिन पठाएको खबर पाएपछि टुहुरीको मनबाट जान्न भन्ने अभिव्यक्ति आउनु अचेतनबाट प्रभावित भएर आएको अभिव्यक्ति हो भने अरूले भनेपछि मनद्वारा प्रेरित भएर मौलो निकाल्न जान तयार हुनु, मौलो निकाल्नु टुहुरीका चेतन मनका प्रभाव हुन् । मौलो निकाल्न जाँदा राजाले टुहुरीलाई मन पराउनु र बिहे गर्छु भनेपछि राजासँग विवाह गर्न राजी हुनु भने टुहुरीको अचेतन मन भित्र रहेको यौन चाहना प्रकट भएको हो । टुहुरी विवाह गरी राजासँग गएको केही वर्षपछि बहिनी भेट्न आउँदा पहिलाका सबै कुरा बिर्सेर बहिनीलाई विश्वास गर्नु अचेतन मनको प्रभाव हो भने आफूलाई सम्फेर बहिनी भेट्न आउँदा खुसी हुनु, बहिनीसँग दुःखसुखका कुरा गर्नु, बहिनीलाई जुम्रा हेर्देउ भन्नु, बहिनीले रहमा घुचेटेपछि रहमा लुकेर बस्नु, छोराको र राजाको चिन्ता लिनु, कसैले थाहा नपाउने गरी राजाको सेवा गर्न जानु जस्ता लोककथामा रहेका सबै घटनाहरू चेतन मनका प्रभाव हुन् । निष्कर्षतः यस लोककथामा उपस्थित पात्रहरू कहिले चेतन मनले संचालित भएका छन् भने कहिले अचेतन मनद्वारा निर्देशित कार्यमा संलग्न भएका छन् लोककथामा प्रस्तुत उक्त प्रसङ्गहरूलाई माथि विश्लेषण गरि प्रस्ट पारिएको छ ।

'सन्तानको रहर' लोककथामा रहेकी बुढी पात्र सन्तान सुखको भोकले छट्पटाएकी पात्र हो । बुढीको असामान्य व्यवहार र मनस्थिति उसको अचेतन मनको अभिव्यक्ति हो । उसका व्यवहारबाट बुढीको चेतन मन सन्तानको चाहना र व्यवस्थित गृहस्थ जीवनसँग जोडिएको देखिन्छ । ऊ सुसङ्गत भन्दा पनि असङ्गत पात्रका रूपमा देखिएकी छ । सन्तानलाई जन्म दिने, काखमा खेलाउने उसको चेतनका इच्छा दमित हुन पुगेका छन् । सन्तान नभएका कारण आफू आमा हुन नपाउदा समाजले यसका सन्तान भएनन् भनेको सुन्नबाट उसको अचेतन मनले मुक्ति चाहेको छ । त्यसैले उसले बुढालाई कामबाट घर फर्कदा हरेक दिन मलाई छोरो ल्याइदिनुभयो भनेर सोध्नु बुढो कामबाट फर्कनुको व्यग्र प्रतिक्षा गर्नु, बुढालाई देख्नासाथ खोइ छोरो भनेर हैरान गर्दै एकोहोरो छोराको मात्र सपना देख्नुमा बुढीको चेतन मनमा अचेतन मनको प्रभाव परेको बुभ्न सकिन्छ । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> 'बुढो आउँदा खेरि बुढीले कति अबेला आउनुभयो आज त मलाई छोरो ल्याइदिनुहुन्छ कि भनेको रित्तै आउनुभयो भन्दि रैछ । बुढाले कहाँ पाएर ल्याउने हो र छोरो भन्दो रैछ । अर्को दिन पनि बुढीले आज नि छोरो ल्याउनुभएन ? रित्तै आउनु भयो भन्दि रैछ ('सन्तानको रहर' परिशिष्ट क) ।

लोककथामा रहेकी बुढी पात्रले सधैजसो बुढो कामबाट आउने समयसम्म पर्खेर बस्ने र बुढो आउनासाथ खोइ मलाई छोरो ल्याउनुभयो ? आज त ल्याउनु होला भनेको रित्तै आउनुभयो ? भन्ने जस्ता अस्वाभाविक प्रश्न दिनहुँ गर्ने हुँदा उसको मनोजगत् अचेतनको प्रबलताले ग्रसित रहेको छ भन्ने बुभिन्छ । उसको मनमा सन्तान जन्माउन नसक्नुको पीडा अथाह छ । त्यसैले उसको मनले सन्तान बाहिर खोजेर ल्याउने वस्तु नभएर

आफैले जन्माउनु पर्छ भन्ने कुरा नै बिर्सन्छे र प्रश्न सोधिरहन्छे । उसले गर्ने दिनहुँका प्रश्नमा उसको चेतन मनको भूमिका नभएर अचेतनको प्रबलता रहेको कुरा माथिको लोककथांशले प्रस्ट पारेको छ । उसको चेतन र अचेतन दुवै मन सन्तान अभावले कुण्ठित छ । बुढीको मनमा सन्तानलाई जन्म दिनु, खेलाउनु, हुर्काउनु समाजमा सन्तान विहिन नहुने इच्छा शक्ति जाग्नु चेतन मनका प्रभाव हुन् । चेतन मनभित्रका यी प्रभावहरू पूरा हुन नसकेपछि सम्भवत:अचेतन तर्फ धकेलिन्छन् । चेतन मनले पूरा गर्न नसकेका अचेतन मनमा दमित र कुण्ठित हुन पुगेका चाहनाले पनि बुढी अचेतनबाट सञ्चालित हुन पुग्छे । बुढीको मनोजगत् अध्ययन गर्दा उसको मनमस्तिष्कमा सन्तान वियोगको आघात परेको पुष्टि हुन्छ । लोककथामा बुढीलाई सन्तानको चाहनाले विचलित भएको पात्रका रूपमा चित्रण गरिएको सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> बुढाको कुरा सुनेपछि बुढीले काठको ठेउकोलाई च्याप्प समाएर नुहाइदिने, तेल लगाइदिने गरेर झलुङ्गो लाएर, झलुङ्गामा हालेर हल्लाउन थालिछ । ए भात खान ले त मलाई भनेर बुढाले भन्दोरैछ । बुढीले पर्खनुसन बाबु निदाएको छैन भन्दै हल्लाउँदै गर्दिरैछ अनि बुढीले बुढालाई हजुरले हल्लाउनु त म भात पस्केर आउँछु भनिछ । त्यसपछि बुढो गएर झलुङ्गो हल्लाउन थालेछ । बुढी भात पस्केर आएर हल्लाइछ । त्यसपछि बाबु निदायो भनेर आएर आफूले पनि भात खाइछ । एकछिन् पछि बाबु भोकायो भनेर दुध भात खुवाउने गर्दिरैछ ('सन्तानको रहर' परिशिष्ट क) ।

लोककथामा बुढीले निर्जीव वस्तुलाई पनि सजीवलाई जस्तो खुवाउने, खेलाउने, काखमा लिने, बोल्ने जस्ता व्यवहार गरेर आफ्ना चेतनको रहरलाई अचेतनको कार्यद्वारा पूरा गरेको पाइन्छ । बुढीका यस्ता व्यवहारले चेतन मनका चाहना पूरा हुन नसक्दा अचेतन मन प्रकट भएको प्रस्ट हुन्छ । लोककथामा रहेको बुढो पात्र पनि सन्तानको अभाव महसुस गरेको पात्र हो । ऊ भित्र पनि चेतन र अचेतनका तुलबुल रहेका छन् । उसले पनि चेतन तहमा गरेको सन्तानको आशा अचेतनमा कुण्ठित हुन पुगेकाले बाटोमा हिँड्दा भेटेको ठेउकोलाई छोरा भनेर बुढीलाई दिनुले पुस्टि गर्छ । बुढीले बाबुलाई हल्लाउनु मैले भात पस्केर आउँछु भनेको अभिव्यक्तिलाई बुढाले सहज रूपमा स्वीकार्नुले यहाँ भने बुढाको पनि अचेतन मन प्रकट भएको बुझिन्छ जुन प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । बुढा र बुढी दुवैले काठको टुक्रा साच्चैको बच्चा भइदिए हुनेथियो भनेर कल्पना गरेर खुशीले गद्गद् हुनु अचेतन मनको परिकल्पना मात्र हो । प्रस्तुत कथा लोककथा भएको र लोककथाको विषयवस्तु काल्पनिक पनि हुने हुँदा लोककथामा काठको ठेउकोले अचानक बच्चाको रूप धारण गरे कस्तो हुन्थ्यो भन्ने बुढा बुढी दुवैको अभिव्यक्तिले उनीहरूको चेतन मनको सन्तान प्राप्तिको पीडालाई प्रस्तुत गरेको छ भने लोककथामा बुढाबुढीको पुकार भगवानले सुनिदिएको र काठको टुक्रा साच्चिकै मान्छे भएको प्रसङ्गलाई पनि चेतन मनको प्रभाव मान्न सकिन्छ लोककथामा रहेको उक्त सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

भात खान परेन केरे काठको ठेउकाले तर पनि बुढीको मन बहलाउने काम भने भयो । यस्तै भुल्ने बाटो गर्दै जाँदा धेरै समय बितेछ । समय बित्दै जाँदा एक दिन काठको ठेउको त बालख नै भएछ र चार ओटा हातखुट्टा फत्रफत्र गर्न थालेछ । त्यसपछि बुढाबुढी धेरै खुसी भएछन् त्यो छोरालाई कति हो कति माया गरेर राम्रोसँग पालनपोषण गरेछन् । अनि बाबु ठुलो भएछ पढ्न जाने बेला भएछ स्कुलमा नाम लेखाइ दिए ('सन्तानको रहर' परिशिष्ट क) ।

प्रस्तुत लोककथांशमा कतिपय कल्पना गरिएका घटनाहरूले पूर्णता प्राप्त गरेको भेटिन्छ । यहाँ दुवै बुढाबुढीले नै आफ्नो चेतनमा सन्तान भए आफ्नो जीवन कत्ति रमाइलो हुने र खुसीले बित्ने कल्पना गरेका हुन्छन् भने उनीहरूको माग भगवानले सुनेर पूरा गरिदिएको र खुसीले गदगद भएको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । निष्कर्षतः यस लोककथामा उपस्थित पात्रहरू बुढा र बुढी कहिले चेतन मनले संचालित भएका छन् भने कहिले अचेतन मनद्वारा निर्देशित कार्यमा संलग्न भएका छन् लोककथामा प्रस्तुत चेतन र अचेतनका प्रभावहरूलाई माथि विश्लेषण गरि प्रस्ट पारिएको छ ।

'लाटो पलायो बाठो हरायो' लोककथामा रहेको कान्छो भाइ समय र परिस्थिति अनुरूप आफूलाई समायोजित गर्न सक्ने पात्र हो । त्यसैले उसको मनस्थिति जटिल परिस्थितिमा पनि सुसङ्गत नै देखिन्छ । दाजुहरूका मनमा भने भाइले काम नगर्ने खाली बसेर खानी दुःख भने आफूहरूले गर्नु पर्ने भन्ने कुरामा ईर्ष्या हुनु अचेतन मनमा परेको प्रभाव हो भने भाइ अप्ठ्यारो समस्या आइलाग्दा पनि नआत्तिनु, विचलित नहुनुले उसको मनमा चेतन मनको प्रभाव परेको बुझ्न सकिन्छ । आफ्ना दाजुहरूले गरेको व्यवहार देखेर उसको चेतन मनमा द्वन्द्व नचलेको त होइन तर पनि उसको दृढता र सकारात्मक व्यवहारले देखाएको परिणाम भने सरल र सन्तोषजनक रहेको छ । ऊ आफूले गरेको कामबाट सन्तुष्ट र खुसी छ । दाजुहरूले नोक्सान पुऱ्याउन खोजेको समयमा पनि कत्ति विचलित नभई नोक्सान हुन नदिने सङ्कटको शृङ्खला नै कथाको प्रमुख कथानक हो । उसको जीवनमा सङ्कट उत्पन्न गरिदिने प्रमुख कारकतत्त्व दाजुहरू हुन् । दाजुहरूले सोझो भनेर भाइलाई अन्याय गर्नु, राम्रो जग्गा, घर, सामान आफूलाई राख्नुले उनीहरूको मन अचेतनबाट सञ्चालित रहेको बुझिन्छ । लोककथामा दाजुहरूले भाइलाई गरेको विभेदपूर्ण कार्यको सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

तीन दाजुभाई रैछन् । दुइटा अलि टाठाबाठा रैछन् कान्छो चाहिँ अलि सिधा रैछ । दाजुभाइ नमिल्ने रैछन् टाठाबाठा दाजुहरूले कान्छोलाई यो कान्छो काम पनि नगर्ने बसेर खान्छ बरु हामी यसलाई पाल्न भन्दा त छुट्टिम भनेछन् । जेठो र माइलो बाठा भए के रे सद्दे सद्दे आफूहरूले लिएछन् र कान्छालाई भने फालिएको काम नलाग्ने पखेरो दिएछन् ('लाटो पलायो बाठो हरायो' परिशिष्ट क) ।

लोककथांशमा बाठा दाजुहरूले आफू सोझो भएकै कारण कहिल्यै पनि राम्रो व्यवहार नगर्ने काम गर्दैन बसेर खान्छ भन्ने दाजुभाइमा हुने ईर्ष्याको भावना द्वारा गरिएका

अशोभनीय कार्यले सोझो भाइको चेतन र अचेतन मनभित्र द्वन्द्वको स्थिति सिर्जना गराउँछ । आफूलाई सोझो र केही गर्न नसक्ने भनेर दाजुहरूले अंश छुट्याइदिएको, राम्रो दाजुहरूले लिएर काम नलाग्ने पाखो भाइलाई दिएको प्रसङ्गलाई प्रस्ट पारेको छ । दाजुहरूले गरेको भेदभावपूर्ण व्यवहारले उसको चेतन मन हुँदै अचेतनसम्म हलचल मच्चाएको थियो । तर पनि उसले समय सँगसँगै आफ्ना अचेतन मनभित्र रहेका ईर्ष्या, द्वेषका भावनाप्रति संयमित भएर चेतन तहमा आफूलाई राखेर लाभ हुने जुक्ति सोचेर काम गर्छ । दाजुहरूका अचेतनमा भाइप्रतिका रिसका भावना कुण्ठित भएका हुन्छन् त्यसैले उनीहरूका क्रियाकलापबाट सामाजिक जीवनमा पाएका अनेक असन्तुष्टिका अभिव्यक्तिहरू प्रस्तुत गर्न एकपछि अर्को षड्यन्त्र रच्नु, भाइलाई दुःख दिन खोज्नु, दाजुहरूको अचेतन मनको गहिरो प्रभावले गर्दा हो । दाजुहरूको व्यवहारले मनभित्र जागृत भएका ईर्ष्या द्वेषमा पनि चेतनको प्रभाव परेको हुँदा उसले आफूलाई हित हुने काम गर्छ । आफ्ना दाजुहरूले दुःख दिएका कारण जन्मिएका आक्रोशहरूलाई अचेतनमा दमित गराउन सफल हुनुका साथै दाजुहरूलाई ईर्ष्या हुने काम गरेर सफलता प्राप्त गर्नुमा उसको मनमा चेतन मनको प्रभाव परेको बुझिन्छ । लोककथामा रहेको उक्त प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बुढाबुढीले मिलेर पैसा नापेछन् । बोरामा भएका पैसा सबै सुनका रैछन् । नाप्दा एउटा पैसा पाथीको पिँधमा परेछ बुढाबुढीले पाथी नहेरीकनै बुझाएछन् । अर्को दिन पाथी हेरेको त पिँधमा सुनको पैसो पो छ । दाजु भाउजुले यो सँग सुनको पैसा कसरी भयो भनेर छक्क परे ('लाटो पलायो बाठो हरायो' परिशिष्ट क) ।

लोककथाका पात्र दाजुहरूले आफूलाई दुःख दिने मनसायले गरेका क्रियाकलापबाट ऊ खिन्न बनेको छ । उनीहरूद्वारा गरिएका अशोभनीय कार्यले उसको चेतन मनमा निकै प्रभाव पारेको भए पनि आफ्नो बुद्धि र विवेक लगाएर गरेको कामबाट आफूले सफलता प्राप्त गर्नुले भने उसमा चेतन मनको सक्रियता देखिन्छ । भाइको सफलता देखेर दाजुहरूको चेतन मनभित्र आफूहरूले गरेको नकारात्मक व्यवहारको महसुस नभएर अझै भाइले के कसरी प्रगति गऱ्यो भनेर छक्क पर्नु पनि अचेतनको अभिव्यक्ति हो जुन कुरा माथिको लोककथांशले प्रस्ट पारेको छ । सोझो र केही गर्न नसक्ने भनेको भाइले हामीले भन्दा बुद्धि विवेक लगाएर यत्रो पैसा कसरी कमायो यो त अब हामीभन्दा माथि जाने भयो, सुख काट्ने भयो भन्ने सोच्नु अचेतनका ईर्ष्या र रिसका भावना जागृत हुनाले हो । भाइको सफलतामा दाजुहरूको मनमा नचाहिँदो र विधोम्सकारी सोचाइको जन्म भएको र नकारात्मक कार्यमा संलग्न भएको सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> कान्छो त सोझो थियो कसरी धनि भयो सुनको पैसा पाथीले नै नापेपछि त यो हामी भन्दा धेरै ठूलो मान्छे भयो अब यसलाई केही गर्न पऱ्यो भन्ने सोचे । दाजुहरूले यसको घरसर सबै जलाइदिन पऱ्यो भनेछन् र एक दिन भाइ नभएको बेलामा गएर घरमा आगो लगाइदिएछन् । भाइ घर आउँदा त घर

जलेर खरानी भाको रैछ । दाजुहरूले घरमा कल्ले आगो लायो सोध्ने कुरो त भएन सबै चुपचाप बसे । भाइले फेरि जुक्ति्त सोचेछ र अर्को दिन बोरामा खरानी लिएर हिँडेछ । त्यो खरानीको बोरा बोकेर नदीमा पुगेछ र डुंगामा बसेछ । डुंगा चलाउने मान्छेलाई यो बोरामा एउटा थोपो पानी नि पर्न हुँदैन नि भनेछ । माझीले हुन्छ म पानी नपारी तार्छु भनेर डुंगा चलाउदा खेरि कसो गर्दा पानी परेछ । त्यसपछि लौ मेरो त् बरबादै भयो म लुटिए खत्तम भए यहाँ कति पैसो पर्ने सामान थियो । तिमीलाई पानी नपार भनेको पानी पारेउ अब खत्तम भयो सबै खरानी भयो भाइ भन्दै रून थालेछ । डुंगा चलाउने माझीले भनेछ तिमी नरोउ तिम्रो यहाँ जति सम्पत्ति थियो त्यत्ति पैसो आउने गहनाहरू मैलै दिन्छु भन्यो । उसले माझीले गहना दिन्छु भनेपछि त्यो सबै खरानी नदीमा फाल्दियो र एक बोरा सुनका गहनाहरू लिएर घर आयो (‘लाटो पलायो बाठो हरायो’ परिशिष्ट क) ।

माथिको लोककथांशले दाजुहरूले भाइ आफूहरू भन्दा धनि र ठूलो मान्छे हुने भयो भनेर रिसले भाइ नभएको मौका छोपेर घरमा आगो लगाइदिनु अचेतन मनको प्रभाव हो । लोककथामा दाजुहरूमा अचेतन मनको प्रभावले गराएका घटना देखिएका छन् भने भाइले मन भित्रका रिस र आक्रोशका भावनालाई पनि चेतन मनको जुक्तिद्वारा संयमता अपनाएर आफ्नो घर जलेको खरानीबाट पनि गहना प्राप्त गर्छ । भाइको मनमा दाजुहरूले आफूप्रति गरेको अभद्र व्यवहारले मनमा कुनै हलचल उत्पन्न नगराई मनभित्र परेको चोटलाई पनि चेतन मनको निर्देशन अनुसार काम गर्नु र खरानीबाट गहना लिनु उसको चेतन मनको चलाखी हो भन्ने कुरालाई प्रस्ट पारेको छ । यस लोककथामा सानातिना घरायसी कुराले पनि व्यक्तिको व्यवहारमा नजानिँदे किसिमले असर पारेको हुन्छ । जुन असरले व्यक्तिको चेतन र अचेतनलाई प्रभाव पार्छ । लोककथामा नेपाली समाज भित्रको दाजुभाइ बिचको बेमेललाई प्रस्तुत गरिएको छ । दाजुहरूले भाइलाई अलग्गै राखिदिने र दुःख पुऱ्याउने क्रियाकलाप गरेकाले उनीहरू चेतन मन भन्दा पनि अचेतनबाट सञ्चालित भएका पात्र मान्न सकिन्छ । व्यक्तिहरूमा अचेतनको प्रबलताले गर्दा राम्रो र नराम्रो दुवै कामलाई दबाउने स्वभावको विकास हुन्छ । यस कथाका दाजुहरूमा चेतनभन्दा अचेतनको प्रभाव बढी देखिएको छ भने भाइमा चेतनको प्रभाव बढी देखिएको छ । दाजु पात्रहरूले केही गर्न सक्दैन भनेर भाइलाई छुट्याएको र उसलाई कसरी हुन्छ दुःख दिने मनोप्रवृत्ति जागृत गरेर समस्यामा पार्न खोज्नु चेतन र अचेतनको द्वन्द्वले गर्दा हो भने आइपरेका समस्यालाई पनि हित हुने किसिमले समाधान गर्नु भने चेतन मनको प्रभावले गर्दा हो ।

‘दाजु र बहिनी’ लोककथामा रहेको दाजु पात्र चेतन मनभन्दा पनि अचेतन मनद्वारा सञ्चालित भएको पात्र हो । उसमा एकाएक देखिएको परिवर्तनले बहिनीप्रति बोलेको असामान्य र आक्रामक बोलीबाट उसको मन अचेतन मनद्वारा निर्देशित रहेको कुरा

लोककथामा वर्णन गरिएको छ । उसलाई कथाको सुरुमा आफ्नी बहिनी विवाह भएको भए तापनि माइतमा बसेको कुरामा कुनै नराम्रो र अनौठो लाग्दैन । दाजुले बहिनीलाई तिमी विवाह भएपछि आफ्नो घर जानुपर्छ नत्र समाजमा कुरा काट्छन् त्यसैले तिमी घर जानुपर्छ जाऊ भन्ने अभिव्यक्ति उसको चेतनमनबाट प्रकट हुँदैन । उसको चेतन र अचेतन मन सामान्य अवस्थामा भए पनि उसको काम र व्यवहार भने आफ्नी श्रीमतीबाट सञ्चालित भएको कुरालाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बहिनी आफ्नो घर भन्दा माइत धेरै बस्थिन् । उनी माइत बसेको भाउजुले सहन्नथिन् । बैनी माइत आएबाट घरमा दाजु र भाउजुको खटपट परेको थियो । भाउजुले जति बेला पनि आफ्नो बुढालाई बैनीलाई उनकै घरमा छोडेर आऊ भनेर झगडा गर्थी । एक दिन दाजुले बहिनीलाई अब तिमी सधैं माइत बसेर हुँदैन आफ्नै घर जानुपर्छ भनेर सम्झाउँछ ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथाकी पात्र भाउजुको चेतन र अचेतन मनमा चलेको द्वन्द्वसँगै श्रीमान्सँग बहिनी माइत बसेको निउ बनाएर झगडा गर्ने, बहिनीलाई आफ्नै घरमा छोडेर आऊ भन्ने जस्ता अभिव्यक्ति अचेतनका प्रभाव हुन् भने बिहे गरेपछि माइतीमा बस्यो भने समाजले कुरा काट्छ भन्ने अभिव्यक्तिलाई चेतन मनको प्रभाव मान्न सकिन्छ । दाजु पात्र स्वचालित पात्र भन्दा पनि श्रीमतीको आदेश अनुसार चल्ने पात्रको रूपमा चित्रित छ । पहिला उसलाई विवाह गरेकी बहिनी माइतमा बसेकोमा केही नराम्रो लाग्दैन तर श्रीमतीको कुरा सुनेपछि भने उसले गाउँलेले कुरा काट्छन् भन्नु, बिहे गरेपछि घर जानुपर्छ भनेर सम्झाउनुमा उसको मन स्वचालित भन्दा पनि आदेश पाएपछि मात्र बहिनीलाई बिहे गरेपछी माइतीमा बस्नु हुँदैन भनेर सम्झाएको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । आफ्नो मनबाट आएको निर्णय नभएर श्रीमतीको कुरा सुनेर बहिनीलाई घर जान राजी गराउनु, आफू नै छोड्न जान तयार हुनु जस्ता क्रियाकलापले ऊ आफ्नी श्रीमतीबाट परिचालित पात्र हो भनेर जान्न सकिन्छ । ऊ चेतन मन भन्दा पनि अचेतनबाट परिचालित भएको पात्र हो जुन कुरालाई उसले बहिनीलाई समाजले कुरा काट्छ तिमी जानुपर्छ भन्नु समाजको डर देखाउनु, घर जान राजी बनाउनु र छोड्न जानुमा भने ऊ भित्र चेतन मनका प्रभाव पनि देखिएका छन् भने हिँड्दाहिँड्दै मनमा उत्पन्न भएको बहिनीप्रतिको नकारात्मक भावनालाई अचेतनको सङ्केत मान्न सकिन्छ जुन कुरालाई तल प्रस्तुत गरिएको छ :

> दाजुले सम्झाएपछि बैनी पनि जान राजी हुन्छे । अर्को दिन बिहान बैनीलाई छोड्न जान्छु भनेर लग्यो । बैनी अघि अघि आफू पछिपछि हिँड्दै थियो । उसको मनमा बैनीप्रति रिस उठ्छ । यसलाई बिहा गरेर दिए पनि घर नबसेर माइत आएर तनाव दिन्छे । यसले गर्दा हामी लोग्ने स्वास्नी बिच कहिल्यै राम्रो भएन यसलाई मार्न पाए आनन्द हुने थियो भन्दै मनमा कुरा खेलाउँदै हिँड्छ । आखिरीमा हिँड्दै गर्दा बहिनीलाई मार्ने योजना बनायो ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथामा न घर न समाज कसैले केही भन्ला भन्ने कुराको प्रवाह नगरी माइतमा खुसीसाथ बसेकी बहिनी दाजुको कुरा सुनेपछि घर जान तयार हुन्छे । अघि अघि हिँडेकी बहिनीलाई अपराधजन्य कार्यमा सहभागी गराउन उत्प्रेरित गर्नु, आफ्नो र श्रीमतीको सम्बन्ध नराम्रो हुनु भैझगडा हुनुको कारण बहिनी मानेर बहिनीलाई मार्न पाए आफूहरूको सम्बन्धमा सुधार आउँछ भन्ने सोच्नु नै उसको अचेतन मनको प्रभाव हो । बहिनीलाई सकारात्मक कुराले सम्झाएर छोड्न हिँडेको दाजुले बाटोमा हिँड्दा हिँड्दै मनमा अनेक कुरा खेलाउनु, श्रीमतीसँग झगडा पर्नुको कारण बहिनी ठान्नु, आफ्ना मनभित्रका यौन इच्छा र चाहना पूरा हुन नसक्नुमा बहिनीलाई बाधक मानेर मार्ने योजना बनाएको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । दाजु पात्रले आफ्ना मनमा जागृत इच्छा र चाहना अचेतनमा दमित हुनुको कारण बहिनी नै ठानेर विचलित भएको अचेतन मनले बहिनीलाई गङ्गाजीको बिचमा भएको पम्फाको फूल टिप्न पठाउने र हत्या गर्ने योजना बनाउनुमा उसको अचेतन मन जागृत भएको बुझिन्छ । उसका चेतनका चाहनाहरू अचेतनमा दमित हुनु, चेतन र अचेतन बिचको द्वन्द्वमा चेतन मनका कुरा अचेतनले दबाएर अचेतन मन प्रकट हुनाले बहिनीलाई गङ्गाको बिचमा भएको पम्फाको फूल टिपेर लेऊ भन्छ । बहिनीले बढेको गङ्गाको बिचमा जान डर लागेको बताउँदा पनि वास्ता नगर्नु, अरूका बहिनीले के के ल्याउँछन्, तिमी त्यही फूल पनि ल्याउन नसक्ने भनेर अझै दबाव दिनु उसको अचेतनको प्रभाव हो । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> दाजु र बैनी हिँड्दा हिँड्दै गङ्गाजीको तीरमा पुगे । गङ्गाजीको मिना (बिच) मा पम्फाको फूल देख्यो । फूल देखेपछि बहिनीलाई जाऊ बहिनी त्यो फूल टिपेर लिएर आऊ भनेर भन्यो दाजुले भने पछि बहिनी फूल टिप्न गङ्गाजीमा पसिन गङ्गाजीमा पसेपछि परपर जाँदा डराइन । उनी जति पर जान्छिन् गङ्गाजी उति माथि आउँछिन् । डरले बहिनीले दाजुलाई जति पर जान्छु उति माथि आउँछिन् कसरी टिपम पम्फाको फूल भनेर भन्छिन् । दाजुले बाहिरबाट अरूका बहिनीले कस्ता कस्ता ल्याउँछन् हामरी बहिनीले त्यही फूल नि ल्याउन्नन् भन्छ ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथामा रहेको दाजु पात्रले गङ्गाजीको बिचमा पम्फाको फूल देखेपछि बहिनीलाई टिप्न पठाउँछ । दाजुले भनेपछि बहिनी फूल टिप्न जान्छे । जाने क्रममा दाजुलाई मलाई डर लाग्यो म जान सक्दिन भन्नु, मर्छु कि भनेर डर मान्नु चेतनका प्रभाव हुन् भने अरूका बहिनीले कति राम्रा फूल ल्याउँछन् तिमीले त्यही पनि ल्याउन सक्दिनौ भनेर बहिनीप्रतिको चेतन मनमा भएको मायाको प्रवाह नगरीकन पर पर जान आग्रह गर्नु अचेतन मनको अभिव्यक्ति हो अराएका कामलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । दाजु पात्रको मनमा बहिनीप्रतिको माया घटेर आफ्नोपनको अनुभूति कम हुँदै जानु अचेतन मनमा उत्पन्न अनेक भावना र द्वन्द्वका परिणाम हुन् । लोककथामा डराएकी बहिनीलाई अझै पर

जाऊ भनेर कर गरेको दाजुको मन चेतन भावनाले प्रेरित नभएर अचेतनले प्रेरित गरेको सर्न्दभ हो यस कुरालाई तल प्रस्तुत गरिएको छ :

> दाजुको कुरा सुनेपछि बैनी झन परपर जान्छे ऊ जति पर जान्छे गङ्गाजी उति माथि आउँछ। बैनीले दाजुलाई जति पर जान्छु उति माथि आउँछ कसरी टिपम नि पम्फाको फूल भन्दै रुँदै गर्छ तर दाजुका कुराले गर्दा ऊ परपर जान्छे। दाजुलाई बैनी डराएको पनि थाहा छ तर अल्लि पर जाऊ, अझै उता जाउन मेरी बहिनी बल्ल पो सकिन्छ पम्फाको फूल टिप्न भन्छ। पर जाँदाजाँदा बैनीले दाजै पानी गलैसम्म आयो तैपनि पुगिन पम्फाको फूल भन्छे दाजुले अल्लि पर जाऊ फूल टिप्न भन्छ बैनी जान्छे र डुबेर मर्छे ('दाजु र बहिनी' परिशिष्ट क)।

माथिको लोककथांशमा दाजुको कुरा सुन्दा बहिनीको मनभित्र दुई मनको द्वन्द्व चलेको भए तापनि ऊ भित्रको अचेतनको प्रकट हावी हुनाले उसको चेतन मन दबिएर जान्छ र ऊ अचेतनको साहराले परपर जान्छे र डुबेर मर्छे। बहिनीले डर लाग्यो भन्दा ममताको अनुभूति नगरीकनै पर जान अनुरोध गर्नु, बहिनीप्रति कुनै दयाको भाव नदेखाउनु, भोली समाजले के भन्ला भनेर नसोच्नु, निर्धक्क भएर फूल टिप्न पठाउनु, बहिनी रुँदा पनि उसको मनोजगतमा असर नपरेको प्रसङ्गलाई प्रस्ट पारिएको छ। बहिनी डुब्दा पनि विचलित नबनी निकालेर तीरमा ल्याएर गाडेपछि आफू घर फर्कनुले दाजुको मनमा अचेतनको इच्छा प्रबल रूपमा देखिन्छ जसले गर्दा चेतन मन दबिएर बसेको छ भने अचेतनको हावी देखा परेको हुँदा बहिनीप्रति कुनै दयाको भावना प्रकट नगरीकन एकोहोरो फूल टिप्न आग्रह गर्छ। तसर्थः लोककथामा रहेको मुख्य पात्र दाजुको चेतन मन दबिएको र अचेतन मन जागृत भएको अवस्थालाई वर्णन गरिएको छ।

'रानीको मनको भुटेसो' लोककथाकी पात्र रानीको मानसिक विक्षिप्तिको प्रमुख कारक तत्त्वका रूपमा गौथलीका बच्चा देखिएका छन्। जङ्गलमा जाँदा गौथलीले ती साना बच्चालाई चुच्चाले धकेलेर गुँडबाट तल फालेको देखेपछि रानीको मन चिन्तित हुन्छ। गौथलीले ती कलिला बचेरालाई गरेको व्यवहार र दृश्य स्मरणले उनको चेतन मनमा आघात पुऱ्याएको हुनाले मनभित्र छोरा मान्छेले केही गरी श्रीमतीको मृत्यु भयो भने उनीहरू बिहे नगरी बस्दैनन् भन्ने कुराले जरा गाडेको हुन्छ। यदि मेरो पनि मृत्यु भयो भने राजाले अर्की ल्याउनेछन् मेरा बालख छोराहरूको पनि त्यही गौथलीको बचेराकै हालत हुन्छ भन्ने कुराले उनको चेतन मनमा निकै प्रभाव पारेको देखिन्छ। राजा जङ्गलमा सिकार खेल्न जाने कुरा थाहा पाएपछि रानी पनि सँगै जान तयार हुन्छिन्। उनी जङ्गलमा पुगेपछि पात टिप्ने क्रममा उनको आँखा गौथलीका साना बच्चा गुणबाट तल खसेर छट्पटाएको दृश्यमा परेपछि रानीको मन बेचैन हुन थालेपछि उनको मन चिन्ताले ग्रसित हुन थाल्छ। लोककथामा रहेको उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> राजा शिखार खेल्न जङ्गल गएछन् । रानी पनि राजासँगै जङ्गलमा पात टिप्न गइछन् । पात टिप्न जाँदाखेरी एउटा गौथलाकी दुलही गौथली मरिछ र गौथलाले अर्को गौथली ल्याएछ । त्यो गुँडमा भाका दुईटा बच्चालाई त्यो गौथलीले तलतिर फालिछ । गौथलीले फालेको बच्चा ती रानीले भेटिछन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

माथिको लोककथांशमा रानी पनि राजासँग जङ्गलमा जान चाहनु चेतन मनको प्रभाव हो । जङ्गलमा गएर पात टिप्दै गर्दा गौथलीका बच्चा भुइँमा छट्पटाएको देखेर रानीको मनमा दया भाव जाग्नु चेतनको सङ्केत हो भने त्यही दृश्य वा घटनालाई लिएर चिन्ताग्रस्त हुनुमा भने चेतन मन दबिएर अचेतन मनको प्रकट हुनु हो । अचेतन मनमा परेको प्रभावले रानीको मानसपटलमा चिन्तित स्थिति सिर्जना गरिदिएको सन्दर्भ अचेतन मनको हो । रानीको मनमा भोली आफ्नो मृत्यु भइहालेमा राजाले अर्को विवाह गर्छन् अर्की रानीले मेरा छोराहरूको पनि गौथलीकै हालत बनाउँछे भन्ने चिन्ताले विचलित बन्नु अचेतन मनको प्रभाव हो । गौथलीका बच्चाहरू आमाको माया नपाएर भुइँमा आकुल व्याकुल बनेर छट्पटाए जस्तै म मरेपछि मेरा छोराको हालत कस्तो होला भनेर सोच्दा सोच्दा रानी चिन्ताले पात टिप्न नसकेर घर जानु, केही दिनपछि बिरामी पर्नुले उनको अचेतनको चिन्ताले चेतनमा प्रभाव पारेको बुझ्न सकिन्छ । चेतन मन दबिएर अचेतन मनकै प्रभावले गर्दा रानी विरामी पर्छिन् । जसका कारण रानी अशक्त अवस्थामा पुग्छिन् । रानीको मनभित्र चेतन र अचेतन मन बिच द्वन्द्व चल्नुले या अचेतनको प्रभाव पर्नुले राजालाई असङ्गत प्रश्न सोध्न पुग्छिन् । उनले राजासँग यदि म मरिहालेँ भने हजुरले अर्को विवाह गर्नु हुन्छ कि नाइँ ? भनेर प्रश्न सोध्नुले रानीमा आफ्नो अन्त्यपछि पनि गौथलीका बचेराको जस्तो अवस्था छोराहरूको नहोस् भन्ने आशयलाई व्यक्त गर्न खोजिएको कुरालाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> गौथलीले फालेको बच्चा भेटेपछि रानीले ओखो ! म पनि मरे भनी मेरा छोरालाई यस्तै होला भनेर चिन्ता गरेर त्यही टाउको दुखेर सन्चो नभएर पात टिप्न नसकेर घर गइछन् । त्यसपछि रानी बिरामी भइछन् ज्वरो आएछ । राजा जङ्गलबाट आएछन् । रानी सुतेको देखेर के भो ? तिम्लाई भन्दा मलाई यस्तो भयो भनेर रानीले सुनाइन् । अनि राजाले कहाँ त्यस्तो हुन्छ, मैले त तिमी मरेपछि पनि बिहा गर्दिन भनेर भनेछन् । रानी भनि त्यही पिर लिँदा लिँदा बितिन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

यस लोककथांशमा रानीले आफ्नो अन्त्य भइहालेमा पनि गौथलीका बचेराको जस्तो अवस्था आफ्ना छोराको नहोस् भनेर गरेको चिन्तालाई चित्रण गरिएको छ । रानीको अचेतन मनमा दमित भएर बसेको सन्तानप्रतिको चिन्ता गौथलीका बचेरा देख्ना साथ प्रस्तुत हुन्छ । मेरा छोराको अवस्था यो बचेराको जस्तो नहोस् भन्ने चाहना चेतनको हो भने त्यही

चाहनालाई मनमा राखेर विरामी हुनु, सन्चो नहुनु चिन्ताले नै ज्यान लिनु अचेतनको प्रभावले हो । गौथलीको घट्नाले विक्षिप्त बनेकी रानीको मनोजगतमा नराम्रो असर पर्छ । फ्रायडका अनुसार पात्रको अचेतन बलवान हुँदै गएपछि उसको चेतन मनलाई अतिक्रमण गरेर चेतनको हार अचेतनको विजयी गराउन सफल हुन्छ । त्यसै अनुसार लोककथामा पनि राजाले रानीसँग अर्को विवाह गर्दिन भने पनि रानीको चेतन र अचेतन मनले स्वीकार गर्न नसक्दा उनी विरामी पर्छिन र मृत्यु हुन्छ । रानीको कुरा सुनेपछि राजाले मैले कहाँ बिहे गर्छु गर्दिन भन्ने प्रतिबद्धता रानीसँग गरेका थिए तर आफ्नो वचनमा अडिग नरहेर रानी बितेको १३ दिन पुग्नासाथ अर्को विवाह गर्नुमा राजाको अचेतन मनभित्र रहेको यौन चाहनाको प्रबलतालाई बुझाएको छ । राजाले विवाह गर्दिन भने पनि विवाह नगरी बस्न नसक्नु, कान्छी रानीले छोराहरूलाई गरेको नराम्रो व्यवहार पनि चुपचाप हेरेर बस्नुले उनको मन भित्र दमित अवस्थामा रहेको यौन चाहना पूरा गर्ने उद्देश्य रहेको बुझिन्छ । राजाको मनमा रानीलाई केही भनौँ भने रिसाउलिन भन्ने डर, रानी रिसाएमा आफ्ना मन भित्रका अतृप्त यौन चाहना पूरा नहोलान् भन्ने डरले चुपचाप सहेर बस्नुले उनी यौन आशक्तिबाट परिचालित पात्र हुन् भन्ने बुझिन्छ । राजाले अर्को विवाह गरेपछि सौतेनी आमाको व्यवहार सहन नसक्दा पनि न राजालाई न रानीलाई कुनै प्रतिक्रिया दिन नचाहेर राजकुमारहरू घर छाडेर हिँड्नुमा उनीहरूको चेतन मलाई अचेतन मनले दबाएर राख्नाले हो । हिँड्दा हिँड्दै अर्को देशको राजाको दरबारमा पुग्नु, बास माग्नुलोककथामा भएको उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> राजाले तेह्र दिन पुगेपछि बिहा गरेछन् । रानी मरेपछि तिनको दुइटा छोराहरूलाई त सौतेनी आमाले त्यस्तै गराएर खान नदिने पिट्ने गर्दी रैछ । ती सानासाना केटा बस्न नसकेर घर छोडेर हिँडेछन् । तिनीहरू हिड्दा हिड्दै हिड्दा हिड्दै एउटा अर्को राजाकहाँ गएर बास बसेछन् । साँझ खाना खाएछन् र सुतेछन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

माथिको लोककथांशले राजकुमारहरू सौतेनी आमाको व्यवहार सहन नसकेर घर छोडेर हिड्नु अचेतन मनद्वारा गरिएको कार्य मानिन्छ भने राजाको दरबारमा गएर बास माग्नु, चेतन मनको कार्य मानिन्छ । लोककथामा राजकुमारहरू आफ्नो कुरा कसैलाई पनि नभनेर घर छोडेर हिँडेको प्रसङ्गलाई प्रस्ट पारेको छ । लोककथामा घटित घटनामध्ये राजकुमारहरू घर छोडेर अर्को राज्यमा पुगेपछि त्यहाँका राजाले सोधेका सबै कुराको जवाफ बताउनु, भोलिपल्ट त्यहाँबाट हिँड्नु, राजाले दिएको बेल समाउनु र पानी भएको ठाउँमा फोर्नु, बेलबाट निस्किएकी राजकुमारीलाई पानी खुवाउनु जस्ता काम अचेतनबाट प्रभावित कामहरू हुन् । राजकुमारहरूले यस अवस्थामा आइपरेका समस्यालाई आफ्नो तरिकाले पूरा गर्दै गएका छन् । उनीहरूको मन चेतनबाट सञ्चालित नभएर अचेतनको प्रभावले चलेको छ । पछि राजकुमारीलाई आफूसँग विवाह नगरी लैजान नहुने र रूखमा बस तिमीलाई लिन पछि आउँछम् भन्नु चेतन मनको अभिव्यक्ति हो । यस अभिव्यक्तिमा हिन्दु संस्कृतिको

परम्परालाई जोड्न खोजिएकाले चेतनको अभिव्यक्ति मान्न सकिन्छ । राजकुमारीलाई रूखमाथि बस भनेर राजकुमारहरू जानु र केही वर्षपछि राजकुमारीलाई दिएको वचन सम्झेर फेरि राजकुमारी खोज्दै आउनु चेतन मनका प्रभाव हुन् । उनीहरू राजकुमारीलाई छोडेर गएपछि दुई मनको द्वन्द्वमा चेतनको प्रभाव बढी भएकाले गर्दा राजकुमारीलाई लिन गएका हुन् । फ्रायडका अनुसार व्यक्ति कहिले चेतनबाट प्रभावित भएर काम गर्छ त कहिले अचेतनबाट प्रभावित भए काम गर्छ । फरक यत्ति हो कि चेतनका काम सभ्य हुन्छन् भने अचेतनका काम असभ्य र रुढ हुन्छन् । यस लोककथामा अधिकांशतः काम अचेतनका प्रभावले गरेको देखियो भने चेतन प्रभावित काम छिटफुट रूपमा मात्र देखिएको छ ।

'एकादशी व्रतको फल' लोककथामा रहेका पात्रहरू बुढाबुढीद्वारा गरिएका कार्य चेतन र अचेतन दुवै मनबाट प्रभावित रहेका छन् । परेका कामहरू लोककथामा भेटिन्छन् । लोककथामा नेपाली समाजको पुरानो परम्पराका सङ्केत पनि पाइन्छन् । खाना पकाउँदा धोती फेर्नु पर्ने, खाना खाने व्यक्तिले पनि धोती लगाएर खानु पर्ने, घरका सदस्यलाई खाना दिएपछि मात्र भान्सेले खानु पर्ने, एकादशीको दिनमा भात नखाने आटो खाने जस्ता नेपाली समाजको पुरानो परम्परालाई चित्रण गरिएको छ । लोककथामा रहेका बुढाबुढीको क्रियाकलाप कुनै समय चेतन प्रभावित छन् भने अचेतनका प्रभाव पनि रहेका छन् । उनीहरूका मनमा उठेका निराशा र क्रोध जस्ता भावबाट उसको मनमा अचेतनको प्रभाव स्वरूप दमित भावना प्रस्तुत भएको मान्न सकिन्छ । लोककथामा रहेका पात्र बुढा गाई लिएर चराउन जङ्गल जानु, बाटोमा बाघले खान्छ कि भनेर सचेत बनेर यताउता हेर्नु, गाई हिँड्दा हिँड्दै गाईको बाच्छो बाघले खाएकाले बुढो डराएर गाईको ध्यान राख्नु चेतनका प्रभाव हुन् । लोककथांशमा रहेको उक्त प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> बुढो गाई फुकाएर लिएर गएछन् । पन्ध्र बीस ओटा गाई रैछन् लिएर गएछन् जाँदा जाँदै माझमा हिँडेको बाच्छालाई बाघले खाइदियो के रे । हल्लाखोर गर्दागर्दै ती गाई छोडेर आउन पाइएन । माहारा गर्न पऱ्यो । गाई यता धपाएछन् उता धपाएछन् । बाघले खान्छ कि भनि भनि हेर्दा पनि बाच्छो खाइभ्यायो केरे बुढाले डराई डराई वनमा ती गाई चराएछन् ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

माथिको लोककथांशले बुढोले गाई फुकाएर वनमा लाँदै गर्दा बाटोमा हिँडिरहेको बाच्छोलाई बिच बाटैमा बाघले खाइदिएपछि उसको मनमा डर पैदा भएको छ । त्यो डरले चेतन र अचेतन दुवै मनमा प्रभाव पारेको छ । बुढाको चेतन मनमा अथाह डर हुँदाहुँदै पनि ४ बजेसम्म गाई चराएर घर फर्कनुले भने उनको चेतन मन र अचेतन मनबिच द्वन्द्व हुँदा चेतन मनको विजय भएको बुझिन्छ किनभने बुढो आत्तिएर समय हुनुभन्दा अगाडि नै गाई घरमा नलगेर अरूबेलाकै समयमा घरमा जानु उसको चेतन मन सक्रिय रहेकोले हो उक्त कुरालाई प्रस्ट पारेको छ । लोककथामा बाघले बाच्छोलाई खाइदिएपछि मानसिक चिन्ताले

ग्रसित बनेको बुढो गाई लिएर घरमा आउँदा बुढी भान्सा कुरेर बस्न परेकोले रिसाउँदा एक्कासि मदानीले टाउकोमा हान्नु अचेतन मनभित्रको स्वार्थी व्यवहार हो । यसरी रिसको झोकमा आफ्नो आँखा अगाडि रहेको मदानीले बुढीलाई हान्नु बुढाको मनभित्रको ईर्ष्या भाव प्रकट भएको हो । फ्रायडका अनुसार कसैले आफूलाई चित्त नबुझ्ने काम गरेमा उसको अचेतन आक्रोशित बन्न पुग्नुले ऊ अर्को व्यक्तिलाई हानी पुऱ्याउने काममा संलग्न हुन्छ । यसै आधारमा रहेर भन्नुपर्दा लोककथामा पनि बुढालाई एकातिर बाच्छो बाघले खाएको चिन्ता थियो, अर्कोतिर ४ बजेसम्म भोकै बल्लबल्ल गाई चराएर घरमा आउँदा बुढी रिसले कराउँदा एक्कासी अचेतन सक्रिय हुनाले बुढीलाई मदानीलेहान्छ । लोककथामा रहेको यस प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> ठिक्क चार बजेतिर गाई लिएर बुढा आएछन् अरे । उनी भान्सैमा छन् बुढा आएर गाई बाँधेर क्यारेर गोडा धोएर भित्र पसेछन् । भात खान पऱ्यो नि कुरेर बसेकी दुलहीले भात खान लाग्दा त ए ! यसबेलासम्म मलाई यस्तरी भान्सा कुराउनी भनेर रिसाइन के रे । उहाँ बाघले बाच्छो खाएको देखिनन् के रे मलाई यसबेला सम्मन कुराएर थपक्क माहारामा बस्ने भनेर बुढी कराउँदा खेरि मास्तिर कता मदानी रैछ । स्वात्त झिकेर फ्वाक्कै हानेछन् ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

माथिको लोककथांशले बुढो पात्रलाई घरमा आउँदा बाच्छोको चिन्ता एकातिर थियो भने अर्कोतिर भोकले रन्थनिएका थिए । हातखुट्टा धोएर खाना खान भनेर भित्र पसेका थिए त्यति बेलै बुढीले मलाई यसबेला सम्म भान्सा कुराउनी भनेर भनेकी मात्र के थिइन् बुढाको अचेतन आक्रोशमा आएकोले बुढीलाई हाने । लोककथामा बुढाको आक्रोश व्यक्त भएको सन्दर्भलाई प्रस्ट पारेको छ । उनले मदानीले बुढीलाई हान्नु, हानेपछि के भयो कसो भयो कुनै वास्ता नगर्नु, आफू खाना खाएर निस्कनु, सभामा जानु, राजाले एकादशीको व्रत बसेको कोही छ भनेर सोध्दा कुनै प्रवाह नगरी मैले मेरी बुढीलाई मैले हिर्काएँ, हिर्काएपछि रोएर खाना खाइन् त्यसै सुति भनेर वृत्तान्त कहनुले बुढाको अचेतनमा बस्न गएका मनका रागहरू स्वतःस्फूर्त रूपमा जागृत भएर बाहिर प्रकट भएको मानिन्छ । बुढाको अचेतन मनमा भएका भावनाहरू स्वतः बाहिर निस्केको सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> सभामा त्यो बुढो पनि गा रैछ । सभामा राजाले एकादशीको व्रत गर्ने मन्छे को होला ? एकादशीको व्रत गर्नेले चलाए चल्थियो कि भनेर भनेछन् अरे । सभामा राजाले त्यसो भन्दा खेरि ओहो! राम्ररी नुहाएर उपासेकी त होइन मेरी बुढीले मैले हिर्काए । एकपाली गाई लिएर बनमा गाथे बाघले खाइदियो आउँदा सम्म कुरेर बसेइ रैछ । यसबेला सम्म नआउने भनेर मलाई गाली गरी मैले ठटाइदिए । त्यो रूदै बस्दै गर्दागर्दै त्यत्तिकै नखाइकन सुतेकी हो । पिङ चल्छ

> कि नै मैले जान्या छैन भनेर बुढोले सोझै बताएछ अरे ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

लोककथामा बुढा र बुढी पात्रका अचेतन मनका भावहरू प्रकट भएका छन् । यहाँ बुढाले आफ्ना मनभित्र रहेका भावहरू आत्मविश्वासका साथ व्यक्त गरेको पाइन्छ । उसले त्यत्रो सभामा सबैको अगाडि आफूबाट भएको गल्ति पनि सरासर भन्नुमा उसलाई चेतन मनले भन्दा पनि अचेतन मनले प्रभाव पारेको थियो भन्ने कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा रहेकी बुढी पनि बुढाले मदानीले हिर्काएपछि रिसले खाना नखाई रोएर बस्नु, राजाले पठाएका मान्छेसँग म यस्ती कहाँ यसै जान्छु भन्नु, हिँडेर जान्न भन्नु जस्ता अभिव्यक्ति अचेतन मनबाट निस्केका हुन् । बुढीले रिसले खाना नखाएर भोकै सुत्नु, बुढीप्रति मनमा रहेका ईर्ष्या र अचेतनको प्रभावले हो । उनले राजाले पठाएका मान्छेहरूसँग लुगा, गहना, बाजा, बरियात माग्नु, उनको अचेतन मनमा दबिएर बसेका चाहनाहरू चेतनको बाटो हुँदै बाहिर प्रकट भएका हुन् । त्यसैले बुढीको राम्रो लाउने, मिठो खाने, बाजागाजा सहित डोलीमा बोकिएर हिँड्ने रहर समय पाउनासाथ एकएक गर्दै बाहिर प्रकट हुन पुगेको कथाको सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजाले लिन भनेर पठाउँदाखेरिमा यस्ती नराम्री ठुटै बुटै म कसरी जाम म सक्दिन जान्न भनिछन् अरे । लिन आएका मान्छेले आउन मान्नु भएन यसो यसो भन्नुभयो भनेछन् । राजाले अर्कोपालि झपक्क गहना बरियात लिएर पठाएछन् अरे । सप्पै गहना पहिराइदिए, कपडा लगाइदिए, अनि त हिँडेर जान्न भनिछन् । फेरि लिन आए ल जाम भने । बुढीले म यसै राजा थिम हिँडेर कहाँ जान्छु र जान्न भनिछन् । फेरि राजाले मान्छे पठाएछन् के करुन पिङ बिग्रिया छ चलाउन त पऱ्यो त्यही नि चल्छकी भनेर भन्न पऱ्यो केरे । बाजा बरियात सित बोकेर लगेछन् अनि बल्ल बुढी गइछन् अरे ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

माथिको लोककथांशले बुढीको चेतन मनमा जागेका अधिकांश रहरहरू अचेतन मनमा कुण्ठित भएर रहेका थिए । बुढीका मनका रहर आफ्नो बुढाबाट पूरा भएका थिएनन् । सभामा राजाले एकादशी व्रत बसेको मान्छे खोजेको र बुढाले सबै कुरा बताए पछि आफूलाई मान्छे लिन आएको ज्ञान चेतन मनले पाउनासाथ अचेतन मनमा दमित भएर रहेका चाहना पूरा गर्ने उद्देश्य रहेकोले उनले चेतन मनलाई प्रबल रूपमा सञ्चालित गरेर अचेतनका दमित चाहना पूरा गर्न सफल भएको कुरालाई प्रस्ट पारेको छ । निष्कर्षतः यस लोककथामा उपस्थित पात्रहरू बुढा र बुढी कहिले चेतन मनले प्रभावित भएका छन् भने कहिले अचेतन मनद्वारा निर्देशित कार्यमा संलग्न भएका छन् लोककथामा चेतन र अचेतन मनद्वारा प्रभावित भएर गरिएका कार्यलाई क्रमशः माथि विश्लेषण गरी प्रस्ट पारिएको छ ।

'बुजकी छोरी' कथाका पात्रहरू राजा, रानी र छोरीको केन्द्रीयतामा संरचित लोककथामा राजा र रानीको मनोदशा कथा निर्माणका कारकका रूपमा प्रस्तुत भएका छन् ।

कथाको मुख्य कथानक राजा रानीका मनोदशासँग सम्बन्धित रहेको छ भने अन्य कथानकका प्रसङ्गहरू छोरीका माध्यमबाट पनि प्रस्तुत भएका छन् । राजारानीलाई धेरै समय बितिसक्दा पनि सन्तान नहुनु, सन्तान प्राप्त गर्न के गर्नु पर्ला भन्ने दुविधाले मनमा हलचल मच्चिन्नु, ज्योतिसकोमा हेराउन जानु, व्रत बस्ने, पुराण लगाउने निधो गर्नु, व्रत बसेर पुराण गरेपछि असाध्यै राम्री कन्याको जन्म हुनु, कन्या बढ्दै जाँदा विवाह गरिदिने चिन्ता बढ्नु, केटो खोज्न हिँड्नु, भने जस्तो केटो नभेट्नु वा विवाह गर्छु भन्ने कोही पनि केटा नभेटिनु, राजा चिन्तित भएर घर फर्किनु, घरमा आएर रानीसँग गुनासो गर्नु, सबै कुरा छोरीले सुन्नु, मैले विवाह गर्दिन, ध्यान गरेर बस्छु भन्नु, ध्यान गरेर बस्नु, स्वर्गको राजकुमारसँग विवाह गर्नु, पछि बुवाआमालाई पनि विमानमा चढाएर स्वर्ग लैजानु जस्ता घटना कथाका प्रमुख घटना हुन् । प्रस्तुत कथा विशेषतः राजाको अन्तर्द्वन्द्वको चित्रणमा केन्द्रित छ । उनमा आफू राजा भएर पनि आफ्नी छोरी विवाह गरिदिनका लागि केटा नपाउनुले उनी चिन्ताले ग्रस्त बनेका छन् । लोककथामा राजा आफै मेरो घरमा विवाह गर्न योग्य कन्या छन् कसैले विवाह गर्नु हुन्छ भन्दै सोध्दै हिँड्दा पनि कोही विवाह गर्छु भन्ने केटा नपाउँदा राजाको चेतन र अचेतन मनबिच द्वन्द्वको स्थिति सिर्जना हुन्छ । यसरी सोध्दै खोज्दै हिँड्दा पनि केटा नपाउँदा चिन्तित बनेका राजाको चेतन र अचेतनमा हर्ष पैदा नभएर देखिएको निराशाका भावलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> मैले अब छोरी दिन्छु म केटा खोज्न जान्छु भनेर राजा हिँड्नुभयो । राजा हिँड्दा खेरी जाँदा जाँदा जाँदा मेरी छोरी दिने बेला भाछ बिहा गर्नुहुन्छ ? भन्दै हिँड्नु भएछ राजाले सोध्दा मैले गर्दिन भनेछन् । मेरी छोरी दिने बेला भाछ बिहा गर्नु हुन्छ ? मैले गर्दिन जहाँ पुग्छन् राजा मैले छोरी दिन्छु भन्दा दिन पाएनन् । घर आउँदा बुढीले कतै केटा पाउनुभयो त ? भनेर सोधिन राजाले मैले कहीँ कतै केटा देखिन छोरी दिने ठाउँ पाइन मेरी छोरी कसैले लाने भएनन् भने ('बुजकी छोरी' परिशिष्ट क) ।

प्रस्तुत लोककथामा राजा घरमा आएर छोरीको विवाह गर्नको लागि आफूले केटा खोज्दै हिँडेको तर पनि कोही केटा नपाएको कुराले दिक्क बनेर बुढीसँग गुनासो गर्नु उनको मनले चेतन र अचेतन मन भित्रको अन्तर्द्वन्द्वबाट मुक्ति पाउन चाहनु हो । उनले आफ्ना मनभित्रका कुण्ठित भावना रानीलाई पोखेर चिन्तित हुँदै गर्दाको लोककथामा रहेको सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । चिन्तामा डुबेका राजाले आफ्नो मनका पीडा बुढीलाई सुनाउँदै गर्दा छोरीले सुनेर दिएको अभिव्यक्तिले राजाको चेतन मनले सन्तुष्टि पाएको हुन्छ । राजाले आफ्नो मनका पीडालाई बुझेर छोरीले 'म विवाह गर्दिन ध्यान गरेर बस्छु मलाई गुफा बनाइदिनुस्' भन्दा राजाले हुन्छ भन्ने जवाफ दिनु उनको अचेतन मनभित्रको प्रेरणा हो । राजालाई आफू केटा खोज्दै हिँड्दा पनि नपाइनुले मनमा चिन्ता हुन्छ र छोरीले विवाह गर्दिन भनेको सुन्ने बित्तिकै राजाको अचेतन सक्रिय भएकाले गुफा बनाइदिन्छु भन्ने अभिव्यक्ति एक्कासी प्रकट हुन्छ । राजा र रानीले छोरीलाई

बुढेसकालको साहारा नमानी दिने जात हो भन्नु उनीहरूको चेतन मन सक्रियताको सङ्केत हो भने ध्यान गर्न गुफा बनाइदिनु भन्नासाथ हुन्छ भन्नु अचेतन मनको अभिव्यक्ति मानिन्छ । किनभने छोरी त अर्काको घरमा दिने जात हो भनेका बुवा आमाले छोरीले भन्नासाथ हुन्छ भन्नु अचेतन मनको गहिरो प्रभाव परेको कारण मान्न सकिन्छ । लोककथामा एउटै पात्रमा कहिले चेतनको प्रभाव परेको छ त कहिले अचेतन मनको प्रभावले निर्देशित कार्य भएको छ । यहाँ अचेतन मनले चेतन मनभित्रको निराशा कम गरेर खुसी हुन छोरीलाई गुफा बनाइदिन्छु भने पनि आफूहरू बुढाबुढी भएको र तिमी पनि गुफामा गएपछि हामीलाई कसले हेर्छ, कसले पाल्छ स्याहार सुसार कसले गर्छ भनेर चिन्ता लिनु चेतन मनको प्रभावका कारणले हो । पहिला आफ्नो चिन्ता कम गर्न हुन्छ भनिहाल्नु अचेतनको प्रभाव र छोरी गुफामा जाने भनेपछि आफूहरूको बारेमा सोच्नु, चिन्तित बन्नु चेतनमनमा परेको प्रभावले उत्पन्न भएका अभिव्यक्ति हुन् । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बा आमाको कुरा सुनेकी छोरीले भनिन् बुवा ! मैले अब बिहा गर्दिन हजुरले यस्तरी खोज्दा पनि केटा पाउनु भएन । मलाई एउटा गुफा बनाइदिनुस् म गुफामा गएर बस्छु हजुरहरूले मेरो पिर लिनु पर्दैन भनिछन् । छोरीको कुरा सुनेपछि राजा खुसी भएर हुन्छ छोरी मैले गुफा गराइदिन्छु भनेछन् । राजा अब मेरा छोरा पनि छैनन् तिमी गुफामा गर पछि हामीलाई कल्ले पाल्ने हो के गर्ने हो भनेर फेरी निराशामा परेछन् ('बुजकी छोरी' कथा, परिशिष्ट क) ।

लोककथामा आफ्ना बुवाले खोज्दै हिड्दा पनि विवाह गर्ने केटो नपाएको कुराले उसको चेतनमा गहिरो प्रभाव स्वरूप कुण्ठित भएको 'मलाई एउटा गुफा बनाइदिनुस् म गुफामा गएर बस्छु हजुरहरूले मेरो पिर लिनु पर्दैन' भन्ने अचेतन मनबाट प्रकट भनाइमा हुन्छ भन्दा पछि बुवा आमाको चेतन मनमा पछुतो भएर निराशिएको भावनालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । हुन्छ भने पनि बुढा बुढीलाई पठाउन मन नलाग्नु, पछि छोरी गुफामा बस्न जानु, छोरीलाई सहयोग गर्न भनेर सहयोगी खोजिदिनु, छोरी खुसी भएर ध्यान गरेर बस्नु, बुवाआमा समयसमयमा छोरी भेट्न जानु जस्ता क्रियाकलाप राजा, रानी र छोरी पात्रका चेतन मनबाट प्रभावित क्रियाकलापहरू हुन् । लोककथामा रहेको यस सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> राजा रानीले अलि पर गएर गुफा गराइदिएछन् । गुफा गराइदिएर फेरि टनननन्न फूलबारी गराएछन् । बुवाले ती छोरी लएर गुफामा राखेछन् । त्यसपछि एउटा धाइमा खोजेर राखिदिए अनि छोरी गुफामा बसिन् । उनी त त्यो गुफामा कहाँ छन् कहाँ उनी माथि देवताको ध्यान गरेर बसेइछन् ('बुजकी छोरी' कथा, परिशिष्ट क) ।

माथिको लोककथांशमा बुवा आमाले छोरीको चाहना अनुसार गुफा बनाइदिनु, गुफासँगै सुन्दर फुलबारी बनाइदिनु, छोरीलाई काममा सहयोग गर्नका लागि सहयोगी

राखिदिनु जस्ता चेतन मनबाट गरिएका कार्यलाई प्रस्ट पारिएको छ । समग्रमा यस लोककथामा घटेका मुख्य मुख्य घटनाहरू कहिले छोराछोरी नभएर चिन्तित हुनु, कहिले भएर विवाह गरिदिन नपाएर चिन्तित हुनु, विवाह गर्दिन भन्दा खुसी हुनु, गुफा गराइदिन्छु भन्नु, गुफामा छोरी जानी भई हामी एक्लै हुने भयौँ भनेर चिन्ता लिनु, छोरीलाई काममा सहयोग गर्नका लागि सहयोगी खोजेर राखिदिनु, छोरी बसेको गुफाको ढोका नखुल्दा राज रानी चिन्ताले मुर्छित हुनु जस्ता घटनाक्रमहरूमा चेतन र अचेतनका अवस्था देखिएका छन् । पात्रले कुनै कार्य मनमा चेतन भएर नै गरेको छ भने कुनै काम उसले नसोचि एक्कासी गर्ने निर्णय गरेको छ । एक्कासी कुनै पनि कुराको बोध नगरी गरिउका निर्णय वा काम अचेतन मनका अभिव्यक्ति मानिएको छ भने छोरी पात्र गुफामा बस्न जानु, ध्यान गर्नु, फूल टिप्नु जसता काम चेतन मनबाट सञ्चालित कार्यहरू हुन् भने राजाले बिहा गरेर लान्छु भन्दा बुवा आमालाई नसोधी सहमति जनाउनु, राजासँग विमानमा चढेर स्वर्ग जानु अचेतनबाट सञ्चालित कार्य हुन् । पछि आफ्ना बुवा आमालाई मुर्छाएको देखेर माथिबाट लेखेको कागज फाल्नु, विमान लिएर आउनु, बुवा आमालाई विमानमा चढाएर स्वर्गमा लैजानु उनको चेतन मनबाट सञ्चालन भएका कार्यहरू हुन् । लोककथामा चेतन अचेतन मनका प्रभावले नै घटनाक्रम घटेका छन् । चेतन मनले सहज किसिमका घटनाको निर्माण गर्दछ भने अचेतन मनले असहज र अप्ठ्यारा किसिमका घटनाको निर्माण गर्दछ ।

'माया मोहबाट कष्ट' कथाका मुख्य र महत्त्वपूर्ण पात्र राजकुमारकै कारण कथानकले गति प्राप्त गरेको छ । लोककथामा ऊ राजकुमारीको मन हलचल गराउने प्रमुख कारकतत्त्व हो । कथाको आदि भागमा उनी आज्ञाकारी, मिहिनेती, लगनशील, सिपालु पात्रका रूपमा देखिएका छन् बिच भागमा उनी आफ्नो गलत निर्णयले पछुताएको र अन्त्यमा त्यसको समाधान खोजेका छन् । लोककथामा राजकुमार आज्ञाकारी, मिलनसार, आफ्ना बुवा आमाको आज्ञा पालन गर्ने, साथीहरूको मनको भावना बुझ्ने सहयोगीका रूपमा रहेका छन् । उनी साथीहरूसँग हाँसखेल गर्ने, साथीहरूलाई आराम गर्न दिने, पानी पिउन तिर्खा लाग्यो एकछिनमा आउँछौ भन्दा हुन्छ भन्ने जस्ता उनीद्वारा गरिएका कार्य चेतन मनका अभिव्यक्ति हुन् । उनले सँगै गएका साथीलाई तिर्खा लाग्यो भनेर पानी पिउन पठाएर आफू एक्लै सिकारको खोजीमा हिँडेको प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजाको छोरा राजकुमार बुवाले भनेपछि जे पनि मान्ने थिए । सबै साथी संगीहरूसँग खेल्न जानी हाँसो ठट्टा गर्ने, जङ्गलमा सिकार खेल्न जानी यस्ता कुराहरूमा उनी अत्यन्त विज्ञ पनि थिए र पोख्त पनि थिए । एकदिनको कुरा हो राजकुमार सिकार खेल्नको निमित्त जङ्गलमा जाँदै थिए । केही सैन्य गणहरू पनि साथीहरू थिए । साथीहरूलाई साथमा लिएर जब जङ्गलमा गइरहेका थिए । जङ्गलमा जाँदा सैनिकहरू धेरै थाकेछन् अनि राजकुमारसँग भनेछन् राजकुमार ! हामीलाई त थकाइ लाग्यो । अब हामी यत्रतत्र कही जलासयमा जान्छौँ जलपान

> गर्छौं हामी बस्छौं तपाईं यसो घुमेर आउनुस् भनेर राजकुमारलाई सैनिकहरूले भने । राजकुमारले हुन्छ भनेर आफ्नो हिसाबले धनुको काँजो काँधसम्म खैँचेर मृग पाए भनि मैले मार्नुपर्यो बाटोमा कहीँ भेटिएला कि भन्दै हेर्दै हेर्दै राजकुमार हिँडे ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

लोककथाका पात्र राजकुमारले आफ्ना बुवा र साथीहरूले भनेका कुरा आज्ञाकारी भएर मान्नु, साथीहरूसँग रमाइलो गर्नु, साथीहरूको कुरा बुझ्नु उनीहरूले हामी केही समय आराम गर्छौं थकाइ लाग्यो भन्दा कुनै नकारात्मक प्रतिक्रिया नजनाइकनै हुन्छ भनेर आफू मृग पाए सिकार गर्छु भन्दै सिकारको खोजीमा हिँड्नु उनको चेतन मनद्वारा प्रभावित कार्य हुन् । लोककथामा राजकुमारको असल बानी व्यहोरा र सहयोगी भावना रहेको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजकुमार आफ्ना साथीहरूलाई आराम गर्न भनेर आफू मृग पाए सिकार गर्छु भनेर जाँदाजाँदै राम्रो बगैँचामा पुग्नु, बगैँचाका फूलहरू देखेर अचम्ममा पर्नु, मेरो राज्यको भित्र यति राम्रो बगैँचा कसको होला, एकपटक हेर्छु भनेर ढोका खोल्नु, भित्र पसेपछि पहेँलै फूलहरू देख्नु, राम्रा राम्रा फूलहरू देख्नु, बगैँचामा अत्यन्त राम्री सुन्दरी देख्नु, सुन्दरीलाई यति राम्रो बगैँचा कसले बनाएको हो भनेर सोध्ने मन गर्नु, सोध्नु जस्ता राजुकमारबाट सञ्चालित कार्यहरू चेतन मनबाट आएका अभिव्यक्तिले गराएका कार्य हुन् । लोककथामा रहेका यी अभिव्यक्तिलाई तल प्रस्तुत गरिएको छ :

> राजकुमारले हुन्छ भनेर आफ्नो हिसाबले धनुको काँजो काँध सम्मन खैँचेर मृग पाए भनि मैले मार्नुपऱ्यो बाटोमा कहीँ भेट्टिएला की भन्दै हेर्दै हेर्दै राजकुमार हिँडे । जब राजकुमार बाटोमा जाँदै थिए । जाँदा त यति राम्रो बगैँचामा पुगेछन् । त्यो बगैँचामा धेरै सुन्तलाहरू फलिरहेका थिए, धेरै किसिमका फूलहरू फुलिरहेका थिए । चराचुरुङ्गीहरू चिरबिर गरिरहेका थिए । जब राजकुमार द्वारमा पुगेछन् बगैँचा देखेर अचम्म परेछन् । ओहो ! यो मेरो राज्यको भित्र यति राम्रो बगैँचा यति राम्रो उद्यान कल्ले बनाएको होला एकपटक हेर्न पऱ्यो भनेर राजकुमारले ढोका खोलेछन् ... । ... भित्र हेर्दै जाँदा त असाध्यै राम्री सुन्दरी रैछन् अरे । सुन्दरीलाई देखेपछि राजकुमारले प्रश्न गरे । ए ! सुन्दरी यो बगैँचा कसको हो ? ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजकुमारले साथीहरूलाई आराम गर्न भनेर आफू सिकार गर्छु भनेर हिँड्दा सुन्दर बगैँचामा पुग्नु, बगैँचामा फलफूलहरू फलेका, फूल फुलेका देख्नु, चराचुरुङ्गीहरूको मिठो धुन आएको ठाउँमा पुग्दा सुन्दर राजकुमारीलाई देख्नु, राजकुमारले सुन्दरीलाई यो बगैँचा कसको हो ? भनेर सोध्नु जस्ता चेतन मनका कार्यलाई प्रस्ट पारिएको छ । राजकुमारीसँग राजकुमार राजकुमारीसँग कुराकानी गर्नु, मन पराउनु, मन पर्नासाथ विवाह गर्न पाए हुने भन्ने भावना जाग्नु उनको अचेतन मनमा दबिएर रहेका यौनका चाहना प्रकट भएका हुन् । सुरुमा चेतन मन परिचालित भएरै राजकुमार बगैँचाभित्र

प्रवेश गर्छन् भने राजकुमारी देख्नासाथ उनको चेतन र अचेतन बीच अन्तर्द्वन्द्व चल्न थाल्छ, देख्नासाथ मन पर्नु र विवाह गर्न पाए भन्ने भावना जाग्नु चेतन परिचालित कार्य हो भने कुराकानी गरिरहन मन गर्ने, बोल्दाबोल्दै आफू साथीहरू भएको र जानु पर्ने कुरा नै बिर्सनु भने अचेतन मनमा रहेको यौन अनुभूति प्रकट हुनु हो । लोककथामा रहेको उक्त प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> सुन्दरीले मेरो बुबाले बनाउनु भएको हो यो बगैँचाको संरक्षण गर्नका निमित्त आज म बसेकी छु भनिन् । त्यसपछि राजकुमार र राजकुमारीले कुरा गर्न लागे । राजकुमारले पनि भित्र भित्र राजकुमारीलाई मन पराए भने राजकुमारीले पनि राजकुमारलाई मन पराइन् । राजकुमारी राजकुमारको रूपमा आसक्ति्त हुन थालिन् । राजकुमारीलाई मन मनमा यसैसँग विवाह गर्न पाए हुन्थियो भन्ने लाग्यो । राजकुमारलाई पनि यत्रो बगैँचाको मालिक यिनैसँग विवाह गर्न पाए हुन्थियो भन्ने लाग्छ ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

लोककथामा राजकुमार र राजकुमारीका बिचमा भएको कुराकानीले दुवैले सुखी जीवनको परिकल्पना गरेका छन् । उनीहरू एकअर्काप्रति आकर्षित हुनु, कुरा गरिरहन खोज्नु, मन पराएर जीवन सँगै बिताउन पाए हुन्थ्यो भन्ने भावना जागृत हुनु अचेतन मनभित्र रहेका यौनभाव प्रकट भएको हो । राजकुमार र राजकुमारी एकअर्काको रूपमा आसक्ति भएको र चाहेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजकुमार र राजकुमारी बिच कुरा हुँदै गर्दा राजकुमारीका बुवा आउनु, बुवा आउना साथ राजकुमारीले डरले राजकुमारलाई शौचालयमा धकेली दिनु, शौचालयमा चुकुल लगाएपछि राजकुमार राजकुमारीले चुकुल खोलिदिने आशमा बस्नु जस्ता क्रियाकलापबाट राजकुमारका अचेतन मन भित्रका यौनभाव प्रकट भएको मान्न सकिन्छ । बुवालाई देखेपछि आफूलाई राजकुमारीले शौचालयमा धकेलि दिँदा केही नबोल्नु राजकुमारको अचेतन यौनबाट परिचालित भएकाले प्रतिवाद नगरेको बुझिन्छ । तीन दिन बितिसक्दा पनि राजकुमारी चुकुल खोलन नआउनाले राजकुमार शौचालयमा छट्पटिनु, अत्यन्तै लहसिनु, आफू माया मोहमा फसेकोमा पछुतो मान्नु, चुकुल खोल्ना साथ राजकुमारीको कुरा नसुनी भाग्नुले रूप र मायाको पछि लागेमा दुःख पाइन्छ भनेर बुझ्नु र त्यहाँबाट कुरा नसुनिकन भाग्नु, पहिला रूपको पछि लागेर थुनिन परेको कुरामा पछुताउनुले यस अभिव्यक्तिले राजकुमारमा चेतनाको प्रभाव भएको प्रस्ट हुन्छ ।

'दसवचने' लोककथामा रहेका पुरुष पात्र बुवाको पनि लोककथामा उल्लेखनीय भूमिका रहेको छ । उसमा चेतन मनको गहिरो प्रभाव छ । लोककथामा उसले अचेतनलाई दबाएर चेतनलाई अस्तित्वमा ल्याउने प्रयास गरेको छ । उसको मनभित्र जे भए पनि चेतन मनले डोरिएर गर्नु पर्ने काम गरेको छ । उसले आफ्नी श्रीमतीको मृत्युपछि सानी छोरीको जिम्मेवारी पूरा गरेको छ । उसले गर्नु पर्ने नैतिक क्रियाकलापहरू गरेको छ । उसमा चेतनको प्रभाव परेकाले वास्तविकताको ज्ञानबाट निर्देशित छ । त्यसैले उसले आफ्नो

छोरीको बारेमा निकै चिन्ता व्यक्त गर्छ । ऊ आफ्ना मनभित्रका चाहनालाई बिर्सेर कुनै कुराको कमी नराखेर छोरी हुर्काउनु, घरको सबै काम आफै गर्नु, छोरीलाई काम नलगाउनु, असाध्यै माया गर्नु, समय बितेसँगै छोरीको बानी व्यहोरा देख्दा चिन्तित बन्नु, संस्कार सिकाउन पो जानिन कि भनेर आफैलाई दोषी ठान्नुमा चेतन मनको प्रभाव रहेको छ । लोककथामा भएको उक्त सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> छोरी सानै हुँदा आमा बितेकीले बाबुले नै छोरीलाई धेरै माया गरेर हुर्काएको थियो । त्यसैले छोरी सारै पुल्पुलिएकी र मातेकी थिई । घरको काम छोरीले गर्न सक्ने हुँदा पनि बाबुले अराउथेनन् । बाबुले जे भन्यो त्यही गराएर पालेको भएर छोरी मातेर बोल्दा पनि झर्किनी रिसाउनी गर्थी । एकपाली बोलाएर कहिल्यै नबोल्ने दस पाली बोलाउनु पर्ने बोल्दा पनि दस वचन फर्काउने कसैसँग नडराउने थिई । दिन बित्दै जाँदा छोरीको बिहा गर्ने बेला भयो । बाबु छोरीको बानी व्यहोराले चिन्तित भएर मैले संस्कार दिन सकिन कि छोरीलाई न भनेको मान्छे न बोलाएर बोल्छे कि बोल्दै बोल्दिन बोली भने पनि दस वचन फर्काउँछे भनेर पिर मान्थ्यो अरे ('दसवचने' परिशिष्ट क) ।

लोककथांशमा छोरी सानै हुँदा आफ्नो श्रीमतीको निधन भएपछि छोरीलाई मातृवात्सल्य प्रेमबाट बन्चित नगराउने मनोभावले बाबु पात्रले आफ्ना मनभित्रका अथाह इच्छा चाहनालाई अचेतन मनमा दमित गरेर त्यही छोरीको मुख हेरेर जीवन काट्न विवश बनेको छ । उसले आमाको मायाको अभाव हुन नदिने मनसायले आफूले गरेको मायाले छोरी मात्तिदा, झर्केर बोल्दा, पिर मान्नु, इष्टमित्रले के भन्लान, बिहे गर्ने बेला भयो, बिहेको कुरा गर्दा दश वचन लाउँछे भनेर चिन्ता मान्नुले उसको मनमा चेतन मनको प्रभाव परेको बुझ्न सकिन्छ जुन कुरालाई माथि प्रस्ट पारिएको छ । लोककथामा बाबु पात्र आफ्नी छोरीको बानी व्यहोराले चिन्ताग्रस्त बनेको हुन्छ । छोरीको बिहे गर्ने उमेर भयो, न राम्रो बोल्छे, न भनेको मान्छे, न केही जानेकी छ खाली झर्केर बोल्ने र रिसाउने मात्र बानी देखेर आत्तिएको बाबुको चेतनमा समाजले के भन्ला, कस्ताकी छोरी हो केही नजानेकी भनेर भनेको सुन्न र छोरीको स्वभावले अरूलाई दुःख दिनु भन्दा आफूले नै दुःख काट्छु भन्ने भावनाको बोध गर्नु चेतन मनका अभिव्यक्ति हुन् । साँझमा घरमा बास माग्न आएको बटुवालाई आफ्नो घरमा पनि हुर्किएकी छोरी छ बुझेर मात्र बास दिनुपर्छ भनेर राम्रोसँग सोधखोज गर्नु र उसको चरित्रबारे थाहा भएपछि मात्र बास दिनु, बटुवासँग दुःख सुख, घर व्यवहार लगायतका विषयमा कुराकानी गर्नु, आफ्नो मन भित्र कुण्ठित भएका भावलाई निकालेको सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> इष्टमित्रले छोरीको बिहा गर्ने होइन भन्दै केटा देखाउछन् छोरीको न बोलि राम्रो, न बानी राम्रो, बाबुलाई सारै पिर परेको थियो । बिहाको कुरा गर्दा छोरीले दसवटा वचन लाउथी केरे । एकदिन बाटो हिड्ने बटुवाले ति बाबु छोरीको

> घरमा आएर आजको रात बास पाइन्छ कि ? भनेर सोधे । बाबुले को हुनुहुन्छ ? कहाँ हिड्नुभाको हो ? कहाँबाट आउनुभाको हो ? भनेर सोधेछन् । त्यो बटुवाले परदेशबाट आको मेरो घर यो डाँडापारी हो भनेछ । बाबुले बटुवाको कुरा सुनेपछि मनमनै सोचेछन् मान्छे त भलाद्मी नै छ यत्तिको मान्छेलाई बास दिन हुन्छ भन्ने लागेर हुन्छ बस्नुस् भनेछन् । राती खानपिन गरेर बटुवासँग बाबुले दुःख सुखका कुरा गरेछन् ('दसवचने' परिशिष्ट क) ।

प्रस्तुत लोककथामा रहेको बाबुले अब त छोरीको विवाह गर्नु पर्यो उमेर भयो भनेर इष्टमित्रले भन्दा छोरीको स्वभाव देखेर चिन्ता मान्नु, घरमा साँझमा बास माग्न आएको पाहुनालाई बुझेर मात्र बास दिनु, उसको सबै कुरा थाहा पाएपछि मनमा कुण्ठित भावना बटुवालाई सुनाएर मन हलुका पार्ने काम गरेको छ । उसले निकै सोच विचार पुर्‍याएको र सजगता अपनाएको स्थिति चेतन मनको स्थिति हो जुन कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । खाना खाएपछि बटुवासँग कुरा गर्दै जाँदा आफ्नी छोरीको यथार्थतालाई लिएर पिर मान्नु, इष्टमित्र गाउँ समाजले के भन्ला भन्ने चिन्ता हुनु, बटुवाले आफूले देख्नासाथ मन पराएको र पाए विवाह गरेर लैजाने बताएपछि बाबुको मनमा चेतन मन र अचेतन मनबिच द्वन्द्वात्मक अवस्थाको सिर्जना हुन्छ । चेतन मनले यस्तो शील स्वभाव भएकी छोरी अरूलाई दिएर दुःख दिनु हुँदैन जस्तो भए पनि मैले नै सहन पर्छ मेरो भाग्यमा नै यस्तै लेखेको भन्छ भने अचेतन मनले विवाह गर्छु भनेको बेलामा उसको कुरा मानेर गरिदिनु पर्छ भन्ने जस्ता कुराले दोधार परिस्थिति सिर्जना गराएको हुन्छ । कुनै कुरालाई स्पष्ट निर्णय गर्न नसक्ने द्वन्द्वग्रस्त मनस्थितिको निर्माण अचेतनमा रहेका अनेक कुण्ठाका कारणले हुने गर्छ । बाबुको मनमा रहेको दोधारको अवस्थालाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बाबुले पनि आफ्नी छोरीको कुरा गरेछन् भनेको केही मान्दिन् बोल्दा पनि झर्किन्छे काम अरायो भने दस वचन फर्काउछे मैले आमा नभएकी टुहुरी भनेर माया गरेर हुर्काए अहिले यस्ती भई भनेछन् । बटुवाले फेरि छोरीलाई हेर्दा राम्री मानेको थियो केरे अनि मैले हजुरकी छोरीसित बिहा गर्छु हजुरले मलाई तीन चिज दिनपर्छ भनेछ । ती बाबुले होइन हजुर यस्ती छोरी हजुरलाई दिएर मैले हजुरलाई दुःख दिन्न मेरो कर्ममा यस्तै लेखेको मैले नै भोग्छु भनेछन् न यल्ले भनेर मान्छे, न केही काम नै गर्छे, न ढङ्गले बोल्छे यसलाई मैले यस्तै बनाए ले गरम अरूलाई दुःख दिन हुन्न मलाई पाप लाउछ भनेछन् ('दसवचने' परिशिष्ट क) ।

लोककथाको पात्र बटुवाले मन पराएर बिहे गर्छु भन्दा बाबुले आफ्नी छोरीको बानी व्यहोरा बताउनु र अरूलाई दुःख दिन हुन्न पाप लाग्छ भन्नु, मलाई नै लेखेको आफैले भोग्छु भन्नु, बटुवाले तीन चिजको सर्त राखेर बिहे गर्छु भन्नु, बटुवाको कुरा सुनेपछि पनि

हुन्छ नभन्नु, उसको मनमा दोधारको अवस्था सिर्जना हुनु जस्ता कार्यलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । बाबुको कुरा सुनेर उसकी छोरीले भनेको नमान्ने, मुख फर्काउने, मुखमुखै लाग्ने जस्ता स्वभाव भएको भन्ने थाहा भएपछि पनि बटुवाले आफूले मागेको तीन चिज दिए बिहे गर्छु भन्ने अभिव्यक्तिमा बाबुको चेतन मन र अचेतनमनको द्वन्द्व पश्चात छोरीको बिहे गरिदिन मन्जुर हुनु, छोरीलाई विवाह गरी पठाउनु, केही समयपछि छोरी र ज्वाइँ आउनु, आउँदा छोरीको बानी व्यहोरामा आएको परिवर्तनले खुसी हुनुमा भने चेतन मनको प्रभाव रहेको छ । लोककथामा रहेको यस प्रसङ्गलाई तल प्रस्तुत गरिएको छ :

> बाबुको कुरा सुनेपछि बटुवाले होइन हजुरलाई किन पाप लाग्ने हो र मैले बिहा गर्नै परेको छ यिनैलाई लान्छु भनेछ । बटुवा राम्रै मान्छे रैछन् भन्ने लागेछ र हुन्छ हजुरले बिहा गर्छु भन्नु हुन्छ भनि के भनम त मेरी छोरीको बानी थाहा पाउनुभयो केरे भनेर हुन्छ भनेछन् । धेरै समय बितेछ दुलहीलाई बाबुको याद आएछ । दुलाहालाई मलाई बाको याद आयो जाम न भनिछ र हुन्छ भनेर गएछन् । जाँदा त बाबु धेरै खुसी भयो के रे गएर केही गर नभनीकनै छोरी त भित्र पसेर भात पकाएर आफ्ना बाबु र दुलाहालाई दिएर सबै काम गरिछ । बाबु त दङ्ग परेको छ आफ्नै छोरी पनि हैन कि जस्तो लागेछ ('दसवचने' परिशिष्ट क) ।

माथिको लोककथांशमा बटुवा र बाबु पात्रका कुरा हुँदै गर्दा बाबुले मलाई पाप लाग्छ भन्नु अचेतन मनको अभिव्यक्ति हो भने बटुवाले मैले विवाह गर्ने हो हजुरलाई किन पाप लाग्नु भनेर सकारात्मक प्रतिक्रिया दिनु चेतन मनको प्रभाव हो । समाजमा भोलिका दिनमा के हुन्छ भन्ने कुराको सङ्केत थाहा नभईकन अभिव्यक्ति प्रस्तुत गर्नु अचेतनको प्रेरणा मानिन्छ भने आफूले के गर्दैछु भोलि के परिणाम आउला भन्ने सोच्नु र आइपर्न सक्ने समस्याबारे जानकार हुनु चेतन मनको प्रभाव हो । बटुवालाई विवाह गरेर लगेपछि जसरी भए पनि बानी व्यहोरा सुधार्न सक्छु भन्ने प्रतिबद्धता मनमा जाग्नु चेतन मनको प्रभाव थियो । त्यसैगरी बिहे गरेर गएपछि धेरै समयमा आफ्नो बाबुलाई भेट्न आएकी छोरीको काम देखेर बाबु खुशी हुनु पनि चेतनको प्रभाव हो । फ्रायडका अनुसार केही भाग चेतन र केही अचेतनको प्रभाव पर्नु नै अचेतन हो । यस लोककथामा रहेका पात्र बाबुमा पनि कहिले चेतन मनको प्रभावले गरेका कार्य छन् भने कहिले अचेतन मनले निर्देशित गरिएका घटनाक्रम रहेका छन् ।

## ४.४ निष्कर्ष

स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा पात्रको चेतन र अचेतनमा मनको अवस्थाले तिनका व्यवहारमा पारेका अनेक प्रभावलाई प्रस्तुत गरिएको छ । अचेतनमा दमित र कुण्ठित भएका मनका इच्छा र चाहना अनेक वैयक्तिक स्वार्थका कारण मनमा उत्पन्न द्वन्द्व र तिनले निर्माण गरेको पात्रको विचित्र मनोदशाको चित्रण लोककथामा

देखिन्छ । पात्रका अचेतनका इच्छाले उसको जीवन कसरी परिचालित हुन्छ र ती इच्छाहरू पूरा गर्न उसले आफूलाई कसरी परिचालित गर्छ भन्ने सन्दर्भ लोककथामा पाइन्छ । अचेतनमा जागेका इच्छा र चाहना कसरी पूर्ति गर्ने भनेर बाहिरी समाजसँग सामन्जस्य गर्ने काम चेतन मनले गरेको हुन्छ । पात्रमा चेतन मनको प्रभाव परेको बेला उसका मनोगत व्यवहार अनुकूल र सहज हुने कुरालाई कथाले प्रस्तुत गरेको छ । चेतन मनले परिचालित हुँदा सकारात्मक सोचाइ र कार्य गर्दछ भने अचेतन परिचालित भएको अवस्थामा नकारात्मक सोचाइसँगै अनैतिक र आपराधिक कार्य गर्न पनि पछि हट्दैनन् भन्ने कुरा कथाका पात्रबाट प्रस्तुत भएको छ ।

# पाँचौँ परिच्छेद

# स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्को प्रस्तुति

## ५.१ विषयपरिचय

स्याङ्जा जिल्लाको दक्षिणी क्षेत्रमा प्रशस्त लोककथाहरू पाइन्छन् । यस क्षेत्रमा प्रचलित लोककथालाई मनोविश्लेषणात्मक अध्ययन गर्ने क्रममा यस परिच्छेदमा इद र अहम्को प्रस्तुतिलाई पहिचान गरिएको छ । यहाँ मनको सिद्धान्तका दुई पक्ष मध्ये गत्यात्मक पक्षका तीन खण्डहरू इद, अहम्, पराहम्को परिचय दिनुका साथै दक्षिणी क्षेत्रका लोककथामा इद र अहम्को प्रस्तुतिलाई केलाउने काम गरिएको छ । दक्षिणी क्षेत्रका कथाहरूमध्ये यस परिच्छेदमा केही प्रतिनिधिमूलक कथाको मात्र विश्लेषण गरिएको छ ।

## ५.२ मनको गत्यात्मक पक्ष इद, अहम् र पराहम्

मनोविश्लेषणात्मक अध्ययन अन्तर्गत पर्ने मनको सिद्धान्त एक महत्त्वपूर्ण चिन्तन हो । फ्रायडका अनुसार मनको सिद्धान्तलाई दुई पक्षमा विभाजन गरिएको छ : आकारात्मक पक्ष र गत्यात्मक पक्ष । गत्यात्मक पक्षका पनि तीन खण्डहरू रहेका छन् ।

अङ्ग्रेजी 'इड' को पर्यायवाची शब्दका रूपमा नेपालीमा 'इदम्' प्रयोग भएको हो । यो जर्मन 'एस' (es) अङ्ग्रेजी रूपान्तरण इदको अर्थ 'इट' (it) अर्थात् यो हो । संस्कृतमा 'यो' (इड) को अर्थ उपाहम्, अधोहम, अधम्, अहम् हो । फ्रायडका अनुसार व्यक्ति व्यक्तित्वको आरम्भिक मूल आधार जैविक हुने हुँदा त्यसका साथमा मनोवैज्ञानिक पक्ष जोडिएको हुन्छ । फ्रायडले इदलाई मूलप्रवृत्तिहरूको भण्डार मानी यसलाई सर्वाधिक महत्त्व दिएका छन् । सम्पूर्ण इच्छाहरूको जन्म यसैबाट हुन्छ । यसको प्रमुख विषय कामशक्ति वा कामवासनासँग सम्बद्ध पक्ष र त्यसको तत्काल तुष्टिको चाहना मानिएको छ । यो आनन्द तथा सुखको सिद्धान्तबाट परिचालित हुन्छ । अतः यसले कष्ट वा तनाउ बेहोर्न नसक्ने हुँदा यो सदैव शिशु स्वभावको हुन्छ । यो आग्रहशील, संवेगशील, अबौद्धिक, अतार्किक, असामाजिक, स्वार्थी, सुखापेक्षी, उच्छृङ्खल र अनैतिक हुन्छ । मूलप्रवृत्तिको सन्तुष्टिका लागि यसले सामाजिक मर्यादा, आचारसंहिता र नैतिक अवरोधको वास्ता नगर्ने हुँदा यो दानवी स्वभावको हुन्छ । इड जन्मजात र वंशानुगत पनि हुन्छ । यसको स्वरूप अचेतन प्रकारको हुन्छ । शिशुको प्रारम्भिक जीवन अचेतन हुन्छ, तर पछि बाह्य सम्पर्कका कारण उसमा अवचेतन र चेतन विकसित हुन्छ । यसका साथै इडका इच्छाहरू दमित हुन थाल्छन् (शर्मा र लुइटेल, २०६३, पृ. १७३) । इदम् सबै प्रकारका इच्छाहरूको जननी हो । यसको प्रमुख विषयसामग्रीका रूपमा कामशक्तिसँग सम्बन्धित कुराहरू र तत्कालै त्यसको परितुष्टिका चाहना पर्दछन् । यो आनन्दको सिद्धान्तबाट सञ्चालित हुन्छ । जुन क्रियाहरू गर्नाले सुख

प्राप्त हुन्छ, त्यसका लागि यो सधैँ तत्पर रहन्छ । सुख प्राप्त गर्नका लागि इदले सामाजिक मान मर्यादा, नियम कानुन, नैतिकताको समेत ख्याल गर्दैन । विकासक्रमको प्रारम्भिक अवस्थासँग सम्बन्धित हुनाले इदम् मानसिक जीवनको भद्रगोल खुड्किलो जस्तै हो जसमा भावनाहरू उम्लिरहेका हुन्छन् । समय र स्थानको ख्यालै नगरी सुख खोज्ने वा शक्ति विसर्जन गर्न तथा मनका चाहनाहरू पूर्ति गर्न आतुर इदम्ले मानिसको बाल्यावस्थादेखि नै निजी सुखको अनुभूति गर्दै आएको हुन्छ (घर्ती, २०६७, पृ. १६) । फ्रायडका अनुसार सम्पूर्ण नैतिक एवं अनैतिक इच्छाहरू कामवृत्तिको कारणले नै उत्पन्न हुन्छन् । यसलाई न त समयको ज्ञान रहन्छ न त वास्तविकताको नै । यसै कारणले गर्दा शिशु वा बालकले आफ्ना इच्छाहरूलाई पशु झैँ पूरा गर्न चाहन्छ । कामवृत्ति सुखको नियमद्वारा शासित हुन्छ र वास्तविकताको नियमसँग यसको कुनै सम्बन्ध देखिँदैन । अतः कहिलेकाहीँ त यसले असम्भव इच्छाहरू पनि पूरा गर्न चाहन्छ (भण्डारी, २०५६, पृ. ५६) । व्यक्तिको मनको यो खण्डमा रचनात्मक र विध्वंशात्मक दुवै खालका प्रवृत्तिहरू रहेका हुन्छन् । यो पूर्णरूपले अचेतन र सुखको नियमद्वारा निर्देशित हुन्छ । सामाजिक दृष्टिले अनैतिक र अशिष्ट मानिने कामवृत्ति दमित विचारहरूको सङ्ग्रह हो ।

फ्रायडले मन वा चेतना बुद्धिलाई अहम् मानेका छन् । बाह्य वातावरणसँग सम्पर्क स्थापित गर्न सक्ने अहम्ले मानिसका मूलप्रवृत्ति र सामाजिक एवं भौतिक यथार्थमा सामञ्जस्य स्थापित गरेर बढस्भन्दा बढी सन्तुष्टि प्राप्त गर्न सघाउँछ । भर्खरै जन्मेको शिशुमा अहम् हुँदैन र यो पछि त्रमशः विकसित हुँदै जान्छ । यसले इडका छाडा इच्छाहरूलाई सन्तुष्ट गर्न प्रयास गर्छ । यो वास्तविकताको नियमद्वारा निर्देशित हुन्छ । यो आंशिक रूपमा चेतन र अचेतन दुवै हुन्छ । यसले इड र पराहम्का बीच सन्तुलन राख्ने काम गर्छ (शर्मा र लुइटेल, २०६३, पृ. १७४) । शिशुको वृद्धि हुँदै गएपछि क्रमिक रूपमा अहम्को पनि वृद्धि हुँदै जान्छ । अहम्ले इदम्का अतार्किक इच्छाहरूलाई सम्भावित घटना तथा परिस्थितिको आधारमा परितुष्टि गर्ने काम गर्छ । यो वास्तविकताको नियमद्वारा निर्देशित हुने भएकाले यसमा समय, स्थान र परिणामको ज्ञान हुन्छ (घर्ती, २०६७, पृ. १७) । इदम् र पराहम्जस्ता परस्पर विरोधी शक्तिहरूको इच्छापूर्ति गर्न सक्रिय हुने हुनाले अहम्लाइ नोकर र इदम् तथा पराहम्लाई यसका मालिक पनि भनिएको पाइन्छ । अहम् ती दुवैको हितैषी हो, यसले ती दुवैलाई खुसी बनाएर राख्ने प्रयत्न गर्दछ । यो एक प्रकारको उच्च नैतिक अहम् हो । समाजका आदर्श र मूल्य मान्यताप्रति पूर्ण जिम्मेदार रहने उच्च अहम्लाई फ्रायडद्वारा सबै किसिमका नैतिक बन्धनको प्रतिनिधि पूर्णतापर्क प्रेरित गर्न वकिल र समाजले ठान्ने गरेको उच्च वस्तुसँग दाँजिएको छ । केटाकेटीलाई सामाजिक विधि र निषेध सिकाउने बाबुको गम्भीर नियन्त्रण जस्तै वास्ना परिपूर्ति गर्ने चाहने इदम्लाई नियन्त्रण गर्नमा अहम्को अभिभावकीय भूमिका रहेको देखिन्छ (आचार्य, २०७०, पृ. २२) । अहम्ले परिस्थिति अनुकूल हुने बित्तिकै इदम्का इच्छा पूरा गर्नतिर लाग्छ भने परिस्थिति प्रतिकूल भएपछि त्यस्ता इच्छालाई अनैतिक मानी रोक्नतिर लाग्दछ । त्यसैगरी इदम्का

अनैतिक, अमर्यादित र असामाजिक इच्छाहरूमा प्रतिबन्ध लाग्नु पराहम्को सक्रियता पनि हो । अहम्ले इदम् र पराअहम्का इच्छा पूरा गरी तिनीहरूलाई सन्तुलनमा राख्ने हुनाले यसलाई मनको शासक पनि भन्ने गरिएको पाइन्छ । अहम्ले इदम् र पराहम्लाई सन्तुलनमा राख्न हरदम कोसिस गर्छ तर सकेन भने व्यक्तिमा असामान्य व्यवहार देखिन्छ । अहम्ले नियन्त्रण गर्न नसकेको व्यक्ति मानसिक रोगको सिकार हुन्छ । इदम् र पराहम्को निरन्तर चाप फैलिरहने अहम्ले कहिले इदम्का असम्भव इच्छालाई दमन गर्छ त कहिले रषायुक्तिको अर्को बाटो अपनाउँछ । यसले इदका चाहनाहरूलाई सकेसम्म पूरा गर्ने कार्य गर्छ भने यसले यो कार्य सत्यताको सिद्धान्तका आधारमा गर्छ । अहम्ले इदम्लाई खुसी राख्न सङ्घर्ष पनि गर्छ र यसो गर्दा आइपर्ने बाधाहरूको रेकर्ड पनि राख्छ । लक्ष्य प्राप्तिका लागि यसले बाह्य यथार्थको चाहना अनुरूप वस्तुलाई प्राप्त गर्न सहयोग पुऱ्याउँछ (बराल, २०७२, पृ. १८) । अहम्को महत्त्वपूर्ण कार्य भनेको इद र पराहम्का शक्तिलाई सन्तुलन कायम गरेर व्यक्तिको मानसिक अवस्था स्वस्थ राख्नु हो । मानिसले समाजमा आफ्नो व्यक्तित्वको निर्माण गर्नुमा अहम्को भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सामाजिक रूपमा स्वस्थ व्यक्तिको व्यक्तित्व निर्माणमा अहम्को निकै महत्त्व देखिन्छ ।

पराहम् सामाजिकता, नैतिकता र आदर्शको प्रतिनिधित्व गर्ने शक्ति हो । यसको सम्बन्ध चेतनसँग हुन्छ, त्यसैले चेतनमा सञ्चित सामाजिक आदर्श तथा सांस्कृतिक प्रभाव नै पराहम्का रूपमा विकसित भएको हुन्छ । यसले इडका असामाजिक, अनैतिक तथा अस्वीकार्य मूलप्रवृत्तिहरूलाई चेतनमा आउन रोक्छ र अचेतनतिर हुत्याउँछ (शर्मा र लुइटेल, २०६३, पृ. १७४) । पराहम् आदर्श भावनाबाट प्रेरित हुन्छ । यसले व्यक्तिलाई सामाजिकीकरण तर्फ उन्मुख गराउँछ । नैतिक पक्षको प्रतिनिधित्व गर्ने यसको विकास मानिसमा इदम् र अहम् भन्दा पछि हुन्छ । यसले सभ्यताको पाठ सिकाउँछ । यसले कामवृत्तिका असङ्गत इच्छाका पूर्तिमा बाधा पार्छ । सामाजिक नियम र अनुशासनले व्यक्तिमा पराहम्को विकास गराउँछ । त्यसैले यो व्यक्तिको नैतिक मन हो । यसको मुख्य काम समाजको रक्षा गर्नु हो । यसले समाजका लागि अस्वीकार्य इदम्का खुला आक्रमण, यौनजन्य भावनालाई चेतनमा आउनबाट रोक्छ । त्यसैले पराहम्ले मानिसलाई सामाजिक जीवनमा स्वस्थ बनेर बाँच्न प्रेरित गर्छ । पराहम् व्यक्तिलाई सामाजिकीकरण तर्फ उन्मुख गराउने प्रमुख शक्ति हो । यसले नैतिक पक्षको प्रतिनिधित्व गर्दछ । यसको विकास इदम् र अहम्भन्दा पछि हुन्छ । पराहम्मा समाज तथा संस्कृतिको छाप परेको हुन्छ ।

समाजमा विद्यमान आदर्श ग्रहण गरेरै पराहम् विकसित भएको हुन्छ । पराहम् पूर्ण रूपले चेतन स्तरबाट विकसित हुने हुनाले चेतन मनमा सञ्चित सामाजिक आदर्श नै पराहम्का रूपमा विकसित (घर्ती, २०६७, पृ. १८) । पराहम् अन्तर्गत समाजले स्थापित गरेका नैतिक मूल्य मान्यताहरू र बाबुआमाले विकसित गरेका आदर्श, संस्कार, व्यवहार, कर्तव्य आदि पर्दछन् । किनभने समाज र बाबुआमाले समाजका मान्यता र आफ्ना संस्कार

अनुसार केटाकेटीहरूलाई हुर्काउने र पालनपोषण गर्ने गर्दछन् । पराहम्को स्रोत भनेको सामाजिकीकरण हो (भट्टराई, २०७८, पृ. २३) । पराहम्ले समाजमा व्यक्तिलाई सही व्यवहार गर्न उत्प्रेरित गर्दै हाम्रा नियम, धर्म, संस्कृतिसँग जोडेको हुन्छ । यसले समाजको नियम र मान्यताहरूको आधारमा कार्य गर्दछ । इदम् र अहम्का अनगिन्ती इच्छाहरू मध्ये यसले गर्न हुने इच्छा पूरा गर्छ भने नहुनेलाई दमित गर्छ ।

## ५.३ स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्को विश्लेषण

पात्रका मनमा उत्पन्न दुई विपरीत चाहनाको बिच कहिले सन्तुलन हुन्छ त कहिले द्वन्द्वको स्थिति सिर्जना हुन्छ । अचेतन केन्द्री इद र चेतन केन्द्री अहम्का कारण पात्रका मनमा सिर्जित उथलपुथल अवस्था र त्यसका कारण पात्रको बोली, व्यवहार र हाउभाउमा देखिएका असामान्यतालाई यहाँ इद र अहम्को सन्तुलनको रूपमा देखाइएको छ । एकातिर पात्रको अचेतनाबाट निर्देशित वैयक्तिक सुखसत्ता र अर्कोतिर सामाजिक प्रतिष्ठा र कर्तव्यको बिचमा उत्पन्न भएका बेमेलका स्थितिलाई यहाँ इद र अहम्को आधारमा विश्लेषण गरिएको छ :

'राजारानी' लोककथामा राजा, चार रानीहरू र लुसी रानी पात्रका भूमिकामा रहेका छन् । राजा प्रत्यक्ष पात्रका रूपमा रहेका छन् भने रानीहरू प्रत्यक्ष र अप्रत्यक्ष दुवै तरिकाले प्रस्तुत भएका छन् । लोककथामा राजा सन्तान नजन्मदा समाजले कुरा काट्ने र आफू पनि सन्तान बिनाको जीवन निरर्थक हुन्छ भन्ने कुराले चिन्तित हुन्छन् । राजालाई सन्तानको भोक जाग्नु, सन्तान प्राप्त हुन्छ भने जति पटक पनि विवाह गर्न तयार हुनु, हेराउन जानु, ज्योतिषले भने अनुसार काम गर्न मन्जुर हुनु जस्ता कार्य इद मनबाट प्रेरित कार्य हुन् भने यी कार्य पूरा हुनुमा अहम्ले सहयोगी भूमिका खेलेको छ । उनले सन्तान पाउने बाहनामा पाँच श्रीमती विवाह गर्नुले उनको इद भित्रको यौन चाहना प्रकट भएको मान्न सकिन्छ । इद प्रबल हुनाकै कारण उनी पटकपटक विवाह गर्ने निर्णयमा पुग्छन् भने समाजमा छोराछोरीको बाबु बनेर प्रतिष्ठित हुने, कसैले भन्ने बाटो राख्न नखोज्ने बाहिरी वातावरणसँग सम्पर्क स्थापित गर्न चाहनु अहम् प्रेरित कार्य हो । राजाको इदमा सन्तान प्राप्ति तीव्र इच्छा भएर बस्नु र उपाय अपनाएर आफ्नो चिना देखाउन ज्योतिषकोमा जानु इदको सन्तुष्टि प्राप्त गर्न अहम् सक्रिय हुनु हो । राजा आफ्ना मनका इच्छापूर्ति र सामाजिक भूमिका पूरा गर्न ज्योतिषकोमा गएको प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> एकादेशमा राजा हुनुहुँदो रहेछ । राजाले बिहा गर्नुभएछ । पहिलो बिहा गर्दा सन्तान भएन । दोस्रो बिहा गर्दा सन्तान भएन । तेस्रो बिहा गर्नुभएछ । तेस्रो विवाह गर्दा नि सन्तान भएनन् । चौथो बिहा गर्नुभएछ । चौथो बिहा गर्दा पनि सन्तान नभएर हेराउन जानुभएछ । हेराउन जाँदाखेरि ज्योतिषले "हेर्नुस् राजा हजुरले लुसी दुःख पाउनीकी छोरी, केही नजान्ने, बोली मात्र फुटेकी लेहा लेहिता गर्नुस् र हजुरलाई सन्तान रहन्छ" भन्नुभएछ ('राजारानी' परिशिष्ट क) ।

लोककथामा रहेका राजा पात्र इदका भावनाबाट परिचालित छन् । उनि सन्तान प्राप्तिको तरङ्गमा डुबिरहन्छन् । सन्तानको मुख हेर्नको लागि के गरौं कसो गरौं भनेर उनको मन तड्पिनु, तड्पिएको मन बुझाउनको लागि फेरि अर्को बिहेको कल्पना गर्नु, गाउँमा सन्तान छैनन् भनेको सुन्न नपर्ने उपायको खोजी गर्नु, चिना देखाउनको लागि ज्योतिषकोमा जानु, जस्ता कार्य गर्नुमा उनका इद मनमा जन्मेका इच्छालाई पूरा गर्नका लागि अहम्ले सन्तुलनको भूमिका खेल्नुले हो उक्त कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजाको इदमा एकातिर सन्तान चाह, अर्कातिर यौनशक्ति र बाहिरी समाज जस्ता विषयमा द्वन्द्व हुँदाहुँदै पनि आशावादी बनेर हेराउन जानु अहम्को भूमिका सक्रिय हुनु हो । राजाको मनमा निरन्तर इद र अहम्को द्वन्द्व चलेको हुन्छ त्यसैले त उनले दुःख पाउनीकी सोझी स्वभाव भएकी छोरी विवाह गर्छन् । गाउँ समाजमा चलिआएको विश्वासमा भरोसा गरेर उनले सोझो स्वभाव भएकी केटी खोजेर विवाह गर्नुमा इदको चाहना पूरा गर्नको लागि अहम्ले सहयोगी कार्य गरेको हुन्छ । लोककथामा रहेको यस सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजाले “हुन्छ” भनेर घर आउनुभएछ र आफैसुखी गएर दुःख पाउनेकी छोरी लुसी लेहा गरेर आउनुभएछ । आएपछि लुसी गर्भिष्टिया भइछन् । सौताहरूले ए ! राजा हेर्नुस त हजुरकी लुसीको त अर्कै छ है छन्न जान्नुभाछ नै हजुरले” भनेर भन्दा मलाई के थाहा मैले बेहोरेकै छैन महिलाहरूलाई थाहा हुने कुरा भनेर राजाले भन्दा हजुरकी लुसी त अर्कै छन्न भएर हिँडेइछन् है अब धेरै काम गराउन पनि नहुने हो केरे हजुरलेइ जान्ने हो हजुरलेइ माया गर्न परो हामीलाई त के खाँचो भर हजुरलेइ ल्याको पनि भनेर सौताहरूले भन्दा खेरि राजाले हाल सकेको गरेइ छ केरे तिमीहरूले पनि अन्यथा नगरओ भनेर भन्नुभएछ (‘राजारानी’ परिशिष्ट क) ।

लोककथाका राजाको सुखको कल्पनामा डुब्ने चाहनाले रानीहरूको हजुरलेइ जान्ने हो हजुरलेइ माया गर्न परो हामीलाई त के खाँचो भर हजुरलेइ ल्याको भन्ने ओठे जवाफ दिँदा पनि राजा आवेशमा नआई तिमीहरूले पनि अन्याय नगर सकेको गरेकी छ भनेर सकारात्मक अभिव्यक्ति दिनुमा इद र अहम् भावनाबीच सन्तुलनको कायम हुनुले हो जुनकुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजाले लुसी रानीको कुनै प्रवाह नगरी अरू चार रानीहरूको कुरा सुनेर उनलाई हेला गर्नु, दुःख पाउनीकी छोरी भनेर घोडाको गोठालो गराउनु जस्ता कार्यमा उनको इद प्रबल बनेको छ । जब राजाले रानी गर्भवती भएको थाहा पाउँछन् उनी वास्तविकताको नियमद्वारा सञ्चालित हुन पुग्छन् । अरू रानीका कुरामा प्रतिवाद गर्नु, म सिकार खेल्न जान्छु भनेर सुनाउनु, तिमीलाई व्यथा लागे मनिखाबाको घण्ट बजाउनु म सिकार छोडेर तुरुन्त आउँछु भन्नु उनको इद र अहम् बिचको सन्तुलनको अवस्था हो । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> दुःख पाउनीकी छोरी भनेर घोडाको लादी सोराए सौताहरू ठमरझम भएर यता र उता गर्ने उनलाई घोडाको लादी सोराउनी गरेर राखेको गर्भ छिप्पिँदै छिप्पिँदै महिना पुग्दै जाँदा खेरि दस महिना लागेछ । दस महिना लाग्दा राजाले भन्नुभएछ अब सौताहरूलाई त यसले सन्तान पाउनी भई भनेर रीस डाह मात्रै छ ('राजारानी' परिशिष्ट क) ।

लोककथामा राजाले आफ्नो स्वविवेकको प्रयोग नगरी अरू रानीहरूका कुरा सुनेर गर्भवती अवस्थामा पनि स्वास्थ्यको कुनै ख्याल नगरी काममा मात्र लगाउनु उनिभित्रको इद भावनाको सक्रियता हुनु हो भने दस महिना लागेपछि तिम्रो अवस्था देखेर पनि सौताहरूले कुनै दयाको भाव नराखी काममा लगाउने र हेला गर्ने गर्छन् । उनीहरू तिमीले सन्तानको जन्म दिन लागेकोमा खुशी छैनन् रिस गरेका छन् भनेर रानीलाई भन्नु राजाको मनमा रहेको इद र अहम् भावबिच सन्तुलनको अवस्था आएको प्रसङ्ग हो जुन कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । रानीको अवस्था देखेर राजाको मनमा माया जाग्नु, म सिकार खेल्न जान्छु मनिखाबामा घण्ट राखेको छु तिमीलाई व्यथा लाग्यो भने बजाउनु म घण्टको आवाज सुनेपछि हातको बन्दुक फालेर तुरुन्त आउछु भनेर भन्नु र जानु जस्ता अभिव्यक्ति राजाका अहम् मनबाट जन्मिएका अभिव्यक्ति हुन् । राजा सिकार भेटेको बेलामा घण्टको आवाज सुनेर बन्दुक फालेर घरमा आउँनु अहम् प्रेरित कार्य हो भने रानीले कसेर बढारेको देखेर रिसाउँनु र जति सुकै व्यथा लागे पनि आउँदिन भन्ने अभिव्यक्ति दिनु इद मनको सक्रियता हो । लोककथामा रहेको यस सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> तिमीलाई महिना लाग्यो म सिकार खेल्न जान्छु । मैले मनिखाबामा घण्ट राख्याछु, तिम्लाई व्यथा लाग्यो भने यो घण्ट बजाइदिए मैले बन्दुक ताक्दा पनि घण्टको आवाज सुने भने पनि म फर्केर आउछु भनेर राजा जानुभएछ । ...राजा जङ्गलमा पुग्नु मात्र भएको थियो घण्टको आवाज आयो । राजाले ओहो ! लुसीलाई त व्यथा पो लाग्यो कि? के हो भनेर घर आउनुभएछ । राजा जाँदाखेरि त घर भित्र बढारेकी अरे । वहाँ राजाले बन्दुक ताकेको बेलामा फ्यात्त छोडेर आउनुभएछ र "खोइ त के भयो तिमीलाई ? कसेर लाएर बसेइछौँ" । ...अनि राजाले जत्ति नै व्यथा लागेपनि म आउने छैन । मलाई यस्तो धोका दिएपछि मैले शिखर लिएर आउँथे भनेर जानुभएछ ('राजारानी' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजाले रानीलाई तिमीलाई व्यथा लाग्यो भने मैले घण्ट राखिदिएको छु बजाऊ म तुरुन्त आउँछु भनेर जङ्गलमा सिकार खोज्न जानु इदको इच्छामा अहम्ले सकारात्मक भूमिका खेल्नु हो । यहाँ राजाको इदको इच्छालाई पूरा गर्नको लागि अहम्ले सहयोगात्मक कार्य गरेको हुनाले राजा जङ्गलतर्फ लाग्छन् । राजा जङ्गलमा पुगेर हातमा परेको शिखारलाई बन्दुक मात्र के ताकेका थिए घण्टको आवाज आउँछ । बन्दुक भुइँमा फालेर हतारिदै राजा घरमा पुग्नासाथ उनले काल्पनिक संसारमा बाधा पुगेको

महसुस गर्छन् यहाँ राजाको इदको इच्छामा बाधा उत्पन्न भएको छ । इद मन तनाव बेहोर्न नसक्ने र दानवी स्वभावको हुन्छ जुन कुरालाई राजाले रानीलाई भनेको माथिको लोककथांशले प्रस्ट पारेको छ । राजा रानीसँग रिसाएर जङ्गलमा जानु, मृग मारेपछि मात्र घर फर्कनु, अरू चार रानीका कुरामा विश्वास गर्नु, कान्छी रानीलाई हेला गर्नु जस्ता क्रियाकलाप इदका हुन भने सबै कुरा सहेर बस्नु अहम् पराजित हुनु हो । यहाँ राजाको इद भावनाको इच्छाशक्तिका अगाडि अहम्ले केही गर्न सकेको छैन । राजालाई रानीले पाएको भनेर अरू रानीहरूले सिलौटो र लोहोरो देखाउँछन् देख्नासाथ उनको इद मन डगमगाएर आफ्नो कर्मलाई दोष दिन पुग्छ भने अहम्ले राजालाई सन्तान प्राप्तिका लागि धार्मिक कार्य गर्नु पर्ने अभिव्यक्ति दिन्छ । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> ...हेर्नुस् अरूका दुलहीले त मान्छे पाउँछन् के रे हजुरकी दुलहीले त लोहोरो र सिलौटो पाइछन् ल हेर्नुस् आएर के कानै भन्नु भा थियो के रे एक आना पनि भएन भनेर सौताहरूले भनेछन् । राजाले ओहो! मलाई यस्तो भएर पनि नि छोराछोरी नलेखेको भनेर राजा चखुवार बसेछन् । ... राजाले र सौताहरूले सुत्केरीलाई खान नि दिएनछन् । राजा चखुवार बस्ने उनलाई घोडाको लादी सोरना पठाउनी बारजित पनि नगरी हेला गर्न सम्म गरेछन् । राजाले “मैले वर पिपललाई पचिष्ठा (पूजा) गर्छु मलाई छोराछोरी भएनन् के पाप गरेछु मैले यस्ता लोहोरो र सिलौटो पाएँ” भनेर राजाले रानीहरूलाई फूल टिप्न जाओ पधैँरा मास्तिर बाटा माथि केवलको फूल छ त्यो केवलको फूल टिपेर लिएर आओ भनेर पठाए (‘राजारानी’ परिशिष्ट क) ।

लोककथाकामा राजाले रानीहरूको कुरामा विश्वास गर्नु, आफ्नो भाग्यलाई दोष दिनु, म पचिष्ठा (पूजा) गर्छु तिमीहरू फूल टिपेर लेऊ भनेर रानीहरूलाई भन्नुमा उनिभित्रका इदका इच्छा अहम्ले पूरा गर्न तत्पर रहनु हो । राजामा वरपिपलको पचिष्ठा (पूजा) गर्न मन हुनु, सबै जनतालाई निमन्त्रणा गर्नु, खानेकुराको राम्रो व्यवस्था गर्नु, आदरसत्कार गरी पाहुनालाई बिदाई गर्नु आदि कामहरू इदको सन्तानप्राप्तिका चाहना पूरा गर्नको लागि अहम् मनले खेलेको भूमिका हो । राजा सन्तान भन्दा आसक्ति हुनु, जेजस्ता काम गर्न पनि तत्पर हुनु, उनको अन्तर आत्मामा सन्तान खेलाउने सन्तानको नामबाट आफू चिनिने इच्छा जाग्नु इद मनको सन्तान आसक्ति हो । उक्त कुराहरूलाई माथिको लोककथांशले प्रस्ट पारेको छ लोककथाका पात्र राजाको इदका भावनाहरू प्रबल बनेर आउँदा अहम्ले सन्तुलित राख्ने प्रयत्न गर्दै आफ्नो भूमिका खेलेको हुन्छ र राजालाई सन्तुष्टि प्रदान गरेको हुन्छ । यहाँ राजाको सन्तान सुख भोग्ने इदका इच्छा पूरा गर्ने कर्ममा अहम् लागेको पाइन्छ । राजाले रानीहरूको सबै कुरा मान्दै र गर्दै आएका हुन्छन् र अन्त्यमा रानीहरूले लुसी रानीमाथि अरू रानीहरूले गरेको अन्याय थाहा पाएपछि उनले रानीहरूको नाक काटेर घरबाट

निकालिदिन्छन् । नाक काट्नु र घरबाटै निकाल्नु जस्ता आक्रोशद्वारा गरिएका काम इद जागृत मनका काम हुन् । कथाको अन्त्यमा भने अहम्ले सन्तुलन कायम गर्नाले राजाले विजय प्राप्त गरेका छन् । जसको फलस्वरूप उनले अन्याय गरेका रानीहरूलाई सजाय दिएर कान्छी रानीसँग आफ्नो बाँकी जीवन सुखसँग बिताउने निधो गर्नु पनि इद र अहम्को सन्तुलनले गर्दा हो ।

'टुहुरी केटी' लोककथामा टुहुरी केटी, बा, सौतेनी आमा, भाइ, बहिनी र मानवेतर पात्र बुढी बाख्रो देखा परेका छन् । टुहुरी केटी, बा, सौतेनी आमा, बहिनी प्रत्यक्ष र बुढी बाख्रो, भाइ अप्रत्यक्ष पात्रका रूपमा रहेका छन् । टुहुरीलाई दुःख पुऱ्याउने स्वभाव रहेकी सौतेनी आमाको नेतृत्वमा परिवार चलाउनु पर्ने भएको छ । लोककथामा टुहुरी केटीको भूमिका महत्त्वपूर्ण रहेको छ भने अन्य पात्रको पनि आआफ्नै किसिमको भूमिका र विशेषता पाइन्छ । टुहुरी कथाकी नायिका हो । उसकै मियोमा यस कथाका सम्पूर्ण घटनाहरू सञ्चालित छन् । कथाको निर्माण नै टुहुरीको चारित्रिक विशेषतालाई लिएर भएको छ । कथाको मुख्य कथातन्तु टुहुरीसँग सम्बन्धित छ । सानै हुँदा आमा गुमाएकी टुहुरी आमाको मातृवात्सल्य प्रेमका लागि छटपटाएकी पात्र हो । आमाको माया नपाएर अत्यन्त दयनीय र कारुणिक भावकी देखिएकी टुहुरी आफ्नो स्वार्थ नहेरी सिङ्गो घरपरिवारलाई नै निस्वार्थ भावले माया गरेकी हुन्छे । उसको मन भने सौतेनी आमाको अभद्र व्यवहारले गर्दा निकै खिन्न थियो । उसको मनमा सौतेनी आमाले भाइ बहिनीलाई जस्तै आफूलाई पनि माया गरे हुनी, खाना पनि सबैलाई उस्तै गरी दिए हुनी भन्ने चाहना हुनु उसमा रहेको इद मनमा रहेको भाव हो । उसको अनुहारमा बालापनको चमक नदेखिनु, कारुणिक भावकी देखिनु, धेरै नबोल्नु, कुनामा रोएर बस्नु, बोलाउँदा सानो स्वरले बोल्नु टुहुरीका इदका भावनाहरू दमित भएर हो । टुहुरीका इद मनका चाहनालाई अहम्ले सन्तुलन गर्न नसकेपछि ऊ एकोहोरिने, रुने, टोलाउने गर्छे जसका कारण ऊ सामान्य भन्दा असामान्य बन्दै जान्छे । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> त्यो टुहुरीको सौतेनी आमा पट्टी एउटा भाइ एउटी बैनी रैछन् अरे । टुहुरीको आफ्नो आमा पनि रहिनछन् । भाइ बैनी कोही पनि रैनछ । सौतेनी आमाले हेला गरेर टुहुरीलाई भुसको रोटो र नुनको ढिको खान दिदिरैछ । ...भाइले देख्न सह्दो रैनछ । ... एकदिन बाउ सामान किन्नलाई बुटवल जाने बेला भएछ । बाउ बुटवल जान लाग्दा तिमीलाई के ल्याइदिउँ ? भनेर सोधेछन् बाउले सोध्दा खेरि मलाई जुत्ता चप्पल भनेछन् भाइ बैनीले श्रीमतीले साडी बुलुच लेइदिनुस् भनिछन् । ...टुहुरीले मलाई अरू केही चाँहिदैन् बुढी बाख्रो भा हुन्छ भनेर भनिछन् ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथामा व्यक्त घटनाक्रममा सौतेनी आमाले टुहुरीप्रति गर्ने व्यवहार र विचारबाट उसले इद र अहम्बीच अन्तर्द्वन्द्व झेलिरहेको स्पष्ट हुन्छ । सौतेनी आमाका

अस्वाभाविक वचन र व्यवहारले उसको स्वभाव स्वाभाविक र सुसङ्गत देखिँदैन । उसले आफूलाई एक्लो सम्भन्छे र एक्लै रोएर बस्ने टोलाउने गरेर निराश जीवन बिताउन बाध्य भएकी छ । उसलाई बाबुले के ल्याउने भनेर सोधेपछि उसको इदका चाहना त चक्लेट, बिस्कुट, लुगा, खेलाउने सामान भन्न मन हुन्छ तर अहम्को सन्तुलनमा उसले खाने, लाउने, खेल्ने चीज नभनेर बुढी बाखो भन्नुमा मातृवात्सल्य प्रेम प्राप्त गर्ने चाहना उसको इदमा रहेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । घरमा सँगै खेल्ने साथी भाइ बहिनी भएर पनि स्वाभाविक रूपमा ऊ भाइ बहिनीका अगाडि पुग्न सकेकी छैन । ऊ इदका इच्छा र चाहनालाई मनमा कुण्ठित गरेर बस्न बाध्य भएकी छ । टुहुरीका मनमा रहेका रहरहरूलाई मन भित्र सीमित गर्नुपर्ने अवस्था इद र अहम् को सन्तुलन हुन नसक्दा सिर्जना भएको हो । फ्रायडका अनुसार मान्छेले सन्तुष्टि प्राप्त गर्नको लागि इद र अहम् मनबिच सन्तुलन कायम हुनुपर्छ । लोककथामा टुहुरीले आफ्नो मनलाई बालापनको जस्तो चञ्चल, चुलबुल बनाउन नसक्नुको कारण इद र अहम् मनबिच सन्तुलन नहुनु हो । कथाको मध्ये भागमा टुहुरीलाई बाले बुढी बाखो ल्याएर दिएपछि उसको अनुहारमा खुसीका रेखाहरू देखिनु, उसको बोलीचाली फरक हुनु, बालापनका चञ्चलताहरू क्रमशः फर्कनु, उसको शरीरमा परिवर्तन देखिनु, ऊ पहिला भन्दा मोटाउँदै जानुले उसभित्रका इदका भावना पूर्ति गर्न अहम्ले सन्तुलन भूमिका खेलेको प्रस्ट हुन्छ । लोककथामा टुहुरीले जब बुढी बाखो प्राप्त गर्छे अधिकांश समय बुढी बाखोसँग खेलेर बिताउँछे । बाखोसँग आफ्ना मनमा दमित कुण्ठा, ऐषणा बाखोको माध्यमबाट प्रस्फुटित भएका छन् । ऊ पहिला भुसको रोटी नुन टोक्दै खाने हुँदा दुब्ली निन्याउरी थिई भने जब बुढी बाखो साथी पाउँछे उसले मन लागेका खाना खान पाउनु, बाखासँग आफ्ना मनभित्रका भावना पोख्नु, उसैसँग बस्नु, खेल्नु, खुशी हुनुमा इद र अहम्को भूमिका सन्तुलन भएको छ । लोककथामा रहेको टुहुरीको व्यवहारमा आएको परिवर्तनको सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> ए ! टुहुरी किन रोइछौँ केही पिर नमान तिमीलाई साथी म भए अब तिमीले पिर नगर मलाई साथी तिमी भयो भनेर भनेर बाखाले भनेछ । ...टुहुरीले बाखासित आफूलाई सौतेनी आमाले गर्ने व्यवहार बताउँदै बेस्सरी रोइछन् । रोएपछि बाखाले भनेछ "अब घर जाऊ ए ! टुहुरी किन रोइछौँ केही नमान अब घर जाऊ गएर चारै कुना लिप चारै कुना दियो बाल अनि मेरो सिङ ट्वाङ ट्वाङ पार अनि जे खान मन छ भन त्यही आउछ तिमीले पिर नमान भनेर भनेछ "... टुहुरीले बाखाले भने अनुसार चारकुना लिपिछन् बत्ति बालिछन् सिङ ट्वाङ ट्वाङ पारिछन् । उनलाई जे खाना पनि खीर, खाजा, रोटा, फुरौला उनले चाहेको जति सबै खान पाइछन् । खान पाएपछि टुहुरी मोटाउँदै गइन् । पहिला पहिला त्यो नुनको ढिको र भुसको रोटी के खान रुच्थ्यो र मोटाइन्थ्यो । पछि मिठो मिठो खान पाएपछि टुहुरी मोटाइन् ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथांशमा आफ्ना मनभित्रका दुःख, पिर, व्यथा पोखेर रून्ने साथी बाख्रो पाएपछि टुहुरी खुशी हुनु, मोटाउनु, मन लागेका खाने कुरा खान पाउनु, उसमा परिवर्तन देखा पर्नु, पहिले मन भरि पिडा बोकेर बसेकी टुहुरी र अहिले मनका कुरा सुनाउने खेल्ने हाँस्ने टुहुरी मोटाउँदै गएकी छ । उसका इदमा रहेका रहर, माया पाउन तड्पिएको मनमा बाख्रो पाएपछि उसमा देखिएको परिवर्तनले इद र अहम् मनबिच सन्तुलन रहेको बुझिन्छ । इदका इच्छा पुरा गर्न अहम्ले पनि सकारात्मक भूमिका खेलेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । त्यस्तै लोककथामा टुहुरी खुशी भएको सौतेनी आमालाई मन नपर्नु, उसले टुहुरीको जीवनमा आएको खुशी बुढी बाख्रो हो भन्ने थाहा पाउनु, बाख्रो काट्ने बाहना गर्नु, बाख्रो काट्ने थाहा पाएपछि टुहुरी रुनु, बाख्राले तिमी नरोऊ मैले भने जस्तै गर भनेपछि टुहुरीले हुन्छ भन्नु, बाख्रो काटिएपछि बाख्राले भने जस्तै आफ्नो भाग चोखो ठाउँमा लगेर गाड्नुले टुहुरीका इदका भावनालाई अहम्ले सन्तुलन अवस्थामा राखेको बुझ्न सकिन्छ । टुहुरीले बाख्रो काट्ने थाहा पाएपछि बाख्रासँग बेस्सरी रुनु इदका भावनाले सन्तुष्ट खोज्नु हो भने बाख्राले नरुनु भनेपछि टुहुरीले मान्नु इदका चिन्तालाई अहम्ले समाधान गर्नु हो । बाख्रो काटिएपछि सबैले खुशी भएर मासु खानु, टुहुरीले बारीको पाटामा चोखो ठाउँमा गाड्नु अहम्ले सञ्चालन गरेको मन प्रेरित हुनु हो । मासु गाडेको ठाउँमा सुनको मौलो निस्केको खबर फैलनु । त्यो मौलो कसैले चलाउन नसक्नु, मौलो निकाल्ने ठाउँमा जानी खबर आउनु, टुहुरीले जान नमान्नु, सम्झाएपछि मात्र राज दरबारमा मौलो निकाल्न जान राजी हुनु, गएर मौलो छुनु, राजासँग विवाह गर्नु जस्ता लोककथामा आएका घटनाहरू इद र अहम्का सहकार्य हुन् । यी कार्यले कथाकी पात्र टुहुरीलाई सन्तुष्टि प्रदान गरेको छ । विवाह गरेपछि राजासँग खुशी भएर बस्नु, छोरो पाउनु, राजाको सेवा गर्नु, सबैलाई राम्रो व्यवहार गर्नु टुहुरीको इद र अहम्बीच सन्तुलन कायम रहनुले हो । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> ए ! टुहुरी किन रोइछौ तिम्ले मेरो हाड पनि नखाऊ, मासु पनि नखाऊ, केही पनि नखाऊ । अनि मेरो मासु यताउता कसैले नदेख्ने गरी केहीले नछुने चोखो ठाउँमा लगेर गाड्देऊ भनेर बुढी बाख्राले भनेछ । त्यसपछि बाख्रो काटे सबैले मासु र भात खाएछन् खुशी भाछन् । टुहुरी रुँदै बस्दै गरिछन् । त्यसपछि सबै हाडखोर बट्याइछन् र पूजा गर्ने चोखो ठाउँमा लगेर गाडिछन् । गाडेको दस, बाह्र दिनको दिन एउटा सुनको मौलो निस्केछ ... । .... त्यो मौलो निकाल्न म जान्न भन्नु ... । रोए पनि फकाएर खुशी बनाएर लगेछन् । टुहुरी गएर तिनले कान्छी अम्लाले छुँदा खेरी नै त्यो मौलो ढलेछ । त्यो मौलो ढलेपछि टुहुरी जस्तो लच्छीनको कोही पनि रहिनछ । मैले बिहे गर्छु यिनलाई भनेर टुहुरीलाई राजाले बिहे गरे ।...छोरो पनि जन्मियो ('टुहुरी केटी' परिशिष्ट क) ।

लोककथाकी पात्र टुहुरी चिन्तित भएर रोएको अवस्थामा उसको जीवनको मोड नै परिवर्तन गर्न लागि परेको बुढी बाख्रोले उसको वैयत्तिक चाहनालाई पूरा गरिदिनको लागि

दिएको निर्देशन अनुसार टुहुरीले हाड र मासुलाई उसले कसैले चोखो ठाउँमा लगेर गाड्नु, सुनको मौलो निसक्नु, टुहुरी मौलो निकाल्न जान्न भने पनि अन्त्यमा जानु, निकाल्नु, उसको स्वभाव राजालाई मन पर्नु, यिनैसँग विवाह गर्छु भन्दा पहिला नमाने पनि पछि मन्जुर हुनु, छोरो पाउनु, खुशी हुनु, जस्ता कामले सफलता पाउनु भनेको इद र अहम् बिच सन्तुलन कायम हुनुले हो । लोककथामा यी दुई मनबिच भएको सन्तुलनको अवस्थालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा टुहुरीले आफूलाई एक्लो निरर्थक मानेको अवस्था इद मनलाई अहम् मनले सन्तुलन कायम गर्न नसकेको अवस्था हो यस्तो अवस्थामा पात्रको मनोगत अवस्था पनि सामान्य नभएर असामान्य हुन्छ । लोककथामा पनि टुहुरी घरपरिवारबाट माया विहिन भएको अवस्थामा निकै विक्षिप्त र असामान्य बनेकी थिई । उसको इदमा जन्मेका इच्छा पूरा गर्न नसक्दा उसलाई आत्मग्लानि भएको हुन्छ त्यसैले ऊ एकोहोरिने, रूने र टोलाउने गर्छे । लोककथामा रहेका घटनाहरूको अध्ययन गर्दा टुहुरीका इद मनभित्रका चाहनाहरू पूरा हुनुमा अहम्को भूमिका सकारात्मक र पूरा नहुनुमा अहम् पराजित हुनु हो । टुहुरीका इदका बालापनका रहर पूरा हुन नसकेर दमित अवस्थामा हुनु अहम्ले सक्रिय भूमिका नखेल्नु र बुढी बाख्राको साथले उसको जीवनको गतिले नै मोड लिनुमा अहम्ले सक्रिय भूमिका खेल्नु र अहम्को विजय हुनु हो । कथाकी पात्र टुहुरीका मनमा इद र अहम्का द्वन्द्वमा अहम् कहिले पराजित हुन पुग्छ भने कहिले इदलाई सन्तुलनमा राखेर आफ्नो इच्छा बमोजिम काम गर्न सफल हुन्छ । आफ्नो काम सफल बनाउनु पात्रलाई बाधा र अप्ठ्यारोबाट मुक्त गर्नु नै अहम्को महत्त्वपूर्ण भूमिका रहन्छ ।

'सन्तानको रहर' लोककथामा रहेकी बुढी पात्र अनुकूल प्रवृत्तिबाट प्रतिकूल प्रवृत्ति तर्फ उन्मुख देखिन्छ । उसको इदका चाहनाले गर्दा ऊ सामान्य भन्दा पनि असामान्य प्रवृत्तिकी देखिएकी छ । उसका इदका चाहनालाई अहम्ले कहिले सन्तुलन गर्न सक्छ भने कहिले सक्दैन । नसकेको अवस्थामा बुढीले असामान्य व्यवहार देखाउँछे । लोककथामा उसलाई सन्तान चाहनाले निकै पिरोलेको छ । काखमा सन्तान खेलाउने रहर र मातृस्नेहले छटपटिएको इद मनले के गर्ने हो के गर्ने होइन भन्ने छुट्याउन नजानेर अलमलिएको अवस्था पाउन सकिन्छ । लोककथामा बुढीले बुढो घर फर्कदा मलाई छोरो ल्याइदिनु भएन आज त ल्याइदिनु हुन्छ कि भनेको रित्तै आउनुभयो भन्नु, आज पनि ल्याउनुभएन भन्दै बुढालाई हरेक दिन एउटै कुरा सोधेर दिक्क बनाउनु, बुढाले काठको ठेउको दिँदा खुशी हुँदै नुहाइदिनु, तेल लगाइदिनु, झलुङ्गोमा हालेर हल्लाउनु, दुध र भात खुवाउनु जस्ता क्रियाकलापले इदका भावनालाई अहम्ले सन्तुलन कायम गर्न नसक्नुले घटेका घटना मान्न सकिन्छ । सन्तान इच्छाले तड्पिएको इद काठलाई मान्छे जस्तो गरी व्यवहार गर्दा यस्तो हो भनेर सम्झाउन अहम् असफल हुन्छ । बुढीका अन्तर्मनमा सन्तान खेलाउने रहर कुण्ठित अवस्थामा थियो जब बुढाले काठको ठेउको यही हो तँलाई छोरो भनेपछि ऊ भित्रका कुण्ठित भावना सल्बलाउँदै काठलाई मान्छेको बच्चो ठानेर हर क्रियाकलापमा तल्लिन रहन्छे । यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> बुढो आउँदा खेरी बुढीले कति अबेला आउनुभयो आज त मलाई छोरो लेइदिनु हुन्छ कि भनेको त आउनुभयो भन्दिरैछ । बुढाले कहाँ पाएर लेउने हो र छोरो भन्दो रैछ । अर्को दिन पनि बुढीले आज नि छोरो लेउनुभएन ? रित्तै आउनुभयो भन्दिरैछ । दिनदिनै त्यसो भन्दै भन्दै जाँदा एक दिन बुढाले बाटोमा एउटा काठको ठेउको भेट्टाएछ । बुढाले काठको ठेउको आगो फुक्न हुन्छ भनेर घर लिएर आएछ । त्यसपछि बुढीले के लेउनुभाको हो यो ? भनेर बुढीले भनिछ । बुढाले तँलाई छोरो लेइदिएको हो भनेछ ('सन्तानको रहर' परिशिष्ट क) ।

लोककथामा रहेकी बुढी पात्रको इद मनका इच्छालाई अहम्ले सन्तुलनमा राख्न नसकेपछि बुढीको व्यवहार सामान्यबाट असामान्य तर्फ उन्मुख हुन्छ । उसले हरेक दिन बुढो कामबाट फर्किएपछि मलाई छोरो ल्याइदिनु भएन भनेर बारम्बार गर्ने प्रश्नले उसको मनोजगत अहम्ले सन्तुलन राख्न नसक्दा विक्षिप्त बन्न पुगेको बुझ्न सकिन्छ । बुढाले बाटोमा भेट्टाएको काठको ठेउको आगो बाल्न हुन्छ भनेर टिपेर ल्याउनु र घरमा आइसकेपछि बुढीले के ल्याउनुभाको भनेर सोध्दा अकस्मात बुढाले तँलाई छोरो ल्याइदिएको भन्नु अहम्को अभिव्यक्ति हो किनभने बुढीको इदमा सन्तानको चाहनाले जरा गाडेको छ हरेक दिनको एउटै प्रश्नबाट छुटकारा लिनको लागि पनि उसले काठको टुक्रालाई तँलाई छोरो ल्याइदिएको भन्न पुग्नु अहम् मनले प्रेरित भएर भनेको भनाइ हो उक्त कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । बुढाले बुढीले सोधेका प्रश्नको उत्तर दिने अनुकूल समय नपर्खीकन काठलाई छोरो हो भन्नुले उसभित्र रहेको मानसिक छटपटीलाई पनि दर्शाएको छ । इदमा जन्मेका इच्छालाई पूरा गर्नको लागि अहम्ले सहयोगीको भूमिका खेल्नु पर्छ । लोककथामा रहेकी बुढीको सन्तान प्रतिको कुण्ठित भाव काठको टुक्रालाई सजिव मान्छेको जस्तो व्यवहार गरेको कुराबाट बुझ्न सकिन्छ । बुढीले बुढाले ल्याएको काठको टुक्रालाई समाएर तेल लगाउने, दुध भात खुवाउने, खेलाउने, झलुङ्गोमा राखेर हल्लाउने जस्ता लोककथामा रहेका सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> बुढाको कुरा सुनेपछि बुढीले काठको ठेउकोलाई च्याप्प समाएर नुहाइदिने, तेल लगाइदिने गरेर झलुङ्गो लाएर झलुङ्गामा हालेर हल्लाउन थालिछ । ए ! भात खान ले त मलाई भनेर बुढाले भन्दोरैछ । बुढीले पर्खनुस बाबु निदाको छैन भन्दै हल्लाउदै गर्दीरैछ । अनि बुढीले बुढालाई हजुरले हल्लाउनु त मैले भात पस्केर आउछु भनिछ । ...एकछिन् पछि बाबु भोकायो भनेर काठको ठेउकोलाई दुध खुवाउने भात खुवाउने गर्दि रैछ ('सन्तानको रहर' कथा परिशिष्ट क) ।

माथि लोककथांशमा बुढीले काठको टुक्रालाई मान्छेको बच्चोको कल्पना गर्नु, बुढाको कुरामा पनि विश्वास नगर्नु, आत्मकेन्द्रित हुनु, बुढालाई पनि आफूले गरेको काममा सहभागी बनाउनु, भात खान ले भन्दा बाबु निदाएको छैन भन्ने अस्वाभाविक जवाफ फर्काउनु जस्ता कार्यमा इद र अहम् मनबिच सन्तुलन भएको देखिँदैन । कुनै पनि व्यक्तिले

असहज र अस्वाभाविक कार्य गरेमा उसको व्यवहार अहम् पराहम्बाट सञ्चालित नभएर इदको निर्देशनबाट भएको बुझिन्छ । लोककथामा बुढी पात्रले इदको निर्देशनमा गरेका कामलाई प्रस्ट पारेको छ । लोककथाको सुरुमा अचेतनको इद भावनाबाट प्रेरित भएकी बुढी कथाको मध्ये भागमा चेतन मनको कार्यमा सक्रिय हुन पुग्छे । उसको इद मनमा रहेको सन्तान प्राप्त गर्ने चाहनामा उसले गरेका अचम्मका व्यवहारमा इद र अहम्को सन्तुलन हुन्छ र काठको टुक्रा नै मान्छेको बच्चाको रूप धारण गर्न पुग्छ । काठको टुक्रालाई मान्छे भनेर गरेको व्यवहार इद भावनाको प्रेरणा हो । निर्जीव वस्तुलाई मान्छे मानेर व्यवहार गर्नु सन्तुलनको अवस्था भन्दा पनि बुढी पात्रलाई सन्तुष्टि प्रदान गर्नको लागि अहम्ले खेलेको महत्त्वपूर्ण भूमिका हो । लोककथामा रहेका बुढा र बुढी पात्रका सन्तान नभएपछि इदमा जन्मेको रहर नै विक्षिप्त बन्दै गएकोले बुढीको बोलीचाली व्यवहार वातावरण अनुकूल नभएर प्रतिकूल अवस्थाबाट चल्न थालेको थियो । समय बित्दै जाँदा बुढीको इदको चाहना अझ प्रबल बनेर आउँछ र निर्जीव वस्तुलाई मान्छे ठानेर गरेको कार्यले उनीहरूको इद मनको मनको इच्छा चाहना पूरा हुन्छ । यसरी पात्रका मन भित्रका चाहना पूरा हुनुमा अहम् मनको सन्तुष्टि प्रदान गर्ने कार्यलाई महत्त्वपूर्ण मान्न सकिन्छ । लोककथामा काठको टुक्रा छोरा भएपछि असाध्यै खुशी हुनु, पढ्नको लागि स्कुलमा भर्ना गरिदिनु, खाजा पुऱ्याउन जानु, भगवानलाई धन्यवाद दिनु जस्ता कार्यमा एक मनको मात्र जित नभएर दुवै मन बिच सन्तुलन कायम भएकोले विजय प्राप्त भएको मानिन्छ ।

'लाटो पलायो बाठो हरायो' कथाको मुख्य पात्र नामले लाटो भए पनि कामले भने ऊ आफ्ना दाजुहरू भन्दा बाठो र बुद्धिमान पात्र हो । ऊ समयको माग अनुसार जुक्ति लगाएर कामबाट फाइदा लिन सक्ने खुबी भएको पात्र हो । त्यसैले ऊ सामाजिक वातावरण, समय र परिस्थिति अनुरूप चल्न सफल भएको छ । लोककथामा उसका दाजुहरूले उसलाई केही नजानेको लाटो काम पनि नगर्ने भनेर सँगै बस्न अस्वीकार गरेर उसलाई काम नलाग्ने पखेरो, सानो घर दिएर अलग राखिदिन्छन् । दाजुहरूले यसरी आफूलाई अलग राखिदिँदा पनि ऊ विचलित भएको छैन । सम्यम् भएर काम गरेको छ । दाजुहरूले उसलाई नोक्सान पुऱ्याउन खोज्दा उसले जुक्ति लगाएर नाफाको काम गर्नु नै कथाको मुख्य विषयवस्तु हो । लोककथामा भूतहरूले बोकेर हिँडेको पैसाको बोरा आफ्नो हातमा पार्ने जुक्ति लगाउनु उसको अहम्को सफलता हो । उसका दाजुहरूको इद भावना प्रबल हुँदा उसलाई दिने दुःख पनि लाटोको इद र अहम् सन्तुलन हुँदा ऊ असफल हुनु पर्दैन । आफू रूखमा चढेर बस्दा भूतहरूले पैसाको बोरा बोकेर हिँडेको देखेर रूख हल्लाइदिनु, पैसा नाप्न दाजुकै घरमा पाथी लिन जानु, पैसा नापेपछि पाथी नहेरी बुझाउनु आदि कामहरू लाटाको इदका भावनालाई अहम्ले सन्तुलन गरेर काममा अगाडि बढाउनु हो । दाजुले गरेका व्यवहारले इद मन जति क्रोधित भए पनि विध्वंश गर्नबाट अहम्ले रोक्न सफल भएको छ । उसले जुक्ति लगाएर आफूलाई नाफा हुने काम गरेको प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> टाठा बाठा दाजुहरूले कान्छोलाई यो कान्छो काम पनि नगर्ने बसेर खान्छ बरू हामी यसलाई पाल्न भन्दा त छुट्टिम भनेछन् । जेठो र माइलो बाठा भए केरे सद्धे सद्धे आफूहरूले लिएछन् र कान्छालाई भने फालिएको काम नलाग्ने पखेरो दिएछन् । ...रातीमा भूतहरूले बोरामा पैसा बोकेर त्यही रूखको फेदमा बास बसेछन् । उज्यालो भएपछि भूतहरू जाँदा रैछन् तर त्यो रूखमा बसेको मान्छेले उज्यालो हुन लाग्दा रूख बेस्सरी हल्लाइदिएछ । अचानक रूख हल्लिएपछि फेदमा बसेका भूतहरू डराएछन् र पैसाको बोरा त्यहीँ छोडेर भागेछन् । भूतहरू भागेपछि तल झरेर बोरामा भएको पैसा लिएर घर गएछ । घर पुगेपछि बढीलाई "जा त भाउजुकहाँ गएर पाथी लिएर आइज त" भनेर पाथी लिन पठाएछ ('लाटो पलायो बाठो हरायो' परिशिष्ट क) ।

लोककथामा बाठा दाजुहरूले लाटो भनेर अव्यावहारिक खालको नसुहाउँदो व्यवहार गरे तापनि लाटो भाइले पछुताउन नपर्ने गरि आफ्नो हितमा काम या निर्णय गर्न सक्ने जुक्ति लाउनु उसको इद मनमा जागेको चाहना पूरा गर्नको लागि अहम् मनले सन्तुलन कायम गरिदिनाले हो । देख्दा लाटो र सोझो भए पनि दाजुहरूले आफूसँग लिन खोजेको बदलामा ऊ नफस्नुको पछाडि इदलाई अहम्ले आफ्नो भूमिकामा बाँध्न सक्नुले हो । घरमा आफ्ना दाजुहरूसँग मात्र नभएर भूतलाई हराएर आफूले जित्न सफल हुने जुक्ति लगाउनुमा अहम् मनले उसको पक्षमा हित हुने कामको लागि सहयोग गर्नाले हो । लाटो नामको पात्रले बाठोको जसरी कार्य गरेर सफलता प्राप्त गरेको सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । सोझो भाइका दाजुहरूले घरमा लगाइदिएको आगोबाट बनेको खरानीलाई पनि बुद्धि लगाएर पैसा पार्नु, आफू बोरा भित्र गुनगुनाइरहनु र मरेका जिजु बाजेसित कुरा गर्न पाइन्छ भन्नु, बोराबाट निस्कनु बोरामा जमिनदारलाई बाधिदिनु, उसको घोडा लिएर आफू घरतिर जानु, घोडा आँगनमा बाँधेर तमाखु खाएर बस्नु सबै अहम्बाट परिचालित क्रियाकलाप हुन् । उसको इद मन दाजुहरूप्रति नियम विपरीत काम लगाउन जागृत नभएको होइन । उसले दाजुहरूले आफू सोझो भएकै कारण आफ्नो फाइदा लिन खोजेको थाहा पाएको हुनाले नै इदबाट परिचालित इच्छालाई अहम्ले विचार पुऱ्याएर सन्तुलन कायम गर्न सफल भएकोले दाजुहरूको व्यवहारले उसले क्षति बेहोर्नु परेन । उसको इदमा दाजुहरूप्रति प्रतिशोधका भावना उम्लिरहेका छन् जसका कारण उसले भूतहरूले पैसा छोडेको, खरानी लगेर बेचेर सुनका गहना ल्याएको भन्नु, अग्लो ठूलो भिरबाट गुल्ट्याउन पर्ने भन्ने जस्ता अभिव्यक्ति इद निर्देशित अभिव्यक्ति हुन् । उसको इदका इच्छाले आफूलाई नराम्रो नगर्नुमा अहम्ले सन्तुलनको काम गरेको छ भनेर बुझिन्छ । उसको इद प्रेरित गरेर दाजुप्रति गरेका व्यवहारलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> तिमीहरूले मेरो घर जलाइदियौ केरे । मैले त्यही खरानी लगेर बेचेर सुनका गहना लिएर आको भनेछ... ।...बोरा भित्रको मान्छेले त मरेका जिजु बाजे सबै

सित कुरा गर्न पाइन्छ । म त मेरा मरेका जिजुहरूसँग कुरा गरेको भनेछ । बोरा भित्रबाट किन पाइन्न पाइन्छ पाइन्छ भनेछ । जमिन्दार घोडा त्यही बाँधेर बोरा खोल्दिएर उसलाई बाहिर निकालेर आफू गएर बोराभित्र पस्यो । उसले बोरा बाँधिदिएर घोडामाथि चढेर घरतिर गयो । दाजुहरू फडियार र जामुनो खाएर आएर बोरा गुल्ट्याइदिए । दाजुहरू भने अब भाइ मारियो भनेर खुशी भर घर गएछन् । घर जाँदा खेरि भाइ त झन आँगनमा घोडा बाँधेर मजाले तमाखु खाएर बसेको रैछ । दाजुहरू त होइन कके दङ्ग हो के भयो यस्तो भनेर छक्क परे । उसले दाजुहरूलाई तिमीहरूले गल्ती गरेछौँ नी त्यो भन्दा ठूलो भीरबाट गुल्ट्याउन पर्ने थियो मलाई ('लाटो पलायो बाठो हरायो' परिशिष्ट क) ।

लोककथामा रहेको सोझो भाइ पात्रद्वारा गरिएका यी कार्य इदमा रहेका अभिव्यक्ति हुन् भने उसको इद मनमा रहेको चाहना पुरा गर्नको लागि अहम्ले सन्तुलनको काम गरेर सोझो भाइलाई सन्तुष्टि प्रदान गर्ने काम गरेको छ । त्यस्तै लोककथामा रहेका उसका दाजुहरूको भावना भने स्वार्थी, असामाजिक, सुखापेक्षी र उच्छृङ्खल देखिन्छन् । उनीहरूले सामाजिक नीति नियमको प्रवाह नै नगरी आफ्ना इदका भावना पूरा गर्न तर्फ लागेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । उनीहरूले सोझो भनेर भाइलाई अलग्गै राख्ने निर्णय गर्नु, आफूहरूले सद्दे लिएर भाइलाई काम नलाग्ने फालिएको पखेरो दिनु, पाथी दिँदा पिँधमा चोप लगाएर दिनु, भाइ नभएको बेलामा घरमा आगो लगाइदिनु, मार्न योजना बनाउनु, रातिमा घर जानु, च्याप्प छोपेर बोरामा राख्नु, पहाडको ठूलो भिरमा लैजानुले उनीहरूको क्रियाकलाप इदका अनैतिक इच्छाले परिचालित भएको मान्न सकिन्छ । उनीहरूको इदमा भाइले भोगेको सुखले आफूलाई कष्ट र तनाव बढेको महसुस भएको छ । जसको कारण राम्रोबाट नराम्रो घटनातर्फ र नियम विपरीत काम गर्न उत्प्रेरित भएका छन् । उनीहरूलाई हामीले यस्तो गर्नु हुँदैन भन्ने चेतना नजन्मनु र आफ्ना इदबाट जन्मेका भावनालाई पूरा गरेर सन्तुष्टि पाउनुमा नै तल्लिन रहँदा आफूले क्षति बेहोर्नु पर्ने अवस्था आउनुले इदका इच्छा पूर्ति गर्ने सम्बन्धमा अहम्ले सन्तुलन गर्न नसक्नुले मान्न सकिन्छ ।

'दाजु र बहिनी' कथाको दाजु पात्र अनुकूलबाट प्रतिकूलतर्फ उन्मुख पात्रका रूपमा रहेको छ । कथाको सुरुमा उसको मानसिक अवस्था सामान्य थियो भने पछि ऊ असामान्यतिर केन्द्रित रहेको छ । कथाको सुरुमा उसले आफ्नी बहिनीलाई माया गरेको छ । विवाह गरे पनि श्रीमान्को घरमा नबसेर माइतीमा बस्दा उसलाई कुनै नराम्रो लाग्दैन । क्रमशः उसकी श्रीमतीले गर्ने कचकचले गर्दा उसमा परिवर्तन देखिन्छ । बिहे भए तापनि आफूसँग बस्दा फरक नपरेको दाजुले श्रीमतीको कुरा सुनेपछि एक्कासी माइतीमा बस्नु हुँदैन श्रीमान्को घरमा जानुपर्छ भनेर सम्झाउनुले उसको इदमा यौन इच्छा जागृत हुनु र पूरा हुन नपाउनु, श्रीमतीसँग खटपट परिराख्नु, श्रीमती रिसाउनु, सबैको मुख्य कारण बहिनी

सम्झन्छ । बहिनीलाई श्रीमान्को घर पठाउन पाए आफू भित्रका दमित यौन चाहना पूरा हुने, श्रीमती पनि खुशी हुने मनसायले बहिनीलाई घर जानु पर्छ बिहे भएपछि माइतीमा धेरै बस्नु हुँदैन भनेर सम्झाउनु अहम् प्रेरित कार्य मान्न सकिन्छ । यहाँ दाजु पात्रका इदका यौन इच्छालाई पूर्ति गर्नका लागि बहिनीलाई सम्झाएर घर पठाउन सफल हुने निर्णय अहम्ले खेलेको भूमिका हो । इदका चाहनालाई अहम्ले सन्तुलन राख्ने प्रयत्न गरेको मान्न सकिन्छ । उसका इदका यौन इच्छा पूर्ति गर्नमा बहिनी बाधक बनेको सम्झेर घर लैजान तयार हुनुमा उसको इद र अहम् बिचको सन्तुलन मान्न सकिन्छ । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> एकादेशमा दाजु र बैनी थिए । उनीहरूका बा आमा थिएनन् दाजुले आफ्नो चलन अनुसर्र बैनीको बिहा गर्दिएका दाजु र बैनीको बिहा भएको थियो । बैनी आफ्नो घर भन्दा माइत धेरै बस्थिन् । उनी माइत बसेको भाउजुले सहनथिनन् । बैनी माइत आएबाट घरमा दाजु र भाउजुको खट्पट परेको थियो । उनले जतिबेला पनि आफ्नो बुढालाई बैनीलाई उनकै घर छोडेर आऊ भनेर झगडा गर्थी । एक दिन दाजुले बैनीलाई अब तिमी सधै माइत बसेर हुँदैन आफ्नै घर जानुपर्छ भनेर सम्झाउँछ । दाजुले सम्झाएपछि बैनी पनि जान राजी हुन्छे ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथाको सुरु भागमा विवाह गरेकी भए पनि बहिनी माइतमा बस्दा दाजुलाई गाउँ समाजले के भन्ला ? बहिनीको घरकाले के सोच्लान ? भन्ने कुराको ख्याल नहनुमा यस समयमा उसको इद र अहम् बिच सन्तुलन भएको अवस्था थियो भन्न सकिन्छ । दाजु आफ्नी बहिनी माइतमा बसेपनि पूर्ण खुशी र सन्तुष्ट देखिएपनि उसको अचेतन मनमा रहेको इदको चाहनाले गर्दा मध्य भागमा आफ्नी श्रीमतीका कुरा सुनेर यौनप्रति आकर्षित बन्न पुग्छ । बहिनीलाई घर जानु पर्छ माइत बस्नु हुँदैन भन्नुमा उसको इदले यौन सुख खोजेको भाव र बहिनीलाई उसको घरमा छोड्न गएर उसमा सामाजिक प्रतिष्ठा खोज्ने विचार उत्पन्न हुन्छ । दाजुको मनमा न रिसराग न कुनै शंकाको भाव यथावस्थामा श्रीमतीका कुरा सुनेपछि इदका भावनाबाट आफूलाई निर्देशित गर्न सफल भएको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । दाजुले बहिनीलाई सम्झाएर घर जानुपर्छ भनेपछि बहिनी जान तयार हुन्छे दाजु बहिनीलाई छोड्न भनि घरबाट हिँड्छ । बाटोमा बहिनीलाई अगाडि लगाएर हिँडदाहिँड्दै दाजुका इदका इच्छा अकस्मात प्रबल बनेर आउँछन् । मनका यौन चाहना बहिनीकै कारण दमित गर्नु परेको भन्ने भावनाले उसको इद क्रोधित हुन पुग्छ र स्वार्थी निर्णय लिन पुग्छ । अघि अघि हिँडेकी बहिनीलाई आफूहरूको सम्बन्धको बाधक मान्नु र बहिनीको अन्त्य गर्न चाहनु ऊ सुखका लागि तत्पर रहनु हो ।खुशी हुँदै हिँड्दै गरेकी बहिनीलाई गङ्गाको तीरमा पुगेपछि गङ्गाजीको बिचमा भएको पम्फाको फूल टिपेर ल्याउन पठाउनु, हुन्छ भनेर गएकी बहिनीले पछि डर मानेर जान्न भन्दा पनि उसले अरूका बहिनीले के के ल्याउँछन्

तिमले त्यही फूल पनि ल्याउन नसक्ने भनेर बहिनीलाई करमा पार्नु, बहिनी डराएर डुब्छु मर्छु भन्दा पनि उसको बेवास्ता गरि आफ्ना मनका चाहना पूरा गर्न अनैतिक इच्छा जागृत गराएर बहिनीलाई बाध्यात्मक अवस्थामा पार्नु, अझै पर जान प्रेरित गर्नु, बहिनी डुबेपछि पनि कुनै चिन्ता नहुनु, मृत्यु भएपछि निकालेर गङ्गाको तीरमा गाडेर आफू घर फर्कनु जस्ता हिंसात्मक कार्यले इद र अहम् बिच सन्तुलन कायम नभएको बुझ्न सकिन्छ । इद आपराधिक गतिविधि तर्फ उन्मुख हुनु नै अहम्को पराजित मानिन्छ । लोककथामा दाजुले बहिनीलाई फूल टिप्न कर गरेको प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> दाजु र बैनी हिँड्ने क्रममा गङ्गाको किनारमा पुगे । दाजुले गङ्गाजीको मिना (बिच) मा पम्फाको फूल देख्यो । फूल देखेपछि बहिनीलाई जाऊ बैनी त्यो फूल टिपेर लिएर आऊ भनेर भन्यो । दाजुले भनेपछि बैनी फूल टिप्न गङ्गाजीमा पसिन् । गङ्गाजीमा पसेपछि पर पर जाँदा डराइन् । उनी जति पर जान्छिन् गङ्गाजी उति माथि आउँछिन् । डरले बैनीले दाजुलाई "जति पर जान्छु उति माथि आउँछिन् कसरी टिपम पम्फाको फूल" भनेर भन्छिन् । दाजुले बाहिरबाट "अरूका बैनीले कस्ता कस्ता ल्याउछन् हामरी बैनीले त्यही फूल पनि ल्याउन्नन्" भन्छ । दाजुको कुरा सुनेपछि बैनी झन् परपर जान्छे ऊ जति पर जान्छे गङ्गाजी उति माथि आउँछ । बैनीले दाजुलाई जति पर जान्छु उति माथि आउँछ कसरी टिपम नि पम्फाको फूल भन्दै रूदै गर्छे तर दाजुले भने अरूका बैनीले कस्ताकस्ता ल्याउँछन् हामरी बैनीले त्यति पनि लेउन्न भन्छ । बैनी डराएको पनि थाहा छ तर अल्लि पर जाऊ, अझै उता जाउन मेरी बैनी बल्ल यो सकिन्छ । पम्फाको फूल टिप्न भन्छ । पर जाँदा जाँदा बैनीले दाजै पानी गलैसम्म आयो तैपनि पुगिन पम्फाको फूल भन्छे । अल्लि पर जाऊ फूल टिप्न अरूका बैनीले कस्ता कस्ता ल्याउँछन् । हामरी बैनीले त्यही फूल नी ल्याउन्नन् भन्छ बैनी परपर जान्छे र डुबेर मर्छे ('दाजु र बहिनी' परिशिष्ट क) ।

लोककथाको दाजु पात्र यहाँ अचेतनको इद भावनाबाट परिचालित छ । ऊ सुखको अनेक कल्पना गरेकै कारण आपराधिक कार्यतर्फ उन्मुख रहेको छ । त्यसैले उसले डराएकी बहिनीप्रति माया ममता सद्भाव नदेखाई गङ्गाको बिचमा जान आग्रह गरि गरि मर्न बाध्य बनाउँछ । यस समयमा उसले बहिनीप्रति गर्नुपर्ने कर्तव्यबोधलाई नै गुमाउन पुग्नु इदको भावना प्रबल बनेर आउनाले हो । इद प्रबल भएको समयमा अहम् मनले सन्तुलन कायम गर्न नसकेको अवस्थामा उसले बहिनीलाई जवरजस्ती फूल टिप्न आग्रह गर्दै गर्दा उसको दुखद अन्त्य हुन पुगेको सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । दाजु पात्रको मनमा क्रुरता र हिंसाको भावनाको जन्म हुनु नै इद प्रबल हुनु हो । इद र अहम् बिचको द्वन्द्वमा अहम्ले सन्तुलन कायम गर्न नसकेको अवस्थामा इदले आपराधिक गतिविधि गर्न पुग्छ । यस लोककथामा पनि दाजु पात्रका इद मनका यौन इच्छा पूरा गर्न बाधक बनेकी

बहिनीको हत्या गरेपछि आफूले कष्ट तनाव बेहोर्न नपर्ने आनन्द प्राप्त हुने भन्ने सोचेर मान मर्यादा, नियम कानुन नैतिकताको ख्यालै नगरी आफ्ना मनभित्र उम्लिएका इच्छा पूरा गर्न तत्पर रहनु र अहम्ले रोक्न नसक्नु दुई मनको बिचमा सन्तुलन कायम नभएको विश्लेषणद्वारा प्रस्ट भएको छ ।

'रानीको मनको भुटेसो' लोककथामा रहेकी नारी पात्र रानी सरलताबाट जटिलतातर्फ उन्मुख रहेको कुरा उनी राजा सिकार खेल्न जाँदा पात टिप्न जान्छु भनेर सँगै गएको र पात टिप्दै गर्दा गौथलीको बच्चा गुणबाट तल खसेर छटपटाएको घटना देखेर विक्षिप्त बनेको सन्दर्भले प्रस्ट पारेको छ । कथाको सुरुमा सामान्य र सुसङ्गत स्वभावकी देखिएकी रानी विस्तारै असामान्य र असङ्गतमा परिणत हुन्छिन् । उनी जङ्गलमा गएर पात टिप्दै गर्दा गौथलीका बच्चालाई अर्को गौथलीले चुच्चोले टिपेर तल फालेको देखेर अत्यन्त दुःखी बन्छिन् । उनले ती गौथलीका बच्चामा आफ्ना छोराहरूको बिम्ब देख्नु, म भोली केही गरी मरिहाले भने राजाले अर्को बिहे गर्छन् र अर्की रानीले मेरा छोराको पनि यस्तै विचल्ली बनाउँछे होला भन्ने सोच्नु, सोच्दा सोच्दै रानी चिन्ताले बिरामी पर्नु, राजालाई असान्दर्भिक प्रश्न गर्नु, राजाको सकारात्मक उत्तरले पनि मनमा सन्तुष्टि जगाएर चिन्ताको भूमरीबाट निस्कन नसक्नु र अन्त्यमा मृत्युवरण गर्न पुग्नु इद भावनाका अतृप्तिहरूलाई अहम्ले सन्तुलन कायम गर्न नसक्नु हो । रानीका इदमा तड्पिएका भावनालाई तल प्रस्तुत गरिएको छ :

> राजा शिखार खेल्न जङ्गल गएछन् । रानी पनि राजासँगै जङ्गलमा पात टिप्न गइछन् । पात टिप्न जाँदा खेरि एउटा गौथलाकी दुलही मरिछ र गौथलाले अर्की गौथली ल्याएछ । त्यो गुँडमा भाका दुइटा बच्चालाई त्यो गौथलीले तलतिर फालिछ । गौथलीले फालेको बच्चा ती रानीले भेटिछन् । गौथलीले फालेको बच्चा भेटेपछि रानीले ओखो म पनि मरे भनी मेरा छोरालाई यस्तै होला भनेर चिन्ता गरेर त्यही टाउको दुखेर सन्चो नभएर पात टिप्न नसकेर घर गइछन् । त्यसपछि रानी बिरामी भइछन् । ज्वरो आएछ राजा आएछन् के भो ? तिमलाई भन्दा मलाई यस्तो यस्तो भयो भनेर रानीले सुनाइछन् । अनि राजाले कहाँ त्यस्तो हुन्छ मैले त तिमी मरे नी अर्को बिहा गर्दिन भनेर भनेछन् । रानी भनि त्यही पिर लिँदा लिँदा रोग लागेर केही समयपछि बितिन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

लोककथामा गौथलीले ती ससाना बच्चालाई गुँडबाट तल खसालेको देख्नसाथ रानी विचलित अवस्थामा पुगेर यदि आफूलाई पनि केही भइहालेमा आफ्ना छोराको पनि अर्की रानीले यही हालत बनाउनेछ भन्ने चिन्ताले ग्रस्त हुनुले उसको इद मनमा रहेको आशंका र सौतेनी ईर्ष्यालाई सङ्केत गरेको छ । रानीले आफ्नो मृत्यु भएपछि राजाले अर्की रानी ल्याउने र आफ्ना दुई छोराको हालत गौथलीका बचेराको जस्तो बनाउछे भन्ने चिन्ता लिएर

उनले राजालाई म मरिहाले भने हजुरले अर्को विहे गर्नु हुन्छ की हुन्न भनेर प्रश्न गर्नुले नै उनको असामान्य मानसिक अवस्थालाई चित्रण गरेको छ । रानीलाई आफ्ना छोराले दुःख र अवहेलना सहनुपर्ने अवस्था आउला की भन्ने मनस्तापी दुश्चिन्ता उत्पन्न भएको हुँदा उसको मनले सन्तुष्टि प्राप्त नसकेर जीवनको अन्त्य भएको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । कथाका पात्र राजाले रानीलाई दिएको आश्वासन पूरा गर्न नसकेर तेह्र दिन पुग्नासाथै विवाह गर्नुले उनको इद मनभित्र जागेका यौन चाहना पूरा गर्नका लागि अहम्ले विवाह गर्न प्रेरित गरेको मान्न सकिन्छ । राजाका इदमा रहेका यौनका इच्छालाई पूरा गर्न अहम्सँगको सहकार्यमा उनी विवाह गर्न सहमत हुन्छन् । राजाले कान्छी रानी विवाह गरेपछि छोराहरूको वास्ता नगर्नु, रानीले कस्तो व्यवहार गरेकी छन् भन्ने कुराको ख्याल नगर्नुमा उनी भित्रको अहम् पराजित भएको र इदको विजय भएको मान्न सकिन्छ । राजाले आफ्नो इच्छा र चाहनाको मात्र ध्यान दिनु इद र अहम् मनबिच सन्तुलनको अवस्था सिर्जना नहुनु हो । लोककथामा रहेका राजाका इदका व्यवहारलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजाले तेह्र दिन पुगेपछि बिहा गरेछन् । रानी मरेपछि तिनको दुइटा छोराहरूलाई त सौतेनी आमाले त्यस्तै गराएर खान नदिने पिट्ने गर्दो रैछ । ती सानासाना केटा बस्न नसकेर घर छोडेर हिँडेछन् । तिनीहरू हिँड्दा हिँड्दै हिँड्दा हिँड्दै एउटा अर्को राजा कहाँ गएर बास मागेछन् । साँझ खाना खाएछन् र सुतेछन् । विहान उठेर खाना खाएछन् हिँड्न लाएछन् । त्यहाँका राजाले सबै कुरा सोधेछन् तिमीहरू को हौ ? किन हिँड्यौ ? के भयो ? कसो भयो ? भनेर राजाले भन्दा खेरी तिनीहरूले सबै कुरा राजालाई बताएछन् । राजालाई दया लागेछ र एउटा बेलको दाना दिएछन् र भनेछन् यो बेल लिएर जाओ पानी नभाको ठाउँमा नफोर पानी भाको ठाउँमा फोर भनेर बेल दिएछन् ('रानीको मनको भुटेसो' परिशिष्ट क) ।

माथिको लोककथांशमा राजाले इदका इच्छा पूरा गर्ने मनसायले तेह्र दिन पुग्नासाथ अर्को विवाह गर्नु, आफ्ना छोरा राजकुमारहरूको बारेमा नसोच्नु, उनीहरू बस्न नसकेर निस्केर हिँड्नु, अर्को देशको राजाकोमा पुग्नु, सबै आफूले भोगेका घटनाक्रम सुनाउनु, राजाले दिएको बेल लिनु, जस्ता कथाका सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । राजकुमारहरूले राजाले दिएको बेललाई पानी भएको ठाउँमा फुटाउनु, बेलभित्र राजकुमारी देख्नु, उनलाई पानी खुवाउनु, राजकुमारीलाई रूखमा बस्न भन्नु, आफूहरू पछि विवाह गर्न आउने वचन दिनु र पछि जानु जस्ता क्रियाकलाप इद र अहम् बिच सहकार्यमा भएका काम हुन् । इदले राखेको प्रस्ताव अहम्ले स्वीकार गर्दै जाँदा उनीहरू राजकुमारीलाई विवाह नगरी लैजान हुँदैन अहिले तिमी यहीँ बस भनेर आफ्नो दरबारमा फर्कन्छन् । उनीहरू दरबारमा आएको केही समयपछि राजकुमारीलाई सम्झेर जानु, जाँदा राजकुमारी नभएर राजकुमारीको लुगा गहना लगाएर बसेकी सर्किनीलाई भेट्नु, उनीहरूले पहिला तिमी त

यस्ती थिइनौ भन्दै सबै कुरा बुझ्नु, राजकुमारी बसेको ठाउँमा बसेकी सर्किनीलाई सोधपुछ गरेर राजकुमारीको पत्ता लगाउनु, राजकुमारीलाई व्युँताउन सफल हुनु र राजकुमारीसँग विवाह गरी दरबारमा आउनुमा इद र अहम्बिच सन्तुलन कायम रहेको पुष्टि भएको छ । लोककथामा रहेकी सर्किनी पात्रका इदमा आफू राजकुमारीका गहना लुगा लगाएर राजकुमारसँग बिहा गर्ने र राजकुमारसँग राज दरबारमा गएर सुखका दिन बिताउने आफ्ना यौन चाहना मेटाउने अभिप्रायले उसले राजकुमारीलाई रूखबाट झराल्न सफल हुन्छे र उसका सबै पहिरन आफूले लगाएर राजकुमारलाई प्राप्त गर्ने चाहना पूरा गर्न आतुर छ भने उस भित्रको अहम्ले इदका स्वार्थी चाहना पूरा गर्न रोक लगाउँछ जसका कारण कथाको अन्त्यमा राजकुमार सर्किनीको नभएर राजकुमारीको नै बन्न सफल भएका छन् ।

'एकादशी व्रतको फल' लोककथामा रहेका पात्र बुढो र बुढीको मनोवृत्तिमा गति प्राप्त गर्दै कथा अघि बढेको छ । कथाको सुरुमा दुईजना नै अनुकूल पात्रका रूपमा देखिन्छन् भने कथाको विषयवस्तु अगाडि बढ्दै गर्दा उनीहरूका इद र अहम् बिच द्वन्द्व हुनुले उनीहरू प्रतिकूल पनि देखिएका छन् । लोककथामा बुढी घरभित्रको काम गर्ने र बुढो घर बाहिरको काम मिलेर गर्ने देखिए पनि उनीहरूको इद र अहम् बिच सन्तुलन कायम हुन नसक्दा मनमुटावको स्थिति पाउन सकिन्छ । इद र अहम्बिच सन्तुलन कायम भएकोले बुढो बुढीलाई आँटो पकाएर बस्न भनेर गाई लिएर चराउन वनतिर लिएर जाँदै गर्दा बाच्छोलाई बाघले खाइदिनु, बाच्छो खाएपछि बुढाको मनमा द्वन्द्वको अवस्था सिर्जना हुनु, चिन्ताग्रस्त बनेर गाईवस्तुको ख्याल गर्नु, बाघले आक्रमण गर्छ कि भनेर सतर्कता अपनाउनुमा बुढाको मनमा अहम् मनले प्रेरणा प्रदान गरेको बुझ्न सकिन्छ । दिनभरि गाई चराएर साँझ चार बजेतिर घरमा आएर हातखुट्टा धोएर खान भान्सामा पस्नासाथ बुढी रिसाउदा एक्कासी उसको इद मन प्रबल बनेर आक्रामक अवस्थामा पुग्नाले बुढीलाई मदानीले हान्न पुगेको सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> ठिक्क चार बजेतिर गाई लिएर बुढा आएछन् अरे । उनी भान्सैमा छन् बुढा आएर गाई बाँधेर क्यारेर गोडा धोएर भित्र पसेछन् । भात खान पऱ्यो नि कुरेर बसेकी दुलहीले भात खान लाग्दा त ए ! यसबेलासम्म मलाई यस्तरी भान्सा कुराउनी भनेर रिसाइन के रे । उहाँ बाघले बाच्छो खाएको देखिनन् के रे मलाई यसबेला सम्मन कुराएर थपक्क माहारामा बस्ने भनेर बुढी कराउँदा खेरि मास्तिर कता मदानी रैछ । स्वात्त झिकेर फ्वाक्कै हानेछन् । कता काट्यो होला रगत आयो बुढी रूदै बाहिर निस्किछन् । बुढाले स्याम्म भात खाएछन् र निस्केछन् अरे ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

लोककथामा बुढो दिनभरि गाई चराउन जानु, बाटोमा हिँड्दा हिँड्दै बाघले बाच्छो खानु, भोकले आत्तिएर घर आएर खाना खान भान्सामा पस्दा बुढी रिसाउनुले बुढाको इदमा संचित भएको रिस अकस्मात परिचालित हुन्छ । इद मनले तनाव र कष्ट बेहोर्न नसक्ने हुँदा

आफ्नो दानवी स्वभाव प्रकट गरिहाल्छ । यस लोककथामा पनि बुढीले ए ! मलाई यति बेलासम्म भान्सा कुराउनी भन्नासाथ मास्तिरको मदानी झिकेर बुढीलाई हान्नु, हानेपछि उनलाई कुनै वास्ता नहुनु, टन्न खाना खाएर निस्कनु जस्ता कार्य इदका परिणाम हुन् । बुढी बोल्नासाथ आफ्नो मनलाई सम्हाल्न नसकेर प्रहार गरिहाल्नुमा इद मनमा जागृत दानवी स्वभावलाई अहम्ले सन्तुलनमा राख्न असफल भएको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा बुढाले बुढीलाई हानेको कुरामा कुनै पश्चातापको बोध नहुनु, स्वतन्त्र भएर गाउँमा भएको सभामा जानु, त्यो सभामा सुनको पिङ हुनु, कसैले पनि त्यो पिङ चलाउन नसकेको कुरा राजाले भन्नु र एकादशीको व्रत बसेको मान्छे कोही भए पिङ चल्ने कुरा गर्नु, बुढाले राजाले भनेको कुरा सुनेर आफूले घटाएका घटनाको वर्णन गर्नुमा उसको इद र अहम् मनबिच सन्तुलन रहेको कुरालाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> सभामा त्यो बुढो पनि गा रैछ । सभामा राजाले एकादशीको व्रत गर्ने मन्छे को होला ? एकादशीको व्रत गर्नेले चलाए चल्थियो कि भनेर भनेछन् अरे । सभामा राजाले त्यसो भन्दा खेरि ओहो! राम्ररी नुहाएर उपासेकी त होइन मेरी बुढीले मैले हिर्काए । एकपाली गाई लिएर बनमा गाथे बाघले खाइदियो आउँदा सम्म कुरेर बसेइ रैछ । यसबेला सम्म नआउने भनेर मलाई गाली गरी मैले ठटाइदिए । त्यो रूदै बस्दै गर्दागर्दै त्यत्तिकै नखाइकन सुतेकी हो । पिङ चल्छ कि नै मैले जान्या छैन भनेर बुढोले सोझै बताएछ अरे ('एकादशी व्रतको फल' परिशिष्ट क) ।

लोककथामा मुख्य पात्रका रूपमा रहेको बुढो राजाले सभा गराएको ठाउँमा पुग्नु, राजाले एकादशीको व्रत बसेको मान्छे को होला भन्दा सबै घटनाको यथार्थतालाई बताएर "मेरी बुढी छ" भन्नु इद र अहम्को सन्तुलनद्वारा निस्केको अभिव्यक्ति हो । यहाँ बुढो पात्रमा आफूले इद मनको प्रेरणाद्वारा गरिएका कामलाई पनि उसले सहज रूपमा स्वीकार गरेर पिङ नचलेको समस्यालाई समाधान गर्न खोज्नु इद र अहम्को सन्तुलन कायम गराएर सन्तुष्टि प्रदान गर्ने उद्धेश्य रहेको मानिन्छ । इद र अहम्को सन्तुलन प्रदान गराएर पात्रमा खुशी दिन चाहेको कुरालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा रहेकी महिला पात्र बुढी पनि राजाले सुनको पिङ चलाउन कसैले नसक्दा एकादशी व्रत बसेकाले सक्छन् कि भनेर लिन पठाउँदा म यस्ती ठुटैबुटै कहाँ जान्छु गहना लुगा चाहियो भन्नु, गहना लुगा पाएपछि हिँडेर जान्न भन्नु, राजाले बोक्ने मान्छे पठाएपछि सिँगारिएर बोकिएर जानुले उसका इद मनमा कुण्ठित भएका चाहना पूरा गर्न अहम्ले भूमिका निर्वाह गरेको बुझिन्छ । किनभने उसको इदमा रहेका राम्रो लाउने, अगाडि पछाडि बरियात गराएर हिँड्ने रहर पूरा गर्न अहम्ले नरोकेर लिन गएका मान्छे फर्काएर पनि आफूले भनेका सामान मगाएर आफ्ना चाहना पूरा गर्न सफल हुनुले इद र अहम् बिच सन्तुलन कायम रहेको स्पष्ट हुन्छ ।

'बुजकी छोरी' लोककथामा रहेका पात्र सुसङ्गत र अनुकूल भूमिकामा नै देखिएका छन् । कथाका पात्रहरू राजा र रानी कहिले सामान्य अवस्थामा देखिन्छन् त कहिले चिन्तित अवस्थामा

देखिन्छन् । उनीहरूको मनमा कहिले सन्तान नहुनुको चिन्ता हुन्छ भने कहिले छोरीलाई विवाह गरेर पठाउन नपाउने चिन्ता हुन्छ यसरी कहिले इदका चाहना पूरा गर्न अहम्ले खेलेको भूमिका त कहिले इद र अहम् बिच सन्तुलन कायम हुन नसकेका बिचमा घटेका घटनाक्रम जोड्दै कथाले पूर्णता पाएको छ । राजाको मनमा सन्तान प्राप्त गर्ने भोक जाग्नु, ज्योतिषकोमा सोध्न जानु,ज्योतिषले भने अनुसार व्रत पुराण गर्न तयार हुनु, गरेपछि कन्याको जन्म हुनु र राजा खुशी हुनुमा इद र अहम् मनबिच सन्तुलन कायम भएको अवस्था मान्न सकिन्छ भने राजकुमारी दिन गनेर बढ्दै जाँदा राजालाई चिन्ता पर्नु, छोरी हाम्रो बुढेसकालको सहारा भन्दा पनि अरूलाई दिने जात हो भन्नु, रानीसँग सल्लाह गरेर छोरी दिन केटा खोज्न हिँड्नु, मेरी छोरी विवाह गर्छौ भन्दै देखेका केटालाई सोध्नु, कसैले विवाह गर्छु नभन्नु, राजा विरक्तिदै घर फर्कनु र बुढीलाई हाम्री छोरी कसैले लानी भएनन् भन्दै चिन्ता व्यक्त गर्नुमा इदका भावना पूर्ति गर्नका लागि अहम्ले भूमिका निर्वाह नगरेको बुझिन्छ । किनभने फ्रायडका अनुसार इद र अहम्को सन्तुलन हुन सकेमा व्यक्तिले चाहेको काममा सकारात्मक परिणाम आउँछ । लोककथामा राजा र रानीबिच भएको कुराकानीको सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> मैले अब छोरी दिन्छु म केटा खोज्न जान्छु भनेर राजा हिँड्नुभयो । राजा हिँड्दा खेरी जाँदा जाँदा जाँदा मेरी छोरी दिने बेला भाछ बिहा गर्नुहुन्छ ? भन्दै हिँड्नु भएछ राजाले सोध्दा मैले गर्दिन भनेछन् । मेरी छोरी दिने बेला भाछ बिहा गर्नु हुन्छ ? मैले गर्दिन जहाँ पुग्छन् राजा मैले छोरी दिन्छु भन्दा दिन पाएनन् । घर आउँदा बुढीले कतै केटा पाउनुभयो त ? भनेर सोधिन राजाले मैले कहीँ कतै केटा देखिन छोरी दिने ठाउँ पाइन मेरी छोरी कसैले लाने भएनन् भने ('बुजकी छोरी' परिशिष्ट क) ।

यस लोककथाका राजारानी दुवैलाई कथाको सम्पूर्ण भागमा चिन्ताले सताएको छ । कहिले सन्तान नभएर पिर कहिले कसैले विवाह गर्छु भनेन भनेर पिर परेको हुँदा कथाभरि नै पिर र चिन्ताले निरन्तरता पाएको छ । आफ्नी छोरीलाई विवाह गर्ने केटा कोही नभेटिदा चिन्तित हुनु, उनीहरूको इदको चाहनामा अहम्ले सन्तुलन कायम नगर्नाले हो । लोककथामा रहेको यस सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । छोरीले आफ्ना बुबाको कुरा सुनेर मैले विवाह गर्दिन भन्नुमा आफ्नो सामाजिक प्रतिष्ठा, बाबुआमा सँगको आफ्नो सम्बन्धका बारेमा ऊभित्रको अहम्ले जानकारी दिएको कारणले हो । त्यसैले उसले हजुरले केटा पाउनु भएन मलाई एउटा गुफा बनाइदिनु म ध्यान गरेर बस्छु भनेर भन्छे । छोरीले आफ्नो मनमा रहेको चाहनालाई निर्धक्क व्यक्त गर्न सक्नुमा उसको मनलाई इद भावनाले जितेको प्रस्ट हुन्छ । भने छोरीको कुरा सुनेर राजा खुशी हुनुमा इद र अहम् मनको सन्तुलन कायम रहको मानिन्छ । किनभने राजाका इदका हरेक इच्छाहरू छोरीले बुझेकी छन् र उनले आफ्ना बुवालाई इद र अहम् मनका भावना अनुसार नै आफ्नो निर्णय सुनाएकी छन् । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

बा आमाको कुरा सुनेकी छोरीले भनिन् बुवा ! मैले अब बिहा गर्दिन हजुरले यस्तरी खोज्दा पनि केटा पाउनु भएन । मलाई एउटा गुफा बनाइदिनुस् म गुफामा गएर बस्छु हजुरहरूले मेरो पिर लिनु पर्दैन भनिछन् । छोरीको कुरा सुनेपछि राजा खुसी भएर हुन्छ छोरी मैले गुफा गराइदिन्छु भनेछन् । ... राजा रानीले अलि पर गएर गुफा गराइदिएछन् । गुफा गराइदिएर फेरि टननन्न फूलबारी गराएछन् । बुवाले ती छोरी लएर गुफामा राखेछन् । त्यसपछि एउटा धाइमा खोजेर राखिदिए अनि छोरी गुफामा बसिन् । उनी त त्यो गुफामा कहाँ छन् कहाँ उनी माथि देवताको ध्यान गरेर बसेइछन् ('बुजकी छोरी' परिशिष्ट क) ।

लोककथामा रहेका पात्रहरू बुवा आमा र छोरीको इदमा जन्मेका चाहनालाई पूरा गर्नका लागि अहम्ले सहयोगी भूमिका खेलेको छ । छोरीको विवाह गर्न केटो खोज्दै हिँड्दा कतै नभेटिएपछि चिन्ताग्रस्त बनेका राजाले आफ्नो मनमा भएको पिर रानीलाई सुनाएर हल्का महसुस गर्न खोज्नु पनि इद र अहम् मन बिचको सन्तुलन हो । आफ्ना बुवा आमाको कुरा सुनेपछि छोरीले आफ्नो इदको चाहना व्यक्त गर्दा पूरा गरिदिने वचन दिनु पनि दुई मन बिचको सन्तुलनको अवस्था हो । कथाको मध्य भागमा छोरीका चाहना अनुसार गुफा बनाइदिनु, फूलबारी बनाइदिनु, काम गर्ने धाइमा राखिदिनु, आफू ध्यानमा लिन रहनु, अर्को देशका राजकुमारले मन पराउनु, राजकुमारको भेष गरेका स्वर्गका देवता हुनु, जस्ता घटनाक्रमलाई माथिको लोककथांशले प्रस्ट पारेको छ भने अन्त्य भागमा छोरीले आफ्ना बुवा आमालाई आफूसँगै विमानमा चढाएर लैजानु, बुवाआमा पनि छोरीसँग जान पाउँदा खुशी हुनु जस्ता घटनाको वर्णन गरिएको हुँदा लोककथामा रहेका पात्र र घटेका घटनाक्रममा इद र अहम् बिच सन्तुलन कायम रहेको पुष्टि हुन्छ ।

'माया मोहबाट कष्ट' लोककथामा राजकुमारको भूमिका महत्त्वपूर्ण छ । कथाका धेरैजसो घटना राजकुमारबाटै सञ्चालित छन् । त्यसैले उनी प्रमुख पात्रका रूपमा उपस्थित रहेका छन् । कथाको सुरुमा उनी मिलनसार, असल स्वभावका देखिएका छन् भने मध्य भागतिर उनका इदमा जागृत भावनाले उनी नारीसुलभ, कमनीयता, भावुकता, कोमलता, नम्रता, सरलताले पूर्ण पात्र बन्न पुगेका छन् । साथीहरूसँग खेल्न जानु, बुवा आमाले भनेको मान्नु, साथीहरूलाई थकाई मार्न दिनु, आफू एक्लै जङ्गलमा हिँड्नु, हिँड्दाहिँड्दै बगैचाको नजिक पुग्नु, बगैचा निकै सुन्दर लाग्नु, कसले बनाएको होला ? कसको होला ? एकपटक हेर्नु पर्‍यो जस्ता जिज्ञासा जाग्नुले उनका इदका इच्छालाई पूरा गर्न अहम्ले भूमिका निर्वाह गरेको हुन्छ । लोककथामा घटेका घटनाक्रमलाई अध्ययन गर्दा उनी भित्रका स्वभाव र जिज्ञासुप्रवृत्तिलाई अहम्ले दमित गर्न नखोजिकन् इदले निर्देशित गरेको बाटोतर्फ उन्मुख रहेको कुरालाई तल प्रस्तुत गरिएको छ :

जब राजकुमार बाटोमा जाँदै थिए । जाँदा त यति राम्रो बगैचामा पुगेछन् । त्यो बगैचामा धेरै सुन्तलाहरू फलिरहेका थिए, धेरै किसिमका फूलहरू फुलिरहेका

थिए । चराचुरुङ्गीहरू चिरबिर गरिरहेका थिए । जब राजकुमार द्वारमा पुगेछन् । बगैचा देखेर अचम्म परेछन् । ओ हो यो मेरो राज्यको भित्र यति राम्रो बगैचा यति राम्रो उद्यान कल्ले बनाएको होला एकपटक हेर्न पर्‍यो भनेर राजकुमारले ढोका खोलेछन् ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

माथि लोककथांशमा राजकुमार हिँड्दा हिँड्दै सुन्दर बगैंचामा पुग्नु, बाहिरबाट देख्नासाथ बगैंचाभित्र जान मन लाग्नु, बगैंचाको मनोरम दृश्य देखेर मोहित हुनु, बगैंचामा फलेका फल र सुन्दर फूलहरूको सुन्दरता देखेर राम्रो बगैंचा हेर्ने इच्छा जागेर बगैंचाको ढोका खोलेको प्रसङ्गलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । बगैंचाभित्र जाँदा असाध्यै राम्री सुन्दरी देख्नु, उनीसँग कुरा गर्नु, कुरा गर्दै जाँदा राजकुमारी रहेको र बगैंचा उनकै भएको थाहा पाउनु, कुराकानीको क्रममा दुवै एकअर्कामा आसक्ति बन्दै मोहित हुनु, राजकुमारीलाई पनि राजकुमार अत्यन्त आकर्षित लाग्नु, मनैमनमा राजकुमारसँगै विवाह गर्न पाए हुन्थ्यो भन्ने इच्छा जाग्नु, उनीहरूका इदमा कुण्ठित भएका यौनका इच्छा जाग्नु र आकर्षित हुँदा मनभित्रका दमित यौन चाहना इदका प्रबल इच्छाशक्तिका रूपमा जागृत हुन्छन् । राजकुमार र राजकुमारीका मनमा रहेका इदका चाहनाले एकअर्कालाई चाहनुमा यहाँ अहम् बाधक बनेको छैन त्यसैले उनीहरू एकअर्कालाई देख्नासाथ आकर्षित भएका छन् र आफ्ना मनभित्रका कुरा साटासाट गर्ने सम्बन्धमा विवाह गर्न पाए हुन्थ्यो भन्ने मनसायमा पुगेको कुरालाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

त्यसपछि राजकुमार र राजकुमारीले कुरा गर्न लागे । राजकुमारले पनि भित्र भित्र राजकुमारीलाई मन पराए भने राजकुमारीले पनि राजकुमारलाई मन पराइन् । राजकुमारी राजकुमारको रूपमा आसक्ति हुन थालिन् । राजकुमारीलाई मनमनमा यसैसँग विवाह गर्न पाए हुन्थियो भन्ने लाग्यो । राजकुमारलाई पनि यत्रो राम्रो बगैचाको मालिक यिनैसँग विवाह गर्न पाए हुन्थियो भन्ने लागेछ । दुइजना आफ्ना मनमा लागेको कुरा गर्दै थिए ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

लोककथामा राजकुमार र राजकुमारी यौवन अवस्थामा प्रवेश गरेका हुनाले पनि उनीहरूलाई कुरा गर्न मन लाग्ने देख्नेवित्तिकै ओहो ! कस्तो राम्रो या राम्री भन्ने भावना आउने, मान्छे कस्तो छ भन्ने थाहा हुनुभन्दा पनि विवाह गर्न पाए हुन्थ्यो भन्ने भावना जाग्नुमा इद मनको भूमिका रहेको र अहम्ले हस्तक्षेप नगरेको अवस्थालाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा राजकुमार र राजकुमारीका वैयक्तिक चाहना र पारिवारिक परिस्थितिविच द्वन्द्व देखिन्छ । एकअर्काको बन्ने इदका चाहना र बाबुको डर देखाएर दमन गर्न खोज्ने अहम्को उपस्थिति पनि यहाँ कारकतत्त्वका रूपमा देखिन्छ । राजकुमारको रूपमा मोहित भएकी राजकुमारी एक्कासी आफ्नो बुवालाई सम्झनु, बुवासँग डर मान्नु, बुवाले थाहा पाए बर्बाद हुन्छ अब के गर्ने भनेर आत्तिनु इद र अहम्बिच सन्तुलन नहुनु हो भने आफ्ना बुवाबाट बचेर इद मनमा रहेको राजकुमारप्रतिको

आशक्तिलाई पूरा गर्ने हेतुले उसले राजकुमारलाई शौचालयमा थुन्ने निर्णय गरेर धकेलिदिनुले उसको इदका चाहना पूरा गर्नमा अहम्ले सन्तुलन कायम रहेको मान्न सकिन्छ । राजकुमारीले राजकुमारलाई पाउनका लागि गरेका हर प्रयत्नमा अहम्ले साथ दिएको छ । लोककथामा रहेको यस प्रसङ्गलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> राजकुमार र राजकुमारीको कुरा हुँदै गर्दा राजकुमारीका पिता राजा द्वारबाट भित्र पसेछन् । गेटबाट राजा आउनासाथ राजकुमारी आत्तिइन् । ल राजकुमार बर्बाद भयो मेरो बाले मार्नुहुन्छ भनेर डराइन् । त्यही नजिकै शौचालय थियो राजकुमारीले राजकुमारलाई शौचालयमा धकेलिदिइन् ।राजकुमारीले आत्तिदै भनिन् तिमी भित्र जाऊ मैले चुक्कुल लाइदिन्छु, बुवा बगैंचा हेरेर बाहिर जानुहुन्छ मैले चुक्कुल खोल्दिन्छु अनि तिमी बाहिर जाउला भनेर चुकुल लगाइदिइन् ('माया मोहबाट कष्ट' परिशिष्ट क) ।

लोककथाको यस घटनामा राजकुमार र राजकुमारीका इदका इच्छा पूरा गर्नमा बाबु पात्र बाधक बनेको हुन्छ । यहाँ इद र अहम्ले सन्तुलनको भूमिका निर्वाह गर्न खोज्दा खोज्दै पनि सफल हुन सक्दैनन् । राजकुमारी आफ्ना बुवाबाट राजकुमारलाई लुकाएर भए पनि आफ्ना रहर पूरा गर्न प्रयासरत रहेको र शौचालय जस्तो ठाउँमा धकेलेर चुकुल लगाउदा पनि राजकुमारले प्रतिवाद नगरी राजकुमारीको कुरा मान्न तयार रहेकोले ऊ इद मनद्वारा निर्देशित कार्य गर्नमा सहभागी बनेको सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । लोककथामा राजकुमारलाई राजकुमारीले अहिले तिमी भित्र जाऊ बुवा बगैंचा हेरेर फर्कनुहुन्छ अनि म चुक्कुल खोलिदिन्छु भनेर थुन्नु, राजकुमारीका बुवा बगैंचा घुम्दाघुम्दै द्वारमा पुगेपछि छोरीलाई पनि हिँड जाम राती केही हुँदैन भोली बिहान आउँला भन्नु, राजकुमारीले आफ्ना बुवाको कुरा काट्न नसक्नु र सरासर बुवाको पछि लाग्नु, भोलीपल्ट गाउँमा घटना घट्नुले राजकुमारी बगैंचामा जान नपाउनु, उता राजकुमार राजकुमारीप्रतिको आशक्तले गर्दा शौचालयमा थुनिनु, थुक्कुल कहिले खुल्ला भनेर पर्खनु, भोक प्यास दुर्गन्धले छटपटिनु, मलाई के दशा लाग्यो भन्दै पश्चातापमा जल्नु, राजकुमारी आएर चुक्कुल खोल्दा आत्तिएका राजकुमारले राजकुमारीको कुनै कुरा नसुन्नुमा इद र अहम् मनको बिचमा सन्तुलन हुन नसकेर राजकुमारले आफू असफल भएको महसुस गर्नुका साथै इदका चाहनालाई मनबाट हटाएर यहाँबाट हिँड्नु नै उचित हुन्छ भन्ने ठानी ज्यान जोगाउनका लागि भागेको सन्दर्भलाई कथाको अन्त्य भागमा वर्णन गरिएको छ ।

'दसवचने' लोककथामा दस वचने, बटुवा र मुख्य पात्रको भूमिकामा बाबु रहेका छन् । कथाको प्रारम्भ र मध्य भागमा प्रतिकूल भूमिकामा देखिएको बाबु पात्र कथाको अन्तिम भागतिर आइपुग्दा भने सुसङ्गत र अनुकूल भूमिकामा प्रस्तुत भएको छ । लोककथामा बटुवा र छोरी पात्रको पनि आ-आफ्नै भूमिका पाउन सकिन्छ भने कथाको केन्द्रवृत्तमा 'दस वचने' रहेको र उसकै कारण बाबु पात्रको मनोगत अवस्थामा आएका द्वन्द्व

र चिन्ताका घटनाक्रमको वर्णन गर्दा नै कथावस्तुले पूर्णता पाएको छ । प्रमुख भूमिकामा रहेको बाबु आफ्नी श्रीमतीको मृत्यु भएपछि पनि छोरीको पालन पोषणमा समय खर्चेर आफ्नो इदमा जन्मेको इच्छालाई मारेर बस्न सक्नुमा इद र अहम्को सन्तुलन कायम भएको मान्न सकिन्छ । सानै उमेरमा आमाको मृत्युभएपछि छोरीलाई मातृवात्सल्य प्रेमबाट बन्चित नगराउने मनसाय राख्नुमा ऊ सामाजिक प्रतिष्ठाको ख्याल गर्ने पात्रका रूपमा चिनिएको छ । आफ्नो मात्र नभएर समाजको बारेमा सोचेर आफूले माया र ममता दिएकै कारण छोरीको स्वभावमा देखिएको अटेरीपन र जिद्धीपनले बाबुको अहम्मा गहिरो प्रभाव परेको छ । लोककथामा उसले इद मनमा जागृत भएका इच्छा र चाहना दबाएर अहम्लाई अस्तित्वमा ल्याएर सन्तुलन कायम गर्ने प्रयास गरेको छ । उसको इद मनभित्र जेजस्ता रहर भए पनि अहम् मनसँग प्रेरित भएर काम गरेको छ । उसमा अहम् मनको प्रभाव परेकाले वास्तविकताको ज्ञानबाट निर्देशित छ । ऊ आफ्ना इद मनभित्रका अनगिन्ती चाहनालाई कुण्ठित गरेर छोरीका हरेक चाहना पूरा गर्न तत्पर रहनु, छोरीको व्यवहार देखेर गाउँ समाजले के भन्ला भन्ने चिन्ताले ग्रस्त हुनुमा दुई मन बिच सन्तुलन कायम भएको मान्न सकिन्छ । लोककथामा छोरीको व्यवहारबाट बाबु चिन्तित भएको सन्दर्भलाई तल प्रस्तुत गरिएको छ :

> छोरी सानै हुँदा आमा बितेकीले बाबुले नै छोरीलाई धेरै माया गरेर हुर्काएको थियो । त्यसैले छोरी सारै पुल्पुलिएकी र मातेकी थिई । घरको काम छोरीले गर्न सक्ने हुँदा पनि बाबुले अराउथेनन् । बाबुले जे भन्यो त्यही गराएर पालेको भएर छोरी मातेर बोल्दा पनि झर्किनी रिसाउनी गर्थी । एकपाली बोलाएर कहिल्यै नबोल्ने दस पाली बोलाउनु पर्ने बोल्दा पनि दस वचन फर्काउने कसैसँग नडराउने थिई । दिन बित्दै जाँदा छोरीको बिहा गर्ने बेला भयो । बाबु छोरीको बानी व्यहोराले चिन्तित भएर मैले संस्कार दिन सकिन कि छोरीलाई न भनेको मान्छे न बोलाएर बोल्छे कि बोल्दै बोल्दिन बोली भने पनि दस वचन फर्काउँछे भनेर पिर मान्थ्यो अरे ('दसवचने' परिशिष्ट क) ।

लोककथांशमा बाबुले छोरीलाई काम गर्न पनि नलगाएर असाध्यै माया गर्नु, समय बितेसँगै छोरीको शील स्वाभाव देख्दा चिन्तित बन्नु, संस्कार सिकाउन पो जानिन कि भनेर आफैलाई दोषी ठान्नुमा इद र अहम् मनबिचको सन्तुलन रहेको बुझिन्छ । छोरी सानै हुँदा आफ्नो श्रीमतीको निधन भएपछि छोरीलाई मातृवात्सल्य प्रेमबाट बन्चित नगराउने मनोभावले आफ्ना इद मनका इच्छालाई मनमा दमित गरेर समाजको अगाडि इज्जत प्रतिष्ठा गुम्छ कि भनेर चिन्ता लिनु उसको इद र अहम्को सन्तुलनको अवस्था हो । उसले छोरीलाई आमाको मायाको अभाव हुन नदिनु र छोरी मात्तिदा, झर्केर बोल्दा, पिर मान्नु, इष्टमित्रले के भन्लान, बिहे गर्ने बेला भयो, बिहेको कुरा गर्दा दश वचन लाउँछे भनेर चिन्ता मान्नुले उसको मनमा अहम्को प्रभाव परेको कुरालाई माथिको लोककथांशले प्रस्ट

पारेको छ । लोककथामा बाबु पात्र आफ्नी छोरीको बानी व्यहोराले चिन्ताग्रस्त बनेको हुन्छ । छोरीको बिहे गर्ने उमेर भयो, न राम्रो बोल्छे, न भनेको मान्छे, न केही जानेकी छ खाली झर्केर बोल्ने र रिसाउने मात्र बानी देखेर आत्तिएको बाबुको अहम्मा समाजले के भन्ला, कस्ताकी छोरी हो केही नजानेकी भनेर भनेको सुन्न र छोरीको स्वभावले अरूलाई दुःख दिनु भन्दा आफूले नै दुःख काट्छु भन्ने भावनाको बोध गर्नु दुई मन बिचको सन्तुलनको अवस्था हो । साँझमा घरमा बास माग्न आएको बटुवालाई आफ्नो घरमा पनि हुर्किएकी छोरी छ बुझेर मात्र बास दिनुपर्छ भन्ने सोच्नु अहम्को अभिव्यक्ति हो । लोककथामा रहेको यस सन्दर्भलाई तलको लोककथांशमा प्रस्तुत गरिएको छ :

> इष्टमित्रले छोरीको बिहा गर्ने होइन भन्दै केटा देखाउछन् छोरीको न बोलि राम्रो, न बानी राम्रो, बाबुलाई सारै पिर परेको थियो । बिहाको कुरा गर्दा छोरीले दसवटा वचन लाउथी केरे । एकदिन बाटो हिड्ने बटुवाले ति बाबु छोरीको घरमा आएर आजको रात बास पाइन्छ कि? भनेर सोधे । बाबुले को हुनुहुन्छ ? कहाँ हिड्नुभाको हो ? कहाँबाट आउनुभाको हो ? भनेर सोधेछन् । त्यो बटुवाले परदेशबाट आको मेरो घर यो डाँडापारी हो भनेछ । बाबुले बटुवाको कुरा सुनेपछि मनमनै सोचेछन् मान्छे त भलाद्मी नै छ यत्तिको मान्छेलाई बास दिन हुन्छ भन्ने लागेर हुन्छ बस्नुस् भनेछन् । राती खानपिन गरेर बटुवासँग बाबुले दुःख सुखका कुरा गरेछन् ('दसवचने' परिशिष्ट क) ।

यस लोककथामा छोरीको स्वभाव देखेर गाउँ समाजका मान्छेले के भन्लान भनेर बाबुले चिन्ता मान्नु, साँझमा बास माग्न आएको पाहुनालाई कहाँबाट आएको ? कता जाने ? के काममा हिँडेको जस्ता प्रश्न सोधेर बुझेर मात्र बास दिनु, अहम् मनको परिणाम हो । खाना खाएपछि बोल्नेक्रममा उसले बटुवालाई आफ्ना मनमा कुण्ठित भावना सुनाएर मन हलुका पार्ने प्रयास अहम् मनको निर्देशनमा गरेको छ जुन सन्दर्भलाई माथिको लोककथांशले प्रस्ट पारेको छ । उसको अहम्मा छोरीको कारण अरूलाई दुःख दिनु हुँदैन जस्तो परे पनि मैले नै सहन्छु भन्नेखालको भाव जगाउनुमा उसको मनोदशामा द्वन्द्वग्रस्त भावनाले ठाउँ लिएको बुझिन्छ । बटुवाले मैले विवाह गर्छु भन्दा पनि स्पष्टरूपमा हुन्छ या हुँदैन भन्ने कुराको जवाफ नदिनुमा उनको मनमा द्वन्द्वग्रस्त मनस्थितिको जन्म भएको बुझ्न सकिन्छ । लोककथामा रहेको बाबु पात्रको यस अवस्थालाई तल प्रस्तुत गरिएको छ :

> बाबुले पनि आफ्नी छोरीको कुरा गरेछन् भनेको केही मान्दिन् बोल्दा पनि झर्किन्छे काम अरायो भने दस वचन फर्काउछे मैले आमा नभएकी टुहुरी भनेर माया गरेर हुर्काए अहिले यस्ती भई भनेछन् । बटुवाले फेरि छोरीलाई हेर्दा राम्री मानेको थियो केरे अनि मैले हजुरकी छोरीसित बिहा गर्छु हजुरले मलाई तीन चिज दिनपर्छ भनेछ । ती बाबुले होइन हजुर यस्ती छोरी हजुरलाई दिएर मैले हजुरलाई दुःख दिन्न मेरो कर्ममा यस्तै लेखेको मैले नै भोग्छु भनेछन् न यल्ले

> भनेर मान्छे, न केही काम नै गर्छे, न ढङ्गले बोल्छे यसलाई मैले यस्तै बनाए ले गरम अरूलाई दुःख दिन हुन्न मलाई पाप लाउछ भनेछन् ('दसवचने' परिशिष्ट क) ।

माथि लोककथांशमा बटुवाको मनमा सबै कुरा सुनेपछि विवाह गर्छु भन्दा अरूलाई दुःख दिन हुन्न पाप लाग्छ भन्नु, मलाई नै लेखेको आफैले भोग्छु भन्नु, बटुवाले तीन चिजको सर्त राखेर बिहे गर्छु भन्नु, बटुवाको कुरा सुनेपछि पनि उसले सहमती नजनाउँदा नभन्नुले उसको मन दोधारमा रहेको अवस्था सिर्जना हुनु जस्ता कार्यलाई प्रस्ट पारेको छ । बाबुको कुरा सुनेर उसकी छोरीले भनेको नमान्ने, मुख फर्काउने, मुखमुखै लाग्ने जस्ता स्वभाव रहेको भन्ने थाहा पाएपछि बटुवाले आफूले मागेको तीन चिज दिए बिहे गर्छु भन्ने अभिव्यक्तिमा इद र अहम् मनबिच सन्तुलन कायम भएपछि बटुवासँग आफ्नी छोरीको विवाह गरिदिनु, केही समयपछि छोरी र ज्वाइँ आउनु, आउँदा छोरीको बानी व्यहोरामा आएको परिवर्तनले खुसी हुनु इदले चाहेका इच्छालाई पूरा गर्नका लागि अहम् मन तत्पर रहनुले हो बटुवा र बाबु पात्रका कुरा हुँदै गर्दा बाबुले मलाई पाप लाग्छ भन्नु र बटुवाले किन पाप लाग्नु भनेर सकारात्मक प्रतिक्रिया दिनु अहम्को अभिव्यक्ति हो । समाजमा भोलिका दिनमा के हुन्छ भन्ने कुराको वास्ता नगरिकन मनमा लागेको कुरा व्यक्त गर्ने अभिप्रेरणा इद मनले दिएको हुन्छ । बटुवालाई जेजस्तो बानी व्यहोरा भए पनि सुधार्न सक्छु भन्ने भन्ने विश्वास मनमा पलाउनु इद र अहम् मनको प्रभाव थियो । लोककथामा विवाह गरेर गएपछि धेरै समयमा बाबुलाई भेट्न आएकी छोरीमा आएको परिवर्तन देखेर बाबु खुशी हुनु इद र अहम्को सन्तुलन कायम भएको अवस्था हो । यस लोककथामा वर्णित घटनाहरू कहिले पात्रहरूको इद मनको प्रेरणाद्वारा त कहिले अहम् मनको प्रेरणाद्वारा निर्देशित भएर गरिएका छन् ।

## ५.४ निष्कर्ष

स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा प्रयुक्त पात्रको इद र अहम् मनको सन्तुलन र असन्तुलन अवस्थाले तिनका व्यवहारमा पारेको प्रभावलाई प्रस्तुत गरिएको छ । इदमा रहेका यौनेच्छा र अनेक वैयक्तिक चाहनाका कारण मनभित्र उत्पन्न उतारचढाव र तिनले जीवनमा पारेको असर लोककथामा देखिन्छ । इदका असीमित इच्छा र चाहनालाई अहम्ले कसरी सन्तुलन गरेको छ भन्ने सन्दर्भलाई पनि लोककथामा प्रस्तुत गरिएको छ । त्यसै गरी इदका यौनकुण्ठाकै कारण विकसित हुने असङ्गत क्रियाकलापलाई स्वभावतः र चरित्रसँगै चिनाइएको छ । इद मनभित्रका चाहना र इच्छालाई अहम्ले सन्तुलन कायम गर्दै कथानकलाई अगाडि बढाएको पाइन्छ भने अहम्ले सन्तुलन कायम गर्न नसकेको अवस्थामा लोककथामा रहेका पात्रमा नकारात्मक असर परेको पनि बुझ्न सकिन्छ । दक्षिणी क्षेत्रका लोककथामा पात्रको इद र अहम् मनका मनोदशालाई स्वाभाविक रूपमा चित्रण गरिएको छ ।

# छैटौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' शीर्षकको प्रस्तुत शोधप्रबन्ध ६ ओटा परिच्छेदमा संरचित छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा 'शोधपरिचय' प्रस्तुत गरिएको छ । यस क्रममा शोधको शीर्षकलाई विषयपरिचयमा परिभाषित गरी पूर्वकार्यका आधारमा शोधसमस्याको निर्धारण गरिएको छ । यिनै शोधसमस्याका आधारमा स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मूलप्रवृत्तिलाई जीवन मूलप्रवृत्ति, मृत्यु मूलप्रवृत्ति, चेतन, अचेतन, इदम् र अहम्को अध्ययन गर्ने उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । यो शोधकार्य सम्पन्न गर्नका लागि सम्बन्धित क्षेत्र र विषयनिकट भएर यसभन्दा अघि गरिएका सैद्धान्तिक तथा प्रयोगात्मक अध्ययनलाई पूर्वकार्यको रूपमा समीक्षा गरी यस क्षेत्रमा प्रचलित लोककथाको अध्ययन हुन बाँकी रहेको शोधको रिक्ततालाई पूरा गर्न यो शोधकार्य सम्पन्न गरिएको तथ्य प्रस्तुत गरिएको छ । आगामी दिनहरूमा विभिन्न क्षेत्रका लोककथाको अध्ययन गर्न चाहने अध्येता-अनुसन्धाताका लागि पनि यो शोधकार्य उपयोगी हुनुका साथै समग्र देशको लोकसाहित्यको संरक्षण र सम्बर्द्धनका निम्ति पनि टेवा पुग्ने हुनाले शोधकार्य औचित्यपूर्ण हुने कुरा प्रस्तुत गरिएको छ । शोधको सीमाङ्कन गर्ने क्रममा दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययनमा शोधको भौगोलिक, सैद्धान्तिक एवम् सङ्ख्यात्मक सीमालाई आधार मानिएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्य तथा क्षेत्रीय अध्ययन विधि, शोधप्रबन्धमा सामग्री विश्लेषणका लागि निगमन विधि र शोधप्रबन्धको प्रस्तुतीकरणका लागि मनोविश्लेषणात्मक विधिको प्रयोग गरिएको तथ्य स्पष्ट पारिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेदमा 'स्याङ्जाको दक्षिणी क्षेत्रको सङ्क्षिप्त परिचय' शीर्षकमा प्रस्तुत गरिएको छ । अध्ययननीय क्षेत्र अन्तर्गत पर्ने चापाकोट नगरपालिका, गल्याङ नगरपालिका र वालिङ नगरपालिकाको परिचय, भौगोलिक स्थिति, आर्थिक स्थिति, जनसंङ्ख्याको स्थिति, सामाजिक, साँस्कृतिक, धार्मिक स्थिति र शैक्षिक स्थितिलाई उपशीर्षक दिँदै सङ्क्षिप्त जानकारी दिइएको छ । यी तीनै नगरपालिकाका बासिन्दाको मुख्य पेशा, शिक्षा, सञ्चार, खानेपानी, शैक्षिक अवस्था, जनसङ्ख्याको अवस्था, बाटोघाटो, धार्मिकस्थलहरू मुख्य चाडपर्वहरू लगायतका प्रसङ्गलाई उल्लेख गर्दै उक्त नगरपालिकामा सुन्ने र सुनाउने लोककथाहरूको आआफ्नै विशेषता रहनुका साथै लोककथालाई मनोरञ्जनका साधनको रूपमा लिइएको प्रसङ्गलाई उल्लेख गर्दै लोककथाको सैद्धान्तिक परिचयलाई प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेदमा 'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्ति' शीर्षकमा प्रस्तुत गरिएको छ । यस क्रममा दक्षिणी क्षेत्रमा प्रचलनमा रहेका

विभिन्न लोककथाहरूको मूलप्रवृत्ति विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ । कथाहरूमा प्रयुक्त पात्रहरूका मनोगत आधारमा उसको जीवनमा सकारात्मक प्रभाव परेको छ कि नकारात्मक प्रभाव परेको छ भन्ने तथ्यलाई मूलप्रवृत्तिको आधारमा विश्लेषण गरिएको छ । स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा पात्रहरूको मनमा उत्पन्न भाव जीवनप्रति आशा जगाउने खालका छन् कि निराशाजनक छन् भन्ने कुरा विश्लेषण गरी प्रस्तुत गरिएको छ । ती कथाहरूका धार्मिक एवम् सामाजिक पक्षको चित्रणका साथै पारिवारिक जीवनका यथार्थको अभिव्यक्ति, मान्छेको मनमा जाग्ने सकारात्मक र नकारात्मक भावना, ईर्ष्या, माया, खुसी, रिस, डाह, हर्ष, विरह र वेदनाको भाव जस्ता पक्षहरूको अभिव्यक्ति दिएको तथ्य प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको चौथो परिच्छेदमा 'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनको अवस्था' शीर्षकमा प्रस्तुत गरिएको छ । स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित रहेका लोककथामा रहेका पात्रको मनलाई विश्लेषण गर्ने कार्य गरिएको यस परिच्छेदमा चेतन, अवचेतन र अचेनत मनको सैद्धान्तिक चिनारी प्रस्तुत गर्दै यस क्षेत्रमा प्रचलनमा लोककथाहरूको पात्रको मनलाई केलाउने काम गरिएको छ । स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन अचेतनको अवस्था केकस्तो रहेको छ भन्ने शोध समस्यामा केन्द्रित सामग्रीको विश्लेषण गरिएको छ । लोककथामा रहेका पात्रका मनमा चेतन सक्रिय हुँदा कस्तो व्यवहार गर्छ र अचेतनमा दमित इच्छा र चाहनामा पात्रमा कस्तो असर पर्छ भन्ने तथ्यलाई देखाइएको छ । पात्रले सुसङ्गत व्यवहार देखाउँछ कि असङ्गततर्फ उन्मुख रहेको छ भन्ने कुरालाई यस परिच्छेदमा प्रस्ट पारिएको छ ।

शोधप्रबन्धको पाँचौ परिच्छेदमा 'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्' शीर्षकमा प्रस्तुत गरिएको छ । दक्षिणी क्षेत्रमा प्रचलनमा रहेका लोककथाहरूको पात्रहरूको इद र अहम् मनको बिचमा सन्तुलन कायम नहुँदा पर्ने असर र सन्तुलनको अवस्थामा पात्रले प्राप्त गर्ने सन्तुष्टिको विश्लेषण यस परिच्छेदमा गरिएको छ । यहाँ ती लोककथाका विषयसँग गाँसिएको पात्रको व्यवहारमा उसको इदम्ले निर्देशित गरेको काममा अहम्ले सन्तुलनको अवस्था सिर्जना गर्न नसक्दा विचलित मनले गर्ने नकारात्मक कार्य र दुई मन बिचको सन्तुलनमा पात्रको जीवनमा आउने हर्ष र उल्लासलाई तथ्य सहित प्रस्तुत गरिएको छ । लोककथामा रहेका पात्रका मनमा चेतन सक्रिय हुँदा कस्तो व्यवहार गर्छ र अचेतनमा दमित इच्छा र चाहनामा पात्रमा कस्तो असर पर्छ । यहाँ इद, अहम्को सैद्धान्तिक चिनारी दिएर दक्षिणी क्षेत्रका लोककथामा रहेका पात्रको मनमा इद र अहम्को सन्तुलन केकसरी भएको छ साथै दुई बिचमा सन्तुलन हुँदा पात्रको व्यवहार कस्तो छ र सन्तुलन कायम हुन नसक्दा कस्तो व्यवहार गर्छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

शोधप्रबन्धको छैंटौ परिच्छेदमा 'सारांश तथा निष्कर्ष' शीर्षकमा सबै परिच्छेदको परिच्छेदगत सारांश, शोधसमस्या र उद्देश्यअनुसार समग्र निष्कर्ष प्रस्तुत गरिएको छ । यस

क्रममा सारांश उपशीर्षकका यस शोधप्रबन्धमा रहेका सबै परिच्छेदको सार अनुच्छेद अनुच्छेदमा प्रस्तुत गरिएको छ । निष्कर्ष उपशीर्षकमा शोधप्रबन्धका सबै शोध्य प्रश्न र उद्देश्यका आधारमा बुँदागत रूपमा निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी ६ ओटा परिच्छेदमा यस शोधप्रबन्धको संरचना तयार गरिएको छ ।

## ६.२ निष्कर्ष

'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा समस्याकथन र उद्देश्यअनुसार प्राप्त निष्कषलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छः

(१) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा मूलप्रवृत्तिसँग सम्बन्धित निष्कर्ष यस प्रकार रहेको छ :

(क) लोककथामा उपस्थित पात्रलाई जीवन जिउन प्रेरित गर्ने तथा त्यसका लागि सम्पूर्ण क्रियाकलाप गर्न निर्देशित गर्ने शक्ति नै जीवन मूलप्रवृत्ति हो । यहाँ रहेका लोककथामा घरपरिवार भित्रका समस्या एक अर्काप्रतिको मनमुटाव, रिस, ईर्ष्या डाह द्वेष जस्ता भाव व्यक्त भएका छन् । यहाँ प्रचलित लोककथामा रहेका पात्रहरूको मनमा जीवन मूलप्रवृत्तिको प्रभाव देखापरेको छ । लोककथामा उपस्थित पात्रहरूको जीवन मूलप्रवृत्तिको प्रेरणाले गर्दा राजारानी लोककथाका पात्र राजा सन्तान प्राप्त गर्ने उपाय खोज्न ज्योतिषकोमा हेराउन जानु, अर्को विवाह गर्ने मनसाय राख्नु, ज्योतिषले भनेजस्तै सोझी केटी विवाह गर्नु, टुहुरी केटी लोककथाकी टुहुरी पात्र विचलित भएको अवस्थामा प्रेरणा पाउनु, समस्या समाधान हुँदा हर्षित हुनु, ईर्ष्या र द्वेषको भावना त्याग्नु, मनमा जागृत भएका आशाका कारणले मानसपटललाई तरङ्गीत बनाउनु जस्ता जीवन मूलप्रवृत्तिका भावहरू देखापरेका छन् । स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा पात्रद्वारा गरिएका सकारात्मक कार्य जीवनमूल प्रवृत्तिद्वारा सञ्चालित छन् भन्ने तथ्यलाई प्रस्ट पारिएको छ ।

(ख) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूको विषयले सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक एवम् पारिवारिक भावनालाई अभिव्यक्त गरेको पाइए तापनि विशेषतः सामाजिक विषयवस्तुलाई चित्रण गरिएको पाइन्छ । व्यक्तिलाई हिंसा तथा विनाशतर्फ डोऱ्याउन प्रेरित गर्ने शक्ति मृत्यु मूलप्रवृत्ति हो । यहाँ प्रचलित राजारानी लोककथाका राजा पात्रको छोराछोरी भएनन् भने समाजले के भन्ला सम्पत्तिको रेखदेख कसले गर्ला भन्ने चिन्ता, रानी पात्रलाई पनि आफूबाट सन्तान नजन्मेपछि सौता बेहोर्नु पर्ने चिन्ता, मनको भुटेसो लोककथाकी पात्र रानी आफ्नो मृत्युपछि सन्तान मातृवात्सल्य प्रेमबाट वञ्चित हुने चिन्ता, अरूको सुख देखेर जागृत इर्ष्या र द्वेषको भावनाले मृत्युबोध सम्म गराउने अवस्था मृत्युमूलप्रवृत्तिले सिर्जना गरेको छ ।

यी लोककथामा पात्रको मानसपटलमा सामान्य वा असामान्य घटनाले प्रभावित भई मानसिक समस्या वृद्धि गर्नुका साथै मनमा नकारात्मक भावना जागृत गराउनुमा मृत्यु मूलप्रवृत्तिको भूमिका रहेको तथ्यलाई प्रस्तुत गरिएको छ ।

२. स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा चेतन र अचेतनसँग सम्बन्धित निष्कर्ष यस प्रकार रहेको छ :

(क) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरूमा पात्रद्वारा चेतन मनको निर्देशन र नियन्त्रणमा गरिएका कामलाई प्रस्तुत गरिएको छ । चेतन मन सामाजिक मर्यादामा केन्द्रित हुने हुँदा यसको अवस्थाले पात्रहरूका व्यवहार तथा सोचमा परेको प्रभावले सकारात्मक कामप्रति निर्देशित हुन्छन् भन्ने तथ्यलाई दखाइएको छ । यस क्षेत्रका लोककथाले पात्रमा चेतन मनको प्रभाव परेको समयमा उसका मनोगत व्यवहार अनुकूल र सहज हुने कुरालाई अभिव्यक्त गरेका छन् । राजारानी लोककथामा प्रयुक्त राजा पात्रले धर्मकर्ममा मन लैजानु, सोझी केटी खोजेर विवाह गर्नु, टुहुरी लोककथाकी टुहुरी पात्र आमाको माया नपाएकी टुहुरी भनेर बाबुले माया गर्नु, सन्तानको रहर लोककथाकी बुढी पात्रले मातृवात्सल्य सुख प्राप्त गर्न नसकेर गरेको असामान्य व्यवहार बुढाले सहज रूपमा स्वीकार गर्नु, दसवचने लोककथाको बाबु पात्र आइपरेका समस्याबाट विचलित नहुनु, मायामोहबाट कष्ट लोककथाको राजकुमार पात्र मनभित्र जागेको आशक्तिपनलाई सन्तुष्ट बनाउने उपाय खोज्नु, दाजु बहिनी लोककथाकी बहिनी पात्र विवाह भएकी छोरी माइती बस्नु हुँदैन भनेपछि घरजान तयार हुनु जस्ता आदि कार्यहरू चेतन मनद्वारा परिचालित कार्य मानिएको छ । यहाँ प्रचलित लोककथाका पात्रमा चेतन मनको गहिरो प्रभाव परेको छ । पात्रहरूले अचेतनलाई दबकाएर चेतनलाई अस्तित्वमा ल्याउने प्रयास सफल भएको तथ्य पनि प्रस्तुत भएको छ । चेतन मन प्राप्त ज्ञानलाई स्मृतिमा ल्याउने र लैजाने तह हो । त्यसैले यहाँ प्रचलित सबै लोककथामा उपस्थित पात्रहरूले सामाजिक मर्यादामा रहेर गरेका कामहरूलाई दृष्टान्त सहित पुष्टि गरिएको छ ।

(ख) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाले सामाजिक नियम र अनुशासनका कारण सजिलै पूर्ण हुन नसकेका अचेतन मनमा रहेका विविध इच्छाहरू र त्यसका विपरीत सामाजिक व्यवहारिक जीवनको परिस्थितिले गर्दा पात्रका मनमा निर्मित द्वन्द्वले उनीहरूमा देखिएका विचित्र मनोदशालाई अभिव्यक्त गरका छन् । अचेतन मनको सबैभन्दा ठूलो भाग हो । यो सुसुप्तिको अवस्था हो । खासगरी असामाजिक र अनैतिक इच्छाहरू यस मनभित्र भण्डारण भएको हुन्छ । पात्रका अचेतनका इच्छाले उसको जीवन कसरी परिचालित भएको छ र ती इच्छाहरू पूरा गर्न उसले आफूलाई कसरी परिचालित गर्छु भन्ने सन्दर्भलाई लोककथाले चित्रण गरेको छ । यहाँका लोककथामा पात्रको अचेतन मनमा दमित र कुण्ठित भएका इच्छा र चाहना

वैयक्तिक स्वार्थका कारण असामान्य बनेर राजारानी लोककथाको राजा पात्रले रानीलाई गर्भवती अवस्थामा पनि काम लगाउनु, दाजु बहिनी लोककथाको दाजु पात्रले बहिनीलाई गण्डाकीको बिचमा फूलेको फूल टिप्न बाध्य गराउनु, सन्तानको रहर लोककथाकी बुढी पात्रले असामान्य मनोभावले काठको टुक्रालाई सन्तान भनेर हेरचाह गर्नु, खाना खुवाउनु, तेल लगाएर सुताउनु, माया मोहबाट कष्ट लोककथाकी पात्र राजकुमारीको मनमा जागृत प्रेम अचेतन मनमा दबेर बस्नु, अचेतनको प्रवल प्रभावका कारण राजकुमारलाई शौचालयमा थुन्नु, थुनेको कुरा तीन दिनसम्म बिर्सनु, दसवचने लोककथाकी दसवचने पात्र समाजले केही नराम्रो भन्ला की भन्ने डर नमानी आफूलाई मन लागेका काम मात्र गर्नु, जस्ता प्रतिकूल कार्यलाई प्रस्तुत गरेको छ । मानिसको चेतन मनभित्र जागेको इच्छा पूरा हुन नसकेर जब अचेतनमा दमित हुन पुग्छ पात्र अचेतन मनद्वारा निर्देशित भएको तथ्य लोककथामा पाइन्छ ।

३. स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा इद र अहम्सँग सम्बन्धित निष्कर्ष यस प्रकार रहेको छ :

(क) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा प्रयुक्त पात्रको इद मनमा जागृत इच्छा चाहनालाई वैयक्तिक चाहनाका कारण मनभित्र उत्पन्न भएका उतारचढाव र तिनले जीवनमा पारेको नकारात्मक प्रभाव लोककथामा रहेको पाइन्छ । यी लोककथाहरूका घटनाक्रमले समाजमा घट्ने यथार्थतालाई देखाएका छन् । लोककथामा घटित घटनाक्रममा समाजभित्रै रहेको निम्न र उच्च स्तर, आर्थिक असमानता, हर्ष र खुशी, विरह र वेदना, धार्मिक एवं साँस्कृतिक चेतना, पाप र पुण्यसम्बन्धी विश्वास मुखरित भएको पाइन्छ । लोककथाका पात्रको इदम्मा जागृत इच्छासँगै सामाजिक पक्षसँग जोडिएको अहम् कारक बनेर आउदा इदमा जागृत चाहनालाई दबाएर राख्नु परको अवस्था पनि अभिव्यक्त भएको छ । यहाँ प्रचलित बुजकी छोरी लोककथामा उपस्थित राजा पात्रले सन्तान सुख प्राप्त गर्ने चाहनाले धर्मकर्म प्रति विश्वास राख्नु, टुहुरी केटी लोककथाकी टुहुरी पात्रले सौतेनी आमाले उसका छोराछोरीलाई गरेको माया देखेर मेरो पनि आमा भएको भए यसरी नै मलाई माया गर्नु हुन्थ्यो होला भनेर आमाको याद गर्नु, मनभित्रका रहर अभिव्यक्त नगर्नु, सौतेनी आमाले गरेको असमान्य व्यवहार पनि सहज रूपमा स्वीकार गर्नु, मनमा बोध भएपनि बोलेर अर्थ छैन भन्ने बुझेर सहनु, दाजु बहिनी लोककथाको दाजु पात्रले विवाह गरेपछि माइती बस्नु हुँदैन भनेर बहिनीलाई सम्झाउनु, छोड्न जान तयार बन्नु, रानीको मनको भुटेसो लोककथाकी रानी पात्रलाई गुँडबाट तल खसेको गौथलीको बच्चा देखेपछि आफ्ना छोराको चिन्ता हुनु, अकस्मात् बिरामी पर्नु, एकादशी व्रतको फल लोककथाको बुढा पात्रले बुढीलाई गरेको अभद्र

व्यवहारको प्रायश्चित गर्नु, दसवचने लोककथाको बाबु पात्रले छोरी संस्कारी बनाउन सकिन भनेर विचलित बन्नु जस्ता घटनालाई इद मनबाट परिचालित कार्यहरू मानिएको छ । लोककथामा पात्रहरूको इद मनमा उत्पन्न सन्तान प्राप्ति, प्रेम प्राप्ति, सफलता, मातृवात्सल्यताको चाह, सौतेनी ईर्ष्या जस्ता विषयमा जागेको इच्छामा अहम्को सकारात्मक भूमिका भएको खण्डमा दुई मन विचमा सन्तुलन कायम भएर पात्रले सन्तुष्टी प्राप्तिको महसुस गरेको अवस्थालाई तथ्य सहित प्रस्ट पारिएको छ ।

(ख) स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाका पात्रको इद मनभित्रका चाहना र इच्छालाई अहम्ले सन्तुलन कायम गर्दै कथालाई अगाडी बढाएको पाइन्छ भने अहम्ले सन्तुलन कायम गर्न नसकेको अवस्थामा लोककाथमा रहेका पात्रमा नकारात्मक असर परेको सन्दर्भ विषयवस्तुमा समाविष्ट भएको पाइन्छ । यी लोककथामा इदका इच्छा अहम्द्वारा सन्तुलन हुन नसकेको अवस्थामा पात्रको मनोगत स्थिति अनुकूल नरहेर प्रतिकूल अवस्थामा रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । प्रयुक्त पात्रका इदमा जन्मेका इच्छालाई सामाजिक मर्यादाको ख्याल राखेर पूरा गर्ने प्रयास गरेको खण्डमा इद र अहम् बिच सन्तुलनको अवस्था कायम भएको मानिएको छ । त्यसैगरी इदमा जागृत प्रतिकूल चाहना पूरा गर्ने क्रममा अहमले सकारात्मक भुमिका निर्वाह नगरेको अवस्था पनि लोककथामा रहेका छन् । राजारानी लोककथामा रहेका राजा पात्रको मनमा घृणा जाग्नु, क्रोधित बन्नु, हिंसात्मक व्यवहार देखाउनु, रानीको मनको भुटेसो लोककथाकी रानी पात्र अनावश्यक कुरामा विचलित बन्नु, आफ्नो ख्याल नराख्नु, अरूको गल्तीमात्र मनमा राखेर शङ्कालु बन्नु, दसवचने लोककथाकी दसवचनेले कसैको मान मर्यादाको ख्याल नगर्नु, टुहुरी केटी लोककथाकी सौतेनी आमाले ईर्ष्या र द्वेषको भावना प्रदर्शन गर्नु, सन्तानको रहर लोककथाकी बुढीले निर्जिव वस्तुलाई सजीवलाई गर्ने व्यवहार गर्नु, जस्ता अस्वाभाविक कार्यमा अहम् मनले इद मनसँग सन्तुलन कायम गर्न नसकेको सन्दर्भ पाइन्छ । त्यसैगरी कतिपय अवस्थामा अहम् कारक बनेर आउँदा इदमा जागृत चाहनालाई दबाएर राख्नु परेको अवस्था पनि लोककथामा देखाइएको छ । स्याङ्जाका दक्षिणी क्षेत्रमा प्रचलित लोककथामा पात्रको इद र अहम् मनका मनोदशालाई स्वाभाविक रूपमा चित्रण गरिएको छ ।

समग्रमा स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाहरू मनोविश्लेषणात्मक कोणबाट अध्ययन गर्नका लागि योग्य रहेका छन् । पात्रको चिन्तन र अनुभूतिका आधारमा उसको मनको विश्लेषण गर्ने सिद्धान्तलाई मनोविश्लेषणको सिद्धान्त भनिन्छ । यस सिद्धान्तका प्रतिपादक सिग्मण्ड फ्रायड हुन् । साहित्यमा पात्रका माध्यमबाट मनोविश्लेषण प्रस्तुत गरिने हुनाले यसको स्वरूप पात्रमै भेट्न सकिन्छ । लोककथाका पात्रमा सकारात्मक

भाव उत्पन्न भएको अवस्थामा जीवन मूलप्रवृत्तिको प्रभाव परेको छ । जसले जीवन जिउनका लागि प्रेरणा दिन्छ भने उक्त पात्रमा नै मृत्यु मूलप्रवृत्तिको दुःख, निराशा, ईर्ष्या जस्ता भावहरू पनि देखा परेका छन् । लोककथामा उपस्थित रहेका पात्रहरूले गरेका कामहरू इद मनबाट प्रेरित भएर गरिएका छन् त कुनै काममा अहम्ले भूमिका निर्वाह गर्दा सन्तुलनको स्थिति सृजना भएर पात्रले सन्तुष्टि प्राप्त गरेको सन्दर्भ पनि रहेका छन् । कतिपय अवस्थामा पात्रद्वारा गरिएका कार्य चेतन मनले प्रेरित छन् भने कतिपय अचेतनद्वारा नै सिद्ध भएका छन् । तसर्थ लोककथामा उपस्थित पात्र कहिले नकारात्मक भावनाले नैराश्यता र अव्यवहारिक कार्य तर्फ परिचालित भएको सन्दर्भ भएको पाइन्छ भने कहिले सकारात्मक भावनाले ओतप्रोत भएर दुई मनको सन्तुलनमा जीवन आशावादि र हर्षोल्लासकासाथ जिउने प्रण गरेका तथ्यहरू पनि रहेको छ । प्रस्तुत लोककथाको विषयवस्तु र पात्रको मनोगत अवस्थामा सन्तुलन कायम भएको देखिन्छ । तत्सम शब्द, आगन्तुक शब्द, निपात, सरल वाक्य, कोशीय अर्थ आदिको संयोजनले कथा श्रुतिमधुर र कलात्मक बन्न पुगेका छन् भने लोककथामा सरल, सहज र बोधगम्य भाषाको प्रयोग गरिएको छ ।

# परिशिष्ट 'क'

# स्याङ्जाको दक्षिणी क्षेत्रमा सङ्कलित लोककथाहरू

'स्याङ्जाको दक्षिणी क्षेत्रमा प्रचलित लोककथाको मनोविश्लेषणात्मक अध्ययन' शीर्षकमा सम्पन्न गरिएको यास शोधकार्यमा सामग्री सङ्कलन गर्नका लागि सो क्षेत्रमा गई विभिन्न स्रोतव्यक्तिबाट प्राथमिक सामग्री सङ्कलन गरिएको छ । यस शोधको शोधार्थी दक्षिणी क्षेत्रको चापाकोट नगरपालिकामा जन्मेर हुर्किएको हुनाले लोककथाको सङ्कलन सहज तथा प्रभावकारी रूपमा गरिएको छ । यस क्रममा मिति २०८९ आश्विन १२ गते देखि कार्तिक २८ गतेसम्म शोधार्थी स्वयम् चापाकोट नगरपालिकाका तल्लावारी, किसान, भूमरीघाट, फूलवारी, बेलचौर, र्निदुम त्यस्तै गल्याङ नगरपालिकाका गल्कोट, जिमुवा, पाखीचौर, दिमिके अनि वालिङ नगरपालिकाका मिर्दी, तल्लो वालिङ, माथिल्लो वालिङ, बगर, मोड लगायतका गाउँमा पुगी त्यहाँका विभिन्न जाति, समुदाय, लिङ्ग र उमेर समूहका मानिसहरूसित प्रत्यक्ष भेट गरी लोककथा भन्न लगाएर रेकर्ड गरी सङ्कलन गरिएको छ । सङ्कलित एक्काइस ओटा लोककथालाई सत्यापन गरेर शोधप्रबन्धमा राखिएको छ । पन्ध्र जना लोककथा भन्ने स्रोतव्यक्तिहरूको नामावली प्रस्तुत शोधप्रबन्धको परिशिष्ट 'ख' मा राखिएको छ भने सङ्कलन गरिएका लोककथाहरूलाई वर्णानुक्रमानुसार प्रस्तुत गरिएको छ ।

## १. अकबर र विरबल

एकादेशमा किराँती राजा अकबर शाहले म भन्दा ठुलो कोही छैन भन्दा रैछन् । वीरबलले होइन हजुर हजुरभन्दा ठुला त अरू पनि हुन सक्छन् भन्दा रैछन् । एकदिन किराँती राजा अकबर शाहले म भन्दा ठुलो को छ ? छन् भने खोजेर देखाऊ भनेछन् । वीरबलले गरिबको धर्म उद्धार सुनिबक्सियोस् । आजको चारदिनका दिन देखाम्ला भनेछन् । त्यसपछि अर्कोदिन वीरबलले सामान जोख्ने ठुलो तराजु ल्याए । ठुलो तराजु ल्याएर वीरबलले संकल्प गरेर "पृथ्वीनारायण बस्नुस" भनेर भने । पृथ्वीनारायण तराजुमा बस्दा त एउटा तराजु माथि आकाशमा गयो अरे अर्को तराजु भुइँमा भयो केरे । त्यसपछि वीरबलले राजा अकबर शाहलाई हजुरभन्दा ठुलो सूर्य चन्द्रमा भने । केही समयपछि एकदिन राजा अकबर शाहले संसारमा आँखा भाका र नभाका कति छन् ? वीरबल भनेर सोधे । वीरबलले राजालाई "राजा साप" आजका पाँच दिनमा देखाउँछु भने । अर्कोदिन वीरबलले बाटोमा जुत्ता सिएर बसे । वीरबलले जुत्ता सिएको देखेर राजा अकबर शाहले तिम्ले के गरेको ? भनेर सोधे । वीरबलले राजा अकबर शाहलाई बाटोमा जुत्ता सिएको देखेर पनि के गरको भन्ने ? राजा साप तपाइँ नै आँखा नदेख्ने अन्धो भनेर भनिदिए । वीरबलको कुरा सुनेर राजा अकबर शाह केही बोलेनन् ।

फेरि एकदिन राजा अकबर शाहले तिम्ले त सबै कुरा जानेका छौ, बुजेका छौ उधोग ठुलो भनन् भनेछन् । वीरबलले पटक्कै उधोग ठुलो भनेर भनेनन् । गर्दा गर्दा सत्ताइस दिन

भयो तर वीरबलले उधोग ठुलो हो भनेर भनेनछन् । अट्ठाइस दिनको दिन राजा अकबर शाह रिसाए । त्यो दिन कविहरू, मन्त्रीहररू, जनताहरू सबै थिए सबैको अगाडि रिसाएर राजा अकबर शाहले आफूले लाएको हिरामोती जडित औँठी खोलेर फालिदिए । त्यसपछि अकबर शाहले आजका अट्ठाइस दिनको दिन त्यो औँठी भेट्टाएर ल्याएनौ भने तिमीहरूको कुनै खैरियात छैन भनेछन् । अकबर शाहले जहिलेपनि वीरबललाई उधोग ठुलो भनेर भनन भन्छन् । जतिभने पनि वीरबलले भने भन्न मान्दैनन् । राजाले औँठी फालेको पच्चीस दिनको दिनसम्म पनि वीरबलले उधोग ठुलो हो भन्न मान्दैनन् । अट्ठाइस दिन आयो अट्ठाइस दिनको दिन दुवै हात जोडेर देब्रे आँखो चिम्लेर राजाको निधारमा हेरेर अकबरले "हे कैदी मर्छस अब बेर छैन् यसमा हामीलाई रति दोष छैन्, धोको छ दिलमा अब कुन रहेको स्वपूर्ण हुन्छ बुझिकन गरेको" भन्छन् । त्यसो भन्दा वीरबलले भने अकबर शाहलाई भन्दा पनि सूर्यलाई हेरेका हुन्छन् । त्यति बेलैमा वीरबलका मान्छेले ठुलो माछा मारेर ल्याएर राजाको हिरामोती जडित औँठी यो माछाले खाएको छ भनेर वीरबललाई दिन्छन् । वीरबलले त्यो माछो लिएर चक्कुले चिरेर हेर्दा अकबर शाहको औँठी माछाको पेटमा रैछ वीरबलले औँठी झिके । अट्ठाइस दिनको भाका दिएको पनि सकिएको थियो । यता राजा औँठी नभेट्टाए वीरबललाई फाँसी दिन तयार थिए केरे । वीरबलले माछाको पेटबाट औँठी झिकेर अकबर शाहको हातमा राखिदिए केरे अकबर शाह औँठी देखेर चित परे । राजा आफ्नो औँठी हातमा हुँदापनि आफ्नो हो कि हैन भनेर यन्त्रले हेरे, चुम्बक लाएर हेरे, आफ्नो औँठी चिनेर पनि नचिने जस्तो गरे । वीरबल जहिलेपनि सत्य कुरामात्र गर्थे माछोभित्र औँठी भएकोले वीरबल मर्नबाट बाँचे । राजा अकबर शाहले कसुर देखाएर वीरबललाई मार्न खोजे पनि सत्य गरेको भएर वीरबलले मर्नु परेन ।

**स्रोत व्यक्ति :** शोभाखर तिवारी
**उमेर :** ८९
**स्थान :** वालिङ नगरपालिका ८

## २. अभागी बहिनी

एकादेशमा दुई दिदी बैनी थिए । दिदी धनी र सम्पन्न थिइन् भने बैनी गरीब थिइन् । दिदी त हुनि खानी केरे एकदिन बैनीलाई जम्रा हेर्न भनेर बोलाइछ । बैनीलाई बिहान साँझको छाक टार्न पनि धौ थियो केरे दिदीले बोलाउँदा खुशी भएर गइछन् । बैनी गएपछि दिदीले दुई पाथी धान दिम्ला मेरा जम्रा हेर्दे भनिन् । बैनीले दिनभरि जम्रा हेरदिइन् । उनले जम्रा टिप्दै दिदीका हातमा दिँदै गरिन् । दिदीले बैनीले दिएको जम्रा आफ्नो नङ्भित्र लुकाएर राखिन् । बैनीले दिनभरी जम्रा हेरिन् अब जम्रा सकिए दिदी रात पऱ्यो म घर जान्छु भनिन् । बैनीले घर जान्छु भन्दा त दिदीले हुन्छ भनी केरे । त्यसपछि बैनीले मलाई दुई पाथी धान दिन्छु जम्रा हेर्दे भनेको होइन ? खोइ मलाई धान भनिन् । दिदीले खोइ तैले एउटा पनि जम्रा भेट्टाइनस के को धान दिने पो भनि केरे । त्यसपछि आफ्नो हात टाउकोमा लएर अघि नङ्भित्र लुकाएर राखेको जम्रोलाई यी तैले दिनभरिमा एउटा पनि भेट्टाइनस् केरे यी मैले पाए भनेर देखाइ । बैनीलाई त बिहान साँझको छाक टार्न पनि के खानी भन्ने थियो । दिदीले बोलासी केटाकेटीले खान पाउने भए भनेर खुशी भएर गाकी दिदीले धान दिइन् केरे । बैनी डाँडामा गएर अब मैले छोराछोरीलाई के खान दिने भनेर रून लागिन् । उनी रोएको भालुले सुनेछ र किन रोयौ नानी ? भनेर सोध्यो । दिदीले मेरा जम्रा हेर्दे दुई पाथी धान दिन्छु भनिन् र मैले दिनभरी जम्रा हेरे दिदीले धान दिइनन् मैले आज के खान दिम छोराछोरीलाई भनेर रोकी हुम भनेर भालुसँग भनिन् । उनको कुरा सुनेपछि भालुले नरोऊ तिमी घर जाऊ र चारै कुना लिप चारै कुना बत्ति बाल तिमी एउटा कुनामा गएर बस भन्यो । घर आएर उनले भालुले भने जस्तै चार कुना लिपिन् चार कुनामा बत्ति पनि बालिन् र आफू एउटा कुनामा बसिन् । भालु राति आएर रूपिया छोडेर गएछ ।

भोलिपल्ट बैनीले मलाई दिनभरी जम्रा हेर्न पठाएर पनि दिन्छु भनेको धान दिइनन् आज म तिनकै घरमा पाथी माग्न जान्छु भनेर खुशी हुँदै गइन् । दिदीले मैले दिनभरी काम गराएर पनि धान दिइन आज यो पाथी माग्न आइ के भोर्न पाथी मागी भनेर पाथीको आसनमा गोबर टाँसेर दिइछ । पाथी लिएर घर आएर पैसा भोर्दा चार पाथी रैछ दिदीले पाथीको आसनमा गोबर टाँसेको भएर एउटा रूपिया पाथीमा अडिएको रैछ । पाथी दिन जाँदा दिदीले बैनीलाई तिमले के भोर्न पाथी मागेको हो र भनेर भनिछ अरे । बैनी सोझी थिइन् के रे भनिन् हिजो तिमले धान दिन्छु भनेर दिइनौ म डाँडामा बसेर रोए, भालु आएर किन रोयौ नानी ? भनेर सोध्यो मैले सबै कुरा बताए भालुले मलाई नरोऊ, घर जाऊ, चार कुना लिप, चार कुनामा बत्ति बाल, भन्यो मैले त्यसै गरे भनि । बैनीका कुरा सुनेपछि दिदीपनि डाँडामा बसेर रून थाली रोएको सुनेर भालु आयो र किन रून्छेस ? भन्यो । भालुले नसोधीकनै आफैले चारै कुना लिपु कि नलिपु ? भनिछ भालुले स्वाद लाए लिप, स्वाद नलाए नलिप, भन्यो । चारै कुना बत्ति बालु, कि नबालु, भन्दा भालुले स्वाद लाए बाल, स्वाद नलाए नबाल, भन्यो । उसले घर गएर भालुले नगर भने पनि बैनीले गरे जस्तै गरिछ

राति आएर चार पाथी छेरदिएछ। बैनी पो सत् बोलेकी थिई कसैलाई अन्याय नगरेकी भएर भालुले पैसा दियो दिदी त असत् थिई बैनीलाई अन्याय गरेको भएर भालुले छेरदियो। अन्याय गरेको भएर भोलिपल्ट उसलाई भालुको छेर सोर्नको फसाद पऱ्यो।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला।

**स्रोत व्यक्ति :** धनकुमारी शर्मा
**उमेर :** ७५
**स्थान :** गल्याङ् नगरपालिका ८

## ३. एकादशी व्रतको फल

एकादेशमा दुइटा बुढाबुढी थिए अरे । बुढीले भित्र धोती फेरेर आटो पकाएर बसिछन् । एकादशीको दिन रैछ । बुढाले म गाई फुकाएर गाई बनमा लाइदिएर खान आउछु तैले खान पका भनेछन् । बुढो गाई फुकाएर लिएर गएछन् । पन्ध्र बीस ओटा गाई रैछन् लिएर गएछन् जाँदाजाँदै जाँदाजाँदै लिएर जाँदा माझमा हिँडेको बाच्छालाई बाघले हिँड्दाहिँड्दै खाइदियो केरे । हल्लाखोर गर्दागर्दै ती गाई छोडेर आउन पाइएन । माहारा गर्न पऱ्यो यता धपाछन् उता धपाछन् बाघले खान्छ की भनिभनि हेर्दा पनि बाच्छो खाइभ्यायो । बुढाले डराई डराई बनमा ती गाई चराएछन् । बुढीले बुढो कतीखेर आउनुहुन्छ भन्दै बस्दै भन्दै बस्दै बुढा आएनन् । ठिक्क चार बजे तिर गाई लिएर बुढा आएछन् अरे । उनी भान्सैमा छन् बुढा आर गाई बाँधेर क्यारेर गोडा धोएर भित्र पसेछन् । भात खान पऱ्यो नि कुरेर बसेकी दुलहीले भात खान लाग्दा त य यसबेलासम्म मलाई यस्तरी भान्सा कुराउनी भनेर रिसाइन् केरे । उहाँ बाघले बाच्छो खाको देखिनन् के रे मलाई यस बेला सम्मन कुराएर थपक्क माहारामा बस्ने भनेर बुढी कराउदा खेरि मास्तिर कता मदानी रैछ स्वात्त झिकेर फ्वाक्कै हानेछन् । कता काट्यो होला रगत आयो बुढी रूदै बाहिर निस्किछन् । बुढाले स्याम्म भात खाएछन् र निस्केछन् अरे । बुढी त्यो रिसले टाउको समात्दै बस्दै टाउको समात्दै बस्दै गरिछन् । रगत आयो भनेर होला के रे रिसले भातै खाइनछन् तेत्तिकै सुतिछन् । जति बुढी रातभरी रूदै सुत्दै गरिन उज्यालो भयो ।

त्यसपछि यताउती गर्दागर्दै दशै तिहारको समय आयो । राजाले सुन लिङ्गे पिङ गराएछन् अरे । राजाले गराएको त्यो सुन लिङ्गे पिङ चल्दै चलेनछ, अनि चलाउछन् चल्दैन फेरि चलाउछन् चल्दैन । त्यसपछि सभा भएछ अरे । त्यो सभामा कति भरिए कति भरिए त्यो पिङ चल्दैन । कति जना मान्छे भरियाछन् त्यो पिङ चल्दैन केही गरी पिङ चलेन । ती सभामा भरिएका मन्छेले कसैले पनि पिङ चलाउन सकेनन् । सभामा त्यो बुढो पनि गा रैछ । सभामा राजाले एकादशीको ब्रत गर्ने मन्छे को होला ? एकादशीको ब्रत गर्नेले चलाए चल्थियो कि भनेर भनेछन् अरे । सभामा राजाले त्यसो भन्दा खेरि ओहो ! राम्ररी नुहाएर उपासेकी त होइन मेरी बुढीले मैले हिर्काए । एकपाली गाई लिएर बनमा गाथे बाघले खाइदियो आँउदा सम्म कुरेर बसेइ रैछ । यसबेला नआउने भनेर मलाई गाली गरी मैले ठटाइदिए । त्यो रूदै बस्दै गर्दागर्दै त्यत्तिकै नखाइकन सुतेकी हो । पिङ चल्छ कि नै मैले जान्या छैन भनेर बुढोले सोझै बताएछ अरे । ल जान पऱ्यो लिएर आउन पऱ्यो भनेर राजाले पठाए । लिन भनेर पठाउदा खेरी म यस्ती नराम्री दुटै बुटै म कसरी जाम म सउदिन जान्न भनिछन् अरे । लिन आएका मन्छेले आउन मान्नु भएन यसो यसो भन्नुभयो भनेछन् । राजाले अर्को पाली झपक्क गहना बरियात लिएर पठाएछन् अरे । सप्पै गहना पहिराइदिए, कपडा लगाइदिए, अनि त हिडेर जान्न भनिछन् । फेरि लिन आए ल जाम भने । बुढीले म यसै राजाथिम हिडेर कहाँ जान्छु र जान्न भनिछन् । फेरि राजाले मन्छे पठाएछन्

के गरून पिङ बिग्रिया छ चलाउन त पऱ्यो । त्यही नि चल्छकी भन्न पऱ्यो केरे । बाजा बरियातसित बोकेर लगेछन् अनि बल्ल बुढी गइछ अरे । सबै मन्छेले हेरेर बसेका केरे बुढी गइछन् र कान्छी औँला ले यस्सो छुँदा त ध्वाँइ ध्वाँइ गर्दै पिङ चल्यो रे । एकादशीको ब्रतले त्यस्तो शक्ति दिन्थ्यो अरे ।

**स्रोत व्यक्ति :** हुमकला भण्डारी
**उमेर :** ७३
**स्थान :** चापाकोट नगरपालिका १०

## ४. गरीब बुढाबुढी

एकादेशमा बुढाबुढी मत्रै रैछन् । तिनीहरूका छोराछोरी पनि जन्मिएका रैनछन् । घरमा खानीकुरा केही रैनछ । दुख पाका थिए रे । बुढो यत्तिकै पिंढीमा बसेका थिए रे बुढी आँटी बढार्न गइछन् । बुढीले आँटी बढार्दा एउटा मासको गेडो पाइछन् । बुढी खुशी हुँदै बुढा! आज मैले आँटी बढार्दा मासको गेडो पाए हामी त बाचिन्छ आज भनिछन् । बुढीले म मास पिस्न जान्छु बेल्का फुरौला खान पऱ्यो भनिछन् । बुढाले हुन्छ बुढी जाऊ भनेछ बुढी गएर मासको गेडो पिस्दा पिस्दा एक आरी पिठो भएछ । बुढी पिठो लिएर आइछ । घरमा आएर फुरौला खानी थाल छैन् उतार्ने भाडो छैन भन्दै एउटा पतिलाको ताई बसालिछन् र पिठो मुसिछन् । बुढीले बुढालाई बुढा ! अब उतार्ने भाडो छैन हजुर चिउरीको पात लिन जानुस मैले पिठो मिलाउदैरन्छु भनिछन् । बुढो हुन्छ भनेर चिउरीको पात लिन गएछन् । जाँदाखेरीमा चिउरीको रूखमा बुढो भालु रैछ त्यो भालुले किन के कामले आइस ? भनेर मन्टाले भनेछ । बुढाले भन्यो “आज बुढीले आँटी बढार्दा मासको गेडो पाइछन् त्यो मासको पिठो पिसेर फुरौला पकाउछु बुढा हजुर चिउरीको पात लिन जानु भनिन् र म पात लिन आको पात लान्छु है” भनेछ । बुढाको कुरा सुनेपछि भालुले मलाई पनि फुरौला राख्दे पात लैजा भनेछ । बुढाले चिउरीको पातको बेरी बाँधेर लिएर हिड्ने बेलामा फेरी भालुले मलाई पनि राखदिएस है फुरौला भनेछ । बुढाले हुन्छ भनेर पात र काली सिन्की चेतेर घर लिएर आएछन् । बुढीले चिउरीको पातको काली सिन्कीले खोप्लो लाएर फुरौला राखेछन् र बुढा बुढीले टन्न खाएछन् ।

खाँदा खाँदै बुढाले झ्याप्प भालुलाई सम्झेछ आत्तिदै लौन ! बुढी म पात लिन जादा भालु भेट भाको थियो । भालुले किन आइस् भन्यो मैले बुढीले आँटी बढार्दा मासको गेडो भेटिछन् त्यसको फुरौला पकाएर उतार्ने भाँडो नभएर चिउरीको पात लिन आको भने । भालुले पात लैजा मलाई फुरौला राख्दे भनेको थियो बिर्सिएछ अब कसो गर्न होला बुढी ? भालुले त हामीलाई खान्छ नरवाई छोड्दैन भनेछ । बुढीले कता लुक्ने हो बुढा घरमा लुक्दा पनि देख्छ अब यही आगो फुक्ने ढुम्राभित्र लुकम भनिछ र लुकेछन् । साझ भालु आएछ सबैतिर फुरौला हेरेछ नभेटेपछि बुढाबुढीलाई खोजेछ बुढाबुढी पनि कतै नभटेपछि यही आगो फुक्ने ढुम्रो भए नी लान्छु भनेर पछाडी बोकेर गएछ । बुढाबुढी त ढुम्राभित्र छन् केरे जाँदा बाटामा बुढालाई पेट दुखेछ । बुढाले बुढी! मलाई त पेट दुख्यो कसो गर्ने हो भन्दा भन्दै बुढीले पनि बुढा मलाई पनि बेस्सरी पेट दुख्यो भनिछ । बुढाले सुस्त पाध है भालुले खान्छ केरे हामीलाई भन्दा बुढीले रोक्न सकिनछन् र पाधिछन् बेस्सरी आवाज आएछ । त्यसपछि भालुले त्यो ढुम्रो त्यही फालेर ए यही त रैछन् नी यिनीहरू भनेर बुढाबुढी खोज्न गएछ । भालुले ढुम्रो फालेपछि बुढाबुढी बाँचेर आफ्ना घर आएर बसे अरे ।

**स्रोत व्यक्ति :** श्यामकान्ति देवकोटा

**उमेर :** ३९

**स्थान :** चापाकोट नगरपालिका ६९

## ५. गुरु र चेला

एकादेशमा गुरु र चेला रैछन् । चेलाले गुरुलाई गुरु मलाई हजुरको चेला बनाउनुस् भनेर भन्दोरैछ । गुरुले तैले मैले भने जस्तो गर्न सक्दैनस् मैले सिकाउन्न भन्दा रैछन् । चलाले मैले हजुरले भनेको जे पनि सक्छु भन्नुस् भन्दोरैछ । गुरुले मानेका थिएनन् चैलाले जाद्रै गरे । मैले हजुरले जे भन्नुहुन्छ मान्छु तर मलाई हजुरले चेला बनाउनुस भनिरहे । सारै गरेपछि गुरुले सक्छौ त ? दुःख हुन्छ केरे भनेछन् । त्यो चेलाले जति दुःख भए पनि सक्छु गर्छु भनेछ र गुरुले चेलो बनाएछन् । गुरुले चेलालाई अधर्म गरेर कमाएको सम्पत्ति, असत्य गरेर कमाएको सम्पत्ति, अर्कालाई ढाँटेर छलेर कमाएको सम्पत्ति खानु हुँदैन । सत्यता र साँचो भएको ठाउँवाट मात्र ल्याएर खानुपर्छ तिमी त्यस्तो गर्न सक्छौ भनेर भनेछन् । त्यो चेलाले हुन्छ गुरु मैले अधर्म गरेको सम्पत्ति खाँदै खान्नु सत्य र सोझो गरेको मात्र खान्छु भनेछन् । अर्कोदिन गुरुले त्यसो भए अब तिमी माग्न जाऊ भनेछन् । गुरुले चेलालाई माग्न पठाएर आफू घरै बसेछन् । चेलो माग्न जाँदा जहाँ पनि शुद्ध छ भनेर कसैले पनि भनेनछन् । दुईदिन हिँडेछन् सारा गाउँ अधर्म रैछ शुद्ध छ सत् गरेर कमाको हो राम्रो छ भन्ने मान्छे कोही पाएनछन् । एकदिन एउटा घरमा गएछन् र अलक जगाएछन् । उनले हजुरकहाँ सबै सत्य साँचो छ, शुद्ध छ, अपकृते परेको अन्न त छैन नि भनेछन् । त्यो घरका मन्छेले एकदिन अर्काको पानीको पालोमा मैले पानी लाए त्यो बाहेक अधर्म केही गरेको छैन भनेछन् । घरमुलीको कुरा सुनेपछि ती चेलाले लान्न भो भनेर हिँडेछन् ।

फर्केर उनी गुरुथिम गए चेलालाई देखेपछि गुरुले खै त लेइनस भनेछन् ? त्यसपछि चेलाले भनेछ गुरु मैले त कसैको घरमा पनि शुद्ध र सत्यता भएको अन्न पाइन् त्यो असत्य र अधर्मको अन्न मैले लेइन भनेछन् । गुरुले चेलाको कुरो सुनेपछि त्यसोभए उत्तरदिशामा हिमाचल पर्वतमा जा भनेछन् । त्यहाँ सबैका पहेलै पहेलै घर छन् त्यहाँ गएर माग भनेछन् । दुईदिन लाएर चेला त्यहाँ पुगेछन् । चेलो त्यहाँ पुगेपछि सबैलाई सोधेछन् सोध्दाखेरि त्यहाँका त सबै धर्म र सत्मा बसेका मान्छे रैछन् । त्यहाँका मान्छेले सत्यको धन कमाएर बसेका रैछन् हामीले असत्य गरेका छैनम भनेछन् । त्यसपछि चेलाले बोराभरि अन्न बोकेर आएछन् । आएपछि गुरुले पाइस ? भनेर सोधेछन् चेलाले हजर गुरु त्यहाँ त सबै सत्य र शुद्ध रैछ लिएर आए भनेछन् । गुरुले स्याबास! भनेछन् र हेर बाबु सत्य र साँचो भनेको कहिल्यै छिप्दैन त्यही भएर अधर्म कहिल्यै नगरेस भनेर शिक्षा दिन्थे अरे ।

सुन्नेलाई सुनको माला<br>
भन्नेलाई फूलको माला<br>
मेरो कथा बैकुण्ठमा जाला<br>
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** रामचन्द्र भट्टराई<br>
**उमेर :** ७०<br>
**स्थान :** चापाकोट नगरपालिका ९

## ६. टुहुरी केटी

एकादेशमा एउटी टुहुरी रैछ अरे । त्यो टुहुरीको सौतेनी आमापट्टी एउटा भाइ एउटी बहिनी रैछन् अरे । टुहुरीको आफ्नो आमा पनि रहिनछन् । भाइबहिनी कोही पनि रैनछ । सौतेनी आमाले हेला गरेर टुहुरीलाई भुसको रोटो र नुनको ढिको खान दिँदिरैछ । बाबाले पनि माया गर्दारैछन् । सौतेनी आमाकी छोरीले पनि माया गर्दीरैछ । भाइले भने देख्नै सहँदोरैनछ । एकदिन बाउ सामान किन्नलाई बुटवल जाने बेला भएछ । बाउ बुटवल जानलाग्दा सबैलाई के ल्याइदिम ? भनेर सोधेछन् । बाउले सोध्दा खेरी मलाई चप्पल जुत्ता मिठाई भनेछन् भाइ बहिनीले, श्रीमतीले मलाई साडी, ब्लाउज लेइदिनुस् भनिछन् । कुनोमा रुँदै बस्दै गरेकी नुनको ढिको र भुसको रोटी खाएर बस्न परेको उसलाई सौतेनी आमाले हेला गरेको भएर सौतेनी बाले उतै पट्टी मात्र माया गर्ने भए । एकछिन् पछि बाउले टुहुरी तिमीलाई के ल्याइदिम् भनेर भनेछन् । टुहुरीले मलाई अरू केही चाहिँदैन बुढी बाखो भा हुन्छ भनेर भनिछन् । बाले ल हुन्छ त तिमीहरूले जे भन्दौ त्यही ल्यादिन्छु भनेर बुटवल गएछन् । सबैलाई जे जे भन्यो त्यही लेइदिएछन् । टुहुरीलाई चाहिँ बुढो बाखो ल्याइदिएछन् । बुबा आउनुभयो भनेर सबै झोला खोजलेर हेर्न थालेछन् । हेर्दा खेरि सबै खुशी भएछन् ।

टुहुरी खोइ त भनेर सोध्दा आमाले झर्केर खोइ कता छ त्यो भनिछन् । अनि ए ! टुहुरी भनेर बोलाउँदा कुनामा बसेकी रहिछन् । बाउले त्यो बाखो लगेर दिएछन् । त्यो बाखाले भनेछ “ए टुहुरी किन रोइछौ केही पिर नमान तिमीलाई साथी म भए अब तिमीले पिर नगर मलाई साथी तिमी भयौ भनेर बाखाले भनेछ । भोलिपल्ट माहारा जाने बेला भयो सौतेनी आमाले त्यो बाखो नलइजान भनिन् । टुहुरीले त्यही बुढी बाखालाई मात्र खान दिन्छे । अरू गाइहरू भोकै हुन्छन् । सौतेनी आमाले बुढी बाखो हिँड्न सक्दैन भनेर नलान भनिछन् । माहारा चाहिँ दिदी बहिनी जाँदा रैछन् । टुहुरीले जबरजस्ती बुढी बाखो लैछन् । तिनीहरूलाई पानी खान तिर्खा लागेछ अनि म जान्छु पानी खान भने दिदीले बहिनीले म जान्छु भन्ने गर्दा बहिनी पानी खान गइछन् । पानी खान एउटा डाँडै काटेर जान पर्दोरैछ । धेरै हिँडेपछि बल्ल खोल्सी आउँदोरैछ । बहिनी पानी खान गाको बेलामा त टुहुरी बाखासित कुरा गर्न थालिछन् । टुहुरीले बाखासित आफूलाई सौतेनी आमाले गर्ने व्यवहा बताउँदै बेस्सरी रोइछन् । रोएपछि बाखाले भनेछ “अब घर जाऊ ए ! टुहुरी किन रोइछौ केही पिर नमान । अब घर जाऊ । घर गएर चारै कुनातिर चारै कुना दियो बाल अनि मेरो सिङ ट्वाङ ट्वाङ पार अनि तिमीलाई के खान मन छ भन । खानेकुरा त्यही आउँछ तिमीले पिर नमान” भनेर भनेछ ।

त्यो बाखालाई उसले सँगै राख्दिरैछ । आफू सुत्ने ठाउँ र बाखो बस्ने ठाउँ एउटै रैछ । एकदिन माहाराबाट आउँदा सौतेनी आमा तहरामा गइछन् र टुहुरीले आफ्नो बखोलाई मात्र खान दिई हाम्रो बाखा दुब्लाए भनिछन् । आफ्नी छोरीले भने सबैलाई खान दिएको, राम्रोसँग चराएको हो भनिछन् । टुहुरीले बाखाले भने अनुसार चारकुना लिपिछन्, बत्ति बालिछन्, सिङ ट्वाङ ट्वाङ पारिछन् । उनलाई जे खाना पनि खीर, खाजा, रोटा, फुरौला उनले चाहेको

जति सबै खान पाइछन् । खान पाएपछि टुहुरी मोटाउँदै गइन् । पहिला पहिला त्यो नुनको ढिको र भुसको रोटो के खान रुच्थ्यो र मोटाइन्थ्यो । पछि मिठो मिठो खान पाएपछि टुहुरी मोटाइन् । एकदिन सौतेनी आमाले किन हो टुहुरी मोटाउँदै गइछ । बुढा यो बुढी बाखो काट्न पऱ्यो भनेर श्रीमान्लाई भनिछन् । त्यसो भन्दा हैन कहाँ काट्ने हो उसलाई मन भुलाउने बल्ल यही बाखो छ । अहिले कहाँ काट्ने हो भनेर बाउ अल्लि झर्केछन् । त्यसपछि ए यिनले मानेनन् भनेर ज्वरो आयो टाउको दुख्यो भनेर टाउको बाँधेर सुतिछन् । तीन दिन सुतिछन् । एक दिन उठेर आखत हेर्न गइछन् । उनी सुतेको त आफै नाटक पारेरे हो । हेराउने ठाउँमा गएपछि हेराउनीलाई बुढी बाखो काट्नु पर्छ भने भन्दिनु है भनेर भनिछन् । फेरि घर आएर सुतिछन् । अर्को दिन छोराछोरीले आखत छोएर हेराउन गए । हेराउनी पण्डितकोमा हेराउन जाँदा खेरि तिमीहरूकोमा एउटा बुढो बाखो रैछ त्यो बाखो काट्नुपर्छ भनेर त्यो हेराउनिले लाइदिएछन् ।

त्यसपछि आएर त बुढी बाखो काट्नुपर्छ अरे बुवा भनेर छोराछोरीले भनेछन् । बुढो बाखो काट्ने भनेपछि टुहुरी बिपत्तै रोइछ । ए टुहुरी किन रोइछौ ? तिम्ले मेरो हाड पनि नखाऊ, मासु पनि नखाऊ, केही पनि नखाऊ अनि मेरो हाड मासु यताउता कसैले नदेख्ने गरी केहील नछुने चोखो ठाउँमा लगेर गाड्देऊ भनेर बुढो बाखाले भनेछ । त्यसपछि बाखो काटे सबैले मासु र भात खाछन् खुसी भाछन् । टुहुरी रुँदै बस्दै गरिछन् । त्यसपछि सबै हाडखोर बट्याइछन् र पूजा गर्ने चोखो ठाउँमा लगेर गाडिछन् । गाडेको दस, बाह्र दिनको दिन एउटा सुनको मौलो निस्केछ अनि त्यो सुनको मौले आजभन्दा भोलि भोलिभन्दा पर्सि ठूलो हुँदै गएछ । त्यो सुनको मौलो घर लान पऱ्यो भनेर सबैले निकाल्न खोजेछन् । मौलो निकाल्न कसैले सक्दै सकेनछन् । जति कोसिस गरे पनि कसैले मौलो निकाल्न सकेनन् । राजालाई पनि ल्याए राजाले पनि सकेनन् । सबै मान्छे सकिए मौलो निकाल्न कसैले सकेनन् । अब कोइ छैनन् सबै मान्छे जति सकिए तर त्यो मौलो हल्लिदैन, एकजनाले अब एउटी टुहुरी बाँकी छ भनेर भनेछन् ।

राजाले "त्यसभा टुहुरीले सक्छेकी त्यही टुहुरी भएनी ल्याउनु पऱ्यो" भनेछन् । टुहुरीले म जान्न म मेरो जीवनमा कति सुख खुशीसँग कस्तरी बसेइ थिए । त्यो बाखालाई मैले संरक्षण गरेर त्यस्तो मौलो बनाको हो म जान्न मौलो निकाल्न भनेर रोइछन् । रोए पनि उनलाई फकाएर खुशी बनाएर लगेछन् । टुहुरी गएर तिनले कान्छी अम्लाले छुँदा खेरी नै त्यो मौलो ढलेछ । त्यो मौलो ढलेपछि टुहुरी जस्तो लछ्छीनको कोही पनि रहिनछ । मैले विहे गर्छु यिनलाई भनेर टुहुरीलाई राजाले विहे गरे । राजाले टुहुरीलाई बिहा गरेर लगेछन् । राजदरबारमा खाने बस्ने रमाइलो गरेछन् । राजाले विहे गरेपछि टुहुरीको त दिन आयो ।

समय बित्दै जाँदा एकदिन सौतेनी आमाकी छोरी (बहिनी) ले आमा म दिदी भेट्न जान्छु भनेर भनिछन् । सौतेनी आमाले जानी होइन पर्दैन किन जानी हो ? भनेर उनले जान देकी थिइनन् । बहिनी चाहिँ नमानेर भेटन गइछन् । बहिनी भेट्न जानी बेलामा टुहुरी

गर्भष्टिया रहिछन् छोरो जन्मेछ । भेट्न पनि गइन्, छोरो पनि जन्मियो । केही दिनपछि टुहुरीले नानी मेरो त जम्रा परेका छन् जम्रा हेर्दै न भनेर बहिनीलाई भनिछन् । राजा आफ्नो दरबारमा गएछन् । छोरो कोठामै छोडेर दिदीबहिनीले जम्रा हेर्न थालेछन् । जम्रा हेरेको ठाउँ तलतिर निलो रह थियो । जम्रा हेर्दा हेर्दै त्यो बहिनीलाई दिदीप्रति रिस डाड लागेछ । यसलाई यो रहमा घुचेटे भने त म राजदरबारमा रानी भएर बस्न पाउँछु भन्ने सोचेर टुहुरीलाई रहमा घुचेटी ।

टुहुरी रहमा परिन घरमा बाबु रोएको छ । बहिनीले झुम्राको दुध बनाएर घर आइछन् । झुम्राको दुध त बाबुलाई ख्वाउन मिलेन । बाबु रातभरि रून्छ । राजालाई टुहुरीले सधै चिल्लो लाइदिन्थिन, सेवागर्थिन, खाने कुराहरू के खानुहुन्छ भनेर खान दिन्थिन । मेरो सेवा गरेर सुताउँथिन् । हिजोआज त चिल्लो पनि नलाइदिने, बाबु पनि रोइरहने, भाँडा माझ्दा भाँडा पनि बजाउने, दुनियाँदार हल्लाखोर हुन थाल्यो । राजाको मनमा कुरा खेल्न थाल्यो र एकदिन राजाले "किन हो ? तिमीले त पहिला राम्रो गर्थेउ, मलाई पनि चिल्लो नलाइ सुत्थिनौ, भाँडा पनि बजाउँथिनौ, दिनहरू कति राम्रो हुन्थियो भनेर सोधेछन् । सोध्दा खेरी त कहिले कस्तो हुन्छ कहिले कस्तो हुन्छ सधैं एकै हुन्छ त भनेर झर्किछन् । तीन दिन भयो, चार दिन भयो, त्यस्तो गर्दा गर्दै हैन यो मेरो श्रीमती होइन यो को आछ बाबु पनि रोइरहन्छ भनि सोच्न थाले । यस्तो किन भाछ भन्दा भन्दै एक दिन राजाले आफ्नो सिरानीमा खिर, खाजा, रोटी, फुरौला टन्न राखेको देखे । हैन किन मेरो सिरानीमा सधै यस्तो खानेकुरा हुन्छ । आज पनि भयो अस्ति पनि थियो भनेर राजा दङ्ग पर्न थालेछन् । राजाले सुरक्षा गार्डलाई यो को आएर यस्तो खानेकुरा गराउँछ भनेर सोधे । म निदाएर उठ्दा सधैंभरि खुट्टा पनि चिल्ला हुन्छन् । यसले रिस्सीएर खाना खाने बेलामा पनि झर्किएर राम्रोसँग खान पनि दिन्न । मलाई यो सेवा कसले गरेको छ । राजाले पत्ता लगाउन भनेर सुरक्षा गार्डलाई भनेछन् ।

रातभरी गार्ड राजाको कोठामा जाग्राम बसेछन् । राती निद्राले गार्ड झुकाउने बेलामा उनी आएर सबै काम गर्दी रहिछन् । उनलाई सबै कुराहरू गर्न पाउँदा मन प्रफुल्ल हुँदोरैछ । त्यसपछि एकदिन राजा आफू नसुतीकनै बस्ने निधो गरेछन् । राजा यसो झकाउन लाको बेलामा आइछन् । उनले उताबाट उग्रउग्र सुनकी द्वारी तगारी भनिछन् । त्यसो भन्दा खेरि तगारी उग्रेछ । खोल खोल सुनकी द्वारी भनेर भन्दा ढोका खुलेछ । ढोका खुलेपछि यताउता गरिछन् । त्यसो गर्दै जाँदा तीन दिनको दिन राजाले टुहुरीलाई भेट्टाएछन् । भेट्टाएपछि तिमी कहाँ गएकी थियौ ? यत्रो दिनसम्म छोरो छोडेर छोरो बिरामी भयो । छोरो कत्ति रोयो कत्ति तिमी कहाँ गाकी थियौ ? दरबारमा तिमी जो हो की अरू नै हो ? भनेर राजा र गार्डहरू सबैले सोधेछन् । सोध्दा खेरि उनले दरबारमा भएको सौतेनी आमाकी छोरी मेरो बहिनी हो भनिछन् । बहिनी मलाई भेट्न आकी थिइ । मैले जम्रा हेर्देउ न नानी भनेर भनेँ । उसले मैले खाको लाको डाडले जम्रा हेर्दा हेर्दै मलाई रहमा घुचेडदिएर झुम्राको दुध

बनाएर दरबारमा रानी हुन आकी हो भनिन् । मेरो बाबुले खान पनि पाको छैन, म मरेकी पनि छैन, म ज्यूदै छु । म हरेकदिन आफै हजुरथिम आको हो भनेर भनिछन् । उनको कुरा सुनेपछी राजाले बहिनीको चुल्ठो छप्किएर नाक काटेर दरबारबाट लखेटी दिए । त्यसपछि राजा रानी छोरोसँगै सुखी र खुशी भएर बसे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** कमला खनाल
**उमेर :** ५५
**स्थान :** चापाकोट नगरपालिका १०

## ७. दसवचने

एकादेशमा बाबु र छोरी थिए । छोरी सानै हुँदा आमा बितेकीले बाबुले नै छोरीलाई धेरै माया गरेर हुर्काएको थियो । त्यसैले छोरी सारै पुल्पुलिएकी र मातेकी थिई । घरको काम छोरीले गर्न सक्ने हुँदा पनि बाबुले अराउथेनन् । बाबुले जे भन्यो त्यही गराएर पालेको भएर छोरी मातेर बोल्दा पनि झर्किनी रिसाउनी गर्थी । एकपाली बोलाएर कहिल्यै नबोल्ने दसपाली बोलाउनु पर्ने बोल्दा पनि दस वचन फर्काउने कसैसँग नडराउने थिई । दिन बित्दैजाँदा छोरीको बिहा गर्ने बेला भयो । बाबु छोरीको बानी बेहोराले चिन्तित भएर मैले सस्कार दिन सकिन कि छोरीलाई न भनेको मान्छे न बोलाएर बोल्छे कि बोल्दै बोल्दिन बोली भने दस वचन फर्काउछे भनेर पिर मान्थ्यो अरे । इष्टमित्रले छोरीको बिहा गर्ने होइन भन्दै केटा देखाउछन् छोरीको न बोली राम्रो, न बानी राम्रो, बाबुलाई सारै पिर परेको थियो । बिहाको कुरा गर्दा छोरीले दसवटा वचन लाउथी केरे ।

एकदिन बाटो हिड्ने बटुवाले ति बाबु छोरीको घरमा आएर आजको रात बास पाइन्छ कि ? भनेर सोधे । बाबुले को हुनुहुन्छ ? कहाँ हिड्नुभाको हो ? कहाँबाट आउनुभाको हो ? भनेर सोधेछन् । त्यो बटुवाले परदेशबाट आको मेरो घर यो डाँडा पारी हो भनेछ । बाबुले बटुवाको कुरा सुनेपछि मनमनै सोचेछन् मान्छे त भलाद्मी नै छ यत्तिको मान्छेलाई बास दिन हुन्छ भन्ने लागेर हुन्छ बस्नुस भनेछन् । राती खानपिन गरेर बटुवासँग बाबुले दुखसुखका कुरा गरेछन् । बटुवाले परदेशबाट आए अब भनेजस्तो पाए बिहा गर्न भनेको भनेछ अरे । बाबुले पनि आफ्नी छोरीको कुरा गरेछन् भनेको केही मान्दिन् बोल्दा पनि झर्किन्छे काम अरायो भने दस वचन फर्काउछे मैले आमा नभएकी टुहुरी भनेर माया गरेर हुर्काए अहिले यस्ती भई भनेछन् । बटुवाले फेरी छोरीलाई हेर्दा राम्री मानेको थियो केरे अनि मैले हजुरकी छोरीसित बिहा गर्छु हजुरले मलाई तीन चिज दिन पर्छ भनेछ । ती बाबुले होइन हजुर यस्ती छोरी हजुरलाई दिएर मैले हजुरलाई दुख दिन्न मेरो कर्ममा यस्तै लेखेको मैले नै भोग्छु भनेछन् । न यल्ले भनेर मान्छे, न केही काम नै गर्छे, न ढङ्गले बोल्छे यसलाई मैले यस्तै बनाए के गरम अरूलाई दुख दिन हुन्न मलाई पाप लाउछ भनेछन् । बाबुको कुरा सुनेपछि बटुवाले होइन हजुरलाई किन पाप लाग्ने हो र मैले बिहा गर्ने परेको छ यिनैलाई लान्छु भनेछ । बटुवा राम्रै मान्छे रैछन् भन्ने लागेछ र हुन्छ हजुरले बिहा गर्छु भन्नु हुन्छ भनि के भनम त मेरी छोरीको बानी थाहा पाउनुभयो केरे भनेर हुन्छ भनेछन् । मैले मागेको तीन चिज दाइजो सम्झेर दिनुहोला अरू केही दिन पर्दैन मलाई भनेछ । बाबुले हुन्छ के हो तीन चिज दिन सक्छु कि सक्दिन भन्नु न त भनेछन् । बटुवाले भोलि छोरीसँगै मलाई कुकुर, बिरालो र खसी दिनुस भनेछ अरे । बाबु त बटुवाको कुरा सुनेर अचम्म परे केरे ठुलै चिज मागे दिन सक्दिन कि भन्ने पिर लागेको कुकुर, बिरालो र खसी भन्छ भनेर । यति कुरा गरेपछि सुतेछन् ।

भोलिपल्ट छोरीसँगै बटुवाले मागेको कुकुर, बिरालो र खसी दिएर छोरीलाई बिदाई गरेछन् । बास बस्न पसेको घरबाट दुलहीपनि लिएर हिडेको बटुवा हिँड्दा हिँड्दै थाकेपछि

बाटोमा बसेछ । बाटोमा खसी रूखमा बाँध्यो भारी बिसायो र ए ! बिरालो भात पकाएर राख्नु म एकछिन् घुमेर आउछु भनेर आफू हिडेछ । एकछिन् घुमेछ र आएछ आउदा त बिरालोले भात पकाउने भएन केरे आएर रिसाउदै बिरालोलाई तलाई मैले भात पकाएर राख भनेको होइन मैले भनेको नमान्ने पख तलाई भनेर खुकुरी झिकेर च्वाट्ट काटेर फालेछ । बिरालो काटेर फालेपछि सबै सरसफाई गरेर भात पकायो र कुकुरलाई, खसीलाई र दुलहीलाई नबोलीकन थालमा राखेर घचेटीदियो अनि आफूले पनि खायो । खाएर खसी लिएर हिड्यो कुकुर र दुलही पनि पछिपछि लागेर हिँडे । दिनभरि हिँडेका छन् घर पुग्नै छन् केरे थकाई लागेपछि हिजो जस्तै खसी बाध्यो भारी बिसायो र कुकुरलाई हेर ! कुकुर म डुलेर आउछु म आउदा भात पकाएर राख है नत्र बिरालाको चाल हुन्छ तेरो भनेर हिडेछ । एकछिन् डुलेर आएछ कुकुरले त भात पकाको थिएन केरे ए ! कुकुर तैले मैले भनेको नमान्ने भनेको होइन नपकाए बिरालाको चाल हुन्छ भनेर भन्दै खुकुरी झिकेर कुकुरलाई च्वाट्ट काटेर फालेछ । कुकुरलाई काटेपछि सरसफाई गरेर भात पकाएछ खसीलाई दियो नबोलीकनै दुलहीलाई पनि दियो आफूले पनि खायो र खसी लिएर हिँड्यो दुलही पनि पछिपछि गई ।

हिँड्दाहिँड्दै थाकेपछि अर्कोदिन फेरि बाटोमा बसे त्यो दिनपनि हिजोअस्ति जस्तै गरेर खसीलाई भात पकाएर राख म एकछिन् घुमेर आउछु हैन भने तेरो पनि कुकुर र बिरालोको चाल हुन्छ भनेर हिड्यो । आउदा भात पकाको थिएन केरे रिसायो र खसीलाई गाली गऱ्यो मैले भनेको हैन तेरो पनि आज कुकुर र बिरालाकै चाल हुन्छ भनेर भन्दै खुकुरी झिकेर खसी च्वाट्ट काट्यो । खसी काटेर मासु भात पकाएछ नबोलिकन थालमा राखिदियो र आफूले खायो । खाएर झोला बोकेर हिड्यो साँझमा घर पुगे । हिँड्दा हिँड्दा थाकेको केरे त्यो दिन तेसै सुते । भोलिपल्ट बिहानै उठेर दुलहीलाई म यसो गाउ घुमेर आउछु म आउदा भात पकाएर राख्नु नत्र कुकुर, बिरालो र खसीको चाल हुन्छ भनेर गएछ । नबोली नबोली भनेको सुनेकी थिई केरे दुलहीले कुकुर,बिरालो र खसीलाई आफ्नै आँखा अगाडि च्वाट्ट च्वाट्ट काटेको सम्झेर डराई र उठेर भात पकाई । ऊ गाउ घुमेर आयो आउदा खेरि त चौरासी व्यंजन पकाकी अरे । उसले कुकुर, बिरालो र खसी काटेको त यही दसवचन लाउने दुलहीलाई तह लाउन हो केरे । त्यसपछिका दिनमा दुवै जना मिलेर बसे धेरै समय बितेछ दुलहीलाई बाबुको याद आएछ । दुलाहालाई मलाई बाको याद आयो जाम न भनिछ र हुन्छ भनेर गएछन् । जादा त बाबु धेरै खुशी भयो के रे गएर केही गर नभनीकनै छोरी त भित्र पसेर भात पकाएर आफ्ना बाबु र दुलाहालाई दिएर सबै काम गरिछ । बाबु र दङ्ग परेको छ आफ्नै छोरी पनि हैन कि जस्तो लागेछ पहिला बोलिपिच्छे दस वचन लाउने छोरी आज यस्ती भएर आकी भनेर सबै जना खुशीसाथ बस्थे अरे ।

**स्रोत व्यक्ति :** भगवती पंगेनी
**उमेर :** ५७
**स्थान :** चापाकोट नगरपालिका ९

## ८. दाजु र बहिनी

एकादेशमा दाजु र बैनी थिए । उनीहरूका बाआमा थिएनन् । दाजुले आफ्नो चलन अनुसार बैनीको बिहा गर्दिएको थियो । दाजु र बैनीको बिहा भएको थियो । बैनी आफ्नो घर भन्दा माइत धेरै बस्थिन् । उनी माइत बसेको भाउजुले सहनथिनन् । बैनी माइत आएबाट घरमा दाजु र भाउजुको खटपट परेको थियो । उसले जतिबेला पनि आफ्नो बुढालाई बैनीलाई उनकै घर छोडेर आऊ भनेर झगडा गर्थी । एकदिन दाजुले बैनीलाई अब तिमी सधै माइत बसेर हुँदैन आफ्नै घर जानुपर्छ भनेर सम्झाउँछ । दाजुले सम्झाए पछि बैनी पनि जान राजी हुन्छे । अर्कोदिन बिहान बैनीलाई छोड्न जान्छु भनेर लग्यो । बैनी अघिअघि आफू पछिपछि हिँड्दै थियो ।अघिअघि हिँडेकी बैनीलाई देखेर उसको मनमा बैनीप्रति रिस उठ्छ । यसलाई बिहा गरेर दिए पनि घर नबसेर माइत आएर तनाव दिन्छे । यसले गर्दा हामी लोग्नी स्वास्नीबिच कहिल्यै राम्रो भएन यसलाई मार्न पाए आनन्द हुने थियो भन्दै मनमा कुरा खेलाउँदै हिँड्छ । आखिरीमा उसले बैनीलाई मार्ने योजना बनायो । दाजु र बैनी हिँड्ने क्रममा गंगाजीको तीरमा पुगे । गंगाजीको मिना (बिचमा) मा पम्फाको फूल देख्यो । फूल देखे पछि बहिनीलाई जाऊ बैनी त्यो फूल टिपेर लिएर आऊ भनेर भन्यो ।

दाजुले भनेपछि बैनी फूल टिप्न गंगाजीमा पसिन् । गंगाजीमा पसेपछि पर पर जाँदा डराइन् । उनि जति पर जान्छिन् गंगागी उति माथि आउँछिन् । डरले बैनीले दाजुलाई "जति पर जान्छु उति माथि आउछिन् कसरी टिपम पम्फाको फूल भनेर भन्छिन् । दाजुले बाहिरबाट "अरूका बैनीले कस्ता कस्ता ल्याउछन् हामरी बैनीले त्यही फूल पनि ल्याउन्नन्" भन्छ । दाजुको कुरा सुनेपछि बैनी झन् परपर जान्छे ऊ जति पर जान्छे गंगाजी उति माथि आउँछ । बैनीले दाजुलाई जति पर जान्छु उति माथि आउँछ कसरी टिपम नि पम्फाको फूल भन्दै रूदै गर्छे तर दाजुले भने अरूका बैनीले कस्ताकस्ता ल्याउँछन् हामरी बैनीले त्यति पनि लेउन्न भन्छ । बैनी डराएको पनि थाहा छ तर अल्लि पर जाऊ, अझै उता जाउन मेरी बैनी बल्ल पो सकिन्छ पम्फाको फूल टिप्न भन्छ । पर जाँदाजाँदा बैनीले दाजै पानी गलैसम्म आयो तैपनि पुगिन पम्फाको फूल भन्छे । दाजुले अल्लि पर जाऊ फूल टिप्न भन्छ बैनी जान्छे डुबेर मर्छे । बैनी मरेपछि दाजुले गंगाजीबाट झिक्यो तीरको नजिकमा गाड्यो । बैनीलाई गाडेको ठाउँमा बाँस उम्रियो ।

एकदिन एउटा जोगी आएर त्यही बाँस काटेर मुरली बनाएछ । त्यो जोगी मुरली बजाउदै घरघरमा माग्दै हिड्नेरैछ । जोगी डुल्दैडुल्दै जाँदा एकदिन त बैनी कै घरमा पुगेछ । जोगीले मुरली बजाउँछ मुरलीको स्वर त अरू दिनको जस्तो छैन् कस्तो मान्छेको जस्तै आवाज छ । जोगी पनि अचम्म पर्छ ती घरका मान्छे पनि नौलो मानेर ध्यान दिएर सुन्दा मुरलीले त "भान्छामा बसेकी सासु है बजै मेरी के गर्दै हुनुहुन्छ नी है ? माइतबाट घर आउन हिँड्की म बिच बाटो मै मोरे नि है" भन्छ । जोगीले मुरली बजाएको छ मुरलीबाट त्यो आत्म बोलेको छ । पुजा र कोठामा बसेका बाबा जस्ता ससुरा के गर्दै हुनुहन्छ नी है ?

माइतबाट घर आउन हिडेकी म बिच बाटोमै मोरे नि है" । खटियैमा बसेका दाजु जस्ता ससुरा मेरा के गर्दै हुनुहुन्छ नी है ? माइत बाट घर आउन हिडेकी म बिच बाटोमै मोरे नि है" । "प्यारिका यादमा जलेका स्वामी मेरा के गर्दै हुनुहुन्छ नी है ? हजुरलाई भेटन आएकी म त पम्फाको फुल मै मोरे नि है "। दिदी र जस्ती अमाजु मेरी कहिलेमा तिमी आयौ नी है ? तिमीलाई भेटन मन हुँदाहुँदै बाचन मैले पाइन नि है" । यसरी मुरलीमा आफ्नी बुहारीको आत्मा बोलेको सुनेर सासुले मेरो राजा तिमी कसरी कहाँ गयौ नी ? भनन भन्दै रोइछन् । मुरलीले त सबै कहानी बतायो "देउरानी, जेठानी, नन्द, देवर सबैलाई भेट्ने आसमा आएकी म बिच बाटोमै मरे नि है" भन्दै म दाजुसँग घर जान हिँड्की गंगाजीका मिना (बिच) मा भएको फूल टिप्न भन्नुभयो दाजैले फूल टिप्न जाँदा म डुबेर मरे । म मरे पछि पानी बाहिर ल्याएर गाडेको ठाउँमा बास भएर जन्मिए । मुरली बनाउन जोगीले मलाई नै काटे म मरे पनि मेरो आत्मा मरेको छैन् । म आज घरमा आएर सबै कुरा भन्न पाए भनेछ । सबै जना डराए के अनौठो भयो यस्तो भनेर सबै रोएछन् । मुरलीले म बास भएर जन्म लिए पनि खुशी छु किनभने आज मैले सबै कुरा सुनाउन पाए भनेछ । त्यो घरका जहान सबै मिलेर जोगीलाई दानदक्षिणा दिएर बिदा गरेछन् ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** धनकुमारी शर्मा
**उमेर :** ७५
**स्थान :** गल्याङ् नगरपालिका ८

## ९. धर्मको फल

एकजना धनिमान दम्पत्ति रैछन् । उनीहरूले घरमा आएकालाई खाना खान दिने पैसा दिने गर्दारैछन् । उनीहरूले आफूले खान दिएको, पैसा दिएको, कुरा कोही भेट भयो कि आज यति खान दिइयो, यति पैसा दान गरेर दिइयो भनेर सुनाउँदा रैछन् । आज पनि खान दिने सुनाउने, भोलीपनि खान दिने पैसा दिने सुनाउने, पर्सिपनि दिएम भनेर सुनाउँदा रैछन् । ती बुढाबुढीले आफ्नो भएको सम्पत्ति दिँदादिँदै भ्याएछन् अरे । भाको सम्पत्ति दान गरीगरी सकेछन् र गरीब दु:ख पाउनी भएछन् । हुँदा हुँदा ति दम्पत्तिलाई बिहान के खाम बेल्का के खाम भएछ । एकदिन बुढिले बुढालाई भनिछ ए ! बुढा हामीले सक्दा त दान धर्म गरेको हो अहिले हामीलाई साँझ बिहानको छाक टार्न पनि गारो भयो । हाम्रो धर्मको फल धर्मराजसँग संरक्षण भएर बसेको छ जानु त बुढा धर्मराजसँग मागेर लेउनुस् त भनिछ । बाँच्दा जरी त खान पर्‍यो, बाँच्न त पर्‍यो केरे भनि । बुढीको कुरा सुनेपछि बुढाले हुन्छ त नि तैले त्यसो भन्छेस् भनि म जान्छु भनेछ । बुढाले म भोली बिहान जान्छु बाटामा भोक लाउँछ मलाई बाटामा खानी कुरा बनाइदे भनेछन् । बुढीले हुन्छ भनेर दुइटा डामेका रोटी बनाइदिछन् त्यो रोटी चेपेर बुढो कुकुरलाई पनि लिएर गएछन् ।

जाँदाजाँदै धर्मराजकोमा पुग्न आधा एकघण्टा हुँदा कुकुर भोकाएछ । कुकुरले कुईकुई गरेर बुढालाई हिँड्नै दिएनछ । कुकुरले हिड्न नदिएपछि यो भोकाएर होला भनेर एउटा रोटी दिएछन् । अब एउटा रोटी रह्यो त्यो रोटी अहिले खाम्ला भनेर लिएर जाँदा अर्को ठाममा कुकुरले कुईकुई गर्‍यो भने रोटी दिन पर्छ मैले अहिले नै खाए भने दिन पनि परेन कुकुर कुईकुई पनि गर्ने भएन भनेर खाएछन् । रोटी खाएर कुकुरलाई लिएर धर्मराजकोमा पुगेछन् र धर्मराजलाई नमस्कार गरेछन् । धर्मराजले कहाँबाट आउनु भो ? के कामले आउनु भो ? को हुनुहुन्छ ? भनेछन् । हजुर धर्मराज म यो ठामको मान्छे हुम मैले पहिला त राम्रै दान धर्म गरेको हो मेरो सम्पत्ति पनि राम्रै थियो । दान धर्म गर्दागर्दा सम्पत्ति पनि सकियो, अहिले बिहान साँझको छाक टार्न पनि गारो भयो । बुढीले जानुस न बुढा धर्मराजकोमा गएर हामीले गरेको दान धर्मको फल लिएर आउनुस् बाँच्दा जरी त खान परो भनेर भनी तेइ भएर आको हुम हजुर भनेछ । बुढाको कुरा सुनेपछि धर्मराजले खाता पल्टाएछन् र हेरेछन् । धर्मराजले खाता पल्टाएर हेर्दोखेरीमा बुढाको धर्मको फल त एउटा रोटीको मात्र रैछ । अरू दान धर्म गरे पनि फल्नालाई पनि दिए, यल्लाई यो खान दिए, उल्लाई यो दिए भनेर सुनाउनु भएछ त्यही भएर सबै फल काटिएछ भनेर धर्मराजले बुढालाई भनेछन् । तपाईंको धर्मको फल त त्यही कुकुरलाई दिएको एउटा रोटी को रैछ त्यो पनि कसैलाई भन्न भ्याउनु भा रैनछ र भनेको भए तैपनि काटिने थियो भनेछन् । धर्मराजले भनेको सुनेपछि बुढाले तै एउटा रोटीको फल भए पनि दिनुस हजुर लान्छु भनेछन् । धर्मराजले बुढालाई एउटा रोटीको फल दिएछन् ।

बुढो एउटा रोटीको फल लिएर घर आएछन् । बुढोलाई देखेर बुढी खुशी भैछ । बुढाले घरमा आएर हेर बुढी हामीले गरेको दान धर्म त सबै अरूलाई सुनाएम के रे आफूले गरेको कुरा हामीले यति खान दिएम, उति दान दिएम भन्दै हिडेम केरे । दिएको कुरा यति दिएको यस्तो दिएको भनेर भन्न हुँदोरैनछ बुढी हामीले दिएका कुरा सबै भनेम त्यही भएर आज धर्मको फल पाइएन भनेछ । मैले बाटोमा जाँदा कुकरलाई दिएको एउटा रोटीको मात्र अरूलाई नसुनाएको भएर फल पाए तै मात्र लिएर आए भनेछ अरे । त्यसैले अरूलाई दिएको कुरा दिएम भनेर सुनाउँन हुँदोरैनछ भनेर बुढाबुढीले बुझे अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** ध्रुवचन्द्र डोटेल
**उमेर :** ६८
**स्थान :** चापाकोट नगरपालिका ९

## १०. बुजकी छोरी

एकादेशमा एउटा राजा रैछन् । राजाले छोराछोरी नपार मैले छोराछोरी पाइन् मैले के गरम ? भन्दा खेरि व्रत गर्नु, पुराण गर्नु तपाइँलाई छोराछोरी जन्मन्छन् भनेर ज्योतिषीले भनेछन् । राजाले ठुलो व्रत र पुराण गरेछन् । त्यसपछि ती राजाकी कन्या जन्मिछन् । कन्या जन्मदा बुढाबुढी असाध्यै खुशी भए । कन्या दिन गनेर बढिन् समरथ भइन् अनि राजाले "अब मैले छोरी दिन्छु" भनेछन् । बुढीले पनि बुढा अब त छोरी दिने बेला भयो छोरी दिने हो की घरै राख्ने हो ? भनिछन् । बुढीले त्यसो भनेपछि राजाले हो बुढेसकालमा हामीलाई पाल्ने भन्दा पनि छोरी दिने जात हो मैले दिन्छु भनेछन् । अर्को दिन मैले अब छोरी दिन्छु म केटा खोज्न जान्छु भनेर राजा हिँड्नुभयो । राजा हिँड्दा खेरि जाँदाजाँदा जाँदा मेरी छोरी दिने बेला भाछ बिहा गर्नुहुन्छ ? भन्दै सोध्दै हिँड्नु भएछ । राजाले सोध्दा मैले गर्दिन भनेछन् । मेरी छोरी दिने बेला भाछ बिहा गर्नुहुन्छ ? मैले गर्दिन जहाँ पुग्छन् राजा मैले छोरी दिन्छु भन्दा दिन पाएनन् । घर आउँदा बुढीले कतै केटा पाउनुभयो त ? भनेर सोधिन् । राजाले मैले कहीँ कतै केटा देखिन छोरी दिने ठाउँ पाइन् मेरी छोरी कसैले लाने भएनन् भने । छोरी दिन नपाएर राजारानी दिक्क परे । बाआमाका कुरा सुनेकी छोरीले भनिन् बुवा ! मैले अब बिहा गर्दिन हजुरले यस्तरी खोज्दा केटा पाउनु भएन । मलाई एउटा गुफा बनाइदिनुस् म गुफामा गएर ध्यान गरेर बस्छु हजुरहरूले मेरो पिर लिनु पर्दैन भनिछन् ? छोरीको कुरा सुनेपछि राजा खुशी भएर हुन्छ छोरी मैले गुफा गराइदिन्छु भनेछन् ।

राजा अब मेरा छोरा पनि छैनन तिमी गुफामा गा पछि हामीलाई कल्ले पाल्ने हो के गर्ने हो भनेर निराशमा परेछन् । राजारानीले अलि पर गएर गुफा गराइदिएछन् । गुफा गराइदिएर फेरि टनननन्न फुलबारी गराएछन् । बुवाले ती छोरी लएर गुफामा राखेछन् । त्यसपछि एउटा धाइमा खोजेर राखिदिए अनि छोरी गुफामा बसिन् । उनी त त्यो गुफामा कहाँ छन् कहाँ ? उनि माथि देवताको ध्यान गरेर बसेइछन् । धाइमाले फुलबारी को फुलहरू स्याहार सम्हार गर्ने फुल टिप्ने माथि लइदिने गर्दी रैछन् । धाइमाले फुलबारीको काम गर्दा राजकुमारी बिहानै सूर्यको मुख र मर्दको मुख नदेख्दै अँधेरै आएर नुवाइ धुवाइ गरेर ढकियामा फुल टिपेर माथि जाँदी रैछन् । माथि चौतारी रैछ बिहानै आएर राजाले चौतारीमा बसेर यता उता हेर्दाखेरि त तिनले फुल टिपेको देखेछन् । ओखो को हो यति राम्री ? त्यहाँ फुल टिपेको भनेर आफ्नो सँगीलाई सोधेछन् । राजाले भनेपछि एउटा मान्छे हेर्न जादाखेरि उनी भित्र गइसकिछन् । उनले देखिनन् उसले देख्यो राम्री छन् लरक्कको कपाल छ हजुरलाई सुहाउने रैछन् ति त भनेर भन्दिएछ । सिरूपाते चुल्ठो सारै मिलेको दन्त हजुरैलाई सुहाउने राम राम हजुरैलाई सुहाउने भनेछ । त्यसो भनेको त्यो धाइमाले नि देखेइछन् सुनेइछन् के रे ।

राजकुमारी पुजा गर्न गइछन् । त्यहाँ माग्न जाँदा कसरी जाने कसैले दिँदैनन् । त्यो गुफाभित्र पस्न कोही मिल्दैन सक्दैनन् अब आमाबुवा कता छन् भनेर राजाले भनेछन् ।

राजाले हे ! भगवान यिनलाई कसरी लाने होला मैले यिनलाई बिहा गरेर लान्छु भनेर भनेछन् । कसरी लाने त भनेर भगवानसँग सोधेछन् । राजाले बिहा गर्न जान्छु अब तिनलाई लिएर आँउछु जसरी पनि भनेछन् र गएछन् । माथिबाट आएका स्वर्गका देवता रैछन् के रे माथिबाट बिमान लिएर स्वाट्ट बिमानमा चढाएर स्वर्ग लए । स्वर्ग लएपछि दुईचार दिन त्यो ढोका नखुल्दा त्यहाँ चानोमानो हुँदा खेरि त बर्बाद भयो नि ए ! के भयो भनेर धाइमाले भनिछन् । आज सम्मन ढोका खोलिएन चार पाँच दिन भयो भनेर धाइमा राजा रानीलाई सुनाउन गइन् । राजारानी आएर ढोका फोरेर जाँदा माथि त उदाङ्डै हुँदा खेरि राजारानी रुवाबासी गरेर त्यही मुर्छा परे । माथि छोरी छैनन् के रे मेरी एउटी छोरी थिइन् कहाँ गइन् भनेर हल्लाखोर भयो । आफ्ना बाआमा मुर्छाको उनले माथिबाट देखिछन् र कागज फालिन त्यो कागज हेरेपछि अलि आत्मा धार्जे भयो । माथि हेर्दा विमान आयो केरे विमान बिसाएपछि राजासँगै छोरीपनि झरिन् र आमा बुवालाई विमानमा लिएर गइन् र सबैजना भएर स्वर्गमा गए । केही समयपछि छोरीले छोरो पाइन् ज्वाई, नाती, छोरी, बुढो, बुढी सबै भएर सुखसित स्वर्गमा बस्थे अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** हुमकला भण्डारी
**उमेर :** ७३
**स्थान :** चापाकोट नगरपालिका १०

## ११. बुढाबुढी

एकादेशमा बुढाबुढी थिए रे । बुढाले कुचो बाट्न लाको थियो बुढी कसेर लाउन लाइथी रे । बुढीले बुढाबुढा मैले कसेर लाउँदा एउटा गेडो चामल भेट्टाए भनेर भन्छे । बुढाले म तेल लिन जान्छु तिमले त्यो चामल पिस भनेछ । बुढो कुचो लिएर बेच्न जान्छ । बाटोमा बुढाले कानभरि तेल देयाओ कुचो लैजाओ भन्दै जान्छ । बुढो जाँदाजाँदै जङ्गलमा बाघ भेटिएछ । बाघले म कति दिनदेखि भोको थिए आज खान पाए भन्छ । बुढोले बाघलाई नखाऊ नखाऊ बाघ दाई मेरी बुढीले घरमा रोटी पकाकी छ । पहिलाको रोटी म तिम्लाई दिन्छु भनेर बाघसितबाट बचेछ । फेरी हिँड्दैहिँड्दै जाँदा अर्को जङ्गल आएछ त्यो जङ्गलमा भालु भेटिएछ । भालुले पनि कति दिनको भोको थिए आज खान पाए भनेछ अरे । बुढाले नखाऊनखाऊ भालुदाई आज घरमा मेरी बुढीले रोटी पकाकी छ त्यो पहिला पकाको रोटी मैले तिम्लाई दिम्ला भनेर भालुसित पनि बचेछ । जाँदाजाँदै अर्को जङ्गलमा स्याल भेटिएछ । स्यालले पनि कति दिनको भोको थिए आज खान पाउने भए भनेछ । बुढाले स्याललाई पनि नखाऊनखाऊ स्याल दाई आज बुढीले पकाको पहिलो रोटी तिम्लाई दिम्ला भनेर स्यालसँग पनि बचेछ । बुढो बाघ, भालु र स्यालसँग बचेर बजारमा पुग्यो । बजारमा उसले कुचो आयो कुचो आयो भनेर चिच्याउँछ । कुचो बेचेर तेल किनेर घर ल्याउँछ ।

घरमा आएर बुढीलाई सेल रोटी पका भन्छ बुढीले सेल रोटी पकाउँछे । बुढीले पकाएका सेल रोटी बुढाले खायो । बाघ, भालु र स्याललाई भाग लाउन बिर्सेछ । खाइसकेपछि ए ! बा बुढी भनेर तर्सेछ । बुढीले के भयो बुढा भनेर भनिछ । अनि बुढाले म त बाघ, भालु र स्याल तीन जनासित बचेर आको हुम् आज तीनै जनालाई आज बुढीले पकाको पहिलो रोटी दिम्ला भनेको थिए भाग लाउनै बिर्से भनेर बुढो तर्सेछ । बुढाले बुढीलाई तिनीहरू राति आउछन् हामी कसो गर्ने हो भनेर भनेछ । बुढीले हामी छिटो खाना खाएर लुकम भन्छे । त्यसपछि बुढाबुढी छिटोछिटो खाएर भुड्काभित्र बसे । मध्यरातमा बाघ, भालु र स्याल आएछन् । उनीहरूले सबै ठाउँमा रोटी खोजे भेट्टाएनन् । रोटी पनि भेट्टाएनन् बुढाबुढी पनि भेट्टाएनन् । बाघ, भालु र स्यालले बुढाबुढी लुकेका छन् कतिबेर लुक्छन् र अहिले एकछिन्मा बाहिर आउछन् हामी काफलको बुटामा गएर बसम् भनेर बाहिर काफलको बुटामा गएर बसे केरे । बुढाबुढीलाई थाहा छैन त्यतिबेला नै बुढीलाई पाद्न आएछ । बुढाबुढा मलाई त पाद्न आयो बाघ, भालु र स्यालले हामीलाई खोजेका छन् कसो गर्ने हो भन्छे । बुढाले सुस्त पाद भन्छ बुढीले बेस्सरी पाद्छे । फेरी बुढालाई पनि पाद्न आयो । बुढाले पनि बुढीबुढी मलाई पनि पाद्न आयो भन्छ । बुढीले सुस्त पाद भन्दा बुढाले बेस्सरी पाध्छ । बुढाले पाध्दा भुड्को पनि फुट्यो बाहिर काफलको बुटामा बसेका बाघ, भालु र स्यालपनि डराएर भागे ।

**स्रोत व्यक्ति :** पार्वती सुवेदी
**उमेर :** ५५
**स्थान :** वालिङ नगरपालिका ८

## १२. माया मोहबाट कष्ट

एकादेशमा एउटा राजा हुनुहुन्थियो । राजाको एउटा अत्यन्त सज्जन छोरा थिए । छोरा बुवाले जे भन्यो त्यही मान्थे । बुवासँग असाध्य रमाउथे पनि अनि बुवाले, जे कुरा अराउनु हुन्थियो बाबुले गर्थे पनि । राजाको छोरा राजकुमार बुवाले भनेपछि जेपनि मान्ने थिए । सबै साथी संगीहरूसँग खेल्न जानी हाँसो ठट्टा गर्ने, जङ्गलमा सिकार खेल्न जानी यस्ता कुराहरूमा उनी अत्यन्त विज्ञ पनि थिए र पोख्त पनि थिए । एकदिनको कुरा हो राजकुमार सिकार खेल्नको निर्मित जङ्गलमा जाँदै थिए । केही सैन्य गणहरू पनि साथीहरू थिए । साथीहरूलाई साथमा लिएर जब जङ्गलमा गइरहेका थिए । जङ्गलमा जाँदा सैनिकहरू धेरै थाकेछन् अनि राजकुमारसँग भनेछन् राजकुमार ! हामीलाई त थकाइ लाग्यो । अब हामी यत्रतत्र कही जलासयमा जान्छौ जलपान गर्छौ र हामी बस्छौ तपाइँ यसो कुमेर आउनुस् भनेर राजकुमारलाई सैनिकहरूले भने ।

राजकुमारले हुन्छ भनेर आफ्नो हिसाबले धनुको काँजो काँधसम्मन खैँचेर मृग पाए भनि मैले मान्नु पर्‍यो बाटोमा कहीँ भेट्टिएला की भन्दै हेर्दै, हेर्दै राजकुमार हिँडे । जब राजकुमार बाटोमा जाँदै थिए । जाँदा त यति राम्रो बगैचामा पुगेछन् । त्यो बगैँचामा धेरै सुन्तलाहरू फलिरहेका थिए, धेरै किसिमका फूलहरू फुलिरहेका थिए । चराचुरुङ्गीहरू चिरबिर गरिरहेका थिए । जब राजकुमार द्वारमा पुगेछन् बगैंचा देखेर अचम्म परेछन् । ओहो! यो मेरो राज्यको भित्र यति राम्रो बगैंचा, यति राम्रो उद्यान कल्ले बनाएको होला एकपटक हेर्न पर्‍यो भनेर राजकुमारले ढोका खोलेछन् । ढोका खोलेर भित्र जाँदा धेरै राम्रा राम्रा फुलहरू धेरै राम्रा राम्रा चराचुरुङ्गीहरू भमराले फुलको रस खाइरहेका थिए । कति पाकेका सुन्तला, आपहरू थिए । हैन यो फूलबारीको रखवार कल्ले गरेको होला हेर्न पो पर्‍यो भनेर भित्र गएछन् । भित्र हेर्दै हेर्दै जाँदा त असाध्यै राम्री सुन्दरी रैछन् अरे । सुन्दरीलाई देखेपछि राजकुमारले प्रश्न गरे ए ! सुन्दरी यो बगैंचा कस्को हो ? भनेर प्रश्न गर्दा सुन्दरीले मेरो हो भनिछन् । सुन्दरीले मेरो बुबाले गराउनुभएको हो यो बगैंचाको संरक्षण गर्नको निर्मित आज म बसेकी छु भनिन् । त्यसपछि राजकुमार र राजकुमारीले कुरा गर्न लागे । राजकुमारले पनि भित्र भित्र राजकुमारीलाई मन पराए भने राजकुमारीले पनि राजकुमारलाई मन पराइन् । राजकुमारी राजकुमारको रूपमा आसत्ति हुन थालिन् । राजकुमारीलाई मन मनमा यसैसँग विवाह गर्न पाए हुन्थियो भन्ने लाग्यो । राजकुमारलाई पनि यत्रो राम्रो बगैंचाको मालिक यिनैसँग विवाह गर्न पाए हुन्थियो भन्ने लागेछ । दुईजना आफ्ना मनमा लागेको कुरा गर्दै थिए । एक्कासी राजकुमारीले आफ्ना बालाई सम्भिmन र भनिन् राजकुमार ! मेरा बा त खतरनाक हुनुहुन्छ । बाले यो बगैंचाभित्र जसले पस्ने आँट गर्छ त्यसलाई मार्छु भन्नुभएको छ भनेर राजकुमारलाई भनिन् ।

राजकुमार र राजकुमारीको कुरा हुँदै गर्दा राजकुमारीका पिता राजा द्वारबाट भित्र पसेछन् । गेटबाट राजा आउनासाथ राजकुमारी आत्तिइन् । ल राजकुमार बर्बाद भयो मेरो

बाले मार्नुहुन्छ भनेर डराइन् । त्यही नजिकै शौचालय थियो राजकुमारीले राजकुमारलाई शौचालयमा धकेलीदिइन् । राजकुमारीले आत्तिदै भनिन् तिमी भित्र जाऊ मैले चुक्कुलर लाइदिन्छु, बुवा बगैंचा हेरेर बाहिर जानुहुन्छ मैले चुक्कुल खोल्दिन्छु अनि तिमी बाहिर जाउला भनेर चुक्कुल लगाइदिइन् । राजकुमारलाई शौचालयमा थुनेपछि राजकुमारी आफ्ना बुवासँग बगैंचामा घुम्न लागिन् । राजाले सबै ठिक छ नि छोरी बगैंचामा कोही घुमेको त छैन नी ? भन्दै कुरा गर्दै सबै बगैंचा घुमे । उता छोरीलाई बुवाबाट कतिखेर छुट्नपाउछु र राजकुमारको चुक्कुल खोल्दिन्छु भन्ने मनमा छ बाहिर बोल्न भएन । के गरुन पिताजीको पछि पछि लाएकी छन् दायाँबायाँ हेरेकी छन् केही उपाय लाएन पछिपछि हिड्दा हिड्दा साँझ पर्न लाग्यो । हिँड्दाहिँड्दै द्वारमा पुगेपछि राजाले छोरी अब साँझमा त कोही चोरसोर आउँदैन अब घरमा जाम भोली बिहान आम्ला भनेछन् । राजकमारी आफ्ना पितासँग केही बोल्ने आँट गरिनन् । राजाले द्वारमा चापी लाए र छोरीलाई लिएर घर गए । उता राजकुमार शौचालयमा थुनिएर बसेका छन् । लौन राजकुमारी कतिखेर आएर चुक्कुल खोल्दिन्छौ भन्दै छट्पट्टिदै शौचालयमा बसेका छन् । राजाले छोरीलाई आफूसँगै घर लएका थिए केरे ।

अर्कोदिन गाउँमा एउटा घटना घटेछ । घटना घटेपछि राजकुमारी पनि बगैंचामा जान पाइनन् । राजा पनि गएनन् कोही सैनिकहरू पनि गएनन् । राजकुमार भोकै शौचालयमा छन् । खान पनि छैन रुदैरुदै मलाई के दशा लायो भन्दै शौचालयमा बसेका छन् । तेस्रो दिन राजकुमारीले पिताजी ! आज म बगैंचा कुर्न जान्छु भनेर गइन् । राजकुमारीले मैले ठुलो पाप गरे राजकुमार शौचालयमा छन् कि छैनन् भन्दै आत्तिदै चुक्कुल खोलिन् । चुक्कुल खोल्दा राजकुमार त अत्यन्त लहसिएका पेहेलै भाका खानापन छैन् त्यो दुर्गन्धित ठाउँमा उनको अवस्था निकै नाजुक भएको रैछ । राजकुमार बाहिर निस्केपछि राजकुमारीले मैले हजुरलाई ठूलो पाप गरे अब के सेवा गरम ? बगैचाका फलहरू के मन पर्छ टिप्नु खानु राजकुमार भनिछन् । राजकुमारीको कुरा सुनेपछि राजकुमारले एकपटक राम्रोको पछि लाग्दा म तीनदिन शौचालयमा थुनिन पऱ्यो भने अझ राम्रा राम्रा फलको पछाडी लागे भनी मेरो त बर्सौ जेलमा जान्छ भनेछन् । ओ हो यसरी मायाको पछि लाग्यो भने रूपको पछि लाग्यो भने दुःख पाइन्छ भनेर राजकुमार त्यहाँ बाट भागेछन् । राजकुमार भागेपछि राजकुमारीले पनि मेरो भाग्यमा नभएको भएर त होला नि भनेर चित्त बुझाइन् अरे ।

सुन्नेलाई सुनको माला  
भन्नेलाई फूलको माला  
मेरो कथा बैकुण्ठमा जाला  
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** नेत्रप्रसाद पराजुली  
**उमेर :** ३९  
**स्थान :** वालिङ नगरपालिका ८

## १३. राजारानी

एकादेशमा राजा हुनुहुँदो रहिछ । राजाले बिहा गर्नु भएछ । पहिलो बिहा गर्दा सन्तान भएन । दोस्रो बिहा गर्दा सन्तान भएन । तेस्रो बिहा गर्नुभएछ । तेस्रो बिहा गर्दा नि सन्तान भएनन् । चौथो बिहा गर्नु भएछ । चौथो बिहा गर्दा पनि सन्तान नभएर हेराउनु जानुभएछ । हेराउन जाँदाखेरि ज्योतिषिले “हेर्नुस् राजा हजुरले लुसी, दुःख पाउनीकी छोरी, केही नजान्ने, बोलि मात्र फुटेकी लेहा लेहिता गर्नुस् र हजुरलाई सन्तान रहन्छ” भन्नु भएछ । राजाले “हुन्छ” भनेर घर आउनुभएछ र आफैसुखी गएर दुःख पाउनीकी छोरी लुसी लेहा गरेर आउनुभएछ । आएपछि लुसी गर्भष्टिया भइछन् । सौताहरूले “ए राजा हेर्नुस् त ! हजुरकी लुसीको त अर्कै छ है छन्न जान्नुभाछ नै हजुरले” भनेर भन्दा “मलाई के थाहा मैले बेहोरेकै छैन महिलाहरूलाई थाहा हुने कुरा” भनेर राजाले भन्दा हजुरकी लुसी त अर्कै छन्न भएर हिडेइछन् है अब धेरै काम गराउन पनि नहुने हो केरे हजुरलेइ जान्ने हो हजुरलेइ माया गर्न परो हामीलाई त के खाँचो भर हजुरलेइ ल्याको पनि भनेर सौताहरूले भन्दा खेरी राजाले हाल सकेको गरेइ छ केरे तिमीहरूले पनि अन्यथा नगरओ भनेर भन्नु भएछ । दुःख पाउनी की छोरी भनेर घोडाको लादी सोराए सौताहरू ठमरभ्रुम भएर यता र उता गर्ने, उनलाई घोडाको लादी सोराउनी गरेर राखेको गर्भ छिप्पिँदै छिप्पिँदै महिना पुगदै जाँदा खेरी दस महिना लागेछ । दस महिना लाग्दा राजाले भन्नुभएछ अब सौताहरूलाई त यसले सन्तान पाउनी भई भनेर रिस डाहा मात्रै छ । तिमीलाई महिना लागे म शिाखर खेल्न जान्छु । मैले मनिखाबामा घण्ट राख्याछु, तिम्लाई व्यथा लायो भने यो घण्ट बजाइदिए मैले बन्दुक ताक्दा पनि घण्टको आवाज सुने भनेँ पनि म फर्केर आउँछु भनेर राजा जानुभएछ ।

राजा गएपछि लुसीले यो बाहुनको मप्रति कत्तिको माया रैछ विचार गर्न परो भनेर घण्टा बजाइछन् । राजा जङ्गलमा पुग्नु मात्र थियो घण्टको आवाज आयो । राजाले ओहो ! लुसीलाई त व्यथा पो लाग्यो कि ? के हो भनेर घर आउनुभएछ । राजा जाँदाखेरी त घरभित्र बढारेकी अरे । वहाँ राजाले मृग मार्न भनेर बन्दुक ताकेको बेलामा फ्यात्त छोडेर आउनुभएछ र “खोइ त के भयो तिमीलाई ? कसेर लाएर बसेइछौ” भन्दाखेरि लुसीले हजुरको माया कत्तिको रैछ म माथि कत्तिको माया गर्नुभाछ मैले कसैको माया पाइछैन भनेर हजुरको विचार गरेको हो भनेर भनिछन् । त्यस्तो बोल्न नजानेकीले पनि त्यति भनिछन् । अनि राजाले अब तिमीलाई जति नै व्यथा लागे पनि म आउने छैन । मलाई यस्तो धोका दिएपछि मैले सिकार लिएर आउँथैँ भनेर राजा जानुभएछ । राजा गएर मृग मार्नुभएछ उनलाई व्यथा लाएछ । उचालिने पछारिने दुनियाँ गरिछन् । सौताहरू आएछन् र हेरिरहेछन् । हेर्दा खेरी जुम्ल्याहा छोरा र छोरी पाइछन् । सौताहरूले बच्चा पासी हेर्न हुन्न मुख ढाक्न पर्छ भनेर भ्याप्प पछ्यौराले मुख ढाकिदिएछन् । दुईटी सौताहरू सुत्केरीलाई समाएर बसेछन्, दुईटीले बच्चा लगेर भुसमा पुरिदिएछन् र मसला पिस्ने लोहोरो सिलौटो ल्याएर रगत लगाइदिएर अगाडि राखिदिएछन् र समाए भैँ गरेर बसेछन् ।

बस्दै गर्दा राजा आउनुभएछ र हेर्दा हेर्नुस् अरूका दुलहीले त मान्छे पाउँछन् के रे हजुरकी दुलहीले त लोहोरो र सिलौटो पाइछन् ल हेर्नुस् आएर केकानै भन्नु भा थियो केरे एक आना पनि भएन भनेर सौताहरूले भनेछन् । राजाले ओहो ! मलाई यस्तो भएर नि छोराछोरी नलेखेको भनेर राजा चखुहार बसेछन् । ती दुईटी बच्चा पुरेका रानीहरूले त्यो बच्चा लिएर गएछन् र बाटामुनि र बाटामाथि खाल्डो खनेर पुरेछन् र तिनीहरू नुहाइधुवाइ गरेर पानी लिएर आएछन् । घर आउँदा राजाले कहाँ गएका थियौ तिमीहरू ? भन्दा पानी लिन भनेर भनेछन् । राजाले यो पनि त जानुपर्‍यो नि सुत्केरीसित छोइएकाले मलाई पकाएर खान दिन हुन्न भनेछन् । अनि अरू दुईटी पनि सुत्केरी छोडेर नुहाउन गएछन् । राजाले र सौताहरूले सुत्केरीलाई खान नि दिएनछन् । राजा चखुबार बस्ने नउलाई घोडाको लादी सोर्न पठाउनी बारजित पनि नगरी हेला गर्नसम्म गरेछन् ।

एक वर्ष बितेपछि राजाले “मैले वर पिपललाई पचिष्ठा (पूजा) गर्छु मलाई छोरा छोरी भएनन् के पाप गरेछु मैले यस्ता लोहोरो र सिलौटो पाएँ” भने । राजाले रानीहरूलाई फूल टिप्न जाओ पँधेरा मास्तिर बाटामुनि बाटामाथि केबलको फूल छ त्यो केबलको फूल टिपेर लिएर आओ भनेर पठाए । राजाले प्रचिष्ठा गर्ने भनेर राजाका जनताहरू सबै बाजा बजाएर आएछन् । घरभरि नौमती बाजा बजाएछन् । पहिला जेठी रानीलाई सोली बोकेर फूल टिप्न पठाएछन्, सोली बोकेर फूल लिन गएको देखेर बहिनीले भनिछ “ए दाजि दाजि ! हामीलाई मार्ने आमा आउनुभा छ तल भुइँमा झरेको फूल पनि कुहिएर जाउस् तल तल झरेका हाँगा पनि माथि माथि आउस् है” दाजी भनेर बहिनीले भनिछ । हुन्छ भनेछ दाजुले रानी रित्तै सोली लिएर गइछन् । रानीले अन्त फूल छैन फूल टिप्न सकिएन भनिछन् । त्यसपछि माइली पठाएछन् । माइली आउँदा पनि बहिनीले “ए दाजि दाजि ! हामीलाई मार्ने आमा आउनुभा छ तल भुइँमा झरेको फूल पनि कुहिएर जाउस् तल तल झरेका हाँगा पनि माथि माथि आउस् है” दाजी भनेर भनिछन् । दाजुले हुन्छ भन्दा सबै हाँगा माथि गएछन् र माइली पनि रित्तो सोली लिएर गइछन् । साइँली पठाएछन् साइँली आमा आउँदा पनि बहिनीले भनिछन् “ए दाजि दाजि ! हामीलाई मार्ने आमा भाउनुभा छ तल भुइँमा झरेको फूल पनि कुहिएर जाउस् तल तल झरेका हाँगा पनि माथि माथि आउस् है” दाजी भन्दा दाजीले हस् भन्दा हाँगा माथि माथि गएछन् र साइँली पनि रित्तो सोली लिएर गइछन् । काइँलीलाई फूल टिप्न पठाएछन् । काइँलीलाई पनि त्यसै भनेछन् र रित्तै फर्किछन् ।

चारवटी नै फूल नलिई रित्तै आएछन् । रित्तै आएपछि राजाले मलाई पचिष्ठा (पूजा) गर्न नै नलेखेको त होलानी कसैले फूल ल्याउन सकेनन् । यत्रा निम्तालुहरू बोलाछु । यत्रा मान्छेहरू छन् बाजा बजेको छ । अब कसो गर्ने त ! यही घोडाको लादी सोर्ने लुसीलाई पठाएर विचार गर्न पर्‍यो भनेर ए लुसी यो सोली बोकेर गएर फूल लिएर आइज भनेर राजाले भन्नुभएछ । सोली बोकेर लुसी फूल टिप्न गइछन् । आफ्नी आमालाई देखेर बहिनीले भनिछन् “ए दाजि दाजि ! हामीलाई जन्मदिने आमा आउनुभयो तल भुइँमा झरेको फूल

पनि फक्रिएर जाउस माथि माथिका हाँगा पनि तल तल झरेर हाम्री आमाले फूल लिएर जान पाउन है दाजी" भनेर बहिनीले भनिछन् । दाजुले हुन्छ भन्दा बित्तिकै फूलका बुटा त भुइँमा नै भएछन् । भुइँमा झरेका फूल पनि फक्रिएछन् र तिनले सोलीभरि फूल लिएर गइछन् ।

राजाले तिमीहरूले सकेनौ केरे लुसीले बरु यत्रो फूल लिएर आएर मैले प्रचिष्ठा गर्न पाउने भएँ मेरो शुद्धि पूरा हुने भयो भनेर खुशी भएछन् । बाजा बजाएर प्रचिष्ठा गरेछन् । चौपारीमा मूर्ति लगेर बत्ती बालेर काठका लिङ्गा गाढेर फूल माला भरेर बिपत्तासँग प्रचिष्ठा गरेछन् र घर आएछन् । निम्तालुहरू सबै खाना खाएर घर गएछन् । राजाले भोजन लिने बेलामा कोट लाएर भान्सामा गएछन् । चौका माथि बसेर खाना खाने बेला दुईटा फूलका थुङ्गा दुईपट्टि कोटको गोजिमा राखेका रहेछन् । पहिलो देब्रे पट्टिको खल्तिमा चलेछ के चल्छ नाइँ भन्दै खाना खाएछन् । फेरि दाहिने खल्तिमा चलेछ के चल्छ नाइँ मैले त खल्तिमा फूलको थुङ्गा राखेको हो भनेछन् । चलिराखेपछि देब्रे खल्तिमा हेरेछन् हेर्दा खेरी त नानी अरे । ए ! कहाँबाट आएऊ तिमी भन्दा म हजुरको खल्तिमा थिएँ भनेर भनिछन् । त्यसपछि अर्को खल्तिमा हेर्दा खेरी छोरा निस्किसकेछन् । तिमीहरू कहाँबाट आयौ ? कहाँ थियौ ? तिमीहरू को हौ ? यो केआश्चर्य भयो ? राजा मलाई प्रचिष्ठाले कति फलिफाप भयो भनेर खुशी भए ।

छोरा र छोरी दुईटैलाई काखमा राखेर सोधे । छोराछोरीले बुबा हामीलाई सौतेनी आमाहरूले भुसमा पुरेर एउटालाई पँधेरा माथि र अर्कोलाई पँधेरा मुनि गराएर पुर्नुभयो । हामी त्यही बसेम वर्ष बित्यो । बुवा हामीलाई कसैले खोजी गरेन । हजुरले प्रचिष्ठा गर्ने हुनुभयो । हामी केबलका फूल भएर निस्केम । सौतेनी आमाहरूलाई फूल टिप्न पठाउनुभयो । जेठी आमा फूल टिप्न जाँदा मैले दाजि हामीलाई मार्ने आमा आउनुभयो तल झरेका फूल पनि कुहिएर जाउस् तल तलका हाँगा पनि माथि माथि आओस् भनेर फूल ल्याउन दिएनम । त्यसै गरी माइली आमा आउनुभयो माइली आमालाई पनि दाजि दाजि हामीलाई मार्ने आमा आउनुभयो तल झरेका फूल पनि कुहिएर जाउस् तल तलका हाँगा पनि माथि माथि आओस् भनेर रित्तै फर्किनुभयो । साइँली र काइँली आमालाई पनि त्यही भनेर फूल दिएनम रित्तै फर्किनु भयो । अनि हामीलाई जन्म दिने आमा पठाउनु भयो दाजी त बोल्नु भाथेन म बोलेर दाजी हामीलाई जन्म दिने आमा आउनुभयो भुइँमा झरेका फूल पनि फत्रिएर जाओस् माथि माथिका हाँगा पनि तल झरेर हाम्री आमाले फूल लैजान पाउन है भनेर म बोले । दाजीले हुन्छ भनेर भन्नुभयो र आमाले सोलीमा फूल लिएर आउनुभयो ।

त्यसपछि हजुरहरूले बाजा बजाएर राम्रोसँग कार्य गर्नुभयो । सबै जनताहरूलाई बोलाउनुभयो सबैजना आएर जानुभयो । बाजागाजा सबै बजे हामीलाई सबै थाहा छ बुवा । सबैजना गएपछि हजुरले भोजन लिने बेलामा भान्सामा जाँदा खल्तिमा एक एक थुङ्गा फूल हालेर जानुभयो । धन्न हाल्नुभएछ बुवा हामी त हजुरकै कोखमा बास लिन आको सौतेनी आमाहरूले हामीलाई पाखा पारेका थिए । हजुरले खल्तिमा फूल राख्नाले हामी फेरि

हजुरथिम आउन पाइयो भनेर छोरीले भनिछन् । हजुरहरूले हाम्री आमालाई कति हेला गर्नुभयो ? किन हेला गरेको हाम्री आमालाई ? हजुरहरूले हेला गरे पनि हाम्री आमाको किस्मत दरो रहिछ । हामी मरेर पनि फेरि जन्म लिएम । छोरीले कति सङ्घर्ष गरेर हजुरकै कोखमा, साथमा आइयो बुवा भनेर भनिन् । छोरीको कुरा सुनेपछि राजाले चारवटी रानीका नाक कान काटेर घरबाट लखेटेछन् । राजाले लुसी रानीलाई घरबार राज्य दिएर छोराछोरी हुर्काएर बसे । सबैले राजाको अपुताली भएनन् छोराछोरी जन्मेनन् भनेका थिए । राजा रानीलाई महलमा राखेर छोराछोरीसँग खुशी साथ बस्थे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** श्यामकान्ति देवकोटा
**उमेर :** ६९ वर्ष
**स्थान :** चापाकोट नगरपालिका-९

## १४. रानीको मनको भुटेसो

एकादेशमा एउटा राजाका दुईटा सानासाना छोराहरू रैछन् । राजा शिखार खेल्न जङ्गल गएछन् । रानी पनि राजासँगै जङ्गलमा पात टिप्न गइछन् । पात टिप्न जाँदाखेरि एउटा गौथलाकी दुलही गौधली मरिछ र गौथलाले अर्को गौथली ल्याएछ । त्यो गुँडमा भाका दुइटा बच्चालाई त्यो गौथलीले तलतिर फालिछ । गौथलीले फालेको बच्चा ती रानीले भेटिछन् । गौथलीले फालेको बच्चा भेटेपछि रानीले ओखो मपनि मरे भनि मेरा छोरालाई यस्तै होला भनेर चिन्ता गरेर त्यही टाउको दुखेर सन्चो नभएर पात टिप्न नसकेर घर गइछन् । त्यसपछि रानी बिरामी भइछन् ज्वरो आएछ । राजा आएछन् के भो ? तिम्लाई भन्दा मलाई यस्तो यस्तो भयो भनेर रानीले सुनाइछन् । अनि राजाले त्यस्तो पनि हुन सक्छ मैले त तिमी मरे नी बिहा गर्दिन कहाँ त्यस्तो हुन्छ भनेर भनेछन् । रानी भनि त्यही पिर लिँदा लिँदा रोग लागेर केही समयपछि बितिन् ।

राजाले तेह्र दिन पुगेपछि बिहा गरेछन् । रानी मरेपछि तिनको दुईटा छोराहरूलाई त सौतेनी आमाले त्यस्तै गराएर खान नदिने पिट्ने गर्दी रैछ । ति सानासाना केटा बस्न नसकेर घर छोडेर हिँडेछन् । तिनीहरू हिँड्दा हिँड्दै हिँड्दा हिँड्दै एउटा अर्को राजाकहाँ गएर बास बसेछन् । साझ खाना खाएछन् र सुतेछन् । विहान उठेर खाना खाएछन् हिँड्न लाएछन् । त्यहाँका राजाले सबैकुरा सोधेछन् तिमीहरू को हौ ? किन हिँड्यौ ? के भयो ? कसो भयो ? भनेर राजाले भन्दाखेरी तिनिहरूले सबै कुरा राजालाई बताएछन् । राजालाई दया लाएछ र एउटा बेलको दाना दिएछन् र भनेछन् यो बेल लिएर जाओ पानी नभाको ठाउँमा नफोर पानी भाको ठाउँमा फोर भनेर एउटा बेल दिएछन् । त्यो बेल लिएर गएछन् भाइले दाइ मलाई भोक लाग्यो बेल फोरम न दाइ मलाई भोक लाग्यो बेल फोरम न भनिरहेछ । बेल फोरेछन् बेल फोर्दा खेरि त राजकुमारी उत्पत्ती भइछन् । त्यही बेल भित्रबाट पानी पानी भनेर राजकुमारी मरिछन् । दाजुभाई लउ यस्तो के भयो बर्बाद भयो भनेर फेरि राजा कहाँ गएछन् । अनि हामी त लोटेर बेल फुट्यो यस्तो यस्तो भयो भनेर सुनाएछन् । राजाले अर्को बेल दिएछन् राम्रोसँग जाओ पानी भाको ठाउँमा फोर भनेर पठाएछन् । बेल लिएर गएर पानी भएको ठाउँमा एउटा पँधेरोमा पुगेर फोरेछन् । फोर्ने बित्तिकै राजकुमारीको उत्पत्ति भएछ पानी खुवाएछन् राजकुमारी बाँचिछन् ।

त्यो पँधेरोमा बडेमानको रूख रैछ । अनि उनीहरूले बिहा नगरी त तिम्लाई लिएर जान भएन हामी घर जान्छम तिमी यो रूखमा बस भनेर रूखमा बस्न पठाएर राजकुमारहरू घर गएछन् । पँधेरामा एउटा चमारेकी कमारी घैटो लिएर पानी लिन गाइरैछ । घैटो डुबाउदा खेरी तलतिर राजकुमारीको छाया देखेर ए ! मेरो छाया यती राम्रो म यती राम्री रहिछु भनेर म पानी बोक्दीन भनिछ र घैटो थिचथाच गरेर फोरेर घर गइछ । अर्को दिन फेरि गाग्री लिएर पठाएछन् । गाग्री लिएर आइछ र पानीमा डुबाउदा खेरीमा राजकुमारीको छाया देखेर म यस्ती राम्रीले पनि कहाँ पानी बोक्दाम भनेर गाग्रीलाई ढुङ्गाले

थिचिछ । घरकाले यसलाई त छालाको थैली सिउन पऱ्यो भनेर छालाको थैलो सिलार दिएछन् । छालाको थैलोमा पानी भर्दा पनि छाया देखिछ । त्यस्तै रिसले ढुङ्गाले थिच्न थालिछ अरे । त्यो छालालाई ढुङ्गाले थिचेको देखेर राजकुमारीलाई हाँसो लाएछ मलाई त रिस उठ्याछ छाँया किन हाँस्छ भनेर मास्तिर हेर्दा खेरिमा राजकुमारीलाई देखेर ए यस्ले पो हैछ यस्तो गराको भनेर रूखमा चढेर राजकुमारीलाई खोरत्त तल झारेर राजकुमारीले लाको कपडा आफूले लाएर गएर त्यो रूखमा बसिछ । त्यो काली न काली रैछ एउटा आँखो नभाकी रैछ राजकुमारीलाई डेचेर कुवामा फाल्दिछ राजकुमारी त्यही मरिछन् आफू गर रूखमा बसिछ ।

राजकुमारी रानी चरी भर जन्म लिएको हैछ । केहि समय पछि राजकुमार राजकुमारीलाई बिहा गर्न आएछन् र रूखबाट झर्न पठाएछन् । त्यो सर्किनी झरिछ अनि राजकुमारले तिमी त गोरी थियौ यस्ती काली कसरी भयौ त्यो सर्किनीले उ त्यो डाँडामा डडेउलो ला थियो त्यही धुवाँले काली भाकी हुम भनिछ । आँखो के भयो त आँखा त थियो नि तिम्रो त अहिले त एउटा आँखो छैन भन्दा कौवाले लइदियो भनिछ । राजकुमारले बिहा गरेर लिएर गएछन् । बिहा गरेर लैजादा बाटोमा त्यो रानी चरी डोलाको नजिक गएर राजाकी रानी कुवा भरि चमाराकी कमारी डोला भरि भन्दै फुरूक फुरूक गर्दै चरो हिडिरहेछ । के भन्यो यो चराले भनेछन् अरूले चाँडो दुलही लैजाओ भन्याछ के भन्नि हो भन्दिरैछ त्यो सर्किनीले । उल्लाई लए भित्र्याए क्यारे अर्को दिन राजा शिखार खेल्न जङ्गल गएछन् । जाँदा खेरिमा त्यो रानी चरि मलाई हानेर मार्नुस भनेर बोलेछ । राजकुमारले पशुवाक्य बुझ्थे अरे त्यो चरालाई गोली हानेर मारेछन् । त्यसपछि राजकुमारी त्यहि उत्पत्ति भइछन् र राजालाई यस्तो यस्तो भाको भनेर सबै कुरा भनेपछि त्यहाँबाट राजकुमारीलाई घर लिएर गएर सर्किनीलाई निकासा गरेर राजा रानी भएर बस्थे अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** कुबिजा भट्टराई
**उमेर :** ६६
**स्थान :** चापाकोट नगरपालिका ९

## १५. राक्षसकी छोरी र बाहुनकी छोरी

एकादेशमा राजाले दुई बिहे गरेका अरे । एउटी बाहुनकी छोरी एउटी राक्षसकी छोरी । राक्षसकी छोरीले छोराछोरी पाइरहिन्छन् । बाहुनकी छोरीले छोराछोरी पाइरहिछन् । आफ्नो छोराछोरी नभासी राक्षसकी छोरी डाढीइछ र बाहुनी रानीका आँखा झिकिछ र माइत पठाउने सोचिछ । अनि ल राजा महाराज यसलाई राख्न हुन्न वन पठाइदिनुस भनिछ । राजाले राक्षसनी रानीको कुरा सुनेपछि आमाछोरा दुइटैलाई वन पठाएछन् । वन पठाएपछि छोराले कन्दमुल देखाउने आमाले खन्ने खाने गरेर दिन बिताएका रैछन् । हुँदा हुँदै दस पन्ध्र दिन कट्यो यिनीहरूको । अब त पक्कै पनि मरे भनेर आफ्नो घरमा बस्ने सिपाहीलाई वनमा हेर्न पठाएछन् । सिपाही वनमा गएछ । वनमा जाँदा खेरी त उनीहरू आमा छोरा ज्युँदै । दरबारमा आएर सिपाहीले होइन महाराज छोराले कन्दमुल देखाउने आमाले खन्ने गरेर खाएका छन् । उनीहरू त वनमा ठीकै छन् भनेर खबर पुर्‍याएछन् । सिपाहीको कुरा सुनेर राक्षसकी छोरीलाई त रिस उठ्यो के रे । अब म यसको छोरालाई मेरा माइत पठाउन पर्‍यो भनि । छोरालाई मात्र बोलाइछ र एउटा चिठी दिएर आफ्नो माइत पठाइछ ।

चिठीमा राक्षसनीले आमा यो सौताको छोरो हो जानी बित्तिकै यसलाई खाइदिनु भनेर लेखेकी रैछ अरे । छोरो चिठी लिएर जाँदा बाटोमा थकाइ लाग्यो भनेर चौतारीमा बसेछ । बस्दाखेरी ऋषि भगवान् आउनुभएछ अरे । आएपछि बाबु तिम्रो साथमा के छ भन्दा खेरी मेरो साथमा केही पनि छैन भनिरहेछ । केही न केही त छ भन्दा खेरी एउटा चिठी छ भनेछ । चिठी छ भनेपछि लेऊ हेरम त के रहिछ भन्दा नाई हुन्न मलाई आमाले गाली गर्नुहुन्छ । कसैलाई नदिन भन्नु भाछ भनेछ । ऋषि भगवान्ले लेऊ न लेऊ म जस्ताको तस्तै बनाइदिन्छु भन्नुभएछ । चिठी दिएछ र ऋषि भगवान्ले हेर्दा त यो मेरो सौताको छोरो हो । जानी बित्तिकै खाइदिनु भनेर लेखेकी रैछ । ऋषिले आँफै त्यो चिठी च्यातेर अर्को लेख्नुभएछ । आमा मेरो यत्ति एउटा छोरो हो । मामाकहाँ जान्छु जान्छु भनेर दुःख दिएर मैले पठाए । एकदम राम्रो सुरक्षासित राखेर पठाइदिनु होला भनेर ऋषि भगवान्ले लेखिदिनुभएछ दिनुभएछ ।

चिठी लिएर ती बाबु गएछन् । जानी बेलामा तिमी मामाघर पुगेपछि जोजो हजुरआमा भन है भनेर ऋषि भगवान्ले सिकाउनुभएछ । त्यो बाबुले जाने बित्तिकै जोजो हजुरआमा भनेछ अरे । मेरो नाती यत्रो भाको यत्रो वर्ष नआउने भनेर मसार मुसार पारेर भित्र बोलाइछ । हजुरआमाले अब मामा आउने बेला भाछ बाबु तिमीले मामालाई पनि जो जो मामा भन है भनिछ । हस हजुरआमा भनेछ । मामा आउने बेला भएछ । घाटबाट राक्षस त मसान खोज्दै हिड्नपर्‍यो । आएपछि जो जो मामा भनेछ । वनका आहार घरै मुसी मुसी गन्ध भनेछ अरे । मामाले बास्ना मिठो भयो नि मान्छेको त भनेछ । मेरो भान्जा यत्रा भाका कहिल्यै नआउने भनेर मामाले पनि मस्यार मुसुर गरेर राख्यो । मामाले पनि अब माइजु आउने बेला भाछ जो जो माइजु भन है भनेछ । फेरि माइजुले पनि वनका आहार घरै मुसी

मुसी गन्ध भनिछ । फेरि पनि जो जो माइजु भनेछ । ए ! भान्जा यत्रा भाका भनेर माया गरिछ अरे । बेलुका खानपिन गरेर सबैजना सुतेछन् ।

भोलिपल्ट आगो निभेछ अरे । तल मामा माइजु त घाटमा गइसके । बाबु तिमी यही बस आगो निभेछ म आगो लिन जान्छु भनेर हजुरआमाले भनिछन् । त्यो बाबुले म पनि जान्छु भनेर बस्न मानेनछ र गएछ । जाँदा त एउटा कोठामा आँखै आँखा अरे । अनि त्यो बाबुले आमा यो कसका आँखा हो ? भनेछ हजुरआमाले पनि बाबु यो तिम्रो अर्की आमाको आँखा त होनी भनिछ । यो आँखा कसरी निस्कन्छ ? हजुरआमा ! भन्दा फटक भने निस्कन्छ । सटक भने लाइन्छ भनेर सिकाइछ । त्यो बाबुको आफ्नी आमाको त आँखा छैनन । फेरी अर्को कोठामा गएछन् अर्को कोठामा हेर्दा खेरी भुड्कै भुड्का भुड्कै भुड्का अरे । तिनीहरू पौने (प्राण भएका) भुड्का रैछन् । त्यो बाबुले हजुरआमा यो कसको भुड्का हो नि ? भनेर सोधेछ । हजुरआमाले बाबु यो भुड्का नफटुन्जेल कसैले केही गर्न सक्दैन फुट्यो भनि मरिन्छ भनि अरे । दुवैजना माथि गएछन् । माथि जाँदा खेरी आगो, सोह्र सय गाई, मोती फल्ने खेत रैछ । बाबुले फेरी हजुरआमा यो के गर्ने हो नि ? भनेर सोधेछ । हजुरआमाले बाबु कही जान पऱ्यो भने सोह्र सय गाई मोती फल्ने खेत हो भने फल्ना ठाउँमा जाम भन्दा जान्छ बाबु नत्र कही जान्न भनिछ ।

अर्को दिन त्यो केटाले हजुरआमाले भने जस्तै गरि पहिला हजुरआमाको भुड्को घुमाएर फुटाएछ अनि हजुरआमा मरिछ । त्यसपछि मामाको पनि त्यस्तै गरेर घुमाएर फुटाएछ मामा पनि मरेछ । माइजुको पनि अनेक गरेर घुमाएर फुटाएछ अनि माइजु पनि मरिछ । त्यसपछि माथि गएछ र सोह्र सय गाई मोती फल्ने खेत हो भने वृन्दा वनमा जाइलाग भनेछ र सरररर उडेर वृन्दा बनमा गएछ । उडेर आमा भएको ठाउँमा गएर सटक भनेर आमाको आँखा लाइदिएछ । आँखा लाएपछि आमा खुशी भइछन् । आमा छोरा काम गर्ने सुसारे राखेर बन्दोबस्तसँग बसेछन् ।

एकदिन राक्षनीले अब त केटो पनि सौता पनि मरे होला भनेर दरबारका मान्छेलाई बुज्न पठाइछ । दरबारका मान्छे बुझ्न जाँदा बिपत्ताको ठुलो दरबार मोती फल्ने खेत, सोह्र सय गाई देखेर त छक्क परेर गएछन् । खबर बुज्न गएका मान्छेले त ए ! महाराज यहाँ त के छ र त्यहाँ त यहाँ भन्दा रमाइलो छ बिपत्ताको दरबार, मोती फल्ने खेत, सोह्र सय गाई, महारानीका नी आँखा, राजा उस्तै राम्रा, सुसार गर्ने पाले उस्तै यहाँ त के छ र भनेर खबर पुऱ्याएछन् । सबै खबर सुनेपछि राक्षनी डाहाले जलिछ । अर्कोदिन राक्षनीले म पनि तिनीहरूलाई भेट्न जान्छु भनेर गइछ अरे । राक्षनी आमा आएको थाहा पाएर छोराले पौने भुड्को फननन् घुमाइदिएछ । राक्षनी बाटोमै मरिछ त्यसपछि राजारानी छोरा सबै भएर खुशीसाथ बसे अरे ।

**स्रोत व्यक्ति :** तारा पंगेनी
**उमेर :** ५७
**स्थान :** चापाकोट नगरपालिका १०

## १६. लाटो पलायो बाठो हरायो

एकादेशमा तीन जना दाजुभाइ रैछन् । दुईटा अलि टाठाबाठा रैछन् । कान्छो चाहिँ अलि सिधा रैछ । दाजुभाइ नमिल्ने रैछन् । टाठाबाठा दाजुहरूले कान्छोलाई यो कान्छो काम पनि नगर्ने बसेर खान्छ बरु हामी यसलाई पाल्न भन्दा त छुट्टिम भनेछन् । जेठो र माइलो बाठा भए केरे सद्धे सद्धे आफूहरूले लिएछन् र कान्छालाई भने फालिएको काम नलाग्ने पखेरो दिएछन् । एकदिन कान्छो त्यसै काम नपाएर हिँडिराको रैछ । हिड्दा हिड्दै रात परेछ अनि राति जमिनमा बस्न डराएछ र रूखमा चढेर बसेछ । रातीमा भूतहरूले बोरामा पैसा बोकेर त्यही रूखको फेदमा बास बसेछन् । उज्यालो भएपछि भूतहरू जाँदा रैछन् तर त्यो रूखमा बसेको मान्छेले उज्यालो हुन लाग्दा रूख बेस्सरी हल्लाइदिएछ । अचानक रूख हल्लिएपछि फेदमा बसेका भूतहरू डराएछन् र पैसाको बोरा त्यही छोडेर भागेछन् । भूतहरू भागेपछि तल झरेर बोरामा भएको पैसा लिएर घर गएछ । घर पुगेपछि बुढीलाई "जा ! त भाउजुकहाँ गएर पाथी लिएर आइज त भनेर पाथी लिन पठाएछ । भाउजुले पाथी लिन आएपछि के नाप्न हैछ पाथी माग्न आको भनेर पाथीको पिँधमा चोप लगार दिइछ ।

पाथी लिएर घर आइछ र बुढाबुढीले मिलेर पैसा नापेछन् । बोरामा भएका पैसा सबै सुनका पैसा रैछन् । नाप्दा एउटा पैसा पाथीको पिँधमा परेछ । बुढाबुढीले पाथी नहेरी कनै बुझाएछन् । अर्को दिन पाथी हेरेको त पिँधमा सुनको पैसो पो छ । दाजु भाउजु यो सँग सुनको पैसा कसरी भयो भनेर छक्क परे । तैपनि एकफेर सोध्न पऱ्यो भनेर सोचेछन् र सोधेछन् । सोध्दा खेरी म हिँड्दै थिए रात परेपछि रूखमा बास बसे भूतहरूले पैसा लिएर हिँड्यारैछन् । मैले बुटोमा बसेर चिच्याएको उनिहरू डराए र बोरा छोडेर हिँडे । मैले ती पैसा लिएर आए भनेर भनेछ । त्यसपछि दाजुहरू घरबाट निस्केछन् । रातभरी हिँडेछन् कतै केही पनि पाएनछन् र घर फर्केर आएछन् । कान्छो त सोझो थियो कसरी धनि भयो सुनको पैसा पाथीले नै नापेपछि त यो हामी भन्दा धेरै ठुलो मान्छे भयो अब यल्लाई केही गर्न पऱ्यो भन्ने सोचे । दाजुहरूले यसको घर सर सबै जलाइदिन पऱ्यो भनेछन् र एकदिन भाइ नभएको बेलामा गएर घरमा आगो लाइदिएछन् । भाइ घर आँउदा खेरि त घर जलेर खरानी भाको रैछ ।

दाजुहरूले घरमा कल्ले आगो लायो सोध्ने कुरो भएन सबै चुपचाप बसे । भाइले फेरि जुक्ति सोचेछ र अर्को दिन बोरामा खरानी लिएर हिँडेछ । त्यो खरानीको बोरा बोकेर नदीमा पुगेछ र डुङ्गामा बसेछ । डुङ्गा चलाउने मान्छेलाई यो बोरामा एउटा थोपो पानी नी पर्न हुदैन नि भनेछ । माझीले हुन्छ म पानी नपारी तार्छु भनेर डुङ्गा चलाउदा खेरि कसो गर्दा पानी परेछ । त्यसपछि लौ मेरो त बरबादै भयो म लुटिए खत्तम भए यहाँ कति कति पैसो पर्ने सामान थियो । तिमीलाई पानी नपार भनेको पानी पारेउ अब खत्तम भयो सबै खरानी भयो भाइ भन्दै रून थालेछ । डुङ्गा चलाउने माझीले भनेछ तिमी नरोउ तिम्रो यहाँ जति सम्पति थियो त्यति पैसो आउने गहनाहरू मैले दिन्छु भन्यो । उसले माझीले गहना

दिन्छु भनेपछि त्यो सबै खरानी नदीमा फाल्दियो र एक बोरा सुनका गहनाहरू लिएर घर आयो ।

अर्को दिन फेरि बुढीलाई पाथी माग्न पठायो । बुढी गएर फेरि पाथी मागेर लिएर आइ पाथी दिँदा पहिला जस्तै चोप लाएर दिएकी रैछ र गहना नाप्दा खेरि एउटा गहनो पाथीको पिँधमा चिप्केको रैछ । उनीहरूले पनि दाजुहरूलाई यस्तो हैछ भन्ने पार्न पऱ्यो भनेर गहना चिप्केको नझिकेर त्यसै पाथी दिएछन् । पाथी दिँदाखेरि पाथीको पिँधमा एउटा सुनको गहनो रैछ । ओहो ! हामीले त त्यसको घर जलाइदिएम यसले कहाँबाट कसरी गहना ल्यायो भनेर दुलहीहरू सोध्न गएछन् । सोध्दाखेरि तिमीहरूले मेरो घर जलाइदियौ के रे । मैले त्यही खरानी लगेर बेचेर सुनका गहना लिएर आको भनेछ । दाजुहरूले त्यसको त त्यस्तो सानो झुप्रो घर थियो । त्यस्तो सानो झुप्रोको त यत्रो पैसा परेछ । हाम्रा त ठूल्ठूला घर छन् लौ जलाम भनेर दुइटैका घर जलाएछन् । अर्कोदिन खरानी लिएर बेच्न भनेर गएछन् । बाटोमा भेटेका मान्छे जतिलाई खरानी लिने हो भन्दै हिँडेछन् । त्यो खरानी कल्ले किन्थियो र ? कसैले नकिने पछि थाकेर खरानीको बोरा बाटोमा फालेर आए ।

दाजुहरूले यसलाई अर्थोक गरेर सकिएन यसैलाई मार्न पऱ्यो भनेर रातिमा घर गएछन् र च्याप्प छोपेर बोरामा राखेर पहाडको ठूलो भिरका टुप्पोमा लगेर राखेछन् । त्यहाँ राखेर अब गुल्ट्याउनलाई ठिक्क भा रैछन् । उनीहरूले अब यो बोरा भित्र बाँधेको कहि जाँदैन केरे अल्लि पर फडियार, जामुनो पाक्या रैछ त्यो खाएर आम र गुल्ट्याम भनेछन् र गएछन् । दाजुहरू फडियार, जामुनो खान भनेर गएको बेलामा एउटा जमिनदार घोडामा चढेर घटघट गर्दै आएछ । बाटोमा बोरा देखेपछि के रैछ भनेर जमिनदार घोडाबाट ओर्लेर बोराको नजिक जाँदा बोरा भित्र त मान्छे गुनगुनाइराको थियो । जमिनदारले बोराभित्र गुनगुनाइराको क्यारेको हो को हो ? भनेछ । बोरा भित्रको मान्छेले यहाँ त मरेका जिजु बाजे सबै सित कुरा गर्न पाइन्छ । म त मेरा मरेका जिजुहरूसँग कुरा गरेको भनेछ । उसको कुरा सुनेपछि जमिनदारले ए ! हो र त्यसभा त मेरा पनि जिजु बाजेहरू छैनन मैले नी कुरा गर्न पाउछु भनेछ । बोरा भित्रबाट किन पाइन्न पाइन्छ पाइन्छ भनेछ । जमिनदार घोडा त्यही बाँधेर बोरा खोल्दीएर उसलाई बाहिर निकालेर आफू गएर बोरा भित्र पस्यो । उसले बोरा बाँधिदिएर घोडामाथि चढेर घरतिर गयो । दाजुहरू फडियार र जामुनो खाएर आएर बोरा गुल्ट्याइदिए । दाजुहरू भने अब भाइ मारियो भनेर खुशी भर घर गएछन् । घर जाँदा खेरि भाइ त झन आँगनमा घोडा बाँधेर मजाले तमाखु खाएर बसेको रैछ । दाजुहरू त होइन के दङ्ग हो के भयो यस्तो भनेर छक्क परे । उसले दाजुहरूलाई तिमीहरूले गल्ती गरेछौ नी त्यो भन्दा ठूलो भिरबाट गुल्ट्याउन पर्ने थियो मलाई । अर्को ठुलो भिरमा कत्ति धेरै हात्तीहरू अरू पनि केके केके रैछन् त्यहाँ त घोडा मात्रै रैछ सेनो भिरबाट गुल्ट्याउँदा खेरि घोडा मात्रै पाए पैसा सम्पति पनि पाएँ भनेर भनेछ । ओहो त्यसो भा त हामी अझै ठूलो भिरबाट

गुल्टिन पऱ्यो भनेर ठूलो भिरबाट गुल्टिएछन् र उनीहरू स्वाहा भएछन् । अनि तीनै जनाको सम्पत्ती उसले खाएर बस्थ्यो अरे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** टिकाराम पाण्डे
**उमेर :** ६०
**स्थान :** चापाकोट नगरपालिका ९

## १७. सन्तानको रहर

एकादेशमा दुइटा बुढाबुढी रैछन् अरे । तिनीहरूका छोराछोरी रैनछन् । बुढो यताउती घुमघाममा हिँड्दो रहेछ । बुढो आँउदा खेरी बुढीले कति अबेला आउनुभयो आज त मलाई छोरो ल्याइदिनु हुन्छ कि भनेको रित्तै आउनुभयो भन्दिरैछ । बुढाले कहाँ पाएर ल्याउने हो र छोरो भन्दो रैछ । अर्को दिन पनि बुढीले आज नि छोरो ल्याउनुभएन ? रित्तै आउनुभयो भन्दिरैछ । दिनदिनै त्यसो भन्दै भन्दै जाँदा एकदिन बुढाले बाटोमा एउटा काठको ठेउको भेट्टाएछ र बुढाले काठको ठेउको आगो फुक्न हुन्छ भनेर घर लिएर आएछ । त्यसपछि के ल्याउनुभाको हो यो ? भनेर बुढीले भनिछ । बुढाले तँलाई छोरो ल्याइदिएको हो भनेछ र बुढाको कुरा सुनेपछि बुढीले काठको ठेउकोलाई च्याप्प समाएर नुहाइदिने, तेल लगाइदिने गरेर झलुङ्गो लाएर झलुङगामा हालेर हल्लाउन थालिछ । ए ! भात खान ले त मलाई भनेर बुढाले भन्दोरैछ । बुढीले पर्खनुस् बाबु निदाको छैन भन्दै हल्लाउँदै गर्दिरैछ । अनि बुढीले बुढालाई हजुरले हल्लाउँनु त मैले भात पस्केर आउछु भनिछ र त्यसपछि बुढो गएर हल्लाउँन थालेछ बुढी भात पस्केर आएर हल्लाइछ । त्यसपछि बाबु निदायो भनेर आफू पनि गएर भात खाइछ । एकछिन् पछि बाबु भोकायो भन्ने काठको ठेउकोलाई दुध खुवाउने भात खुवाउने गर्दीरैछ । खान परेन केरे काठको ठेउकाले तरपनि बुढीको मन बहलाउने काम भने भयो । यस्तै भुल्ने बाटो गर्दै जादाँ धेरै समय बितेछ ।

समय बित्दै जादाँ एकदिन काठको ठेउको त बालख नै भएछ र चार ओटा हातखुट्टा फत्रफत्र गर्न थालेछ । त्यसपछि बुढाबुढी धेरै खुशी भएछन् त्यो छोरालाई कति हो कति माया गरेर राम्रोसँग पालनपोषण गरेछन् । अनि बाबु ठूलो भएछ पढ्न जाने बेला भएछ स्कूलमा नाम लेखाइदिए । बाबु स्कूल जान थालेछ । स्कूल जाँदा खेरी साथीहरू सँग भागेर माछा मार्न जाँदोरैछ । आमाले सधैँ स्कूलमा खाजा लिएर जाँदिरैछ । एकदिन आमाले खाजा लिएर जादा छोरो माछा मार्न जान थालेको थाहा पाइछ । छोरो माछा मार्न जाने थाहा पाएपछि आमा झन् खानेकुरा लिएर जाँदीरैछ । एकदिन भात खाने बेलामा आमाले बाबु माछा मार्न जान पर्दैन घर बस भनेर भनिछ । छोराले आमाले भनेको कुरा नसुने जस्तो गरि भात खाँदोरैछ । केही समयपछि एउटा राक्षसनी डुल्दैडुल्दै जाँदा त्यो केटालाई भेट्टाइछ । राक्षसनीले ओहो ! यो केटालाई त मार्न पर्ने भयो भनेर सोची । अब त्यो राक्षसनीले मैले आमाले भात लिएर जाने भन्दा अगाडि भात लिएर जान्छु भनि । त्यो केटाको आमाले भात लिएर गएपछि ए ! राजन आइज भात खान भनेर बोलाउथी । राक्षसनीले मैले पनि आमाले जस्तै गरि बोलाउनु पर्छ भनेर ए ! राजन आइज भात खान भनेर भनिछ । त्यो दिन केटोलाई आज आमा कति रूखो बोलेको होला मिठो बोल्नु हुन्थियो भन्ने लागेपनि गएछ र भात खाएछ ।

राक्षसनीले केटोले भात खान लागेको बेलामा च्याप्प थैलामा हालिछ र बोकेर हिँडिछ । राक्षसनीलाई बाटोमा पिसाब लाएछ थैलो बिसाएर पिसाब गर्न गैछ । केटो थैलो

बिसाउनासाथ थैलोको मुख च्यातेछ र काँडा गुटमुटाएर राख्दिएछ र भागेछ । राक्षसनी थैलो बोकेर गइछ काँडाले घोच्दोरैछ ए ! नचेमट भन्दैभन्दै घर लिएर गइछ र थैलो बिसाइछ । राक्षसनीको काम नै मान्छे मार्नेरैछ । घर पुगेपछि राक्षसनी खाना खाइछ र सुतिछ । राक्षसनीको घरमा एउटी छोरी रैछ । घर पुगेपछि राक्षसनीले आफूले ल्याएको बोरा छोरीलाई दिनिरैछ आफूले नहेर्ने रैछ । छोरीले आमाले ल्याएको केटाकेटीलाई ढिकरीमा कुट्ने र मारेर पकाउने गर्दीरैछ । त्यो दिन पनि सधैँ झैँ थैलो घिसारेर ढिकरीमा लैछ । ढिकरीमा लगेर थैलाको मुख फुकाएर हेर्दा त ढुङ्गा र काँडा रैछ । एकछिन् पछि आमा आइछ अनि छोरीले थैलोमा त ढुङ्गा र काँडा रैछ भनिछ । अर्को दिन जाँदा खेरि फेरिराक्षसनीले केटो देखिछ त्यै केटो होला की अर्को केटो होला भनिछ । पहिले जस्तै गरी फेरि केटालाई लिएर आइछ राक्षसनीलाई बाटोमा दिसा लागेछ । दिसा गर्न त जानैपर्‍यो थैलो बिसाएर गइछ । केटोले फेरि पनि काँडा र ढुङ्गा राख्दिएछ र भागेछ । राक्षसनीले ए ! नचेमट भन्दै भन्दै घर पुगिछ । यो पाली पनि केटोले पहिला जस्तै गरेर भागेछ । राक्षसनीलाई सारै रिस उठेछ र अर्को दिन पनि केटोलाई भात लिएर गएर छोपी । आज त नबिसाइकन लान्छु भनेर गइछ ।

घर लगेपछि केटीले थैलाको मुख फुकाएर हेर्दा खेरि कति राम्रो बाबु ए भाइ तिम्रो दाँत नि कति राम्रो तिमी कति राम्रो हौ यस्तो राम्रो कसरी भइन्छ मलाई सिकाइदेउ न भनिछ । केटोले मलाई त ढिकीले फलेको हो दिदी भनेछ । केटीले मलाई नि फल्देउ न त भाइ भनिछ । केटोले चिम्म गरेर ढिकरीमा सुत्नु दिदी भनेर सिकाएछ केटी सुतिछ । केटाले कुटेछ र मारेछ त्यसपछि भाको तेल भुटुन नुन सबै खन्याएर पकाइदिएछ । घर अगाडि एउटा रूख रैछ केटो त्यही रूखमा गएर बसेछ । त्यसपछि आमा आइछ यताउता छोरीलाइ बोलाइछ छोरीको पत्तो छैन त्यसपछि पकाएर राखेको मासु खाइछ । आज गतिलरि खाइयो हिजो अस्ति भन्दा अझै मिठो बनाइछ आज छोरीले भन्दै खाइछ । रूखमा बसेको बसेको केटाले छोरीको मासु खाइ खाइ भनेछ । माथि हेर्दा रूखमा केटो रैछ । अब यसलाई कसरि मार्ने मार्न त पर्‍यो भनेर रूखमा चढ्न खोजी केही गरी सकिन । राक्षसनी कामी कहाँ गइछ र ए ! कामी दाई कामी दाई मलाई एउटा बन्चरो बनाइदिनु भनिछ । राक्षसनी बन्चरो लिएर आएर रूख ढाल्न थालिछ । केटाले रूखबाट काग दाई काग दाई मलाई पनि उड्न सिकाइदेउन काग दाई काग दाई मलाई पनि उड्न सिकाइदेउन भनिरहँदो रैछ । केटाको कुरा सुनेर कौवाले दुईओटा पखेटा दिएछन् र भुर्र उडेर केटो घर गएछ । घरमा केटाका बा र आमा रोएर मर्न खोजेका थिए । छोरोलाई घरमा देख्दा बा आमा कति खुशी भए कति । बा र आमाले मेरो बाबु कहाँ गएका थियौ नि ? आजसम्म भन्दा केटाले बा आमा म ठुलो कालबाट बाँचेर आए भनेर सबै कुरा बताएछ अरे । केटो पनि आफ्नो घरमा आउन पाउदा अत्यन्तै खुशी भएर बा आमा पालेर बसेछ ।

**स्रोत व्यक्ति :** कुबिजा भट्टराई
**उमेर :** ६६
**स्थान :** चापाकोट नगरपालिका ९

## १८. सात भाइ

एकादेशमा विष्णुवल्लभ भन्ने राजाका सात भाई छोरा रैछन् । सातभाई छोरामा जेठो सोझो रैछन् । माइला, साइला, काइला अरूसबै टाठा रैछन् । कान्छो छोरा भने तोते बोल्ने बालखै रैछन् । माइला छोराले जहिलेपनि राज्य लिन जुक्ति खेल्दो रैछ । राजाले नियमकानुन अनुसार कि जेठो छोराले कि कान्छो छोराले पाउनपर्छ भन्दारैछन् । राजाले माइला छोरालाई राज्य दिएर राजा बनाम भने इज्जत जान्छ मान्छे अलि धेरै बाठो छ के के गर्छ के के अरू पनि बाठा छन् कान्छो छोरो बालखै छ बरु यसैलाई राज्य दिन्छु भन्ने निधो गरेछन् । राजाले कान्छो छोरालाई गद्धीमा राखेर रानीलाई लिएर विदेश घुम्न गएछन् । अरू दाजुहरू बाले भाइलाई राज्य दिए भनेर रिसाएछन् । राजारानी विदेशबाट घर फर्के फर्कदा छोराहरूले त बाउ आमालाई नमस्कार, सन्चो बिसन्चो केही पनि सोधेनन् । राजाले छोराहरूलाई “बाबु ! तिमरुले त किन हो हामीलाई सन्चो बिसन्चो पनि सोधेनौ ? भनेछन् । राजाले त्यसो भन्दा छोराहरूले हामी टाठा बाठा हुँदा पनि यति सानो केही नजान्ने भाइलाई गद्धीमा राख्नुभयो हामीलाई दिनुभएन भनेछन् ।

छोराहरूको कुरा सुनेपछि राजाले त्यसोभए मैले सातभाई छोरालाई धनु पुजेर राख्याछु सबै धनुकाँणमा चिन्नल पनि दियाछु । आफ्ना आफ्ना धनुकाँण लिएर आफ्नो भाग्य खोज्न सातदोबाटोमा जाओ र धनुकाँणले हान धनुकाँण हान्दा जहाँ जान्छ उही गएर बस भनेछन् । बाउले त्यसो भनेपछि छ भाई छोरा हिँडे कान्छो छोरो हिँड्ने बेलामा महारानी, बडिमहारानी, छिमेकीहरू रुन थाले । कान्छो छोरो बोल्न पनि जान्दैन्, खान पनि जान्दैन, अरूलाई पठाएपछि यसलाई पनि पठाउँनै परो भनेर पढाएछन् । सातदोबाटोमा गएर जेठो छोराले धनुकाँण हान्ने बेलामा मेरो कर्म साच्चै राम्रो छ भने ठुलो घरमा यो धनुकाँण जाउस, कुनै घरमा बिहा गर्ने बेला भाका केटीहरू रैछन् भने त्यही घरमा यो धनुकाँण पुगोस भनेर हानेछ । धनुकाँण त ठुलो घरमा पुगेछ, माइलाले हानेछ त्यही घरमा पुगेछ, साइलाले हानेछ त्यही घरमा पुगेछ, काइलाले र अरूसबै भाइले हान्दा पनि धनुकाँण त त्यही एउटै घरमा धुनक पुगेछ अरे । त्यो धनुकाँण पुगेका घरमा छ वटी छोरी रैछन् अरे । छ वटी छोरी नै बिहा गर्ने बेला भाका रैछन् केरे छ भाइ पनि आफ्नो धनुकाँण पुगेको घर खोज्दै त्यही घर पुगेछन् । छ भाइले छ बैनी छोरी बिहा गरेछन् । कान्छो छोराले पनि मेरो धनुकाँण पनि दाजुहरूको जस्तै ठुलो घरमा पुगोस भनेर हान्दा त बडेमानको चिलाउनीको ठुटामा पुगेछ । चिलाउनीको ठुटामा धनुकाँण लागेपछि त्यही चिलाउनीको फेदमा बसेर अब मैले खानी के हो ? आमाको काख छुटेर आको भनेको धेरै रोएछ । चिलाउनीको माथी बुढी बाँदरनी रैछ । बुढी बाँदरनी रूखबाट झरेर नरुनुस बाबु हाम्रो कर्म यस्तै रैछ भनिछ । केटो बाँदरनी देखेपछि डराएछ । बाँदरनीले नडराउनुस भनेर अंगालो हालिछ केरे केटो बाँदरनीका काखमा लुपुक्क निदाएछ । ब्युझदा त आफूलाई दरबारमा पाएछ त्यो बुढी बाँदरनी त स्वर्गकी अप्सरा रैछ ।

अप्सराले जे भन्यो त्यही पुग्ने रैछ केटो त खुशी भएछ । केटाले अब हजुर र म सँगै बसम है भनेछ । त्यो बुढी बाँदरनीले म त स्वर्गकी अप्सरा हुँ केही दिनलाई मत्रै आको हो सधै सँगै बस्न त मैले भनेको काम गर्न सक्नुहुन्छ ? भनेर भनिछ । केटाले के काम हो भन्दा अप्सराले राती दश बजे इन्द्रको भाइ निद्रा आउछ त्यो बेलामा अप्सरा भनेर बोलाउदा हजुर भन्नु है भनेर भनिछन् । इन्द्रको भाइ निद्रा तीन फेर आउँछ तीन फेर आएर बोलाउदा हजुर भने म यही बस्छु नत्र म स्वर्ग जान पर्छ भनिछन् । राती दश बजे इन्द्रको भाइ निद्रा आएर ए ! अप्सरा भन्दा केटाले हजुर भनेछ, अनि निद्रा फर्केर गएछ, फेरि बाह्र बजे आएर अप्सरा भनेछ, हजुर भनेछ फेरि निद्रा फर्केर गएछ, फेरि रातीको तीन बजे आएर अप्सरा भन्दा केटो बोलेन केरे अनि इन्द्रका दूत आएर अप्सरालाई स्वर्गमा लएछन् । अप्सराले स्वर्गमा नाचगान गर्न पर्थ्यो अप्सराको नाच हेर्न इन्द्रका दूतहरू, ब्रह्ममा, विष्णु, महेश्वर, उनन्पचास वायु देवताहरू, सत्ताइस अट्ठाइस सय ऋिषीमुनिहरू बसेका हुन्थे केरे । अप्सराले नाचेर तिनीहरूलाई रमाइलो गराउँथिन् ।

अप्सरा गएपछि शक्ति सबै सँगै गयो केरे केटो फेरि रून थाल्यो रूदा रूदा बरको फेदमा गएछ । बरको फेदमा गएर केटो बस्याथ्यो बरको टुप्पामा चराका बच्चा च्याँ च्याँ गरेको सुन्यो किन बच्चाले च्याँ च्याँ गरे भनेर रूखमा हेर्न जादा त सर्पले चराका बच्चालाई खान थाल्या रैछ । केटाले यस्तो अन्याय ह्नेरना हुन्न भनेर धनुकाँण झिकेर हान्यो सर्प मर्यो । चराका बाउआमा आहारा खोज्न गाका रैछन् केरे । आउदा त बच्चाहरू डराएर बसेका रैछन् डराएको देखेर बाउआमाले तिमीहरूलाई के भयो ? भनेछन् । बाआमाले के भयो भन्दा बच्चाले आज हामीलाई खान सर्प आएको थियो । त्यो बेलामा एउटा केटो आएर धनुकाँणले हानेर त्यो सर्प लाई मारिदियो भने । चराका बाउआमाले ओ हो खोइ त त्यो केटो ? भनेर सोधे बचेराहरूले त्यहाँ तल सुतेको छ भनेर देखाइदिए । चराका बाआमा तल गएर पखेटाले हानेर केटालाई बिउँझाए केटो उठेन । नउठेपछि बेहोस भएछ भनेर पोखरीमा गएर ती चराहरू पानीमा डुबेर पखेटाहरूमा पानी लिएर आए । आएर पखेटा हल्लाएर पानी छम्किएपछि केटो ब्युझियो । ब्युझिएपछि केटाले मलाइ तिमीहरूले किन उठाको ? भनेर सोध्यो । चराका बाउआमाले तिमीले हाम्रा छोराछोरीलाई बचाएर ठुलो उपकार गरेउ अब तिमीलाई के चाहिन्छ भन भनेछन् । चराले के चाहिन्छ भन्दा केटाले म राजाको कान्छो छोरा भएर त केही भाछैन तिमीहरू चराले त के नै दिन सक्छौ र भन्यो । चराले तिमीले जे माग्छौ त्यही दिन्छौ भने त्यसो भए मेरी अप्सरा स्वर्गमा छन् सक्छौ भने मेरी अप्सरालाई भेटाइदेउ भनेछ ।

चराले किन सक्दैनौ हामी त शक्तिशाली चरा हुम भनेर केटालाई पखेटामा राखेर उडाएर स्वर्ग जाने गेटमा लगेर राखिदिए । गेटमा इन्द्रकी धोबिनी रैछन् त्यो धोबिनीले राक्षसको पनि अप्सराको पनि लुगा धुनी रैछ । त्यो केटोले धोबिनीलाई अन्टी नाता लाएर म पनि हजुरसँगै लुगा धुन्छु भनेर धोबिनीसँगै लुगा धुन बसेछ । केटाले अप्सराको लुगा चिनेछ

र मैले धुन्छु भनेछ धोबिनीले यो त तिम्ले धुन जान्दैनौ भनिछ केटाले हैन मैले धुन्छु भनेछ र धोएर प्रेस गरेछ । लुगा अप्सराकोमा गएछ अप्सराले लुगा लाउने बेलामा आइरन मिलेनछ अप्सरा धोबिनीकोमा आइछन् र मेरो लुगा कसले धोएको हो भनिछन् । धोबिनीले डराएर मेरो भतिजो आको थियो त्यसैले धोएको हो भनिछ । अप्सराले खोइ त तिम्रो भतिजो ? भन्दा यही छ भनिछ । केटाले लुगा प्रेस गर्दा आफ्नो औँठी चोलाको तुनामा बाँधिदिएको रैछ केरे अप्सरा त औँठी देखेर शङ्का लागेर केटो खोज्न आएकी थिइन् । अप्सराले केटोलाई देखेपछि यो मेरो मान्छे हो मैले लान्छु भनेर स्वर्गमा लिएर गइन् । स्वर्गमा त मर्त्यलोकको मान्छे गन्धले थाहा पाउँछन् भनेर अप्सराले केटोलाई एउटा छुट्टै कोठामा बस्न पठाइछन् । अप्सराले केटोलाई म नाच्न जान्छु म नाच्दा यो खाटै हल्लिन्छ उता अरूले जय भन्छन् तिमी केही पनि नबोली बस है भनेर गइछन् ।

अप्सरा नाच्दा नौमती बाजाहरू घन्किए केरे सबैले जय जय भनेर चिच्याए । केटाले अप्सराले भनेको बिर्सिएछ अरूले जय जय भनेको सुन्दा दय दय भनेर चिच्याएछ । इन्द्रमाहाराजका मान्छेहरू घुमिरहेका थिए केरे उनीहरूले केटाले दय दय भनेको सुनेर समातेर इन्द्रका अगाडी लगेछन् । इन्द्रले यसलाई के गर्ने भनेर अप्सरालाई हेरेछन् अप्सरा केही बोलिनन् केरे । अप्सरा केही नबोलेपछि इन्द्रमहाराज रिसाएर अप्सरालाई पृथ्वीमा गएर शिला भएर बस्न परोस भनेर सराप दिएछन् । अप्सरा इन्द्रमहाराजको सराप लागेर पृथ्वीमा शिला भएर झरिन् केटो पनि शिलासित गएर पृथ्वीमा बसेछ । केही खान छैन केरे सधैं शिलाका अगाडी बस्दोरैछ एकदिन स्यालेका बुढाबुढी त्यही बाटो आएछन् । स्यालेनीले स्यालेसित हैन यो केटाले त ढुङ्गाको मुढो कुरेर बसिराछ है भनिछ । स्यालेनीको कुरा सुनेर स्यालेले भयो बोलेर अर्थ छैन् बोल्न हुन्न भनेछ । स्यालेनीले किन के हुन्छ र भनेपछि स्यालेले एउटा उपाय छ यो शिलालाई अप्सरा बनाउने बनमा कपास, तिल, पाइन्छ । कपासको बत्ति बनाउने तिल पेलेपछि तेल हुन्छ दर्शन ढुङ्गा घोटेपछि आगो बल्छ यो सबै गरेर केटाले बत्ति बाल्दियो भने यो शिला अप्सरा हुन्छिन् भनेछ । केटाले स्यालेले स्यालेनीलाई भनेको सबैकुरा सुनेको थियो केरे केटाले सबै सामान जुटाएर साच्चै तिमी मेरी अप्सरा हौ भने अप्सरा बन भनेर दर्शन ढुङ्गा घोटेर दियो बाल्दा त शिला पड्केर झल्झल्तीकी अप्सरा निस्किछन् । अप्सरा निस्केपछि अप्सरा माथी हीरा, मोतीका दाना खसेछन् । अब केटोलाई कही जान परेन केरे खान पायो लाउन पायो ।

स्वर्गमा अप्सरासँगै सुखले बस्दाबस्दै एकदिन आफ्ना बाआमाको याद आएछ । अप्सराले के भयो भनेर सोध्दा मेरा बाआमाको याद आयो भनेर पहिलाका सबैकुरा अप्सरालाई बताएछ । यता बा आमालाई पनि अरू सबै छोराको खबर आउने कान्छो छोराको कहिल्यै केही खबर नआउने केरे अरूकसैले नदेख्दा बाआमा कान्छोछोराको पिर गरेर रूदा रैछन् । अब त बुढाबुढी भए मेसो पाउन पनि छोडे छोराहरू पनि आउदैनन् बुहारीहरू पनि आउदैनन् भनेर बिलाप गरेर रूदारैछन् । अप्सराले चिठी लेख्न थालिन् बुवाआमामा

ढोग छ हजुरहरूलाई आत्माको धड्कनले खुबै खोजेको छ हजुरहरू कहाँ हुनुहुन्छ यो पत्र हजुरहरूथिम पुग्नासाथ हजुरहरूले पनि पत्र लेखेर पठाउनुहोला भनेर लेखिन र साँच्चिकै मेरो अप्सराको शक्ति छ भने यो चिठी मैले भनेको ठाउँमा जाऊ भनेर आकाशमा हेरेर फालिन् । अप्सराले त्यसो भनेपछि त चिठी घननन गर्दै गएर राजाको गद्दीमा खसेछ । उता राजारानी गद्दीमा चिठी देखेर हेर्दा त बाहिर कान्छो छोरा र बुहारी लेखेको थियो केरे अनि यो चिठी कहाँबाट आयो कुन शक्तिले आयो भनेर समाएर खोल्न डराएछन् । त्यसपछि राजाले मन्त्रिमण्डल, सुरक्षा गार्डहरू सबैलाई जम्मा गरेर चिठी खोल्न लाएछन् । चिठी पढ्दा हजुरहरूको सन्चो, बिसन्चो के छ ? सबै कुरा यो चिठीको पछाडी लेखेर पठाउनु होला भनेर लेखेको रैछ । चिठी पढेर सबै जना रोए त्यही चिठीको तल राजारानीले मेरा कान्छा छोरा बुहारी तिमीहरू कहाँ छौ ? कसरी बसेका छौ ? जहाँ भए पनि हामीलाई भेट्न आओ ।

हामी अब वृद्ध भयौ हाम्रा सात भाइ छोरा भएर एउटा पनि भेट्न पाएनौ । तिमीहरू जसरी पनि घरमा आओ भनेर चिठीलाई ल तिमी जहाँ बाट आयौ त्यही जाऊ भनेर चिठी फालिदिए चिठी धननन गर्दै अप्सरा थिम गयो केरे । अप्सराले चिठी खोलेर हेर्दा तिमीहरू जहाँ भए पनि घरमा आओ भनेर लेखिएको थियो । चिठी पढेपछि अप्सरालाई हामीले त बिहे गरेका छैनौ घर कसरी जाने भन्ने लाग्यो । अप्सराले केटालाई भनिन् "अब बाआमाले हामीलाई घरमा आऊ भन्नुभाछ हामीले बिहे गरेका छैनौ घरमा नै जग्गे थाप्न पठाम" भनिछन् । अप्सराको कुरा सुनेपछि केटाले हुन्छ भनेछ फेरि अप्सराले राजारानीलाई हामी बाजागाजा सहित जन्ती लिएर घरमा आउछौ हजुरहरूले जग्गे ठिक्क पार्नु हामी घरमै आएर बिहा गर्न पर्‍यो भनेर चिठी पठाइन् । उता दाजुहरूले भाइ अप्सरा सहित बाजा गाजा घन्काउदै आफ्ना सुसारे सहित घरमा आउने थाहा पाएपछि हामी पनि जाम भनेर सल्लाह गरेछन् । यता कान्छा भाइका बरियात बाजा बजाउदै तोप पड्काउदै गद्दीमा चढेर गएछन् । उतातिर छ दाजुहरूका बरियात घर जान हिंडे भाइलाई दाजुहरूको बरियात आउने थाहा छैन । दाजुहरूको बरियात भन्दा त भाइको बरियात ड्याङ् ड्याङ् बाजागाजा सहित नाच्दै आएछन् । दाजुहरूको हात्ती भन्दा कान्छा भाइको हात्ती सय ओटा बढी भएछन् । राजदरबारमा सारासंसार जम्मा भएर बसेका थिए केरे । सातभाइ छोरा घर आए सबैजना चिनजान गरेर कान्छो भाइको बिहा गरेर स परिवार मिलेर खुशीसाथ बस्थे अरे ।

**स्रोत व्यक्ति :** बालकृष्ण भण्डारी
**उमेर :** ७१
**स्थान :** चापाकोट नगरपालिका १०

## १९. साथी साथीमा सहयोग

एकादेशमा राजाका एउटा छोरा रैछन् । एकदिन ति छोरा पढ्न भनेर गएछन् । अर्कोतिरबाट अर्को केटो पनि पढ्न भनरे आएछ । फेरी अर्कोतिरबाट पनि अर्को केटो आएछ । तीनैजना एकैठाउँमा चौबाटोमा भेट भएछन् । ति तीनजना केटा पढ्न भनेर तिनै ठाउँमा गएछन् । एक डेढ बर्षपछि ति केटाहरू फर्केर आउँदा एउटै समयमा पहिलाको चौबाटोमा भेट हुन आएछन् । भेटभएपछि एउटाले सोधेछ ए ! तैले के पढेर आइस त नी ? भनेर अर्कोलाई सोधेछ सोध्दाखेरी मैले जहाँको पनि देख्छु संसारभरीको देख्छु त्यस्तो बिध्या पढे मैले भनेछ । अनि ए तैले त राम्रै पढिछस् तैले के पढिस नी ? भनेर अर्कालाइ सोधेछ अरे । अर्कोले म मरेकालाई जियाउन सक्छु भनेछ । आहा ! एउटाले के भएको छ ? भनेर देख्न सक्ने अर्काले मरेकालाई जियाउन सक्ने कस्तो राम्रो भयो भनेछ । अनि तिमीले कस्तो के पढ्यौ त नि ? भनेर दुइटाले अर्कोलाई सोधेछन् । सोध्दाखेरी मैले एकै छिन्मा एक निमेषमा जहाँ भने त्यही पुऱ्याउन सक्छु भनेछ । त्यसपछि दुइटाले संसार देख्नेवाला तिमी हौ हाम्रो घर कस्तो भाको होला ? के भाको होला भनेर सोधेछन् ।

सोध्दाखेरीमा देख्ने चाहिँले तिम्रो बा त मरेर घाट लैजान ला रैछन् भनेछ । अनि एक निमेषमा पुऱ्याउनेलाई त तिम्ले हामलाई लैदेऊ भनेछन् । उसले भ्याप्प बोकेछ र उत्तिखेरै त्यहाँ लएछ जाँदा त लास बोकेर हिँड्न लागेका रैछन् । उनीहरू पुगेपछि पख एकपाली राख त यहाँ भनेर राख्न भनेछन् । त्यसपछि बचाउनेले बचायो अरे । तीनजना साथीमा देख्नेले मरेको देख्यो निमेषमा पुऱ्याउनेले घरमा पुऱ्यायो बचाउनेले बचायो के रे । सबैले ल तिमलाई के पुरस्कार दिम भन्दारैछन् । उल्ले पनि पर्दैन भनेछ उल्ले पनि पर्दैन भनेछ । लास्टमा सबैले साथीलाई गरेको काम निष्फल कहिल्यै हुँदैन । हामी साथी साथी हुम एकअर्कालाई पर्दा सहयोग गर्नुपर्छ भनेर आआफ्ना घर गए अरे । सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा वैकुण्ठ जाला भन्ने बेलामा तुरुन्त आउँला ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
मेरो कथा बैकुण्ठमा जाला
भन्ने बेलामा तुरुन्तै आउला ।

**स्रोत व्यक्ति :** रामचन्द्र भट्टराई
**उमेर :** ७०
**स्थान :** चापाकोट नगरपालिका ९

## २०. ससुरा बुहारी

एकादेशमा ससुरा र बुहारी थिए । बुहारीले पशुवाक्य बुझ्थी । एकदिन बिहानै एउटा स्यालले गंगाजीको तीरमा मुर्दार छ त्यो मुर्दारको गलामा सुनको हार छ भनेर गएछ । बुहारीले पशुवाक्य बुज्ने भएर स्यालले भनेको बुजेकी थिई । बुहारी अर्कोदिन गंगाजीको तीरमा मुर्दारका घाटीको सुनको हार झिक्न जान्छु भनेर गइछ अरे । मुर्दारको घाटीको हार हातले झिक्न सकिनन् । हातले झिक्न नसकेपछि दाँतले टोकेर झिक्छु भनेर निहुरी पर्दा ससुराले देखेछन् । हार झिक्न निहुरी पर्दा ससुराले बुहारीले मुर्दार खाको भन्ने सोचेछन् । बुहारी घर गएपछि ससुराले मुर्दार खाने बुहारी मलाई चाहिएन हिँड माइत छोड्न जान्छु भनेछन् । ससुरा भोलिपल्ट बुहारीलाई माइत छोड्न हिड्यो । हिँड्दाहिँड्दै थकाई लागेछ बाटोमा चौपारी भेटियो एकछिन् थकाई मेट्न पर्‍यो भनेर ससुरा बुहारी चौपारीमा बसे । चौपारीमा बस्दा कौवा आएर करायो । कौवाले भनेको बुहारीले बुझी कौवाले यो चौपारीको छपनीमुनि तामाको गाउरीमा पैसा छन् भनेछ । कौवा गएपछि ससुरालाई केही नभनीकन उठि र छपनी उचाली छपनी उचाल्दा तामाको गाउरी रैछ । त्यो गाउरीभरि पैसा रैछ ससुरो त दङ्ग पर्‍यो र बुहारीलाई के हो यो ? भनेर सोध्न थाल्यो ।

बुहारीले अघि कौवा आएर करायो मैले पशुवाक्य बुज्छु । कौवाले चौपारीको छपनी उचाल भित्र तामाको गाउरी छ गाउरीभरि पैसा छन् ति पैसा झिकेर लैजाऊ भन्यो भनेर ससुरालाई भनि । ससुरा त गाउरीभरि पैसा देखेर खुशी भयो के रे अनि बुहारीले अस्ति नै स्यालले गंगाजीको तीरमा मुर्दार छ त्यो मुर्दारको घाटीमा सुनको हार छ त्यो हार निकालेर तिमले राख भन्यो । मैले गंगाजीको तीरमा गएर हातले हार निकाल्न नसकेर दाँतले टोकेर निकाल्न लाउँदा हजुरले मुर्दार खाको जस्तो मानेर मुर्दार खाने बुहारी चाहिँदैन भन्नुभयो भनिछ । बुहारीको कुरा सुनेपछि ससुराले ओ हो म पो गलत रैछु बुहारी त ठिक रैछन् मैले कुरै बुझिन त्यसै बुहारीलाई घर राख्दिन भनेर माइत छोड्न हिँडे भनेर पछुतो मान्छ । ससुराले यस्ती पशुवाक्य बुज्ने बुहारीलाई कहाँ माइत छोड्न लान हुन्छ हुँदैन भनेर बुहारीलाई मैले कुरा नबुजेर हो हिँड घर फर्कम भन्छ । ससुराले फर्कम भनेपछि दुइटै घर फर्कन्छन् । घरमा आएपछि बुहारीले स्यालको, कौवाको भाषा बुजेर यति धेरै पैसा, सुन ल्याको भएर ससुरा खुशी हुन्छ । त्यसदिन देखि ससुरा मेरी बुहारी त कति ज्ञानी पशुको वाक्य बुज्ने मलाई त दुख हुने भएन सुखै सुख हुनिभयो भनेर खुशी हुन्छ । बुहारीले गर्दा मैले यति धेरै सुन पैसा पाए अब बुहारीलाई माइत जा पनि भन्दिन, गाली पनि गर्दिन भनेर ससुरा बुहारी मिलेर बसेछन् ।

**स्रोत व्यक्ति :** माया डुम्रे
**उमेर :** ६१
**स्थान :** गल्याङ् नगरपालिका ९

## २१. सासु र बुहारी

एकादेशमा सासु र बुहारी थिए । उनीहरू मिल्दैनथे । धेरैजसो सासु बुहारी झगडै गर्थे । सासु र बुहारीको झगडाले घरमा अरू पनि दिक्क भएका थिए । घरका मन्छेले उनीहरू जति झगडा गरेपनि खासै चासो दिन्थेनन् । सासुले बुहारीलाई घिउ राखेको ठाउँमा घिउ छैन कल्ले खायो तैले खाइस ? भनेर सोध्छे । बुहारीले तै बुढीले खाइस होला नि मलाई थाहा छैन भन्छे । सासुले बुहारीलाई खाइस भन्ने बुहारीले सासुलई खाइस भन्दै सासु भन्छे बुहारी बुहारी भन्छे जिउ, सिंगारामा राखेको कल्ले खायो घिउ, भन्दै झगडा गर्छन् । बुहारीले देख्नु न जान्नु कैले खाए, मैले भन्छे । सासुले तेरो मुख चिल्लो थियो मैले चाल पाए भन्छे । बुहारी र सासु राखेको सामान हरायो भन्दै कराउँछन् । बुहारीले सासुलाई आफू खान्छिन् घिउ, मलाई लाउछिन् दोष, चाहिँदैन घिउ तिम्रै छोरो पोष, भन्छे । सासुले अब मैले भित्र र बाहिर बन्द गर्छु, झ्याल ढोका मात्र खोल्छु, अब पनि त्यसै गरिस् भने भने तेरो मुख पोल्छु भन्छे । बुहारीले पनि सासुलाई सिरानीको खोल छैन, सरङ्गीलाई पल्ला, बुहारीको मुख पोल्दा नाम तिम्रै चल्ला भन्छे । दिनहुँ यस्तै झगडा गरेर बुहारी सासुलाई केही नभनी माइत जान्छे । सासुले बुहारी माइत गएको चाल पाउदिन घरमा बुहारीलाई खोज्छे । थोरै हुन्छन् अर्ती दिने धेरै हुन्छन् जासु, माइत पुगी बुहारी त घर खोज्छे सासु । बिहा गरेर दिएकी छोरी घरमा सासुसँग नमिलेर घर नभनी माइत गएकी छ के रे । खबर सबर नगरी एकैचोटी छोरीलाई देख्दा बाउ त झसङ्ग हुन्छन् । उनले छोरीलाई बिदा दिएर आइस् कि भागेर आइस् छोरी भनेर सोधेछन् ।

छोरीले बाबा म त भागेर आको हो भनिछ । अब छोरी भागेर माइत आएपछि पिर मान्छन् भागेर आइस बाबै, मलाई पार्नु गाल पारिस भन्दै, पुर्पुरोमा हात राख्छन् । छोरीले पनि एक मुठी मकै पटुकी त, एक मुठी थाल, पैसा खाने बाबालाई पर्ने छैन् गाल भन्छे । बाउलाई छोरीलाई के भनेर पठाउने होला घर भन्ने हुन्छ छोरी भने जे गरे पनि जादै जान्न भन्छे । छोरी घरबाट भागेर आएपछि के भो कसो भो कल्ले के भने भन्ने पिर छैन् । जे जस्तो भए पनि घरै जान पर्छ भनेछन् । छोरीलाई दुख भयो कि भन्ने भन्दा पनि ईष्टमित्रले के भन्छन् मैले समाजमा कसरी मुख देखाउने भन्ने मात्र पिर छ के रे । यस्तै सम्झाउँदा सम्झाउँदै दुई दिन बितेछ । बुढालाई त पर्नु पिर परेको छ के रे अजै छोरीलाई सबै कुरा जान्नु छोरी, सासु र पुरुषलाई देउता जस्तो मान्नु भनेछ । छोरीलाई अब जति गरे पनि बाउले बस्न देलान् जस्तो छैन तै सासुसित झगडै गरेर भए पनि बस्छु भन्ने लागेछ । म आफ्नो बाआमा थिम आउदा पनि बा आमाले तैरै घर जा लोग्ने सासुले भनेको मान भन्छन् भनेर मनमा कुरा खेलाइछ र अर्को दिन ल बाबा म त मेरै घर जान्छु जे जस्तो भए पनि यहाँ आउदिन भनेर गइछ अरे । छोरी घर गएपछि बा आमा खुशी भएर बस्थे अरे ।

**स्रोत व्यक्ति :** धनकुमारी शर्मा
**उमेर :** ७५
**स्थान :** गल्याङ् नगरपालिका ८

# परिशिष्ट 'ख'

# स्रोत व्यक्तिको नामावली

| क्र.सं. | स्रोत व्यक्तिको नाम | लिङ्ग | उमेर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | कमला खनाल | महिला | ५५ | चापाकोट नगरपालिका-९ |
| २. | कुबिजा भट्टराई | महिला | ६६ | चापाकोट नगरपालिका-९ |
| ३. | टिकाराम पाण्डे | पुरुष | ६० | चापाकोट नगरपालिका-९ |
| ४. | तारा पंगेनी | महिला | ५७ | चापाकोट नगरपालिका-१० |
| ५. | धनकुमारी शर्मा | महिला | ७५ | गल्याङ नगरपालिका-८ |
| ६. | ध्रुवचन्द्र डोटेल | पुरुष | ६८ | चापाकोट नगरपालिका-१० |
| ७. | नेत्रप्रसाद पराजुली | पुरुष | ३९ | वालिङ नगरपालिका-८ |
| ८. | पार्वती सुवेदी | महिला | ५५ | वालिङ नगरपालिका-७ |
| ९. | बालकृष्ण भण्डारी | पुरुष | ७१ | चापाकोट नगरपालिका-१० |
| १०. | भगवति पंगेनी | महिला | ५७ | चापाकोट नगरपालिका-१० |
| ११. | माया डुम्रे | महिला | ६१ | गल्याङ नगरपालिका ९ |
| १२. | रामचन्द्र भट्टराई | पुरुष | ७० | चापाकोट नगरपालिका-९ |
| १३. | शोभाखर तिवारी | पुरुष | ८९ | वालिङ नगरपालिका-८ |
| १४. | श्यामकान्ती देवकोटा | महिला | ६९ | चापाकोट नगरपालिका-९ |
| १५. | हुमकला भण्डारी | महिला | ७३ | चापाकोट नगरपालिका-१० |

# सन्दर्भ सामग्रीसूची


आचार्य भट्टराई, कुश्मिला (२०७०), 'पोषण पाण्डेका कथाको मनोवैज्ञानिक परिप्रेक्ष्य', अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

आवधिक योजना (२०७८), चापाकोट नगरपालिका, स्याङ्जा ।

आवधिक विकास योजना (२०७८), गल्याङ नगरपालिका, स्याङ्जा ।

कुमार, देवेन्द्र (२००७), *फ्रायड मनोविश्लेषण,* दिल्ली : राजपाल एण्ड सन्ज ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

देवेन्द्रकुमार (सन् १९८६), *फ्रायड : मनोविश्लेषण,* (अनु.) दिल्ली : राजपाल एण्ड सन्स ।

नगर बृहत् योजना (२०७७), वालिङ नगरपालिका, स्याङ्जा ।

पाण्डेय, मधुसूदन (२०६१), *फ्रायडको मनोविश्लेषण,* काठमाडौँ : पैरवी प्रकाशन ।

फ्रायड, सिग्मण्ड (२०६४), *मनोविश्लेषण,* अनु. सुमित्रा सिंह, काठमाडौँ : डीकुरा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता प्रकाशन ।

बराल, कृष्णहरि (२०७२), *मनोविश्लेषण र साहित्य,* दोस्रो संस्क., काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

ज्ञवाली, भगवान चन्द्र, (२०६२), *असामान्य मनोविज्ञान परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, देवीप्रसाद (२०६९), *शैक्षिक मनोविज्ञान,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

भण्डारी, कृष्णप्रसाद (२०५६), *फ्रायड र मनोविश्लेषण,* ललितपुर : साझा प्रकाशन ।

राष्ट्रिय जनगणना (२०७८), केन्द्रिय तथ्याङ्क कार्यालय, काठमाडौँ www.censusnepal.cbs.gov.np ।

लामिछाने, कपिल (२०७७), *लोकसाहित्य सिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *लोकसाहित्य परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, विमला (२०७०), 'विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा असामान्य मनोविज्ञान', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

www.chapakotmun.gov.np

www.glayangmun.gov.np

www.walingmun.gov.np